


प्रकाशक

**नेपाल चेम्बर अफ कमर्स**

कान्तिपथ, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. १९८
फोन. ०१-५३३०९४७,५३३०९४१ फ्याक्स : ०१-५३२९९९८
Email: info@nepalchamber.org
www.nepalchamber.net

## सम्पादन टीम



**दीपककाजी तुलाधार**
संयोजक



**रुपक राजवंशी**
सदस्य



**नरेन्द्र बल्लभ पन्त**
सदस्य



**संजय अग्रवाल**
सदस्य



**रुजल श्रेष्ठ**
सदस्य



**स्वरुपा श्रेष्ठ**
सदस्य



**राम राजा श्रेष्ठ**
सदस्य



**सुनिता सिंह**
सदस्य



**सरोज ओझा**
सदस्य

आवरण/लेआउट
**बिज मिडिया प्रालि, फोन नं. : ०१-५३५८२२०**

मुद्रण : **सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं**

स्मारिका प्रयोग गरिएका केही तस्वीर अनलाईन स्रोतबाट प्रयोग गरिएका छन् : सम्पादक




www.siddharthabank.com



प्रधानमन्त्री

काठमाडौं, नेपाल ।

## शुभकामना

नेपाल चेम्बर अफ कमर्सले स्थापनाको ७४ वर्ष पुगेको विशेष अवसरमा स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ। यस अवसरमा संस्थासँग आवद्ध सम्पूर्ण सदस्यहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न निजी क्षेत्रसँगको सहकार्य, समन्वय र सहभागिता अपरिहार्य छ। सरकार औद्योगिक पूर्वाधारको विकासलाई प्राथमिकताका साथ महत्त्व दिई औद्योगिक उत्पादनमार्फत आर्थिक वृद्धि र रोजगारी सिर्जनामा केन्द्रित रहेको छ। राज्यमा आर्थिक गतिविधिको विस्तार र रोजगारी सिर्जनाबाट राजस्व बढोत्तरी गर्दै सोही स्रोतको परिचालनमार्फत पूर्वाधार तथा विकास निर्माण र जनताको न्यूनतम आवश्यकता परिपूर्ति गर्न सहयोग पुग्दछ। सोही अनुरूप औद्योगिक क्षेत्रहरूमा लगानी प्रोत्साहन, संरक्षण र लगानीमैत्री वातावरण निर्माण गरी सरकारले निजी क्षेत्रमैत्री नीति तथा कानुनहरूको निर्माण र परिमार्जन मात्र होइन, उत्साह र सकारात्मक सोचका साथ अग्रगामी भूमिका निर्वाह गर्न सदैव सक्रिय रहेको छ। साथै, सरकारले निजी क्षेत्रका व्यवहारिक, कार्यान्वयनयोग्य र तर्कपूर्ण सुझावहरूको सदैव अपेक्षा गर्दछ।

अन्त्यमा, वार्षिकोत्सवका अवसरमा प्रकाशित हुन लागेको यस स्मारिका उद्योगी, व्यापारी, उपभोक्ता लगायत सरोकार राख्ने सबैका लागि पठनीय, सङ्ग्रहणीय एवं उपयोगी हुने विश्वासका साथ नेपाल चेम्बर अफ कमर्सको ७४ औं वार्षिक साधारण सभाको पूर्ण सफलताको कामना गर्दै पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु।

केपी शर्मा ओली

२०८१ चैत्र १७

११४५ चौलाथ्वः १, आइतबार



नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल

विष्णुप्रसाद पौडेल
उपप्रधानमन्त्री एवम् अर्थमन्त्री

## शुभकामना

नेपाल चेम्बर अफ कमर्सले ७४औं वार्षिक साधारण सभाको अवसरमा **चेम्बर स्मारिका २०८१** प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई खुसी लागेको छ। यो प्रकाशन नेपालको उद्योग तथा व्यापार व्यवसायको क्षेत्रमा चासो राख्ने सबैका लागि पठनीय र उपयोगी हुने मैले विश्वास लिएको छु।

चेम्बरले व्यापार क्षेत्रको विकास मार्फत मुलुकको आर्थिक, सामाजिक रुपान्तरणमा खेलेको भूमिका म यस अवसरमा प्रशंसा गर्न चाहान्छु। नेपाल सरकारले लिएको समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न निजी क्षेत्रको सहयोग र सहकार्य अपरिहार्य छ। मुलुकमा व्यापार क्षेत्रको विकास र विस्तार मार्फत आयात व्यवस्थापन तथा निर्यात प्रवर्धनका लागि आन्तरिक उत्पादन क्षमता एवं बजार पहुँच विस्तारमा जोड दिन आवश्यक छ। चेम्बरले आगामी दिनमा उत्पादन क्षमता विस्तार गरी क्षेत्रीय तथा विश्व बजारमा नेपाली वस्तु तथा सेवाको पहुँच विस्तार गरी व्यापार घाटा, न्यूनीकरण गर्न योगदान गर्ने मैले विश्वास लिएको छु।

आर्थिक क्रियाकलापमा पारदर्शिता, जवाफदेहिता एवं उत्तरदायित्व प्रवर्धन गर्दै समृद्ध, आधुनिक एवम् स्वाधीन अर्थतन्त्र निर्माणमा चेम्बरले आगामी दिनमा अझ प्रभावकारी भूमिका निर्वाह गर्ने अपेक्षा पनि गरेको छु।

आर्थिक गतिविधिमा सरकार नियामक, उत्प्रेरक र सहजकर्ताको भूमिकामा रहेर निजी क्षेत्रलाई अर्थतन्त्रको मुख्य वाहकको रुपमा विकास गर्न चाहान्छ। लगानीको समग्र वातावरण निर्माणमा सरकार केन्द्रित छ। सरकारको भावनालाई आत्मसात गर्दै चेम्बरले आफ्ना सदस्यहरुलाई स्वच्छ व्यावसायिक प्रतिस्पर्धा तथा सामाजिक उत्तरदायित्व मार्फत उपभोक्ता हित र असल व्यावसायिक सम्बन्ध विकासमा परिचालित गर्ने विश्वास समेत लिएको छु।

अन्त्यमा यो प्रकाशन यस क्षेत्रमा चासो राख्ने सबैका लागि उपयोगी एवं फलदायी हुने विश्वास गर्दै चेम्बरको ७४औं वार्षिक साधारण सभाको सफलता तथा यस संस्थाको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्दछु।

२०८१ चैत्र

विष्णुप्रसाद पौडेल
उपप्रधानमन्त्री एवम् अर्थमन्त्री



मा. दामोदर भण्डारी
मन्त्री
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

नेपाल सरकार

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं.: +९७७-१-४२००५२५
फ्याक्स नं.: +९७७-१-४२०००५२

पत्र संख्या: ०८१।८२
चलानी नं.: १२२

## शुभकामना

नेपाल चेम्बर अफ कमर्सको ७४ औं वार्षिक साधारण सभाको अवसरमा संस्थामा आबद्ध सम्पूर्ण उद्योगी, व्यवसायीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु । करिब साढे सात दशकदेखि क्रियाशिल निजी क्षेत्रको प्रतिनिधिमूलक पहिलो संस्था नेपाल चेम्बर अफ कमर्सले मुलुकको समग्र आर्थिक वृद्धि एवं निजी क्षेत्रको व्यवसायिक क्षमता अभिवृद्धिका लागि विभिन्न गतिविधिहरु सञ्चालन गर्दै अर्थतन्त्रको विकास र निजी क्षेत्रको प्रवर्द्धनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ।

नेपाल चेम्बर अफ कमर्सको ७४ औं वार्षिक साधारण सभाको अवसरमा **चेम्बर स्मारिका २०८१** प्रकाशन गर्न लागेको खबरलेमलाई खुशी लागेको छ। नेपालको उद्योग व्यवसायको विकासमा स्मारिका सन्देशमूलक हुने तथा सन्दर्भ सामग्रीको रुपमा उपयोगी हुने विश्वास लिएको छु।

मुलुकको आर्थिक विकासमा चेम्बरको भूमिका अतुलनीय रहिआएको छ । वैदेशिक व्यापारलाई सहजीकरण गर्ने तथा आम उपभोक्ताको माग अनुसारको वस्तु तथा सेवा आयात/निर्यातमा चेम्बरको भूमिका महत्वपूर्ण रहेको छ। अर्थतन्त्रमा चेम्बर प्रतिनिधिले खेलेको भूमिकाको प्रशंसा गर्दै सरकारले लिएको निर्यात प्रवर्द्धनको लक्ष्यमा निजी क्षेत्र अवश्य सहयोगी बन्ने अपेक्षा समेत राखेको छु।

आयात एवं विप्रेषणमा आधारित अर्थतन्त्रलाई उत्पादन र आन्तरिक आयमुखी अर्थतन्त्रमा रुपान्तरण गर्ने प्रभावकारी नीति लिने,स्वदेशी उत्पादनको संरक्षण,निर्यातयोग्य एवं तुलनात्मक लाभका वस्तुहरुको पहिचान र प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी व्यापार घाटा न्यूनीकरण गर्ने जस्ता लक्ष्य पूरा गर्न निजी क्षेत्रले गर्दै आएको साझेदारी महत्वपूर्ण रहेको छ। अर्थतन्त्रको पुनरुत्थान गरी उच्च दरको आर्थिक वृद्धि हासिल गर्नुपर्ने जिम्मेवारी हाम्रो काँधमा आएको यस घडीमा निजी क्षेत्रको भूमिका अतुलनीय हुने भएकाले सोही अनुसारको सहयोग र समन्वयको अपेक्षा सरकारले राखेको छ।

सरकार सदैव निजी क्षेत्रको साथमा रही आर्थिक समृद्धिको लागि क्रियाशिल रहेको छ। नीति तथा कानुनी सुधार मार्फत अर्थतन्त्रलाई चलायमान बनाउन सरकाले न्यूनतम साझा कार्यक्रम तय गरी सोही अनुसारको गतिविधि गर्दै आएको सर्वविदितै छ। चेम्बर अफ कमर्सले मुलुकको सर्वाङ्गिण आर्थिक विकासमा निरन्तर योगदान गर्दै आम उपभोक्तामा समेत जिम्मेवार उद्योगी व्यवसायीको रुपमा वस्तु तथा सेवाको उत्पादन तथा वितरण गरी व्यवसाय अगाडि बढाउनु हुनेछ भन्ने विश्वास व्यक्त गर्दै ७४ औं वार्षिक साधारण सभा तथा चेम्बर स्मारिका २०८१ प्रकाशन सफलताको शुभकामना व्यक्त गर्दछु।

२०८२ चैत्र २२ गते

मा.दामोदर भण्डारी
मन्त्री
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय



नेपाल चेम्बर अफ कमर्स
NEPAL CHAMBER OF COMMERCE
(स्था: वि.सं. २००७/Estd. 1951 A.D.)

Ref. No.:

# हार्दिक शुभकामना

निजीक्षेत्रको अग्रणी संस्था नेपाल चेम्बर अफ कमर्स स्थापनाको ७४औं वार्षिकोत्सवको यस विशेष अवसरमा यस संस्थामा आवद्ध सम्पूर्ण सदस्य महानुभावहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु । निजीक्षेत्रको वास्तविक प्रतिनिधिमूलक संस्थाको रुपमा चेम्बरको गरिमा र प्रतिष्ठाको उचाईं गौरवलायक रहेको छ । संस्थाको प्रतिष्ठालाई यस उचाइमा पुऱ्याउन अथक प्रयास र मेहनत गर्ने पूर्वअध्यक्षज्यूहरु तथा सम्पूर्ण पूर्वपदाधिकारीज्यू, सम्पूर्ण चेम्बर परिवारको भूमिकाप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

विगतमा पनि यस संस्थाले निजीक्षेत्रका समस्याहरुलाई सशक्तरुपमा उठान गर्दै आएको विदितै छ । आगामी दिनमा पनि मुलुकको समग्र आर्थिक विकासका लागि यस संस्थाले अग्रणी एवं सशक्त भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

विगत केही वर्ष यता आर्थिक गतिविधिहरुमा संकुचन आएका कारण अर्थतन्त्र कमजोर अवस्थामा पुगेको छ । आर्थिक वृद्धिको लक्ष्य पूरा हुन सकेको छैन भने आर्थिक गतिविधिहरुमा संकुचन आएका कारण सरकारको राजस्व लक्ष्य समेत पूरा हुन नसक्ने अवस्था छ । यसले गर्दा सरकार विकास निर्माण कार्यको भुक्तानी दिन नसक्ने अवस्थामा पुगेको छ । नयाँ सरकार गठनसँगै बाह्य क्षेत्रलगायत अर्थतन्त्रका अन्य क्षेत्रमा पनि केही सुधार आएको छ । तर विगत केही वर्ष यता अर्थतन्त्रमा निकै ठूलो समस्या आएका कारण ती सुधारहरु पर्याप्त छैनन् । आर्थिक गतिविधिहरुमा संकुचन आएसँगै वस्तु तथा सेवाको समग्र मागमा प्रतिकूल असर परेको छ र उद्योगधन्दाहरु आंशिक क्षमतामा सञ्चालन हुन बाध्य छन् । नयाँ लगानी आएको छैन । क्षमता कमजोर भएका कारण सरकारले पनि अर्थतन्त्रमा नयाँ पैसा लगाउन सकिरहेको छैन । उद्योग तथा व्यवसायको आम्दानी घटेका कारण बैंक तथा वित्तीय संस्थाहरुको असुली समेत प्रतिकूलरुपमा प्रभावित भएको देखिन्छ । यस्तो अवस्थामा साना तथा मझौला व्यवसायहरुको उत्थानका लागि सरकारले तत्काल कदम चाल्नुपर्ने टड्कारो खाँचो रहेको छ । यो क्षेत्रले रोजगारी सिर्जना, राजस्वमा योगदान र ठूला उद्योगको उत्पादनको माग समेत गरेर अर्थतन्त्रलाई चलायमान गराउन सक्छन् । राजस्व बढ्नासाथ सरकारले अर्थतन्त्रमा थप पुँजी परिचालन गर्न सक्छ । साथै राजस्वबाहेक पुँजी परिचालनका अन्य क्षेत्रहरुको समेत खोजी गरेर सरकारले अर्थतन्त्रलाई चलायमान गराउन सक्ने संभावना प्रशस्त छ । यसमा हामी विषयगत रुपमा वृहत् छलफल गरी उपाय निकाल्न तयार छौं । सरकार र निजीक्षेत्र एक ठाउँमा बसेर तत्काल, मध्यकाल र दीर्घकालमा गर्नुपर्ने कामहरुको फेहरिस्त बनाई तत्काल कार्यान्वयनमा ल्याउन सकेनौं भने अर्थतन्त्रमा तुरुन्तै सुधार गर्न सक्ने गुञ्जायस देखिदैन । सरकारले घट्ना वस्तुस्थितिको गाम्भीर्यतालाई बुझेर तदारुकताका साथ काम गर्नुपर्ने बेला आइसकेको छ ।

अर्कोकुरा, हामीले विगत लामो समयदेखि सरकार र सरकारी निकायहरुसँगको सम्वादमा भन्दै आएको विषय के हो भने अर्थतन्त्रमा केही नीतिगत, केही संरचनागत र केही कार्यान्वयनसँग सम्बन्धित व्यवहारिक समस्याहरु रहेका छन् । नीतिगत अस्थिरता पनि छ । त्यसैले बेला बखत समस्याहरु आइरहेका हुन् । कहिले अर्थतन्त्रमा अधिक तरलता र कहिले तरलताको समस्या पैदा हुने गरेको छ । संभावना भएर पनि हामीले आर्थिकरुपमा ठूलो फड्को मार्न सकिरहेका छैनौ । संसदका दुई ठूला दलहरु मिलेर बनेको संयुक्त सरकारबाट निजीक्षेत्रले ठूलो आशा राखेको छ । अब सानातिना दलहरुसँगको मनमुटावले सरकारको निरन्तरता हुन नसक्ने अवस्थाको अन्त्य भएको छ । तथापि सरकारको निरन्तरताले मात्र पनि हाम्रो अपेक्षा पूरा हुन सक्दैन । हाम्रो आवश्यकता र प्राथमिकता भनेको आर्थिक एजेण्डालाई उच्च महत्व दिएर कार्यान्वयनमा ल्याउनुपर्ने र कार्यान्वयनमा नीतिगत निरन्तरता हुनुपर्ने खाँचो छ जसले गर्दा लगानीकर्ताहरुले निश्चित अवधिसम्मलाई नीतिगत स्पष्टता छ भनेर आफ्नो लगानी सम्बन्धी निर्णय र रणनीतिहरु तर्जुमा गर्न सकुन् ।

सरकारी आर्थिक नीति नियमहरुको अभ्यास हुने थलो निजीक्षेत्र हो । सरकारी नीति नियमहरुलाई कार्यान्वयन गर्दा के कस्ता समस्याहरु उत्पन्न भएका छन् र तिनको समाधान कसरी गर्न सकिन्छ भन्ने कुरा पनि हामीलाई बढी थाहा हुने विषय हो । हाम्रा व्यवहारिक सुझावहरु मुलुकको समृद्धिका लागि निर्णायक हुने कुरामा सबै पक्ष समहत पनि देखिन्छन् । हामी पनि आफूले भोगेका समस्याहरुका बारेमा सक्रिय भै तिनको समाधानको लागि सरकार तथा सरकारी निकायहरुसँग हातेमालो गर्न तयार रहेका छौं । यद्धपि, मुलुकको समृद्धि सरकार र निजीक्षेत्र दुवैका साझा चाहना भएपनि नीति नियमको तर्जुमा र कार्यान्वयनमा यी दुवै पक्षबीच समझदारी र बुझाईको ठूलो खाडल रहेको छ । त्यतिमात्र होइन, विद्यमान नीति नियम र ऐन कानुनको सही ढंगले कार्यान्वयन गर्नेमा राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रको बुझाईमा पाइने भिन्नता अझ घातक रोगको रुपमा रहेको छ । त्यो खाडललाई जतिसक्दो सानो बनाउन सक्यौं भने समृद्धि हासिल चाँडो हुन सक्छ । मुलुकलाई आर्थिक दृष्टिकोणले नयाँ दिशा दिन हामी निजी क्षेत्र सरकारसँग हातेमालो गर्न सदैव तयार छौं ।

अन्त्यमा, नयाँ वर्ष २०८२ को पूर्वसन्ध्यामा सम्पूर्ण सदस्य महानुभावहरु र समस्त देशवासीमा सुस्वास्थ्य, सुख सपृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । यस अवसरमा सदस्य साथीहरुले भोगेका समस्याहरुलाई तार्किक समाधानमा लैजान अझ सक्रिय भै प्रखर भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । आर्थिक एजेण्डालाई उजागर गर्ने महत्वपूर्ण प्लेटफर्मको रुपमा सर्व पहिचान बनाएको यस चेम्बर स्मारिकामा आफ्नो अमूल्य लेख रचना, धारणाहरु उपलब्ध गराइदिने विद्वान विज्ञ लेखकहरुका साथै स्मारिकालाई गुणस्तरीयरुपमा प्रकाशित गर्न अगुवाई गर्ने प्रचार प्रसार तथा अतिथि सत्कार समितिका संयोजक दीपककाजी तुलाधर तथा समितिका अन्य पदाधिकारी र अहोरात्र घट्ने अन्य सम्पादक मण्डललगायत सबैमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**कमलेशकुमार अग्रवाल**
अध्यक्ष

CHAMBER BHAWAN, KANTIPATH, P.O.Box: 198, Kathmandu, NEPAL
Phone: 977-1-5330947, 5330941, Fax: 977-1-5329998 | E-mail: info@ncc.org.np, Website: http://www.ncc.org.np

# आर्थिक विकासमा कानुनी अड्चन

सर्वप्रथम, नेपाल चेम्बर अफ कमर्स स्थापनाको ७४औं वार्षिकोत्सवको यस विशेष अवसरमा हाम्रा सम्पूर्ण आदरणीय सदस्य महानुभावहरुमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । साथै नयाँ वर्ष २०८२ मा प्रवेशको पूर्वसन्ध्यामा यहाँहरु सबैमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको कामना पनि गर्न चाहन्छु ।

हामी आर्थिक समृद्धिको कुरा गरिरहेका छौं । तर उपलब्धिको कुरा गर्ने हो भने ४.५ प्रतिशतको आर्थिक वृद्धिभन्दा माथि उठ्न सकिरहेका छैनौं । गुमेको रोजगारी पुनर्स्थापित हुन सकेको छैन भने नयाँ रोजगारी सिर्जनाको कुरै नगरौं । हाम्रा निर्यात उद्योगहरु धराशायी भैसकेका छन् र हामी पूर्णत आयातमूखी अर्थतन्त्रमा रुपान्तरण भैसकेका छौं । वैदेशिक रोजगारीमा जाने कामदारहरुले स्वदेश पठाएको आम्दानी नेपालको विदेशी मुद्रा आर्जनको मुख्य स्रोतको रुपमा रहँदै आएको छ । निर्यात नबढाईकन डलर आर्जनको भरपर्दो अर्को स्रोत खोज्न सकिदैन । कामदारलाई विदेश पठाएर स्वदेशी अर्थतन्त्र मजबुत बन्न सक्दैन र विदेशको अर्थतन्त्र वा सरकारले लिने श्रम सम्बन्धी नीतिमा फेरबदल हुनासाथ विदेशको रोजगारी पनि धराशायी भैहाल्छ । यस्तो अवस्थामा स्वदेशी गुणस्तरीय वस्तुको उत्पादन, तिनको ब्राण्डिङ, र अन्तराष्ट्रिय बजार प्रवर्द्धन नै हामीले ध्यान दिनुपर्ने सर्वाधिक महत्वका विषयहरु हुन । नेपाली बस्तुहरु अन्तर्राष्ट्रियरुपमा प्रतिस्पर्धी हुन नसक्ने कारणमा गुणस्तर एउटा महत्वपूर्ण विषय हो भने ती मुलुकहरुको भन्सार दरले पनि निर्यातमा ठूलो प्रभाव पार्ने हुन्छ । अमेरिकाले अन्य मुलुकसँगै नेपाललाई पनि लगाएको थप भन्सारले नेपाली वस्तुको त्यहाँको बजार प्रवेशलाई निकै सकसपूर्ण बनाउने छ ।

स्वदेशी अर्थतन्त्रको प्रवर्द्धनको कुरा गर्दा उद्योग वाणिज्य क्षेत्रको विकास बिना मुलुकको समृद्धि संभव छैन । रोजगारी सिर्जना, आर्थिक, औद्योगिक तथा व्यापारिक गतिविधिहरुको विस्तार आदिका लागि उपयुक्त कानूनी तथा नीतिगत व्यवस्था र काम गर्ने वातावरणको निर्माण आवश्यक पर्छ । रोजगारी सिर्जना, आर्थिक, औद्योगिक तथा व्यापारिक वातावरणको अनुकूलता सिर्जना गरेपछि मात्र सरकारको ढुकुटी बलियो हुन्छ र सरकारले विकास निर्माणका गतिविधिहरुलाई तीब्रता दिन सक्छ । त्यसैले औद्योगिक विकास र रोजगारी सिर्जना निजीक्षेत्र र सरकारको साझा चाहना हुनुपर्छ ।  यसका लागि सरकार र निजीक्षेत्र एकै ठाउँमा बसेर छलफल गरी नेपालमा लगानी प्रवर्द्धन, गुणस्तरीय बस्तुको उत्पादन, तिनको ब्राण्डिङ, र अन्तराष्ट्रिय बजार प्रवर्द्धनका लागि आवश्यक पर्ने उपायका बारेमा छलफल गर्नुपर्ने हुन्छ । निजीक्षेत्रसँग सहकार्य गरेर मात्र सरकारले आर्थिक समृद्धिको चुनौतीपूर्ण मार्गलाई सहज बनाउन सक्छ । सरकारले आर्थिक वृद्धिको लक्ष्य राख्छ तर सफल हुँदैन । किन ? पहिलो कारण हो, हामीसँग थुप्रै नीतिगत, ऐन कानुन र नियमहरुका झण्झट छन् । दोस्रो, ती नियम कानुनलाई कार्यान्वयनमा ल्याउने सरकारी संयन्त्र बलियो र प्रभावकारी हुन सकेको छैन । तेस्रो, निजी क्षेत्रसँगको सहकार्य प्रभावकारी बन्न सकिरहेको छैन । त्यसैले यसपटक हामीले प्रस्तुत स्मारिकामा नेपालको लगानी, व्यापार, विशेषगरी निर्यात प्रवर्द्धनमा के कस्ता कानुनी अड्चनहरु छन् भन्ने सम्बन्धमा विस्तृत बहस चलाउने जमर्को गरेका छौं । विज्ञहरुले मेहनतका साथ थुप्रै सैद्धान्तिक तथा व्यवहारिक सुझावहरु प्रस्तुत गर्नुभएको छ । सम्बन्धित निकायलाई विज्ञहरुका सुझावहरु मननयोग्य हुनेछन् भन्ने विश्वास लिएका छौं ।



**दीपककाजी तुलाधार**
संयोजक

हामीले नब्बेको दशकमा अर्थतन्त्रमा थुप्रै सुधारहरु गरेका थियौं र सोही अनुरुप शुरुका वर्षहरुमा अर्थतन्त्रले लामो फड्को मार्न सफलता पाएको थियो । सुधार एउटा निरन्तर प्रक्रिया हो र पछिल्ला वर्षहरुमा यसको निरन्तरता आवश्यक पर्थ्यो । सरकारले त्यसलाई समयमै सम्बोधन गर्न नसकेकोले हामी फेरि पछि परेका छौं । यो छोटो प्रस्तुतिमा धेरै सुझाव दिन संभव छैन । ताथापि, उपयुक्त ऐन कानुनहरुको निर्माण र समय समयमा प्रस्तुत निजीक्षेत्रका व्यवहारिक र कार्यान्वयनयोग्य सुझावहरुलाई ग्रहण गरी कार्यान्वयनमा ल्याइएमा मुलुकको साझा लक्ष्य हासिलमा ठूलो फड्को मार्ने काम हुनेछ भन्नेमा हामी विश्वस्त छौं ।

यस स्मारिकामार्फत् हामीले अर्थतन्त्रलाई अगाडि बढाउन आवश्यक पर्ने नीति, नियम कानुनहरुको बारेमा विहंगम प्रस्तुति गरेका छौं । थुप्रै लेख तथा सुझावहरुले सरकार र सरकारी निकायहरुलाई गम्भीर बनेर अर्थतन्त्रलाई अगाडि बढाउनेतर्फ ध्यान दिन सहयोग पुऱ्याउने विश्वास गरेको छौं । अर्थतन्त्रलाई अघि बढाउने उपायका लागि निजीक्षेत्र खुल्ला बहस र छलफल गर्न तयार छ । प्रचूर उपायहरु हामीसँग छन्, एउटै टेबलमा बसेर छलफल गरौं, युद्धस्तरमा काम गरौं र अपेक्षित उपलब्धि यथाशक्य चाँडो हासिल गर्न लागौं भन्ने अपील गर्न चाहन्छौं ।

अन्त्यमा, छोटो समयका बीच पनि हामीलाई लेख रचनाहरु उपलब्ध गराउने विद्वान लेखकहरू र विज्ञापनदाताहरू लगायत यस स्मारिकालाई यो गुणस्तर र यथासमयमा प्रकाशित गर्न सहयोग पुऱ्याउने चेम्बरका अध्यक्षलगायत कार्य समिति तथा सम्पूर्ण प्रकाशक एवं सम्पादन टीमलाई हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद !

**दीपककाजी तुलाधार**

# विषयसूची



निजीक्षेत्रले सरकारको इमानदारीमा शंका गर्नुपर्दैन — १४


नीतिगत सुधार र राजनीतिक स्थिरता आवश्यक छ — १८


आवधि योजनाको स्थिरता र निरन्तरता — २२


कानुन संशोधन : दोस्रो चरणको आर्थिक सुधारका लागि प्रस्थान — २६


कृषिमा आधुनिकीकरणको चुनौती — ३०


नेपालको आर्थिक विकासमा सहकारीले खेल्ने भूमिका — ३४


रुपान्तरणकारी विकासमा डिजिटल पूर्वाधार — ४०


लगानी व्यवस्थापन र राष्ट्रिय हित प्रवर्द्धन — ४४


नयाँ चरणको सुधारको खाँचो — ४८


परिमाणमुखी आर्थिक कुटनीति — ५२


निर्माण क्षेत्रमा विद्यमान संकट र समाधानको रोडम्याप — ५६


हस्पिटालिटी क्षेत्र : गुणस्तर कि मूल्यमा प्रतिस्पर्धा ? — ६०


लगानी लक्ष्य ६२ खर्ब, अवरोध कायमै — ६४


घरजग्गा व्यवसायमा सुधारका लागि दीर्घकालीन नीति — ६८


नेपालको निर्यात अवस्था, चुनौती र भविष्य — ७२


बैंकको स्वमित्वमाथि प्रश्न र सरोकारवाला सिद्धान्त — ७६


पर्यटकको फेरिएको शैली र पर्यटन बोर्डको भूमिका — ८०


महिला उद्यमशीलतामा तालिम हब — ८४


उपेक्षित एसएमईको प्रवर्द्धनमा चेम्बर — ८८


नीतिगत अस्पष्टताको मारमा म्यानुफ्याक्चरिङ — ९१


दिगो अर्थतन्त्रको आधार सन्तुलित व्यापार — ९४


उद्यमशीलता विकासमा सार्वजनिक निजी साझेदारी — ९७


स्वास्थ्य बीमा अबको बाटो — १००



# निजीक्षेत्रले सरकारको इमानदारीमा शंका गर्नुपर्दैन

**विष्णुप्रसाद पौडेल**
उपप्रधानमन्त्री एवं अर्थमन्त्री

> सरकारले संशोधित कानुन अनुसार आवश्यक कार्यविधि तथा नियमावली निर्माण प्रक्रियालाई तीव्रता दिइरहेको छ ।

**अर्थमन्त्रीका रूपमा नेपालको वर्तमान आर्थिक अवस्थालाई तपाईं कसरी मूल्यांकन गर्नुहुन्छ ?**

नयाँ सरकार गठन हुँदा अघिल्लो वर्ष भुक्तानी हुनुपर्ने दायित्व समेत बाँकी थियो । यसबीचमा बाँकी भुक्तानी दायित्व पूरा गर्न अर्थ मन्त्रालयले सहजीकरण गरेको छ । निर्माण व्यवसायीहरूको मात्र ३० अर्ब रुपैयाँभन्दा बढी भुक्तानी भइसकेको छ । आयोजनाहरूको वर्गीकरण र बहुवर्षीय स्रोत सुनिश्चितताका बारेमा विद्यमान द्विविधा हटाउने र स्पष्ट मापदण्डका आधारमा अघि बढ्ने काम भएको छ । विदेशी मुद्राको सञ्चिति, भुक्तानी सन्तुलन, विप्रेषण आप्रवाह, बैंकहरूमा तरलताको अवस्था, ब्याजदर जस्ता विषयहरूमा उल्लेख्य सुधार भएको छ । गतवर्षको तुलनामा राजस्व संकलन र खर्च प्रणालीमा सुधार आएको छ । यस क्षेत्रमा अपेक्षित नतिजा प्राप्तिका लागि सुधारको पहल लिइएको छ ।

अहिले महँगी र मुद्रास्फीति नियन्त्रित अवस्थामा छ । अर्थतन्त्रका प्रायः सूचकाङ्कहरू सकारात्मक छन् । अर्थतन्त्र क्रमशः लयमा आउँदैछ । मुलुकको अर्थतन्त्रमा सुधार भएको विश्व बैंक र हामीकहाँ भएका अनुसन्धान तथा हालै प्रकाशित प्रतिवेदनहरूले देखाएका छन् । गतवर्ष ३.९ प्रतिशतमा खुम्चिएको आर्थिक वृद्धिदर यो वर्ष ५.१ प्रतिशत पुग्ने विश्व बैंकको अनुमान छ । इतिहासमै पहिलो पटक 'सोभरेन कन्ट्री रेटिङ' भएको र नेपालको अवस्था बीबी माइनस रहेको छ । यसबाट नेपाल लगानीका लागि उपयुक्त गन्तव्य हो भन्ने सन्देश विश्वव्यापी रूपमा प्रवाह भएको छ । व्यावसायिक तथा लगानीका लागि अनुकूल वातावरण तयार गर्न नीतिगत तथा कानुनी सुधारका कामहरू पनि भएका छन् । वर्तमान सरकार गठन भएको करिब नौ महिनाको अवधिमा लगानीका लागि अनुकूल आधार तयार भएको छ । अब उपयुक्त वातावरण छैन भनेर कुनै पनि क्षेत्रले गुनासो गरिहनुपर्ने अवस्था छैन ।

**सुधारका लागि विभिन्न नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा पनि अर्थतन्त्र लयमा फर्किन सकेको देखिँदैन । खासमा समस्या कहाँ रहेछ ? कुनै एक क्षेत्रका कारण यस्तो भएको हो कि अर्थतन्त्र साँच्चिकै समस्यामा परेको हो ?**

अर्थतन्त्रलाई लयमा फर्काउन सरकार निरन्तर सुधारका नीति तथा कार्यक्रम कार्यान्वयन गरिरहेको छ । तर विगतदेखि नै विभिन्न क्षेत्रमा संरचनागत समस्या भोगिरहेकाले अर्थतन्त्र अपेक्षित रूपमा सुधार हुन समय लाग्छ नै । युक्रेनमा भएको युद्ध, विश्व अर्थतन्त्रमा देखिएको ट्रेड टेन्सन, विश्व राजनीतिमा आएको बदलाव, कोभिड-१९ महामारीपछि अन्तर्राष्ट्रिय व्यापार तथा आपूर्ति प्रणालीमा परेको असर लगायतको प्रभाव हाम्रो अर्थतन्त्रमा परेको हो । त्यस अतिरिक्त सरकारको अस्थिरता, नीतिगत समस्या, बजेट विनियोजन तथा कार्यान्वयन दक्षता, हाम्रो कार्यसम्पादन शैली लगायतले पनि अर्थतन्त्रमा प्रभाव पारेका हुन् ।

नेपालको आर्थिक समस्या कुनै एक क्षेत्रको मात्रै कारणले आएको होइन । कृषि, उद्योग, व्यापार, पूर्वाधार विकास तथा रोजगारीका अवसर हरूको न्यूनता र असन्तुलनले थप चुनौती थपेका छन् । उत्पादनशील क्षेत्र कमजोर हुँदा आयातमा निर्भरता बढेको छ, जसले व्यापार घाटा बढाएको छ । कहिले अधिक र कहिले न्यून तरलता हुने जस्ता कारणले सिर्जित वित्तीय क्षेत्रको असन्तुलन, सहकारी क्षेत्रमा देखिएको बेथिति र युवाहरूको विदेश जाने मोहले पनि अर्थतन्त्रलाई अपेक्षित रूपमा अघि बढाउन बाधा पुऱ्याइरहेको छ । त्यसैले सरकारले आर्थिक स्थायित्व कायम गरी उत्पादन र उत्पादकत्व वृद्धिमार्फत स्वाधीन अर्थतन्त्र निर्माण गर्न बजेट कार्यान्वयन प्रभावकारी बनाउने, निजीक्षेत्रको विश्वास बढाउने, निर्यात प्रवर्द्धन गर्ने, राजस्व परिचालनमा सुधार ल्याउने जस्ता कार्य गरिरहेको छ ।

**यस्ता समस्याको सुधारका लागि तपाईंले कस्तो पहलकदमी लिनुभयो ?**

वर्तमान सरकार गठन भएपछि अर्थतन्त्रमा सुधारका संकेतहरू देखापर्दै गएका छन् । निजीक्षेत्रको आत्मविश्वास बढेको छ र लगानीको वातावरण बन्दै गएको छ । हामीले सय दिने कार्ययोजना बनायौं र तीमध्ये ९० प्रतिशतभन्दा बढी कार्यान्वयन गऱ्यौं । अहिले पनि हामी योजनाबद्ध ढङ्गले काम गरिहेका छौं । त्यसका नतिजाहरू क्रमशः देखिँदैछन् ।

मुलुकको अर्थतन्त्र सुधारका लागि हामीले अर्थ जगत्‌का अनुभवी, विज्ञ र निजीक्षेत्रका छाता संगठनका प्रतिनिधिहरू सम्मिलित उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोग गठन गरेका छौं । बीमा नियमावली, साना तथा मझौला संगठित संस्थाको धितोपत्र निष्कासन तथा कारोबारसम्बन्धी नियमावली, भन्सार महसुल नियमावली, आन्तरिक राजस्व परिचालन रणनीति, भन्सार मूल्यलाई कारोबार मूल्यमा आधारित बनाउने रणनीति, सार्वजनिक संस्थानमा ऋण तथा लगानी सम्बन्धी नीति, आन्तरिक ऋण निष्कासन तथा व्यवस्थापन कार्यविधि पारित भई कार्यान्वयनमा आएका छन् ।

भन्सार प्रज्ञापनपत्रको मुख्य मुख्य चरणको जानकारी निकासी तथा पैठारीकर्तालाई एसएमएस वा इमेलमार्फत गराउने प्रणाली सञ्चालनमा आएको छ । नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको डिम्याटको कार्य आरम्भ भएको छ । आर्थिक तथा व्यावसायिक विषयमा निजीक्षेत्रको साथ सहयोग र सुझावका साथ अघि बढ्ने सरकारको चाहना हो । त्यसका लागि हामी निजीक्षेत्रका छाता संगठनहरूसँग निरन्तर संवाद गरिरहेका छौं ।

> **निजीक्षेत्रका व्यवसाय तथा विदेशी लगानी प्रवर्द्धन गर्न सरकारले विभिन्न कानुनी सुधारहरू गर्दै आएको छ । आर्थिक तथा व्यावसायिक वातावरण तयार गर्न विभिन्न कानुनहरू संशोधन तथा परिमार्जन भएका छन् ।**

**निजीक्षेत्रका व्यवसाय तथा विदेशी लगानी प्रवर्द्धन र सहजीकरणका लागि सरकारले अध्यादेशमार्फत धेरै कानुनहरू संशोधन गर्ने प्रयास गरी त्यसलाई संसद्‌बाट पारित पनि गरिसकेको छ । यद्यपि, निजीक्षेत्रले भने परिवर्तित व्यवस्थाका लागि आवश्यक कार्यविधिलगायतको व्यवस्था तत्काले गर्न माग गरिरहेको छ । यसतर्फ कस्तो प्रगति भइरहेको छ ?**

निजीक्षेत्रका व्यवसाय तथा विदेशी लगानी प्रवर्द्धन गर्न सरकारले विभिन्न कानुनी सुधारहरू गर्दै आएको छ । आर्थिक तथा व्यावसायिक वातावरण तयार गर्न विभिन्न कानुनहरू संशोधन तथा परिमार्जन भएका छन् । अब मुख्य चुनौती भनेको ती कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु हो । त्यसैले यस विषयमा निजीक्षेत्रको चासोलाई हामीले स्वाभाविक रूपमा लिई त्यसअनुसारका व्यवस्था गर्न प्रतिबद्ध छौं ।

सरकारले संशोधित कानुन अनुसार आवश्यक कार्यविधि तथा नियमावली निर्माण प्रक्रियालाई तीव्रता दिइरहेको छ । हालसम्म विभिन्न मन्त्रालय तथा सम्बन्धित निकायहरूले कार्यविधि तथा नियमावली मस्यौदा तयार पार्ने काम अन्तिम चरणमा पुऱ्याइसकेका छन् । ती व्यवस्थाको कार्यान्वयन पक्षलाई व्यवस्थित बनाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, लगानी बोर्ड र नेपाल राष्ट्र बैंकसँग समन्वय गर्दै एकद्वार प्रणालीलाई प्रभावकारी बनाउने, अनुमति प्रक्रिया सरल बनाउने तथा लगानीमैत्री वातावरण सिर्जना गर्ने गरी सरकारले काम गरिरहेको छ ।

**निजीक्षेत्रको प्रवर्द्धन र प्रोत्साहनका लागि थप के गर्नुपर्ला ?**

निजीक्षेत्रको दीर्घकालीन लगानी आकर्षित गर्न नीतिगत स्थिरता पहिलो शर्त हो भन्नेमा हामी प्रस्ट छौं । बारम्बार नीति परिवर्तन हुँदा लगानीकर्ताहरू दोधारमा पर्नुका साथै लगानीमैत्री वातावरण पनि कमजोर हुन्छ । लगानी अनुमति प्रक्रिया छिटो बनाउन, एकद्वार प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयन गर्ने गरी तयारी हुँदैछ । निजीक्षेत्रका उद्यमी, विशेषगरी लघु तथा मध्यम उद्यमका लागि सहुलियतपूर्ण कर्जा तथा वित्तीय सहायता आवश्यक छ । त्यसबारेमा पनि हामी छलफल गरिरहेका छौं । निजीक्षेत्रलाई उत्पादन र व्यापारमा सहजता दिन विश्वसनीय सडक, यातायात, डिजिटल पूर्वाधार, तथा ऊर्जा आपूर्ति सुधार गर्नुपर्छ । औद्योगिक क्षेत्रमा पर्याप्त बिजुली आपूर्ति गर्ने गरी योजना बन्दैछ । औद्योगिक क्षेत्र विकास गर्न भूमि व्यवस्थापन, उद्योग स्थापना अनुमतिमा सहजीकरण र कर प्रोत्साहन जस्ता उपाय अवलम्बन गरिएको छ । निर्यातमूलक उद्योगहरूलाई विशेष सहुलियत तथा अनुदानको व्यवस्था गरिएको छ ।

**अझै पनि उद्यमीहरूले जग्गा र ऊर्जाको समस्या झेल्नुपरेको छ भने सरकारले घोषणा गरेका औद्योगिक क्षेत्रहरूको विकासमा खासै प्रगति भएको देखिँदैन । यसमा सरकारको भनाइ के हो ?**

उद्यमीहरूले जग्गा र ऊर्जाको समस्या झेल्नु परिरहेको विषयप्रति सरकार गम्भीर छ र यसलाई समाधान गर्न विभिन्न नीतिगत, कानुनी तथा प्रक्रियागत सुधारका उपायहरू अवलम्बन गरी सहजीकरणको प्रयास गरिएको छ । औद्योगिक क्षेत्र विकास परियोजनामा जग्गा अधिग्रहण तथा विभिन्न सरकारी निकायबीचको समन्वयमा समस्या देखिँदा केही विलम्ब हुन गएको देखिन्छ । तर सरकारले औद्योगिक पूर्वाधार विकासलाई तीव्रता दिने, सार्वजनिक निजी साझेदारी (पीपीपी) र निजी उद्योगहरूलाई सहुलियत दरमा जग्गा उपलब्ध गराउने नीतिहरूमा काम गरिरहेको छ ।

उद्योगहरूका लागि नियमित विद्युत् आपूर्ति गर्ने विषय हाम्रो प्राथमिकतामा छ । सौर्य तथा जलविद्युत् परियोजनाको विकासलाई तीव्रताका साथ कार्यान्वयन गरिएको छ । यसले ऊर्जा व्यवस्थापनमा सुधार ल्याउनेछ र लोडसेडिङ सदाका लागि अन्त्य हुनेछ ।

**आगामी वर्षको नोभेम्बरमा नेपाल अतिकम विकसित मुलुकबाट विकासशीलमा स्तरोन्नति हुँदै छ । त्यसपछि अहिले प्राप्त भएका कतिपय सौविध्य तथा छुट सुविधा गुम्दैछन् । अर्कोतर्फ नेपाल भूपरिवेष्ठित भएको तथा कमसल पूर्वाधार भएकाले ढुवानीको मूल्य चर्को पर्छ । यस्तो अवस्थामा नेपालले आफ्नो निर्यात व्यापार प्रवर्द्धन गर्न के गरिरहेको छ ?**

विकासशील राष्ट्रमा स्तरोन्नति हुँदा नेपालको अन्तर्राष्ट्रिय व्यापार तथा निर्यात क्षेत्रमा प्राप्त छूट सुविधामा कटौती हुनेछ । यो हाम्रा लागि एकातर्फ चुनौती हो भने अर्कोतर्फ वस्तु तथा सेवाको गुणस्तर सुधार गरी निर्यात व्यापारलाई प्रतिस्पर्धी बनाउने अवसर पनि हो । एलडीसी स्मुथ ग्राजुएसन रणनीति निर्माण र कार्यान्वयनमार्फत दिगो र धान्न सकिने स्तरोन्नति हासिल गर्न सरकार क्रियाशील छ । स्तरोन्नतिपछि ठूलो असर नपरोस् भनेर हामीले विभिन्न मुलुकहरूसँग द्विपक्षीय तथा बहुपक्षीय व्यापार सम्झौताहरू तथा कूटनीतिक पहलमार्फत असर न्यूनीकरणका लागि प्रयास गरिरहेका छौं ।

यसैबीच, नेपालका उच्च मूल्य भएका वस्तुहरूको उत्पादन तथा प्रशोधन उद्योगलाई प्रवर्द्धन गर्न सहुलियतपूर्ण नीति तथा कार्यक्रमहरू कार्यान्वयनमा ल्याइएको छ । नेपाल भूपरिवेष्ठित मुलुक भएकाले ढुवानी महँगो पर्छ । त्यसैले सरकारले सुक्खा बन्दरगाह सुधार, भारत तथा बंगलादेशका बन्दरगाहहरूसँग सहज पहुँच तथा रेलवे तथा सडक नेटवर्क विस्तारमा ध्यान केन्द्रित गरिरहेको छ । त्यसैगरी, डिजिटल व्यापार तथा ई-कमर्सको प्रयोग गरी नेपाली उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्नका लागि नीतिगत सुधार गरिँदैछ । स्वदेशी तथा विदेशी लगानीकर्तालाई प्रोत्साहन गर्न कर छूट, ऊर्जामा सहुलियतलगायत सुविधा पनि दिइएको छ ।

**नेपालले विदेशी सहायता लिने तर यसलाई प्रभावकारी रूपमा प्रयोग गर्न नसक्ने आरोप लाग्ने गरेको छ । तपाईंको धारणा के छ ?**

वैदेशिक सहायतामा आधारित आयोजनाको कार्यान्वयनमा थप मेहनत गर्नुपर्छ । कतिपय वैदेशिक सहायतामा विशेष मापदण्ड र तयारी पूरा गर्नुपर्ने हुन्छ । पर्याप्त तयारी गरेका आयोजनामा मात्रै वैदेशिक अनुदान वा ऋण सहायता परिचालन गर्न जोड दिइएको छ । पूर्व तयारी सम्पन्न भएका, लाभ लागत विश्लेषणबाट प्रतिफलयुक्त आयोजनामा मात्रै सहायता परिचालन गर्ने गरी पहल लिइएको छ । सँगसँगै समयमा शोधभर्ना गर्नुपर्ने विषय पनि जोडिएर आउँछ । किनकि तोकिएका मापदण्ड पूरा नगरे खर्चको शोधभर्ना हुँदैन । पर्याप्त तयारी नगरी परियोजनाको कार्यान्वयन शुरू गर्दा पछि त्यसमा समस्या सिर्जना भएका उदाहरणहरू छन् । कतिपय कर्मचारीले वैदेशिक ऋण वा अनुदानको शोधभर्ना लिन झन्झट मान्ने गरेको प्रवृत्ति पनि देखियो । नेपाल सरकारको स्रोतबाटै रकमान्तर, स्रोतान्तरलगायत स्रोतको सुनिश्चितता गरेर खर्च गर्ने गरेको देखियो । यसकारण वैदेशिक सहायताका आयोजनामा हामीले अलिकति मेहनत गर्नैपर्छ । तर बिर्सन नहुने कुरा के हो भने नेपाललाई खासगरी पूर्वाधार विकासमा ठूलो परिमाणमा विदेशी सहायताको आवश्यकता छ । त्यसका लागि आवश्यक पहल सरकारले गरिरहेको छ ।

**चालू आर्थिक वर्षमा पनि पूँजीगत बजेट कार्यान्वयनको अवस्था उत्साहजनक देखिएन । यसरी कैयौं वर्षसम्म बजेट परिचालनमै समस्या किन देखिएको होला ?**

पूँजीगत बजेट कार्यान्वयनको अवस्था अपेक्षाअनुसार उत्साहजनक देखिएको छैन र यो समस्या हरेक वर्ष दोहोरिइरहेको छ । योजनाको तयारी नगरी बजेटमा समावेश गर्नु, विस्तृत परियोजना प्रतिवेदन नबनेका तथा पूर्वसम्भाव्यता अध्ययन नगरी तय गरिएका योजनाहरू कार्यान्वयनमा लैजानु, ठेक्का प्रक्रियामा ढिलाइ गर्नु, सार्वजनिक खरीद ऐनमा जटिलता कायम रहनु, निर्माणकर्ताको लापरबाही र तीनै तहका सरकारबीच राम्रो समन्वय नहुनुजस्ता समस्याले पूँजीगत बजेट परिचालनमा चुनौती सिर्जना गरेका छन् । त्यस्तै, नेपालमा ठूला विकास निर्माणका लागि आवश्यक प्रविधि, जनशक्ति र संसाधनका कारण निर्माण कम्पनीहरूले पनि समयमै काम सम्पन्न गर्न नसकेको पनि देखिएको छ ।

पूँजीगत खर्च प्रभावकारी बनाउन सरकाले पूर्वसम्भाव्यता अध्ययन नभएका आयोजना बजेटमा नराख्ने, ठेक्का प्रक्रिया सहज बनाउने, बजेट निकासा प्रणालीमा सुधार गर्ने, सरकारबीचको समन्वय मजबूत बनाउने र ठेकेदारको जवाफदेहिता बढाउने जस्ता पहल लिएको छ । यथार्थपरक र अनुशासित बजेट बनाउने विषय सरकारको प्राथमिकतामा छन् । नीतिगत सुधारसँगै बजेट कार्यान्वयनले अर्थतन्त्रलाई गतिशील बनाउँछ र आर्थिक रूपले धेरै अघि बढ्नेछौं भन्ने हाम्रो विश्वास छ ।


NEPALLIFE
नेपाल लाइफ
केटाकेटी
सुनौलो भविष्य
जीवन बीमा योजना
सुनिश्चित शिक्षा, सुरक्षित भविष्य
"बालबालिकाको उज्जवल भविष्यको लागि
बचत तथा सुरक्षा योजना"



# नीतिगत सुधार र राजनीतिक स्थिरता आवश्यक छ

**दिपक मल्होत्रा**
वरिष्ठ उपाध्यक्ष, नेपाल चेम्बर अफ कमर्स

> साँच्चै भन्ने हो भने अहिले अर्थतन्त्र भद्रगोलको अवस्थामा छ । यद्यपि सरकारले आफ्नो तर्फबाट सुधारको पहल गरिरहेको देखिन्छ ।

**व्यावसायिक क्षेत्रको सबैभन्दा पुरानो संस्था नेपाल चेम्बर अफ कमर्सले ७४औं वार्षिक उत्सव मनाइरहँदा वर्तमान आर्थिक र व्यावसायिक वातावरणलाई कसरी लिनुभएको छ ?**

नेपाल चेम्बर अफ कमर्सको ७४ वर्षको इतिहाससँगै नेपालको व्यावसायिक र आर्थिक क्षेत्रमा मेरो आफ्नै अनुभव पनि भन्नुपर्ने भएको छ। मैले आफ्नै पहलमा व्यापार व्यवसाय शुरू गरेको पनि करिब ४६ वर्ष भएको छ। पछिल्लो एक दशकदेखि भने मुलुकको अर्थतन्त्र प्रायः जोखिमकै अवस्थामा रहेको जस्तै देखिन्छ। प्रत्येक वर्षजसो खराब आर्थिक अवस्थाबाटै गुज्रिनुपरेको आभास नै भइरहेको छ। यो अवस्था झन्झन् बढ्दै गइरहेको छ। कोभिड-१९ पछि चाहिँ नेपालको अर्थतन्त्र साँच्चिकै बिग्रिएको जस्तो देखियो। यसका कारणहरू पनि धेरै छन्। कोभिडले विश्वबजारमै ठूलो क्षति पुऱ्याएको थियो। नेपालमा पनि त्यही खालको अवस्थाबाट हामी गुज्रियौं। कोभिडपछिको अर्थतन्त्र उकास्ने पहलस्वरूप चेम्बर अफ कमर्स लगायत निजीक्षेत्रले अर्थ मन्त्रालय, राष्ट्र बैंक लगायतका निकायमा गरेको निरन्तर पहलस्वरूप मौद्रिक नीति सहज नै आयो। बैंकमा तरलता पनि सहजताका साथ उपलब्ध भयो। तत्कालीन समयमा ब्याज पनि घटेको थियो।

त्यतिखेरको मौद्रिक नीतिले वित्तीय क्षेत्रलाई अलि नियन्त्रण गर्न सकेन नै भन्छु म। त्यतिखेरको पैसा बैंकले पनि आँखा चिम्लिएर दियो। र, व्यापारीले पनि आँखा चिम्लिएर त्यो पैसा लिए। समग्र उद्योग तथा व्यापार बिग्रिरहेको अवस्थामा त्यो पैसा लिइसकेपछि कुन व्यापार गर्ने, के गर्दा राम्रो होला भन्ने कुरा कसैले पनि हेरेन। सस्तो ब्याजको पैसा सबैले आँखा चिम्लिएर लिए। र, आँखा चिम्लिएर नै लगानी गरे। लगानी गरेको क्षेत्रले प्रतिफल दिन सकेन। अवस्था झन्झन् बिग्रँदै आयो। राष्ट्र बैंकको नीति कुनै बेला सहज गर्ने, कुनै बेला झ्याप्पै नियन्त्रण गरिदिने हुँदा झनै समस्या भयो। अर्थतन्त्रलाई चलायमान बनाउन कोभिडपछि केही सहज मौद्रिक नीति आए पनि पछि थप कस्ने काम भयो। त्यो बीचमा लगानी गरेका व्यवसायीहरू बाहिर आउनै सकेनन्। उनीहरू झन् फस्दै गए। मौद्रिक नीति कहिले अति खुला र कहिले अति नियन्त्रण गर्ने गरी आउनु हुँदैनथ्यो। केन्द्रीय बैंकले बीचको बाटो अपनाएको भए अर्थतन्त्रमा अहिलेको अवस्था सृजना हुने थिएन भन्ने मेरो बुझाइ हो।

समग्रमा आर्थिक दृष्टिकोणले आजको दिनमा हामी जे जसरी गुज्रिरहेका छौं, यसलाई कुनै पनि हालतमा निकासा दिनुपर्दछ। कर्जा पुनर्तालिकीकरण वा अन्य कुनै उपाय अवलम्बन गरेर फसेका उद्यमी व्यवसायीलाई बाहिर ल्याउनुपर्दछ।

**अर्थतन्त्रमा गम्भीर समस्या छ भनिरहनुभएको छ ? त्यो समस्याबाट निकासको मार्ग के हो ?**

अर्थतन्त्र साँच्चै भन्ने हो भने अहिले भद्रगोलको अवस्थामा नै छ। यद्यपि सरकारले आफ्नो तर्फबाट पहल गरिरहेको देखिन्छ। हालको समस्या समाधान गर्न तथा अर्थतन्त्रलाई चलायमान गराउनकै लागि सरकारले विभन्नि पाँचवटा अध्यादेश पनि ल्यायो। अर्थतन्त्रलाई अहिलेको अवस्थाबाट निकासा दिन केही न केही त गर्नैपर्छ। अहिलेकै नियन्त्रणमुखी मौद्रिक नीति हुने हो भने त कालोसूचीमा पर्नेको संख्या आगामी दिनमा हजारौंले बढ्ने निश्चित छ। मानिसहरू भाग्नुपर्ने अवस्था सृजना भएको छ। व्यवसायीहरू पलायन हुन बाध्य भइरहेका छन्। पैसा तिर्न सक्ने अवस्था छैन। बैंकले सम्पत्ति खिचिरहेको छ। सम्पत्ति बेच्न खोज्दा किन्ने मान्छे कोही छैन। हामी यही अवस्थाबाट गुज्रिरहने कि समस्या समाधानका लागि पहल गर्ने ?

दुईचार प्रतिशत कोही खराब नियतका पनि होलान्। तर राम्रो मनसाय भएका उद्यम व्यापार गर्न चाहे पनि समयले साथ नदिएका उद्यमी व्यवसायीलाई समय दिनुपर्दछ। कर्जामा पुनर्तालिकीकरण गरिदिनुपऱ्यो। कर्जामा कम्तीमा ८/१० वर्षको तालिका र निश्चित ब्याजदर तोकिदिनुपर्छ बढ्दा नबढ्ने र घट्दा नघट्नेगरी।

निर्माण व्यवसायी र घरजग्गा व्यवसायी अहिले सबैभन्दा बढी समस्यामा परेका छन्। ९० प्रतिशतभन्दा बढी निर्माण व्यवसायी यतिखेर दयनीय अवस्थामा रहेका छन्। ९० प्रतिशत जति नै घरजग्गा व्यवसायी समस्यामा परेका छन्। अन्य क्षेत्रमा अर्थतन्त्र खराबै भए पनि व्यापार व्यवसाय रोटेसनमा हुन्छ। तर, रियल इस्टेट व्यवसाय भने ठप्पै बन्द हुन्छ। रोटेसन हुन नसकेपछि उसले ब्याज कहाँबाट तिर्ने ईएमआई कहाँबाट भर्ने ? रियल इस्टेट व्यवसायलाई राष्ट्र बैंकले अलि बढी कसिरहेको अवस्था छ। त्यसमा अलि सहज गरिदिन आवश्यक छ। मुलुकको अर्थतन्त्रलाई चलायमान गराउने एवं नागरिकको जीवन सहज बनाउने हो भने रियल इस्टेटमा अलि सहजीकरण गर्नैपर्छ। बैंक वित्तीय संस्थामा यति धेरै तरलता कहिले पनि थिएन। बैंकहरूमा ६-७ खर्ब रुपैयाँ थुप्रिएर बसेको छ। २३ खर्ब रुपैयाँ जतिको विदेशी मुद्रा सञ्चिति छ। वार्षिक १४-१५ खर्ब रुपैयाँको रेमिट्यान्स आइरहेको छ। सरकारले थोरै मात्रै नीतिगत सुधार गरिदिने हो भने अहिलेको समस्याबाट बाहिर आउन र अर्थतन्त्रलाई चलायमान गराउन समय लाग्दैन। अर्थतन्त्रको बाह्य सूचक नभएको भए अवस्था अर्को हो। तर अहिले बाह्य सूचकहरू सबै सकारात्मक नै छन्। अर्थतन्त्र सुधार गर्नका लागि आवश्यक पूर्वाधार पनि मजबुत छन्। त्यसैले सम्बन्धित निकायले नीतिगत तवरमा केही सुधार गरिदिए पुग्छ।

> **केही न केही सकारात्मक सन्देश प्रवाह भएको छ। थोरै मात्रै नीतिगत सुधार भइदियो भने यो मुलुक विकास हुन धेरै समय नै लाग्दैन। प्राकृतिक भौगोलिक र मौसमी दृष्टिकोणले पनि यहाँ प्रचुर सम्भावना छ।**

**अर्थतन्त्रका बाह्य सूचकहरू सबै सकारात्मक छन्। आन्तरिकतर्फ पनि सुधारकै संकेत देखिएको छ। राष्ट्रिय तथ्यांक कार्यालयको तथ्यांकले पनि चालू आर्थिक वर्षको दोस्रो त्रैमासमा ५ दशमलव १ प्रतिशतको आर्थिक वृद्धि हुने भनेको छ। सरकारको तथ्यांक गलत हो कि निजीक्षेत्रले गुनासो मात्रै गरेको हो ?**

मैले सरकारले गरेको छैन भनेर भनेकै छैन। हामीसँग डलर सञ्चिति बढेको छ। बैंकहरूमा पर्याप्त तरलता छ। यति सस्तो ब्याज हुँदा पनि कर्जा गएन भनेर बैंकहरूले भनिरहेका छन्। त्यो कर्जा किन विस्तार हुन सकेको छैन, सबैभन्दा पहिले त्यो हेर्नुपऱ्यो। यतिखेर निजीक्षेत्रको मनोबल उकासिन सकेको छैन। बजारले नै साथ दिएको छैन। व्यापार व्यवसाय कम हुनुको मुख्य कारण भनेको युवाहरूको पलायन हो। अहिले अन्तरराष्ट्रिय विमानस्थलमा बिहानदेखि बेलुकासम्म वैदेशिक रोजगारीमा जाने युवाहरूको लाइन देख्दा कुन नेपालीको मन नरोला ? त्यसले निजीक्षेत्रलाई पनि निकै चिन्तित बनाएको छ। जनसंख्या वृद्धिदर निरन्तर घट्दो क्रममा छ। नागरिकको आयस्रोत खुम्चिएको छ। बजारमा माग सृजना हुन सकेको छैन। यी सब कुराले व्यापार व्यवसायमा गम्भीर

असर गरेको छ । सरकारले यस्ता कुरामा ध्यान दिनुपर्छ । गाँस, बास, कपासको जोहो गर्न पनि नागरिकलाई धौधौ हुन थालेको छ । किराना पसलको माग घटेको छ । यसको प्रमुख कारण भनेको जनसंख्यामा आएको गिरावट होइन र ?

**युवाको विदेशी पलायन, जनसंख्याको घट्दो वृद्धदर र नागरिकको आयस्रोत खुम्चिँदा अहिलेको समस्या आएको हो ?**

मुख्य समस्या भनेको युवाहरूको विदेश पलायन नै हो । अर्कोतर्फ जनसंख्या घट्दै जाँदा मागमा असर परेको छ । त्यसपछि नागरिकको क्रयशक्ति नै घट्यो । नागरिकको आय घट्नुले अर्थतन्त्र संकुचनमा छ भन्ने प्रस्टै बुझिन्छ नि ? अधिकांश गाउँ रित्तो देखिन थालेका छन् । शहरमा सटरहरू खाली छन् । होटलहरू पूर्ण क्षमतामा चल्न सकेका छैनन् । उद्योग व्यवसाय चल्न सकेका छैनन् । सरकारले राम्रो गर्न खोज्दा खोज्दै पनि परिणाम आउन सकेको छैन । मुख्यतः सरकारको नीति प्रभावकारी हुनुपर्‍यो । खासगरी वित्तीय नीति र मौद्रिक नीतिबीच प्रभावकारी समन्वय हुनुपर्छ । मुलुभित्र रोजगारी सृजना गरेर युवालाई स्वदेशमै रोक्ने र विदेशमा भएकालाई पनि देश फर्किने वातावरण बनाउनुपर्छ । विद्यार्थी पढ्नका लागि विदेशिनुपर्ने बाध्यता पनि मुलुकका लागि अभिशाप नै हो । बाहिर पढ्न गएको करिब ९५ प्रतिशत विद्यार्थीहरू फर्किंदैनन् । उनीहरूले आफ्ना अभिभावकलाई समेत उतै बोलाएर बस्ने प्रवृत्ति पनि बढेको छ । जनशक्ति र पूँजी दुवै पलायन हुने अवस्था सृजना भएको छ ।

वर्तमान आर्थिक अवस्थामा सुधार ल्याउन तत्कालै प्रभावकारी कदमहरू चाल्नुपर्ने अवस्था आएको छ । सरकारले अर्थतन्त्रलाई सुधार गर्नका लागि अध्यादेशहरू पनि ल्यायो । यसलाई हामी निजीक्षेत्रले निकै सकारात्मक रूपमा लिएका छौं । सरोकारवाला सरकारी निकायबीचको समन्वय र एकअर्काबीचको अन्तरविरोधी कानुन र क्षेत्राधिकारबीच तालमेल नहुँदा पनि निजीक्षेत्रले निकै दुःख पाउनु परेको अवस्था छ । व्यापारी र उद्योगपतिका छोराछोरी नै बाहिर जाने अवस्था आउन थालेको छ । यसलाई गम्भीर रूपमा लिनुपर्दछ । खाडी राष्ट्मा २/३ वर्ष काम गरेकाहरू समेत अहिले युरोप जाने प्रचलन बढ्न थालेको छ । मुलुकको आर्थिक समृद्धिका लागि अहिलेसम्म वैदेशिक रोजगारीको विकल्प थियो भने अब अर्को विकल्प सोच्न ढिलाइ भइसकेको छ । नेपालमै कम्तीमा ३० हजार रुपैयाँ आम्दानी गरेर परिवारसँगै बस्ने वातावरण बनाउनुपर्दछ । यसका लागि हामीले पनि तयारी गरेका छौं । पहिलो चरणमा कम्तीमा डेढ लाख युवाहरूलाई फर्काउने वातावरण सृजना गर्नेगरी काम भइरहेको छ । यसका लागि सरकारले पनि सहयोग गर्नुपदर्छ ।

**सरकारले विभिन्न अध्यादेशहरू ल्याइसकेपछि निजीक्षेत्रमा केही सकारात्मक माहोल देखिएको हो ?**

केही न केही सकारात्मक सन्देश प्रवाह भएको छ । थोरै मात्रै नीतिगत सुधार भइदियो भने यो मुलुक विकास हुन धेरै समय नै लाग्दैन । प्राकृतिक भौगोलिक र मौसमी दृष्टिकोणले पनि यहाँ प्रचुर सम्भावना छ । अहिलेको मुख्य समस्या भनेको राजनीतिक अस्थिरता नै हो । कुनै पनि सरकारले आफ्नो पूरा कार्यकाल काम गर्न पाएको छैन । यो नै मुलुकको दुर्भाग्य हो । सरकारको स्थिरताका लागि संविधान नै संशोधन गर्नुपर्ने हो कि ? राज्यको प्रणालीमै सुधार गर्नुपर्ने आवश्यकता देखिएको छ ।

**शेयर बजार र घरजग्गाका बारेमा सरकार र निजीक्षेत्रबीच धारणा मिल्न नसकेर पो अहिलेको समस्या भएको हो कि ?**

शेयर बजारका बारेमा अहिले म कुनै प्रतिक्रिया दिन्न । घरजग्गा क्षेत्रलाई यदि अनुत्पादक क्षेत्र भन्ने हो भने सिमेन्ट उद्योगलाई पनि अनुत्पादक भन्नुपर्‍यो । फर्निचर उद्योग, रङ उद्योग र जस्ता, डण्डी उत्पादन उद्योगलाई पनि अनुत्पादक क्षेत्र भन्नुपर्‍यो । सिमेन्ट, डण्डी, लगायतका सबै वस्तु खपत गर्ने क्षेत्रलाई अनुत्पादक भनेपछि अन्य क्षेत्र कसरी उत्पादक हुन सक्छ ? घरजग्गा क्षेत्रलाई अर्थतन्त्रको महत्वपूर्ण हिस्साका रूपमा लिनुपर्ने होइन ? रियल इस्टेट भनेको घरको कुरा मात्रै होइन, यसमा होटल र अपार्टमेन्टजस्ता क्षेत्र पनि आउँछन् । नागरिकको महत्वपूर्ण आवश्यकता घरबाससँग जोडिएको विषयलाई अनुत्पादक क्षेत्र भन्ने ? घरजग्गा क्षेत्रलाई अनुत्पादक देख्नु संकीर्ण सोचाइको उपज हो । रियल इस्टेट क्षेत्रलाई विदेशतिर कति सम्मानका साथ हेर्ने गरिन्छ र अर्थतन्त्रमा यसको योगदानको चर्चा गरिन्छ । हाम्रोमा भने भूमाफिया भनेर बिल्ला भिराउने गरिन्छ । यो क्षेत्रलाई हेर्ने दृष्टिकोण नै गलत भयो ।

**भूमिसम्बन्धी अध्यादेश निकै विवादित भयो । उद्योग व्यवसायमा भूमिको हदबन्दी सम्बन्धी कानुनहरू सधैं विवादित हुने गरेका छन् ? यस्तो अवस्था कसरी सृजना भयो ?**

घरजग्गाको विषय मात्रै समावेश गरेर आएको भए त्यो अध्यादेश त्यति धेरै विवादित हुन्थ्यो जस्तो मलाई लाग्दैन । जंगल फँडानीको विषय, सुकुमबासीको विषय सबै यो अध्यादेशमा समावेश गर्न खोज्दा समस्या भएको हो । धेरै अन्तरविरोधी कानुन भएकाले यो व्यवसाय निकै अस्थिर भइरहेको छ । घरको करको विषयमा पनि उस्तै विवाद छ । धेरै कानुनहरू यसमा अपूरो रहेका छन् । भूमिसँग सम्वन्धित सबै विषयलाई समावेश गरेर प्याकेजमा कानुन बनाउनुपर्दछ । भएका ऐन नियमलाई संशोधन गर्नुपर्दछ । अन्य व्यवसायमा मन्दीको समस्या हो भने घरजग्गा व्यवसायमा मन्दीमात्रै होइन, अन्तरविरोधी नियम कानुन सबैभन्दा ठूलो समस्या हो ।

**तपाईंहरू नीतिगत धेरै विषयमा सरकारलाई मात्रै दोष दिनुहुन्छ । अर्थतन्त्र चलायमान बनाउन निजीक्षेत्रको भूमिका हुँदैन ?**

यस्तो कठिन अवस्थामा पनि उद्यमी व्यवसायीले त गरिरहेकै छन् नि । यस्तो परिस्थितिमा पनि उद्योग व्यवसाय चलाएर बस्न सक्नु चानेचुने कुरो होइन । कम्तीमा पूर्वाधार विकास र नीतिगत व्यवस्थाको प्रत्याभूति त सरकारले गरिदिनुपर्‍यो नि ? घरी करले दुःख दिने, घरी सम्पत्ति शुद्धीकरणले दुःख दिने, अनि घरी अख्तियार धाउनुपर्ने । यस्तो अवस्थामा पनि व्यवसायीहरू टिकेर बसेको अवस्था छ । यी सबै विषय बारम्बार उठिरहनु भनेको सरकारको अस्थिरता नै हो । त्यसकारणले मुलुकमा पहिले राजनीतिक स्थिरता हुनुपर्‍यो । व्यापार व्यवसाय गर्ने वातावरण हुनुपर्‍यो र उद्योगी व्यापारीलाई हेर्ने दृष्टिकोण सकारात्मक हुनुपर्‍यो ।

**अन्त्यमा, तपाई नेपाल चेम्बर अफ कमर्सको वरिष्ठ उपाध्यक्षको हैसियतले चेम्बरको ७४औं वार्षिक साधारणसभामा देशभरबाट आउने उद्यमी व्यवसायीलाई के सुझाव दिन चाहनुहुन्छ ?**

देशका सम्पूर्ण उद्यमी व्यवसायीहरू संयम भएर नै आफ्नो उद्योग व्यवसाय सञ्चालन गरिरहनुभएको छ । राज्यका लागि आर्थिक विकासका लागि सकारात्मक सोच लिएर अगाडि बढौं । दिनपछि रात तथा रातपछि दिन भएजस्तै अर्थतन्त्रमा पनि सुधार पक्कै हुनेछ । हामी आशावादी भएर सकारात्मक ढंगले आफ्नो काम गरौं । नेपाल चेम्बर अफ कमर्सले मुलुकभरका उद्यमी व्यवसायीहरूको हक हितका लागि नै काम गरिरहेको छ । गलत कसैले गरेको छ भने कारबाही हुनुपर्‍यो तर नियमसंगत व्यवसाय गर्नेलाई उपयुक्त वातावरण राज्यले नै बनाइदिनुपर्छ । यसका लागि चेम्बरले पनि पहल गरिरहेको छ । आगामी दिन राम्रो हुनेछ भन्ने कामनासहित सकारात्मक भएर सबैले काम गरौं भन्न चाहन्छु ।

DEV
GROUP
"Powering progress, building dreams"

* Hydropower
* Construction
* Agriculture
* Real Estate
* Investment

"Powering progress, building dreams"



Khichhapokhari-22,Kathmandu
Om Dev Plaza,6th Floor,
01-5321777



# आवधिक योजनाको स्थिरता र निरन्तरता

**सही आयोजना छनोट नहुने, ती आयोजना समयमै कार्यान्वयन नहुने र कार्यान्वयन नहुँदा लागत बढ्ने र त्यसबाट आउने प्रतिफल कम हुने अवस्था छ । जब प्रतिफल कम आउँछ, त्यसले आर्थिक वृद्धिदरमा समेत कम योगदान गर्छ । त्यसकारण पनि नेपालको औसत आर्थिक वृद्धिदर ४ देखि ४.५ प्रतिशतको हाराहारी मात्र छ ।**



डा. प्रकाशकुमार श्रेष्ठ

नेपालले २०१३ सालदेखि आवधिक योजनाको अभ्यास सुरु गरेको हो । चालु आर्थिक वर्ष २०८१/८२ देखि १६औं योजना कार्यान्वयनमा छ । यसबिचमा केही त्रिवर्षीय योजनाहरू पनि बने । दोस्रो योजना त्रिवर्षीय थियो । द्वन्द्वकालमा पनि दुईवटा त्रिवर्षीय योजना बनेका थिए । मुलुक संघीयतामा गइसकेपछि १५औं योजनाको कार्यान्वयन सम्पन्न भइसकेको छ । अब हामी १६औं आवधिक योजनामा छौं । दक्षिण कोरिया र चीन भन्दा पनि अगाडिबाटै नेपालमा योजनाबद्ध विकासको सुरुवात भएको हो ।

योजनाबद्ध विकासको प्रयासकै कारण हामीले प्रगति हासिल गरेका छौं । २०१३ सालको तुलनामा हाम्रो जीवनस्तर, शिक्षा, स्वास्थ्य, प्रतिव्यक्ति आय, पूर्वाधारलगायत क्षेत्रमा उल्लेख्य परिवर्तन भएको छ । हामी अगाडि नै बढिरहेको स्थिति छ । तर पनि हामीले अरू देशसँग तुलना गर्‍यौं भने स्थिति खासै सन्तोषजनक देखिँदैन । हामीभन्दा पछाडि योजनाबद्ध विकास थालेका दक्षिण कोरिया, चीनजस्ता मुलुकले आर्थिक विकासमा ठूलो फड्को मारेका छन् । हाम्रा छिमेकी मुलुकसमेत धेरै अगाडि बढिसकेको स्थिति छ । आम मानिसले अपेक्षा गरे अनुसार वा उनीहरूको आवश्यकताअनुसार विकास नभएको महसुस गरेको र सोही असन्तुष्टि व्यक्त गरिरहेको अवस्था पनि छ ।

यसका वावजुद नेपालले राष्ट्रिय योजना आयोगमार्फत नियमित ढंगले आवधिक योजना बनाउने अभ्यासलाई निरन्तरता दिइरहेको छ । आवधिक योजना भनेको एउटा निश्चित अवधिभित्र के, कसरी र कस्ता काम गर्ने हो भन्ने कुरालाई कार्यक्रम वा नीतिमा राख्ने एक प्रक्रिया हो । यसले सरकारलाई पाँच वर्षको अवधिमा विकासका लागि मार्गदर्शन गर्छ ।

ती आवधिक योजनामा आधारित भएर सरकार र सम्बन्धित निकायले आफ्नो वार्षिक कार्यक्रम र बजेट तय गर्छन् । वार्षिक कार्यक्रममार्फत आवधिक योजनाको कार्यान्वयन गरिन्छ । केही समयदेखि मध्यमकालीन खर्च संरचनासमेत बनाएर लैजान थालिएको छ । यसले वार्षिक बजेट र आवधिक योजनाबीच पुलको काम गरिरहेको छ । सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रममा बजेट सुनिश्चितता गर्ने, प्राथमिकीकरण गर्ने कार्यमा पनि यसले सघाउँछ । आवधिक योजनाले लिएका लक्ष्य पूरा गर्न मध्यमकालीन खर्च संरचना प्रभावकारी हुने मानिन्छ ।

नेपाल संघीयतामा गइसकेपछि ७ सय ६१ वटै सरकार (संघ, प्रदेश र स्थानीय तह)ले बजेट बनाइरहेका छन् । अब प्रदेश र स्थानीय तहले पनि एक प्रकारको मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रम बनाउन थालेका छन् । साथै आवधिक योजनाहरू बनाउने प्रयाससमेत सुरु भएको छ । सबै प्रदेशमा पहिलो आवधिक योजनाको कार्यान्वयन भई दोस्रो योजनाको कार्यान्वयन थालिएको छ ।

योजनाबद्ध विकासका लागि संरचनाहरू स्थापित छन् । तर पनि केही क्षेत्रमा नतिजा आउन सकेको छैन । पूँजीगत खर्चको मामिलामा हामी कमजोर अवस्थामा छौं । पछिल्ला केही वर्षको पूँजीगत खर्च बजेटको लक्ष्यको तुलनामा ६० प्रतिशत हाराहारी मात्र रहेको छ । जति खर्च भएको छ, त्यसले पनि सही प्रतिफल नदिने अवस्था छ ।

सही आयोजना छनोट नहुने, ती आयोजना समयमै कार्यान्वयन नहुने र कार्यान्वयन नहुँदा लागत बढ्ने र त्यसबाट आउने प्रतिफल कम हुने अवस्था छ । जब प्रतिफल कम आउँछ, त्यसले आर्थिक वृद्धिदरमा समेत कम योगदान गर्छ । त्यसकारण पनि नेपालको औसत आर्थिक वृद्धिदर ४ देखि ४.५ प्रतिशतको हाराहारी मात्र छ । भूकम्पपछिको पुनर्निर्माणका कारण कोभिड महामारी अगाडि लगातार तीन वर्ष औसतमा ८ प्रतिशतको आर्थिक वृद्धिदर प्राप्त भएको थियो । यसैबीचमा कोभिड महामारी सुरु भयो । त्यसले अर्थतन्त्र शिथिल बनायो ।

कोभिडको वर्ष नेपाली अर्थतन्त्र २.४ प्रतिशतले ऋणात्मक रहन गयो । कोभिड हटेसँगै पुनरुत्थानका कामहरू सुरु गरिए । तर नेपालको आर्थिक वृद्धिदर औसतको आसपासमै आएर रोकिएको छ । अर्थतन्त्र अझै तङ्ग्रिन सकेको छैन । समष्टिगत माग बढ्न सकेको छैन । यद्यपि हालै राष्ट्रिय तथ्यांक कार्यालयले दोस्रो चौमासिक अवधिको अर्थतन्त्रको अवस्थाबारे सार्वजनिक गरेको छ । जसमा ५.१ प्रतिशतको वृद्धिदर हासिल हुने देखिएको छ ।

अर्थतन्त्रका सबै क्षेत्रमा सुधार भएको समेत देखिएको छ । यो सुधार कायम राख्दै अझ माथि लैजान सरकार र निजीक्षेत्रले मिलेर काम गर्नुपर्छ । सरकारले आवधिक योजनालाई आधार मान्दै सही परियोजना, आयोजना र कार्यक्रम छनोट गर्ने, छनोट भएको आयोजनामा पूर्वतयारीका काम सम्पन्न गर्ने, त्यसमा बजेट कुशलतापूर्वक विनियोजन गर्ने र कार्यान्वयन प्रभावकारी बनाउने हो भने आर्थिक वृद्धिको दर बढाउन सकिन्छ ।

कतिपय सरकारी संयन्त्रहरूको क्षमता कमजोर छ । कतै उत्प्रेरणा त कतै दण्ड सजायको अभाव छ । कर्मचारीहरूको छिटोछिटो सरुवा तथा संस्थागत अभिलेखीकरणको कमीले पनि काममा ढिलाइ हुने गरेको छ । लामो र जटिल कानूनी प्रक्रियाका कारण कुनै पूर्वाधार परियोजनाको ठेक्का लागिसकेपछि पनि कार्यान्वयनमा जान नसकेको अवस्था छ ।

त्यस्तै, निर्माण व्यवसायीहरूमा पनि क्षमताको अभाव छ । आफुले कामको जिम्मेवारी लिइसकेपछि त्यसलाई समयमै सक्नुपर्छ भन्ने जिम्मेवारीबोधको अभाव देखिन्छ । आवश्यक जनशक्ति मुलुकमा नहुँदा पनि निर्माण व्यवसायीलाई व्यवस्थापनमा समस्या परेको देखिन्छ । ठेक्का लागेका आयोजना नै समयमा नसकिनु, ठेक्काको समय थप्दा लागत बढ्ने अवस्था विद्यमान नै छ । परिणामस्वरूप लामो समयसम्म जनताले दुःख पाउने अवस्था बनेको छ । यी र यस्तै कारणले हाम्रो आर्थिक गतिविधि चलायमान हुन नसकेको हो ।

**निर्माण व्यवसायीहरूमा पनि क्षमताको अभाव छ । आफुले कामको जिम्मेवारी लिइसकेपछि त्यसलाई समयमै सक्नुपर्छ भन्ने जिम्मेवारीबोधको अभाव देखिन्छ । आवश्यक जनशक्ति मुलुकमा नहुँदा पनि निर्माण व्यवसायीलाई व्यवस्थापनमा समस्या परेको देखिन्छ ।**





> **धेरै पर्यटक आउने वातावरण बनाउन नेपाल वायुसेवा निगमको व्यवस्थापनमा सुधार र क्षमता विकास अपरिहार्य छ । अहिले नेपालको पर्यटकीय लाभ अन्य वायुसेवा कम्पनीहरूले उठाइरहेका छन् ।**

भएकै अवसरलाई पनि सदुपयोग गर्न नसक्दा मुलुकभित्र रोजगारी सिर्जना हुन सकेको छैन । रोजगारी सिर्जना हुन नसक्दा युवाहरू वैदेशिक रोजगारीमा जानु परेको स्थिति छ । मुलुकभित्र उपलब्ध रोजगारीमा पनि युवालाई आकर्षित गर्न सकिएको छैन । यसले गर्दा हरेक वर्ष ७/८ लाख युवा वैदेशिक रोजगारीमा गइरहेका छन् । त्यसैगरी, युवाहरू अध्ययनका लागि पनि विदेश पलायन हुने गरेको पाइएको छ । मुलुकभित्र सक्रिय जनसंख्या कम हुँदा पनि उपभोगमा कमी आएको र अर्थतन्त्र फस्टाउन नसकेको स्थिति छ ।

यो अवस्था चिर्न बजेटको विनियोजन दक्षता बढाउनु पर्छ । निजी क्षेत्र अधिक उद्यमशील हुनुपर्छ । वैदेशिक लगानी र विदेशमा रहेका जनशक्तिलाई नेपालमा फर्काउने नीति अवलम्बन गर्नुपर्छ । सकेसम्म युवालाई स्वदेशमै रोजगारी सिर्जना हुने वातावरण बनाउनु पर्छ । नेपाल सम्भावनायुक्त मुलुक हो । यहाँ स्वास्थ्य पर्यटनको सम्भावना छ । गैरआवासीय नेपालीलाई आकर्षित गरी उद्यम तथा अन्य परियोजनामा समावेश गर्न सकिन्छ । उनीहरूलाई नेपालमा लगानी गर्न, सभा-समारोह गर्न प्रेरित गर्नुपर्छ । त्यसका लागि पर्यटन पूर्वाधार तथा अन्य संरचनाहरू सिर्जना गर्नुपर्छ ।

अब हाम्रो प्रयास निर्यात अभिवृद्धिमा हुनु आवश्यक छ । भूपरिवेष्ठित मुलुक भएका कारण तुलनात्मक रुपमा निर्यात कम हुनु स्वाभाविक हो । तर, प्रविधिको विकाससँगै अब हामी निर्यातका नयाँ नयाँ सम्भावनाका ढोका खोल्न सक्छौं । सूचनाप्रविधिमा आधारित सेवाहरू निर्यातमा ठूलो सम्भावना छ भने पछिल्ला वर्षहरूमा यस्तो निर्यात बढ्दै गएको पनि छ । यो अझै बढाउन सकिन्छ । त्यसका लागि उपयुक्त जनशक्ति उत्पादन अबको लक्ष्य हुनुपर्छ । हाल कुल विद्यार्थीमध्ये १७ प्रतिशतले प्राविधिक शिक्षा लिइरहेका छन् । यो सकारात्मक पक्ष हो । जति बढी प्राविधिक शिक्षा लिने विद्यार्थी बढाउन सकिन्छ, त्यति नै हामीले दक्ष जनशक्ति उत्पादन गरी स्वदेशमै रोजगारी सिर्जना गर्न सक्छौं ।

धेरै पर्यटक आउने वातावरण बनाउन नेपाल वायुसेवा निगमको व्यवस्थापनमा सुधार र क्षमता विकास अपरिहार्य छ । अहिले नेपालको पर्यटकीय लाभ अन्य वायुसेवा कम्पनीहरूले उठाइरहेका छन् । यो नेपाल एयरलाइन्सबाट प्राप्त हुने हो भने रोजगारी सिर्जना, राजस्व वृद्धि र उत्पादकत्व वृद्धिमा ठूलो योगदान पुग्छ । स्तरीय होटेलहरू आउने क्रम जारी रहेको छ । यसलाई अझै सहजीकरण गर्नुपर्छ । नेपालका हिमाली क्षेत्र रारा, शे-फोक्सुण्डो, खप्तडजस्ता क्षेत्रमा थप लगानी भित्र्याउनुपर्ने छ । यसका लागि सरकारले आधारभूत पूर्वाधार बनाइदिनु पर्छ । यसो गर्न सके अहिले ११/१२ लाखको हाराहारीमा आइरहेका पर्यटकको संख्या दोब्बर बनाउन सकिन्छ ।

**के छन् आगामी योजना ?**

अहिले मन्त्रालयहरूले १६औं योजना कार्यान्वयनको कार्ययोजना बनाइरहेका छन् । त्यसमै टेकेर आगामी चार वर्ष १६औं योजनाको कार्यान्वयन हुनेछ । स्रोत अनुमानको काम सम्पन्न भएर बजेट सिलिङ उपलब्ध गराउने काम सम्पन्न भइसकेको छ । सोही अनुसार मन्त्रालयहरूले बजेट तथा कार्यक्रम प्रस्ताव गर्ने तयारी गरिरहेका छन् । योजना आयोगले अहिले आफ्नो कार्यक्षेत्र रहेका क्षेत्रमा कानूनी सुधार गर्ने दिशामा ध्यान केन्द्रित गरेको छ । समपूरक र विशेष अनुदानसँग सम्बन्धित कार्यविधिहरू संशोधन गरिएको छ । आयोजना बैंकमा सुधार गरी आयोजना कार्यान्वयन प्रभावकारी बनाउन समेत योजना आयोगले प्रयास गरेको छ । बजेट विनियोजन र कार्यान्वयनमा केही विरोधाभास देखिन्छ । कुनै आयोजनामा धमाधम काम भइरहेको छ, तर बजेट छैन । कुनै आयोजनामा काम भएको छैन तर बजेट पर्याप्त छ । यसले गर्दा समग्रमा पूँजीगत खर्च कम भएको हो । यसो हुनुमा आयोजना/कार्यक्रममा पूर्वतयारीको अभाव नै मुख्य कारण हो ।

*लेखक राष्ट्रिय योजना आयोगका सदस्य हुन् ।*

SAMSUNG

IMS SMart

Brand New
Samsung Smartphones
at **0% EMI** with
Samsung Insta Finance

Exchange your old phones
and Upgrade to
Samsung Smartphone
with **IMS SabKo Phone**




Smartphone & Tablets

Smart TV's

Monitors

## Samsung Authorized Brandshops

Reliance Finance Building, Kamladi - 9802002614 | Pako, Newroad - 9802002813
Alka Hospital, Jawalakhel - 9802000433 | Mahendrapool, Pokhara - 9802002602 | Traffic Chowk, Butwal - 9802002607



# कानुन संशोधन
# दोस्रो चरणको आर्थिक सुधारका लागि प्रस्थान

**हाम्रा कतिपय कानुनहरू असाध्यै पुराना पनि थिए । कतिपय कानुन असान्दर्भिक भइसकेका थिए भने कतिपय हाम्रा पछिल्ला प्राथमिकता एवं रणनीतिसँग मेल नखाने थिए ।**



**एकनारायण अर्याल**

नेपालको अर्थतन्त्रको मूल चरित्र विश्लेषण गर्दा कुल गार्हस्थ्य उत्पादन (जिडीपी)मा औद्योगिक क्षेत्रको योगदान लगातार घटिरहेको देखिन्छ । राष्ट्रिय उपभोगका लागि आयातमा निर्भरता बढिरहेको छ । भरोसायोग्य एवम् दिगो रोजगारीको अभाव खेपिरहनु परेको अवस्था छ । प्रर्याप्त सम्भावनाका बावजुद हाम्रो अर्थतन्त्रको विस्तार पछिल्ला वर्षमा केही धीमा देखिएको यथार्थ हो । यो अवस्थाबाट पार पाउन सरकारले अहिले 'उत्पादन, उत्पादकत्व, रोजगारी र उद्यमशीलता'लाई एक साथ अघि बढाउने उद्देश्य अघि सारेको छ । सोही उद्देश्यअनुरूप कैयौँ कानुनहरूलाई संशोधन गरिएको छ ।

त्यसो त, औद्योगिक वातावरण सुधारका लागि धेरै अघिदेखि निजीक्षेत्रले पनि कानुनमा सुधारको माग गर्दै आएको थियो । निजीक्षेत्रका सबै छाता संगठनहरू र उद्योगपतिहरूले पनि आफ्नो व्यवसाय सञ्चालनका लागि कानुन संशोधनको माग धेरै पटक उठाउँदै आएको अवस्था थियो । हाम्रा कतिपय कानुनहरू असाध्यै पुराना पनि थिए । कतिपय कानुन असान्दर्भिक भइसकेका थिए भने कतिपय हाम्रा पछिल्ला प्राथमिकता एवं रणनीतिसँग मेल नखाने थिए । ती कानुनहरूलाई समय सान्दर्भिक बनाउन आवश्यक ठानेर निजीक्षेत्रको मागलाई पनि केही हदसम्म सम्बोधन गरिएको छ ।

अर्कोतर्फ हामीले २०७२ सालमा नयाँ संविधान ल्यायौं । त्यो संविधानले लिएका नीतिहरू र मौलिक हकहरूलाई परिपूर्ति गर्ने सन्दर्भमा पनि नेपाल सरकारले केही पुनर्संरचनाहरु गर्नुपर्ने थियो । यी सबै कारणले तुरुन्तै केही कानुनहरू संशोधन गर्नुपर्ने आवश्यकता देखियो । सँगसँगै अहिलेको गठबन्धन सरकारले केही पुनर्संरचनाको कार्यक्रम अघि बढाउनुपर्छ भन्ने बलियो मत थियो । त्यसैअनुसार गठबन्धन दलहरूबीच साझा संकल्प तय भयो । त्यही संकल्पबमोजिम छिटोभन्दा छिटो कानुनहरू संशोधन गर्ने र तत्कालै लागू गर्ने भनेर करिब ३२ वटा कानुन संशोधन गऱ्यौं ।

ती कानुनहरूको कार्यान्वयनका लागि कतिपय नियमावली र केही कार्यकारी आदेशहरू पनि जारी गरिसकेको छ । त्यसै बमोजिम धेरै संशोधित व्यवस्थाहरू कार्यान्वयनमा गइसकेका छन् । निजीक्षेत्रबाट यसको उपभोग पनि भइरहेको छ ।

**संशोधनको लाभ**

उदाहरणका लागि, कम्पनी दर्ता गर्ने, निष्क्रिय कम्पनीलाई खारेज गर्ने र यी प्रक्रियाहरूलाई सरलीकरण गर्ने काम भएको छ । औद्योगिक व्यवसाय ऐनमा उद्योग प्रतिष्ठानहरूलाई सहजीकरण गर्ने विषय पनि कार्यान्वयनमा आइसकेको छ । निजीकरण ऐनमा पनि संशोधन भईसकेको छ । साइबर कानुन र कम्प्युटर प्रविधिको विकास एवं विस्तार गर्न विदेशी मुलुकमा समेत शाखा खोल्न पाइने व्यवस्था गरिएको छ । प्रत्यक्ष विदेशी लगानीलाई पनि बढावा दिने व्यवस्था गरिएको छ । यसले हाम्रो प्रविधि पनि विक्री गर्ने र विदेशी मुद्रा पनि आर्जन गर्ने व्यवस्था गरिएको छ ।

गैरआवासीय नेपालीहरूका लागि १० वर्ष भिसा निःशुल्क दिने जस्ता धेरै विषय छन् । सरकारले लिएको यो नीतिगत बदलावलाई निजीक्षेत्रले पनि सकारात्मक रुपमा लिएको हामीले पाएका छौं । यसबाट सरकार र निजीक्षेत्रबीच प्रगाढ सम्बन्ध विकास भएको छ । सरकार अब 'नियन्त्रणकारी व्यवस्थाहरूबाट होइन, सहजकर्ताको भूमिकाबाट काम गर्न चाहन्छ' भन्ने सन्देश प्रवाह भएको छ।

वैदेशिक लगानी र प्रविधि हस्तान्तरण गर्ने सम्बन्धमा भएका कानुन संशोधनले हामीलाई विदेशी लगानी भित्र्याउन थप सहज हुने छ । विदेशी लगानीकर्तालाई आमन्त्रण गर्ने सन्दर्भमा हामीले लगानी बोर्डसम्बन्धी कानुनहरूलाई पनि संशोधन गरेका छौं । यसबाट कुनै पनि विदेशी लगानीकर्ताले नेपालमा आएर सहज र पारदर्शी ढंगले लगानी गर्ने वातावरण बनाउने सरकारको उद्देश्य हो ।

कार्यसम्पादनलाई सहजीकरण गर्न हामीले सुशासन ऐनमा पनि संशोधन गऱ्यौं । प्रक्रिया पुगेर आएका कुनै पनि फाइलमा सात दिनभित्र निर्णय गरिसक्नुपर्ने व्यवस्था भयो । धेरै विषयहरू मन्त्रालयस्तरमै टुङ्ग्याउने गरी संशोधन भयो । नेपाल सरकार, मन्त्रिपरिषद्मा निर्णयार्थ लैजाने कुराले निर्णय प्रक्रियामा ढिलाई भएको गुनासोहरू आएपछि यसो गरियो ।

नयाँ संविधानपछि र त्योभन्दा अगाडि नै केही कार्यविधि तथा निर्देशिकाहरू बनेका थिए । तर ती कार्यविधि, निर्देशिकाहरू कतिपय अवस्थामा कानुनलाई नै अतिक्रमण गर्ने प्रकृतिका देखिए । सेवा प्रवाहमा ढिलासुस्ती ल्याउने र अनावश्यक कागजातहरू माग गर्ने त्यस प्रकृतिका कार्यविधि एवं निर्देशिकाहरू पनि खारेज गर्ने निर्णय पनि हामीले गरिसक्यौं । यसले पनि सरकार अब आर्थिक समृद्धिका लागि, विशेषगरी मुलुकको विकास एवं निजीक्षेत्रको विकास र विस्तारका लागि ज्यादै सकारात्मक छ भन्ने सन्देश दिन खोजिएकै हो । साथै, सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन आधुनिक प्रविधिमार्फत् सार्वजनिक सेवा प्रवाह गर्ने ढंगले अघि बढिएको छ । यसरी एकातिर सेवा प्रवाहलाई सुधार गर्ने, अर्कातिर उत्पादकत्व र उद्यमशीलतालाई जोड दिएर आर्थिक समृद्धि हासिल गर्न सकिन्छ भन्ने सोँच छ ।

आर्थिक क्षेत्रसँग सम्बन्धित विषय मात्र होइन यसबाहेकका पर्यटन, स्वास्थ्य, शिक्षाजस्ता सामाजिक क्षेत्रसँग सम्बन्धित धेरै कानुनहरू पनि संशोधन गर्न प्रतिनिधिसभामा विधेयक दर्ता गराउने तयारीमा छौं । वन क्षेत्रसँग सम्बन्धित कानुनहरू अर्को महत्वपूर्ण हो । विकास र संरक्षणसम्बन्धी कानुनहरूलाई पनि समय सान्दर्भिक बनाउने कोसिस भएका छन् । संरक्षणलाई ख्याल गर्दै विकासलाई पनि सँगसँगै लैजाने गरी ती कानुनहरूलाई संशोधन गर्ने प्रक्रिया अघि बढाइसकेका छौं ।

**निजी क्षेत्रको भूमिका**

अहिलेको सरकारले नीति तथा कानुनहरूको संशोधन गर्दा सरोकारवाला, त्यसमा पनि मुख्य गरी निजीक्षेत्रलाई प्राथमिकता दिइरहेको छ । उनीहरूका राय सुझावलाई गम्भीरतापूर्वक लिएर कानुनी एवं संरचनागत पुनर्संरचनामा काम गरिरहेको छ । कैयौं सरकारी संयन्त्रहरूमा पनि निजीक्षेत्रको बलियो संलग्नता छ । लगानी बोर्ड नेपालमा निजीक्षेत्रको प्रतिनिधित्व छ । प्रधानमन्त्रीको अध्यक्षतामा 'उद्योग संवाद परिषद्' छ, त्यहाँ पनि सबै निजीक्षेत्रको प्रतिनिधित्व छ ।

अहिले हामीले त्यसमा पनि विभिन्न क्लस्टरहरु बनाएका छौं । कृषि, उद्योग, आर्थिक विकासलगायतका क्षेत्रगत क्लस्टर बनाइएको छ । सम्बन्धित मन्त्रालयका मन्त्रीज्यूहरूको संयोजकत्वमा निजीक्षेत्रका साथीहरूलाई यस्ता समितिमा राखिएको छ । त्यो क्षेत्रमा निजीक्षेत्रले भोग्नुपरेका समस्याहरु के के हुन्, त्यसलाई कसरी समाधान गर्ने भनेर छलफल हुन्छ । यसका लागि कानुनमै सुधार गर्नुपर्ने हुन्छ कि प्रक्रियामा सुधार गर्नुपर्ने हुन्छ कि प्रविधिमा सुधार गर्नुपर्ने हुन्छ अथवा सबै चासो र विकल्पहरू माथि गम्भीर मन्थन आवश्यक हुन्छ ।

निजीक्षेत्रसँगको परामर्शमा सम्बन्धित आर्थिक क्षेत्रको स्पष्ट 'भिजन' तयार पार्ने भनेर हामीले यस प्रकारका सातवटा क्लस्टर बनाएका छौं । यो अभ्यासले नीति र कानुनमा सुधार गर्नुपर्ने वा कुनै नयाँ कार्यविधिहरू बनाउनुपर्ने छ भने निजीक्षेत्रको परामर्शबाटै यी काम भइरहेका छन् ।

यस्ता अरू पनि मञ्चहरू छन् । बजेट, मौद्रिक नीति वा अरू कुनै पनि नीति तथा कानुन तर्जुमा गर्दा निजीक्षेत्रसँगको सघन परामर्श लिने गरिन्छ । थुप्रै त्यस्ता समितिहरू छन्, जसले सरकार र निजीक्षेत्रलाई एउटै मञ्चमा उभ्याउँछ । निजीक्षेत्रको उल्लासमय सहभागिताबिना राष्ट्रले आर्थिक समृद्धि हासिल गर्न सक्दैन भन्ने कुरामा सरकार सदैव स्पष्ट छ ।

> **गैरआवासीय नेपालीहरूका लागि १० वर्ष भिसा निःशुल्क दिने जस्ता धेरै विषय छन् । सरकारले लिएको यो नीतिगत बदलावलाई निजी क्षेत्रले पनि सकारात्मक रूपमा लिएको हामीले पाएका छौं ।**

**निजी क्षेत्रसँगको अपेक्षा**

'समृद्ध नेपाल, सुखी नेपाली' भन्ने अवधारणामा अहिलेको सरकारले काम गरिरहेको छ। त्यो महत्वपूर्ण लक्ष्य हासिल गर्न सरकार र निजीक्षेत्रबीचको सघन सहकार्य जरुरी छ। यस महाअभियानमा सरकारले निजीक्षेत्रसँग केही अपेक्षाहरू पनि गरेको छ। जस्तै, नयाँ प्रविधि भित्र्याउने, उद्योगमैत्री भावना सिर्जना गर्ने र परस्पर विरोधभन्दा पनि स्वच्छ प्रतिस्पर्धाको वातावरण सिर्जना गरी उपभोक्तालाई सस्तो एवं सुलभ हुने गरी आफ्नो उत्पादनहरू बजारमा पुऱ्याउने। निजीक्षेत्रको मूल भूमिका र उनीहरूको सामाजिक उत्तरदायित्व पनि यही हो।

तर निजीक्षेत्रकै केही व्यवसायीले मूल्य वृद्धि गर्ने, कृत्रिम रूपमा बजारलाई प्रभावित पार्ने काम गरिरहेको भनेर बेलाबखत गुनासा आउने गर्छन्। यस प्रकारको व्यवहार जायज हुँदैन। कुनै पनि 'नैतिकवान व्यवसायीले कालोबजारी र कृत्रिम मूल्यवृद्धि गर्दैन' भन्ने सोंच सरकारले राखेको छ। न्यून वा अधिक बिजकीकरण गरेर सामान भित्र्याउने, कृत्रिम अभाव सिर्जना गराउने, एउटा वस्तुको नाउँमा अर्कै वस्तु भित्र्याउने, वा विभिन्न बहानामा राजस्व छली गर्ने जस्ता कुराहरू पनि बेलाबखत सुनिन्छन्। यो विषयलाई पनि सरकारले उच्च निगरानीका साथ हेरिरहेको छ। निजीक्षेत्र आर्थिक विकासको इन्जिन हो भनेर अघि बढिएको बेला यस्ता गलत क्रियाकलापहरूलाई निजीक्षेत्रकै छाता संगठनहरुले नियन्त्रण गर्नुपर्छ।

सरकारले निजीक्षेत्रले चाहेजसरी नै नियम कानुनहरू बदल्दै जाने। तर निजीक्षेत्रले सरकारको यो उदारतालाई नजरअन्दाज गर्ने हो भने सरकारले पनि निजीक्षेत्रप्रति हेर्ने दृष्टिकोण पुनः बदल्नुपर्ने हुनसक्छ। त्यसले वातावरण बिगार्न सक्छ। त्यसकारण दुवै पक्ष (सरकार र निजीक्षेत्र) हर-पल सजक हुनु जरुरी छ।

**सुधारको जग**

अहिले गरिएको पुनर्संरचना भनेको दोस्रो चरणको आर्थिक सुधारका लागि 'फाउन्डेसन' (जग) मात्रै हो। अहिले त निजीक्षेत्रलाई परेको अप्ठ्यारो हटाउन र व्यावसायिक वातावरण सिर्जना गर्न तात्कालिक उपायहरू मात्रै चालिएको हो। यसअनुसार केही ऐनका दफाहरु र केही नियमावलीहरू मात्रै संशोधन भएका छन्। अब यसलाई 'ओभरहलिङ' गर्नुपर्ने हुन्छ। समष्टिगत रुपमै नीतिगत, कानुनी एवं संरचनागत



पुनरसंरचनाको आवश्यकता छ। यसका लागि निजीक्षेत्रसँग थप गहन छलफल आवश्यक छ। साथै हाम्रा सम्भावनाहरु के के छन् भनेर पनि हेर्नुपर्छ। कुन ठाउँमा के काम गऱ्यो भने आर्थिक समृद्धि हासिल गर्न सकिन्छ र रोजगारी सिर्जना गर्न सकिन्छ भन्नेतर्फ निजीक्षेत्रले पनि सरकारलाई सहयोग गर्नुपर्ने हुन्छ।

निजीक्षेत्रको संलग्नतामा आर्थिक सुधार आयोग पनि गठन भएको छ। यसले व्यावसायिक वातावरण सुधार गर्नका लागि त सुझाव दिन्छ नै सरकारको तर्फबाट आवश्यक देखिने कतिपय मामिलामा पनि राय प्रदान गर्छ। अहिले हामीलाई राजस्वको दायरा विस्तार गर्नुपर्ने आवश्यकता छ। राजस्व चुहावट नियन्त्रणका लागि थप कदमहरू चाल्नुपर्ने हुनसक्छ। संरचनागत हिसाबले पनि सरकारका इकाइहरूलाई कसरी पुनर्संरचना गर्न सकिन्छ ? निजीक्षेत्रलाई कुन-कुन क्षेत्रमा सहभागी गराउन सकिन्छ ? यी प्रश्नहरूको जवाफ खोज्नु छ। त्यो चाहे नीतिगत पुनर्संरचनाको विषय होस्, चाहे कानुन कार्यान्वयन गराउने विषय होस्। सरकार र निजीक्षेत्रको सहकार्यले नै विकासको वातावरण तयार पार्नुपर्छ।

**उपभोक्ता हित**

आयात प्रतिस्थापन हाम्रो सबैभन्दा ठूलो चुनौती बनेको छ। अर्को देशको उत्पादन ल्याएर हाम्रा उपभोक्तालाई बेच्दा सम्बन्धित व्यापारीलाई त फाइदा होला तर त्यसबाहेक अरु कसैलाई फाइदा छैन। हाम्रो स्रोत साधनहरूको उपयोग गर्ने र स्थानीय कच्चापदार्थको सदुपयोग गर्ने सन्दर्भमा आयातित वस्तुको उपभोगले कुनै फाइदा पुऱ्याउँदैन। हामीलाई ठूलो संख्यामा रोजगारी चाहिएको छ। आयातमा निर्भर उपभोगले स्वदेशमा रोजगारी अभिवृद्धि गर्न सघाउँदैन। हाम्रो प्राथमिकता भनेको आफ्नै कच्चा पदार्थ उपयोग गरेर, आफ्नै श्रमिकहरूको प्रयोग गरेरआफ्नै उपभोक्ताको हितमा काम गर्ने हो।

हाम्रो प्राथमिकता आयातलाई प्रश्रय दिने होइन, निर्यातलाई प्रवर्द्धन गर्ने हो। हामीले उत्पादन गर्न नसक्ने र हाम्रा उपभोक्ताको चाहना भएका वस्तुहरूको हकमा सर्वसुलभ मूल्यमा त्यस्ता सामान उपलब्ध होस् भन्ने हाम्रो चाहना रहन्छ। यसका लागि व्यापारमा 'स्वाभाविक प्रतिस्पर्धा' आवश्यक छ। एकाधिकार बजार संसारमा कहिँ पनि सम्भव छैन र नेपालमा पनि हुँदैन। त्यसकारण हामीले हाम्रा उपभोक्ताको हितलाई सबैभन्दा माथि राखेर नीति र कानुनहरूको निर्माण गरिरहेका छौं। त्यसैअनुसार कार्यान्वयन पनि हुन्छ।

**कानुन कार्यान्वयन**

अहिले बनेका कानुनहरू व्यवसाय प्रवर्द्धनमा केन्द्रित छन्। व्यवसायलाई कसरी प्रवर्द्धन गर्ने, आन्तरिक रोजगारी कसरी सिर्जना गर्ने र उद्यमशीलता कसरी विकास गर्ने भन्नेमा यी कानुनहरू केन्द्रित छन्। यस दौरान निजीक्षेत्रले भोगिरहेका व्यावहारिक कठिनाइहरू कहाँ कहाँ छन् भनेर मिहिन रुपमा हेर्नुपर्ने हुन्छ। कतिपय अवस्थामा कानुनहरु सुधार भएर मात्रै नपुग्न सक्छ। यसको कार्यान्वयन प्रक्रियामा जटिलता रहेको भनेर पनि गुनासाहरू आइरहेका हुन्छन्। कहाँनेर, कसले, किन, कुन प्रसङ्गमा कानुन कार्यान्वयन गर्नलाई बाधा पाऱ्यो भनेर यथार्थ प्रतिक्रिया दिने, सम्बन्धित कार्यालयमा गएर सहजीकरण गर्ने जस्ता अभ्यासहरू अघि बढाउन आवश्यक छ।

कुनै कर्मचारीले अप्ठ्यारो सिर्जना गरेको हो कि, नियम कानुनलाई नै अतिक्रमण गर्नेगरी कार्यविधिहरू बनाएर अप्ठ्यारो सिर्जना गरिएको छ कि वास्तविक समस्या कहाँनेर छ भनेर निजीक्षेत्रले सरकारका उच्च अधिकारीहरूलाई सुझाव दिनुपर्छ । यसबाट सम्बन्धित व्यवसाय गर्ने व्यक्तिलाई नै उसले के अप्ठ्यारो महसुस गरिरहेको छ भन्ने राम्रो जानकारी हुन्छ । तत्पश्चात् कुनै कर्मचारीले दुःख दिएको हो भने उसलाई सुधार्न सकिन्छ । नीति र कानुनहरूमै पनि सुधार गर्न सकिन्छ ।

यो पुनर्संरचना अभियान निरन्तर चलिरहन्छ। अहिलेको अवस्थाबाट पछाडि फर्किने सम्भावना छैन । यदि कसैले त्यस्तो प्रयत्न गऱ्यो भने व्यवसायी मात्र होइन, कर्मचारी र देशलाई पनि हानिकारक सिद्ध हुनेछ । त्यस्तो गर्ने व्यक्ति वा समूह यो देशको समृद्धिको बाधक हुन्छ । हाम्रो समाजबाट अपहेलित, तिरष्कृत हुनुपर्छ ।

**प्राथमिकताका क्षेत्र**

आज पनि नेपालको सम्भावना भनेको कृषिको आधुनिककरण नै हो । आधुनिक प्रविधिमार्फत् कृषि गर्ने र विभिन्न उत्पादनहरू ल्याएर किसान समक्ष पुऱ्याउने कामलाई तदारुकता दिनुपर्छ । अहिले मानिसहरूको 'फुड ह्याबिट' परिवर्तन भइरहेको छ । नयाँ नयाँ उत्पादनहरूको बजार सिर्जना भएको छ। परम्परागत अन्नबालीहरू मात्रै अब कृषिको धरोहर हुन सक्दैन ।

अर्कोतर्फ धान, मकैलगायत अन्नबालीमै पनि बिऊमा सुधार भइरहेको छ । पहिले चार महिनामा फल्ने धान अब ६० दिनमै तयार हुन्छ। खेती गर्ने प्रविधिमा ठूलो परिवर्तन आइसकेको छ । अब आमउपभोक्ताको माग के छ त्यसै अनुसारको उत्पादन बढाउन आवश्यक छ। त्यो पनि न्यून लागतमा ।

हाम्रो अर्थतन्त्रको अर्को महत्वपूर्ण सम्भावना हो - पर्यटन । पछिल्ला आँकडाहरू अनुसार पर्यटकको सङ्ख्यामा बिस्तारै बढोत्तरी भइरहेको छ । तर हाम्रो सम्भावनाको तुलनामा यो निकै कम हो । हामीले 'पर्या-पर्यटन' (इको टुरिजम)को विषयमा चर्चा गरिरहेका छौं । यद्यपि त्यस रूपमा लगानी बढिरहेको छैन । आतिथ्य उद्योगमा लगानी बढ्दै गएको छ । त्यहाँ पर्यटकलाई कसरी बढी र प्रभावकारी सेवा दिने भनेर थप काम गर्नुपर्ने आवश्यकता छ । अतिथ्य सेवामा नेपालको 'मौलिकता'लाई कसरी अनुकूलन गर्ने भन्ने अर्को महत्वपूर्ण विषय छ। जलविद्युत् पनि हाम्रो सम्भावनाको क्षेत्र हो। २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्छौं भनेर हामीले 'रोडम्याप' नै स्वीकृत गरिसकेका छौं । त्यसका लागि काम गर्नुपर्ने छ ।

यसबाहेक देखिएको नयाँ सम्भावना भनेको सूचना प्रविधि हो । हाम्रा मान्छेहरूले यहाँ बसेर विदेशका लागि काम गरिरहेका छन् । उनीहरूलाई सहजीकरण गरिदिनु आवश्यक छ । नेपालको विकासका लागि यस्ता थुप्रै सम्भावनाहरू छन् । सरकार र निजीक्षेत्रको तर्फबाट आर्थिक विकासका निम्ति जो जसले काम गरिरहेका छौं हामी सबैले प्रविधिलाई अनुकूलन गर्ने र बजारको गहन विश्लेषण गर्नेमा बढी जोड दिनु आवश्यक देखिएको छ ।

हाम्रो बजारको आकार सानो भएका कारण कुनै उत्पादन बढी हुन्छ भने त्यस्तो वस्तुको उत्पादन घटाउने वा सिमित पार्ने होइन, निर्यात प्रवर्द्धन गर्नुपर्छ । हाम्रा दुईतर्फ भएका विशाल बजारको मागलाई हेरेर पनि हामीले उत्पादन रणनीति तयार गर्नुपर्ने छ ।

अहिले हामी सिमेन्टमा करिब आत्मनिर्भर भइसकेका छौं । जुत्तामा पनि हामी लगभग आत्मनिर्भर भएका छौं । केही खाद्य सामग्रीहरूमा पनि हामी आत्मनिर्भर भइसकेका छौं । आयात प्रतिस्थापन गर्ने, मुलुकलाई आत्मनिर्भर बनाउने र निर्यातको सम्भावना खोज्ने यस्ता क्षेत्रहरू पहिचान गरेर लगानी बढाउनुपर्छ । आज पनि दुबईको बजारमा हाम्रो देशबाट पानी निर्यात हुन्छ । तर, त्यही दुबईमा भारतबाट ठूलो मात्रामा भैंसीको मासु निर्यात भइरहेको छ । हामीले चाहिँ हाम्रो आफ्नै कानुनको अभावमा त्यसरी निर्यात गर्न सकेका छैनौं । यस्ता विषयमा सरकारले तत्काल सहजीकरण गरिदिनुपर्छ ।

कुनै पनि व्यवसायी घराना, कम्पनी वा प्रतिष्ठानलाई जस्तो खालको समस्या परेको छ, त्यो समस्या सम्बोधन गर्न कुन कानुनमा कहाँनेर संशोधन गर्नुपऱ्यो ? त्यस्तो ठोस सुझाव प्राप्त भयो भने त्यसलाई गम्भीरतापूर्वक लिएर सहजीकरण गरिदिन सरकार सदैव तयार छ ।

हामी कहाँ कानुन कार्यान्वयनका लागि निर्णय प्रक्रियामा हुने ढिलासुस्ती बढी चुनौतीपूर्ण हुँदै आएको थियो । त्यसैकारण सरकारले निर्णय गर्नुपर्ने अन्तिम म्याद नै तोकिदिएको छ । पहिले यसो गरिएको थिएन । त्यसो त विगतमा उपभोक्ता (सार्वजनिक सेवा लिने)हरू पनि त्यति धेरै सचेत नभएको अवस्था थियो।

त्यही महसुस भएर अहिले सबै कागजात मिलेको हकमा बढीमा सात दिनभित्र सबै काम टुङ्ग्याइसक्नुपर्ने भनिएको छ । यो समयसीमा सबैभन्दा तल्लोस्तरमा काम गर्ने कार्यालय सहयोगीदेखि मुख्य सचिवसम्मको लागि हो । मन्त्री र प्रधानमन्त्रीलाई पनि यही कानुन लागू हुन्छ । यसको अर्थ कागजात नपुगेको वा 'नमिल्ने' काम गर्नुपर्छ भन्ने होइन । नमिल्ने काम भए 'यस कारणले मिल्दैन' भनेर नै निर्णय गरिदिनुपर्छ । कैयौं प्रक्रियालाई हामीले सरलीकरण पनि गरेका छौं । यति हुँदाहुँदै पनि कुनै कार्यालयमा पहिलेकै स्वभावका कारण ढिलासुस्ती भएको छ भने त्यस्तो व्यक्ति र घटनाको सूचना निजीक्षेत्रले दिनुपऱ्यो ।

तर नेपालमा त्यसरी सूचना दिने वा गुनासो गर्ने होइन, उल्टै खराब कर्मचारीलाई 'प्रभावमा पार्ने' चलन छ । त्यसो गर्नु हुँदैन । कर्मचारीलाई प्रभावमा पारेर काम गराउनु हुँदैन । उसले के कारणले ढिलाई गऱ्यो भनेर खोजनीति गर्नुपर्छ। कानुन नभएकै कारणले ढिलाई गरेको हो कि होइन? कानुन त कर्मचारीले मात्रै जान्ने होइन, निजीक्षेत्रले पनि राम्रोसँग बुझेको हुन्छ ।

सधैंभरि सकारात्मक मनसायका साथ कानुनको व्याख्या हुनुपर्छ । शंका आदि नकारात्मक मनसायबाट कानुनको व्याख्या हुन सक्दैन । कर्मचारीले त्यसैअनुसार काम गर्नुपर्ने हुन्छ । निजीक्षेत्रले पनि आफ्नो भूमिका स्वच्छ रुपमा निर्वाह गर्नुपर्छ । यसबाट मात्रै हामी हाम्रो विकास र समृद्धिको सामूहिक लक्ष्य हासिल गर्नमा अग्रसर हुन सक्छौं । हामीले लामो समयदेखि खोज्दै आएको बृहत्तर सुधारका कार्यक्रमहरूलाई अघि बढाइराख्न पनि सरकार र निजीक्षेत्रको 'बलियो हातेमालो'ले निरन्तरता पाइरहनु पर्छ ।

*अर्याल नेपाल सरकारका मुख्य सचिव हुन् ।*

> **निजीक्षेत्रको संलग्नतामा आर्थिक सुधार आयोग पनि गठन भएको छ । यसले व्यावसायिक वातावरण सुधार गर्नका लागि त सुझाव दिन्छ नै सरकारको तर्फबाट आवश्यक देखिने कतिपय मामिलामा पनि राय प्रदान गर्छ ।**



# कृषिमा आधुनिकीकरणको चुनौती

**कृषि ऋणका लागि धितो मूल्यांकन विधि सहज र सरल गरी ब्याज अनुदानको ऋण प्रवाहमा छिटो छरितो र सरलीकृत विधि अवलम्बन गर्न सकिन्छ । कृषि क्षेत्रका लागि मल, बीउ तथा विषादीमा आत्मनिर्भरताको योजना बनाउनु र सहज सिँचाइको समुचित व्यवस्था गरिनुपर्दछ ।**



राजेन्द्र मल्ल

नेपाल कृषिप्रधान देश हो । मुलुकका अधिकांश जनता अझै पनि निर्वाहमुखी कृषिमा आबद्ध छन् । कृषिलाई आर्थिक विकासको मेरुदण्ड भनिरहँदा सोहीअनुसारको उपलब्धि भने हासिल हुन सकेको छैन । मुलुकमा ६० प्रतिशत नागरिक कृषि पेशामा आबद्ध हुनु, तर कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा कृषिको योगदान २४ प्रतिशत पनि पुग्न नसक्नु विडम्बनापूर्ण हो । जीडीपीमा कृषिको योगदान र वृद्धिदर निरन्तर घट्दै गएको छ भने कृषिजन्य वस्तुको आयात बढिरहेको छ । कृषि क्षेत्रमा बजेटको अभाव हुने र विनियोजित बजेट पनि प्रभावकारी ढंगले खर्च हुन नसक्ने परिपाटीका कारण अपेक्षा अनुसारको उपलब्धि हासिल हुन सकेको छैन ।

नेपालमा कृषि क्षेत्र प्रमुख आर्थिक स्रोत भए पनि यसको उत्पादनशीलता कम छ । परम्परागत खेती प्रणाली, सिँचाइ सुविधाको अभाव तथा वैज्ञानिक कृषि प्रविधिको सीमित प्रयोगले कृषि क्षेत्र पिछडिएको छ । हाल नेपालमा कृषि उत्पादनमा विभिन्न चुनौती देखापरेका छन् ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई खाद्य अधिकार सुनिश्चित गरेको छ । अझै पनि करिब १८ प्रतिशत नेपाली निरपेक्ष गरिबीको रेखामुनि रहेका छन् ।

निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवं औद्योगिक कृषि प्रणालीमा रूपान्तरण गरी समग्र आर्थिक विकास र गरिबी न्यूनीकरण गर्नमा कृषि क्षेत्रको प्रशस्त सम्भावना देखिन्छ। उत्पादनमूलक क्षेत्रमा रोजगारी सृजना गरी दिगो कृषि विकासको माध्यमबाट मुलुकको आर्थिक समृद्धि सम्भव देखिन्छ।

कृषि, वन एवम् जडिबुटीका क्षेत्रमा उद्यमशीलताको विकास गर्न तथा उत्पादित वस्तुको बजारीकरणका लागि निजीक्षेत्र र तीनै तहका सरकारबीच सहकार्य हुनु जरुरी देखिन्छ। तुलनात्मक लाभ भएका कृषिजन्य उत्पादनहरूको पहिचान र प्रवर्द्धन गरिनुपर्दछ। अप्रशोधित तथा अर्धप्रशोधित रूपमा निकासी भइरहेका वस्तुलाई स्वदेशमै प्रशोधन हुने व्यवस्था गर्न सकिन्छ। कृषिमा आधुनिकीकरण एवं यान्त्रिकीकरण गर्न सकिएमा मात्र व्यवसायमुखी कृषिको विकास हुन्छ। नेपालमा परम्परागत ढंगले गरिएको कृषि प्रतिस्पर्धी र गुणस्तरीय हुन सकेको छैन। आधुनिकीकरण एवं यान्त्रिकीकरणले इजरायलजस्ता मुलुकले कृषि क्षेत्रमा ठूलो फड्को मारेका छन्।

नेपालको कृषि क्षेत्रमा वास्तविक तथ्यांक लिएर राष्ट्रियस्तरको सूचना व्यवस्थापन प्रणाली विकास गर्न आवश्यक छ। कृषिको व्यवसायीकरणका लागि निजीक्षेत्रको लगानी आकर्षित हुने गरी दिगो र प्रभावकारी नीतिहरू चाहिएको छ। बजार प्रवर्द्धन र पूर्वाधार विकासमा सार्वजनिक निजी साझेदारीमार्फत सहकारी, सामूहिक र करार खेतीलाई प्रोत्साहित गर्ने गरी तीन तहका सरकारबीच प्रभावकारी समन्वय हुनुपर्दछ। हरेक स्थानीय तहमा ठूला कृषि फार्महरूको सम्भाव्यता अध्ययन र माटो गुणस्तर परीक्षण गरी नमूना सामूहिक कृषि फार्महरूको विकास गरिनुपर्दछ। एउटा बस्तीमा कम्तीमा २५ देखि ५० किसान परिवारको स्वामित्वमा रहेको २ सय रोपनी जग्गा एकीकृत गरी सहकारी मोडेल वा कम्पनी मोडेलमा लैजान सकियो भने कृषिमा सामूहिक खेती प्रणालीको विकास गर्न सकिन्छ। कृषि क्षेत्रमा आधुनिकीकरण एवं यान्त्रिकीकरण गर्दै बाँझो जमिनलाई खेतियोग्य बनाउन सकिन्छ।

आफ्नो जमिन बाँझो राखेर झण्डै ३ खर्ब रुपैयाँ हाराहारीमा कृषिजन्य वस्तुहरू आयात हुनु मुलुकका लागि दुर्भाग्यपूर्ण नै हो। बाँझो जग्गामा आधुनिक कृषि गर्न चाहने उद्यमी व्यवसायीलाई निश्चित अवधिका लागि लिजमा दिन सकिने कानुनी व्यवस्था गरिनुपर्दछ। त्यसो गर्न सकियो भने लाखौं युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्न सकिन्छ।

कृषि ऋणका लागि धितो मूल्यांकन विधि सहज र सरल गरी ब्याज अनुदानको ऋण प्रवाहमा छिटो छरितो र सरलीकृत विधि अवलम्बन गर्न सकिन्छ। कृषि क्षेत्रका लागि मल, बीउ तथा विषादीमा आत्मनिर्भरताको योजना बनाउनु र सहज सिँचाइको समुचित व्यवस्था गरिनुपर्दछ।

नेपालको कृषि प्रणालीमा प्राकृतिक प्रतिकूलताले पनि गम्भीर असर गर्ने गरेको छ। खडेरी, असिना, हावाहुरी, आगन्तुक किरा र रोगको महामारी तथा अप्रत्याशित रूपमा कृषि उपजको भाउ घट्नेजस्ता मौसममा आएको प्रतिकूलता, जंगली जनावर आदिबाट हुने जोखिम तथा न्यून गुणस्तरको बीउबिजनका कारण खाद्यान्न, फलफूल तथा तरकारीको उत्पादनमै नोक्सानी पुगिरहेको छ। यसबाट कतिपय किसानको लाखौं रुपैयाँ लगानी वर्षेनि खेर गइरहेको छ।

यसबाट कृषि पेशाप्रति उदासीनता बढ्दै गएको छ। कृषिक्षेत्रमा व्यावसायिक वातावरण सृजना गर्न सम्पूर्ण खेती प्रणाली र पशुधनमा प्रचलित मूल्यमा अनिवार्य बीमाको व्यवस्था गर्नुका साथै किसानहरूको सामाजिक सुरक्षालाई सरकारले उच्च प्राथमिकतामा राख्नुपर्दछ। किसानको लगानीको उचित प्रतिफल दिन तथा उत्पादनलाई संरक्षण गर्न फलफूल एवम् माछा मासुका लागि सबै स्थानीय तहमा शीतभण्डारको व्यवस्था गरिनु आवश्यक छ। बीउबिजन, विषादी, सूक्ष्म खाद्य तत्व, मलखाद पशुपंक्षी औषधीको व्यवसायमा प्रवर्द्धनकारी नीति बनाउनुपर्छ। सम्बन्धित निकायलाई जवाफदेही बनाई क्षतिपूर्ति दिने व्यवस्था तत्काल कार्यान्वयनमा लगिनुपर्दछ।

> **आफ्नो जमिन बाँझो राखेर झण्डै ३ खर्ब रुपैयाँ हाराहारीमा कृषिजन्य वस्तुहरू आयात हुनु मुलुकका लागि दुर्भाग्यपूर्ण नै हो। बाँझो जग्गामा आधुनिक कृषि गर्न चाहने उद्यमी व्यवसायीलाई निश्चित अवधिका लागि लिजमा दिन सकिने कानुनी व्यवस्था गरिनुपर्दछ।**

बजारको व्यवस्थापन, कृषि बजारमा बिचौलियाको प्रवाह कम गर्नका लागि किसान र व्यवसायीको प्रत्यक्ष संलग्नता हुने गरी हरेक स्थानीय तहमा एउटा अत्याधुनिक कृषि बजार एग्रोभेट/संकलन घर/शीतभण्डारको व्यवस्था गरिनुपर्दछ। कृषक र उपभोक्ताको प्रत्यक्ष सम्पर्क सञ्जाल विस्तार हुने गरी नीतिगत व्यवस्था गरिनुपर्दछ। इजरायल भारत, जापान, जर्मनी, चीनलगायत कृषि प्रविधिमा फड्को मारेका मुलुकहरूबाट वर्षेनि कृषिसम्बन्धी तालीम लिएर नेपाल फर्किएका जनशक्तिको अनुगमन गरी उनीहरूलाई ग्रामीण कृषिमा परिचालन गरिनुका साथै विमानस्थलमै लगत संकलन गर्ने व्यवस्था गरिनुपर्दछ।

कृषि अनुदानको सहुलियत कर्जा कम्तीमा १० वर्ष अवधिको बनाइनु पर्दछ। बैंक र कृषि ऋणीबीच भएको सम्झौताबमोजिम किसानले पाउनुपर्ने ब्याज अनुदान सरकारबाट समयमै पाउनुपर्छ भने समयमै किस्ता ब्याज तिर्न नसकेको कारणले किसानहरूलाई कालोसूची तथा लिलामी प्रक्रियामा लैजाने समस्याको तत्काल समाधान गरिनुपर्दछ। यस्तै किसानले पाउनुपर्ने अनुदान छिटो उपलब्ध हुने व्यवस्थाको प्रत्याभूति गरिनुपर्दछ। वैदेशिक रोजगारीबाट नेपाल फर्किएका श्रमिकहरूका लागि नेपालमै स्वरोजगारका अवसर सृजना गर्न सहुलियत ऋणको व्यवस्था गर्दै वैदेशिक रोजगारीबाट कति फर्किए तथा फर्किएकामध्ये कृषि क्षेत्रमा कति आबद्ध भए, सोको डेटाबेस बनाउन आवश्यक छ।

वैदेशिक रोजगारीमा सिकेको सीपको व्यावसायिक उपयोग गर्न उद्यमशीलता तालीम दिन तथा ऋणमा सहज पहुँच वढाउन आवश्यक देखिन्छ। किसानले कृषि उत्पादनको मूल्य आफैले तोकी बिल जारी गरी बिक्री गर्न पाउने व्यवस्था गरिनुपर्दछ।

देशलाई आवश्यकताअनुसारको रासायनिक मलखादको पूर्वानुमान गरी कम्तीमा ६ महीनाका लागि स्टकको व्यवस्था गर्नुपर्छ। यस्तै कृषि क्षेत्रका लागि आवश्यक निर्माण सामग्री आयात गर्दा भन्सार, अन्तःशुल्क र अन्य करमा छूटको व्यवस्था गर्न सकियो भने धेरै किसानले राहत पाउने देखिन्छ। हरेक पालिकामा बजारमुखी कृषि प्रविधि, मौसम एवं सम्भावित महामारी वा संकटको पूर्वानुमानको सूचना किसानले प्राप्त गर्ने सहज व्यवस्था गरिनुपर्छ। साथै कृषि

> **नेपालमा कृषि व्यवसाय, उत्पादन वृद्धि तथा आर्थिक समृद्धिका लागि कृषिको आधुनिकीकरण अपरिहार्य छ । आधुनिक प्रविधि, कानूनी सुधार र वित्तीय पहुँच विस्तारमार्फत कृषि क्षेत्रमा गुणात्मक सुधार ल्याउन सकिन्छ ।**



वन जडीबुटी क्षेत्रसँग सम्बन्धित सूचना एवं जानकारीको लागि समेत सोही सूचना केन्द्र उपयोग हुने व्यवस्था गर्न सकिन्छ ।

कृषिको विकासका लागि सिँचाइ अपरिहार्य पूर्वाधार हो । त्यसैले नयाँ प्रविधियुक्त सिँचाइ प्रणाली विस्तार, पुराना नहर तथा कुलो मर्मत सम्भार र नयाँ-नयाँ सिँचाइ प्रविधिमा पहुँचका लागि सरकारले तत्काल पहल गर्नु जरुरी छ । राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रूपमा रहेको कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिँदै कृषिको व्यावसायिकीकरण तथा आधुनिकीकरण गर्ने र कृषि उपजको भण्डारण एवम् बजारीकरणको समुचित प्रबन्धमा जोड दिने नीति सरकारको हुनुपर्छ ।

नेपालमा करिब ६५ प्रतिशत कृषियोग्य जमिन छ, तर ३० प्रतिशतमा मात्रै भरपर्दो सिँचाइ सुविधा उपलब्ध रहेको छ । बाँकी जमिनको खेतीका लागि वर्षामा निर्भर हुनुपरेको छ । जैविक मल, सुधारिएको बीउ तथा आधुनिक यन्त्रहरूको प्रयोग पनि हुन सकेको छैन । अर्कोतर्फ युवा जनशक्ति वैदेशिक रोजगारीतर्फ आकर्षित हुँदा कृषिमा उत्पादकत्व प्रत्येक वर्ष घट्दो क्रममा रहेको छ । किसानहरूले उचित मूल्य नपाउने, बिचौलियाको नियन्त्रण र भण्डारण सुविधा अभावजस्ता समस्याले कृषि उत्पादकत्वमा असर पुऱ्याएको छ । सीमित पानीको उपयोग गर्दै अधिक उत्पादन प्राप्त गर्न सकिने ड्रिप सिँचाइ प्रणाली भित्र्याउन आवश्यक छ । उन्नत जातका बीउ तथा जैविक मलको प्रयोगले उत्पादन बढाउन मद्दत गर्छ ।

कृषि क्षेत्रलाई डिजिटल प्रविधिसँग जोडेर कृषकहरूलाई विभिन्न जानकारी उपलब्ध गराउन सकिन्छ । स्मार्टफोन तथा अन्य प्रविधिको माध्यमबाट किसानहरूले बजार मूल्य, मौसम पूर्वानुमान तथा कृषिसम्बन्धी तालीम प्राप्त गर्न सक्ने व्यवस्था गरिनुपर्दछ । किसानलाई बिउबिजन, मल, औषधी तथा सिँचाइसम्बन्धी जानकारी उपलब्ध गराउने डिजिटल माध्यममा जान सकिन्छ । कृषकहरूले आफ्नो उत्पादनलाई डिजिटल प्लाटफर्ममार्फत बजारसम्म पुऱ्याउन सक्छन् । नेपालमा कृषिलाई व्यवस्थित रूपमा विकास गर्न सहकारी तथा निजीक्षेत्रको संलग्नता आवश्यक छ ।

कृषक सहकारीमार्फत आधुनिक उपकरण, प्रविधि तथा वित्तीय सहायताको पहुँच सुनिश्चित गर्न सकिन्छ । खाद्य प्रशोधन उद्योग, कोल्ड स्टोरेज तथा निर्यात क्षेत्रमा निजीक्षेत्रलाई आकर्षित गर्ने नीति निर्माण आवश्यक रहेको छ । निर्यात तथा आयात प्रक्रियामा जटिलता रहेका कारण नेपाली कृषि उत्पादन अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बन्न सकेका छैनन् । कृषि क्षेत्रमा बीमालाई अनिवार्य गर्न सकियो भने प्राकृतिक प्रकोपका बेला किसानहरूलाई ठूलो आर्थिक क्षतिबाट बचाउन सकिन्छ ।

**कृषि क्षेत्रका समस्या एवं चुनौती**

सरकारले अंगीकार गरेको नीति तथा कार्यक्रम र आम कृषकको वास्तविक समस्याबीच अझै पनि तालमेल हुन सकेको छैन । लाखौं लाख युवाहरू रोजगारीका लागि विदेश पलायन हुनुले कृषि श्रमिकको अभाव भई दिनप्रतिदिन नेपालको कृषि योग्य जमिन बाँझिँदै गएको र कृषि उत्पादन तथा उत्पादकत्वमा नकारात्मक प्रभाव परेको छ । कृषिजन्य वस्तु आयातमा ठूलो धनराशी बाहिर गएको छ । कृषि उपजको बजारीकरण एवं मूल्य निर्धारणमा सरकारको उदासीनताले किसानमा निराशा छाएको देखिन्छ । बिचौलिया हावी भएकाले किसान र उपभोक्ता मारमा परेका छन् । प्राकृतिक प्रकोप एवं जलवायु परिवर्तनको नकारात्मक प्रभावमा किसान कृषि उधमी प्रभावित हुनुपरेको छ । सीमित सिँचाइ सुविधा, परम्परागत खेती पद्धति र गुणस्तरीय मल बीउको अभावमा उत्पादकत्व घट्दै गएको छ । कृषि क्षेत्रमा भएको लगानी कृषकमैत्री हुन नसक्नु नै आजको मुख्य चुनौती हो ।

कृषकलाई उचित समयमा उचित सूचना प्रवाह गरी सशक्तीकरण गर्न सकिएको छैन । कृषि र कृषकको पहिचान, सूचीकरण, एवं वर्गीकरण गरेर वित्तीय सुविधामा कृषकको पहुँच विस्तार गर्न सकिन्छ । नेपालमा सहज र सरल कृषि बीमा नीति अवलम्बन गर्नु आवश्यक छ । भूउपयोग नीति कार्यान्वयनमा आउन नसक्दा कृषियोग्य जग्गा जमिनहरू अन्य विभिन्न प्रयोजनमा नासिँदै जान थालेका छन् । निश्चित ऐननियम र कानूनको अभावमा जमिनमा जथाभावी रसायन प्रयोग हुँदा उत्पादकत्व ह्रास हुँदै गएको छ । पहाडी क्षेत्रमा उच्च पहिरोका कारण र तराई क्षेत्रमा बाढीका कारण उर्वर भूमि क्षय भइरहेको छ । आयातित कृषि उपजसँग स्थानीय उत्पादनले प्रतिस्पर्धा गर्न सकेको अवस्था छैन । कृषि उत्पादनहरू निर्यातका लागि गुणस्तर मापदण्ड पूरा गर्न नसक्नु, गुणस्तर अभिवृद्धिमा सरकारबाट सहकार्य नहुनु र पर्याप्त अध्ययन अनुसन्धान नहुनु पनि आधुनिक कृषि प्रणालीका प्रमुख समस्या हुन् । कृषिको विकासका लागि तीन तहको सरकारबीच तालमेल र समन्वय पनि हुन सकेको छैन ।

नेपालमा कृषि व्यवसाय, उत्पादन वृद्धि तथा आर्थिक समृद्धिका लागि कृषिको आधुनिकीकरण अपरिहार्य छ । आधुनिक प्रविधि, कानूनी सुधार र वित्तीय पहुँच विस्तारमार्फत कृषि क्षेत्रमा गुणात्मक सुधार ल्याउन सकिन्छ । यदि सरकारले दीर्घकालीन नीति निर्माण गरी कानूनी अवरोधहरू हटायो भने नेपाल आत्मनिर्भर कृषि उद्यममा प्रवेश गर्न सक्छ । नेपालको कृषि क्षेत्रलाई दीर्घकालीन रूपमा मजबुत बनाउन नीति निर्माता, निजीक्षेत्र तथा कृषकको साझा प्रयास आवश्यक छ । यसका लागि शिक्षित तथा दक्ष कृषकहरूको संख्या वृद्धि गर्नु, अनुसन्धान तथा प्रविधिमा लगानी बढाउनु र आधुनिक कृषि प्रणालीलाई प्रभावकारी रूपमा लागू गर्नु अत्यावश्यक छ । कृषि क्षेत्रमा नेपाल सरकारको १० वर्षे लगानी नीति निजीक्षेत्रसँगको सहकार्यमार्फत सफल बनाउन सकिन्छ । सरकार, निजीक्षेत्र, सहकारी समूह सहितको सहकार्यबाट दूरदराजका कृषकलाई समेत समेटेर नीति तथा योजना बनाउनु आवश्यक छ । यसमा सहकार्य गर्न निजीक्षेत्र तयार छ ।

*मल्ल नेपाल चेम्बर अफ कमर्सका निवर्तमान अध्यक्ष हुन् ।*


Ncell
एनसेल सधैं ON
Ncell NSL को मज्जा
अब Data मा पनि डबल धमाका !
हरेक सधैं ON Renewal Pack मा 2x Data
Starting From Rs. 399/-
Buy Now on Ncell App or *123#



# नेपालको आर्थिक विकासमा सहकारीले खेल्न सक्ने भूमिका

**सहकारी परम्परागत व्यापार जस्तो मुनाफा कमाउने मात्र उद्देश्य लिएर स्थापित भएको व्यवसाय होइन । यो गैरमूनाफाकारी संस्था जस्तो एक समूहका मानिसले अर्को समूहका मानिसलाई मद्दत गर्ने हेतुले स्थापित भएको संस्था पनि होइन ।**



डा. रूप खड्का

**सहकारीको परिचय**

सहकारी विभिन्न व्यक्तिहरू स्वैच्छिक रूपमा मिलेर आफ्ना आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता तथा आकांक्षाहरू पूरा गर्न गठन गरिएको स्वायत्त संस्था हो । सहकारीमा सदस्यहरूको संयुक्त स्वामित्व हुन्छ र यो 'एक सदस्य, एक मत' का आधारमा लोकतान्त्रिक रूपमा नियन्त्रित हुन्छ । यसमा सबै सदस्यहरूको समान अधिकार हुन्छ, जुन सदस्यले सहकारीमा गरेको लगानीमा निर्भर हुँदैन । सहकारीको मुनाफाका भागीदार पनि सदस्यहरू नै हुन्छन्, जुन सामान्यतः सदस्यहरूले सहकारीसँग गरेको कारोबारद्वारा सिर्जना भएको मूल्य अभिवृद्धिका आधारमा सदस्यहरूलाई संरक्षण (प्याट्रोनेज) लाभांशका रूपमा वितरण गरिन्छ ।

सहकारी परम्परागत व्यापार जस्तो मुनाफा कमाउने मात्र उद्देश्य लिएर स्थापित भएको व्यवसाय होइन । यो गैरमूनाफाकारी संस्था जस्तो एक समूहका मानिसले अर्को समूहका मानिसलाई मद्दत गर्ने हेतुले स्थापित भएको संस्था पनि होइन । परम्परागत व्यापारमा जस्तो सहकारीले मुनाफा कमाउनु पर्ने भए तापनि सदस्यहरूका आवश्यकता पूर्ति गर्ने झनै ठूलो जिम्मेवारी हुन्छ यसको ।

सहकारी विशुद्ध रूपमा आफ्ना सदस्यहरूको हितका लागि सञ्चालन गरिने भएकोले यसले सदस्यलाई जति लाभ पुऱ्याउन सक्यो, त्यति सफल भएको मानिन्छ । यसैगरी सहकारी समुदायको भलाइसम्बन्धी क्रियाकलापमा पनि संलग्न हुन्छ ।

अर्कोतर्फ अमेरिकालगायत विभिन्न देशहरूमा क्रेडिट युनियन (वित्तीय सहकारी) गैर-मुनाफाकारी संस्थाका रूपमा गठन हुने भए तापनि अन्य गैर-मुनाफामूलक संस्था र सहकारीमा भिन्नता छ । गैर-मुनाफामूलक संस्थाहरू अनुदान, चन्दा र सरकारी सहयोगबाट सञ्चालित हुन्छन्, जुन सामाजिक सेवा प्रदान गर्दछन् र आय आर्जन गर्दैनन् । सहकारी अपवादका रूपमा गैर-मुनाफाकारी भए पनि यो गैर-मुनाफाकारी संस्था जस्तो अरूको दानमा मात्र निर्भर रहने व्यवसाय होइन । गैर-मुनाफाकारी संस्थाका रूपमा गठन भएका क्रेडिट युनियनहरूले वित्तीय कारोबारका माध्यमले आयआर्जन गरेर त्यसबाट आफ्नो खर्च व्यहोर्दछन् । यिनीहरू अन्य बैंक तथा वित्तीय संस्थाका भन्दा आफ्ना सदस्यहरूको बचतमा बढी ब्याज दिएर, सदस्यहरूलाई प्रदान गरेको ऋणमा अन्य संस्थाको तुलनामा कम ब्याज लिएर र सदस्यहरूलाई विभिन्न प्रकारका वित्तीय सेवाहरू प्रदान गरेर सदस्यहरूका वित्तीय आवश्यकता पूरा गर्दछन् ।

**सहकारीको स्थिति**

सन् १८४४ मा विश्वको पहिलो आधुनिक उपभोक्ता सहकारीका रूपमा बेलायतको राचडेलमा 'राचडेल सोसाइटी अफ इक्विटेबल पायोनियर्स' स्थापना भएको थियो भने आधुनिक वित्तीय सहकारीका रूपमा जर्मनीमा सन् १८५२ मा शहरी क्रेडिट युनियन र सन् १८६४ मा ग्रामीण क्रेडिट युनियन स्थापना भएका थिए । सहकारीका मूल्य र मान्यताहरूलाई विश्वभर प्रवर्द्धन गर्नका लागि सन् १८९५ मा अन्तर र्राष्ट्रिय सहकारी गठबन्धन स्थापना गरिएको थियो । यसैगरी सर्वप्रथम सन् १९०० मा जापानमा ग्रामीण ऋण सहकारी, सन् १९०१ मा क्यानाडामा क्रेडिट युनियन र सन् १९०८ मा अमेरिकामा सेन्ट-मेरिज को-ओपरेटिभ क्रेडिट एसोसिएसन स्थापना भएका थिए । यता भारतमा सहकारीलाई संस्थागत गर्नका लागि सन् १९०४ मा सहकारी ऋण समाज ऐन लागू गरिएको थियो भने सहकारीको दायरा फराकिलो गर्न सन् १९१२ मा सहकारी संस्था ऐन १९१२ कार्यान्वयन गरिएको थियो ।

नेपालमा वि.सं. २०१३ मा कार्यकारी आदेश जारी भएकोमा प्रथम सहकारी ऐनका रूपमा सहकारी संस्था ऐन २०१६ लागू गरिएको थियो, जसलाई साझा संस्था ऐन २०४१ ले प्रतिस्थापन गरेको थियो भने त्यस ऐनलाई सहकारी ऐन २०४८ र त्यसलाई पनि सहकारी ऐन २०७४ ले प्रतिस्थापन गरेको थियो । यो अहिलेसम्म विद्यमान छ । विभिन्न समयमा लागू गरिएका सहकारी ऐनअन्तर्गत सहकारी नियमावली २०१८, साझा संस्था नियमहरू २०४३, सहकारी नियमावली २०४९ र सहकारी नियमावली २०७५ जारी गरिएका थिए । नेपालमा वि.सं. २०१३ मा प्रथम सहकारीका रूपमा 'बखानपुर सहकारी ऋण समिति' स्थापना भएपछि सहकारी संस्था गठन गर्ने क्रम बढ्दै गएर हालसम्म करीब ३१ हजार ७ सय १५ सहकारी दर्ता भएको अनुमान छ ।

**विश्व अर्थतन्त्रमा सहकारीको योगदान**

सहकारीले लोकतान्त्रिक अभ्यास, सामाजिक समावेशीकरण, सामाजिक न्याय, र स्रोतको जिम्मेवारीपूर्ण व्यवस्थापन जस्ता पक्षहरूमाथि जोड दिने भएकाले यसले दिगो विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ भन्ने मान्यता विश्वमा बढ्दो छ । यसैले होला संयुक्त राष्ट्र संघले सन् २०१२ लाई अन्तर र्राष्ट्रिय सहकारी वर्षको रूपमा मनाएको १३ वर्ष नबित्दै 'सहकारीले राम्रो संसार निर्माण गर्छ' भन्ने नाराका साथ सन् २०२५ लाई अन्तर्राष्ट्रिय सहकारी वर्षको रूपमा मनाइँदैछ । यसैगरी सहकारीले आर्थिक तथा सामाजिक विकासमा खेल्न सक्ने भूमिकालाई विचार गरेर हरेक वर्ष जुलाई महिनाको पहिलो शनिवारलाई अन्तर र्राष्ट्रिय सहकारी दिनको रूपमा मनाउने गरिन्छ भने विभिन्न मुलुकहरू हरेक वर्ष सहकारी दिन, साता वा महिनाका रूपमा मनाउने पनि गर्दछन् । उदाहरणका लागि नेपालले चैत्र २० लाई राष्ट्रिय सहकारी दिवसको रूपमा मनाउँछ, भारतले नोभेम्बर १४ देखि २० सम्म राष्ट्रिय सहकारी सप्ताह मनाउने गरेको छ भने अमेरिकामा अक्टोबरलाई सहकारी महिनाका रूपमा मनाइन्छ ।

अन्तर्राष्ट्रिय सहकारी गठबन्धनका अनुसार हाल विश्वभर ३० लाख जति सहकारी छन्, जसका १ अर्ब २ करोड सदस्य छन् । तिनीहरूले २८ करोड मानिसलाई रोजगारी दिएका छन्, जुन विश्वको रोजगार जनसंख्याको १० प्रतिशत जति हो । यसैगरी विश्वका ३ सय ठूला सहकारीले

> **नेपालमा विगत सात दशकजतिको अवधिमा सहकारीसम्बन्धी विभिन्न नीतिगत, कानुनी र संस्थागत व्यवस्था गरिएका छन् र मुलुकभर विभिन्न प्रकारका ३१ हजारभन्दा बढी सहकारी संस्था स्थापना भएका छन्, जसमा नेपालको कुल जनसंख्याको एक चौथाइ जनसंख्या आबद्ध भएको छ ।**



गरेको आर्थिक कारोबार दुई ट्रिलियन अमेरिकी डलरभन्दा बढी भएको तथ्यले सहकारीले विश्व अर्थतन्त्रमा गरेको योगदान स्पष्ट हुन्छ ।

नेपालमा मेचीदेखि महाकालीसम्म र तराईदेखि हिमालसम्म सहकारी फैलिएका छन्, जसको संख्या २०७९/८० मा करीब ३१ हजार ७ सय १५ भएको अनुमान छ । ती सहकारीमा ७३ लाख जति सदस्य आबद्ध भएका थिए, जसमध्ये ५६ प्रतिशत महिला रहेको अनुमान छ । सहकारीबाट ९३ हजार जनाले प्रत्यक्ष रोजगारी पाएका थिए । सहकारीले रू. ९४ अर्ब शेयर पूँजी परिचालन गरेका थिए, रू. ४ खर्ब ७८ अर्ब निक्षेप स्वीकार गरेका थिए र रू. ४ खर्ब २६ अर्ब ऋण प्रवाह गरेका थिए । यसरी सहकारीले नेपालको ग्रामीणलगायत सिंगो आर्थिक विकासमा योगदान दिँदै आएको छ । यसले आर्थिक विकासमा खेल्न सक्ने भूमिकालाई ध्यानमा राखेर यसलाई नेपालको अर्थतन्त्रको तेस्रो खम्बाको रूपमा लिइएको छ ।

> सहकारीका समस्या समाधान गर्न हालसालै अध्यादेशमार्फत सहकारी कानूनमा संशोधन गरिएको भए पनि विस्तृत गृहकार्य र सार्वजनिक बहस नगरेर गरिएको सो संशोधनले सहकारीका चुनौतीहरू सम्बोधन गर्न सकेको छैन ।

**नेपालमा सहकारीका चुनौती**

नेपालमा विगत सात दशकजतिको अवधिमा सहकारीसम्बन्धी विभिन्न नीतिगत, कानुनी र संस्थागत व्यवस्था गरिएका छन् र मुलुकभर विभिन्न प्रकारका ३१ हजारभन्दा बढी सहकारी संस्था स्थापना भएका छन्, जसमा नेपालको कुल जनसंख्याको एक चौथाइ जनसंख्या आबद्ध भएको छ । यसो भए तापनि यस क्षेत्रको अपेक्षित रूपमा प्रगति भएको छैन । कतिपय सहकारीले नियमित रूपमा पालना गर्नु पर्ने साधारण सभा गराउने, साधारण सभा, सञ्चालक समिति, तथा लेखा सुपरिवेक्षण समितका बैठकको निर्णय तथा कामकारबाहीको अद्यावधिक अभिलेख राख्ने, कारोबारको लेखा राख्ने र लेखापरीक्षण गराउने जस्ता न्यूनतम औपचारिकता पनि निभाउन नसकेको स्थिति छ । सहकारीका बारेमा पर्याप्त जानकारीका अभावमा सहकारीका धेरै सरोकारवालाहरू सहकारीका सम्बन्धमा आफूले खेल्नुपर्ने भूमिकाका बारेमा अनभिज्ञ र अपरिचित छन् । अर्कोतर्फ खासगरी केही ठूला बचत तथा ऋण सहकारीका ठगहरूले जानीजानी सहकारीलाई दुरुपयोग गर्ने कुनियतले सहकारी स्थापना गरेर सहकारीको मूल्य, मान्यता, सिद्धान्त र सहकारी कानूनको ठूलो उल्लंघन गरेर नाम मात्रको सहकारी चलाएका छन् ।

सहकारीका समस्या रातारात देखा परेका नभई विगत लामो समयदेखि बल्झिँदै आएको तथ्य यसका बारेमा राष्ट्रिय सहकारी नीति, २०६९ ले गरेको निम्न निष्कर्षबाट स्पष्ट हुन्छ, 'सहकारी संघसंस्थाहरूको दर्ता, सञ्चालन, अनुगमन र नियमनसम्बन्धी कार्यहरूमा प्रभावकारिता ल्याउन सकिएको छैन । स्वनियमनको अभ्यासका लागि हालका व्यवस्थाहरू प्रभावकारी नभएकोले सहकारीमा सुशासन सुनिश्चित गर्न सकिएको छैन । वित्तीय कारोबार गर्ने सहकारी संघसंस्थाहरू र सहकारी बैंकका लागि स्पष्ट कानूनी व्यवस्था हुन नसक्दा सहकारीमार्फत हुने वित्तीय कारोबारलाई व्यवस्थित, सुरक्षित र भरपर्दो बनाउन कठिनाइ भएको छ । मुलुकमा सहकारीको प्रवर्द्धनका लागि आवश्यक पर्ने औपचारिक सहकारी शिक्षा, तालिम तथा व्यवस्थित सहकारी सूचना प्रणालीको उपयुक्त विकास हुन बाँकी नै छ ।'

सहकारीका उक्त समस्याहरू सुल्झिनको सट्टा झन बढ्दै गएको तथ्य सहकारी समस्या समाधान गर्नका लागि सरकारले वि.सं. २०२४ देखि वि.सं. २०८१ सम्म गठन गरेका १३ वटा टोली, कार्यदल, समिति तथा आयोगहरूको प्रतिवेदनमा गरिएको चित्रणबाट स्पष्ट हुन्छ । ती समस्याहरू खासगरी बचत तथा ऋण सहकारीसँग सम्बन्धित छन् जसमा कतिपय सहकारीले भौगोलिक कार्यक्षेत्र बाहिर र नचिनेकाहरूसँग पनि कारोबार गरेको, बढी ब्याज दिने भनेर घर घरमा कर्मचारी पठाएर, विज्ञापन गरेर वा बचत संकलन शाखा खोलेर सर्वसाधारणलाई लोभ्याएको जस्ता सहकारीको मर्म विपरीतका क्रियाकलाप पर्दछन् । यसैगरी कतिपय सहकारीले सहकारी कानूनले निषेध गरेका क्षेत्रमा लगानी गरेको, कार्यक्षेत्र बाहिरका व्यक्तिलाई ऋण दिएको, विनाधितो ऋण दिएको, वित्तीय जोखिमको विश्लेषण नगरेर ऋण दिएको, सहकारीको रकम व्यक्तिगत स्वार्थपूर्ति गर्न प्रयोग गरेको, अवैध रूपमा सहकारीको रकम मुलुकबाहिर लगेको र ठूलो रकम अपचलन गरेर लाखौं सर्वसाधारणलाई घरबारविहीन बनाएको अवस्था नेपालमा छ ।

धेरैजसो गम्भीर प्रकृतिका समस्याहरू सहकारीको जानकारीका अभावले सर्वसाधारणबाट सिर्जना भएको भन्दा पनि टाठाबाठाले पैसा र शक्तिको आडमा सहकारीको मर्मविपरीत जानीजानी गरेको कुकृत्यका कारणले उत्पन्न भएका समस्या हुन्, जुन सहकारीलाई नियमन गर्न जिम्मेवार संघीय सरकारको भूमिसुधार, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग र अन्तर्गत कार्यालयहरू, प्रदेश सरकार, स्थानीय सरकार, नेपाल राष्ट्र बैंक र विभिन्न स्तरका सहकारी संघहरूले समयमै प्रभावकारी रूपमा अनुगमन तथा सुपरिवेक्षण गर्न नसकेकोले पनि मौलाएका हुन् । अर्कोतर्फ सहकारी समस्या समाधान गर्न गठित विभिन्न टोली, कार्यदल, समिति तथा आयोगहरूले दिएका चाङका चाङ सुझावहरू कार्यान्वयन गर्न सरकार उदासीन भएकाले पनि सहकारी समस्याहरू सुल्झिनुको सट्टा बल्झिँदै गएका हुन् । त्यसैको परिणामस्वरूप सहकारीको रकम ठूलो मात्रामा अपचलन भएको हो । सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन विशेष समिति २०८१ ले ४० सहकारीले मात्र रू. ८७ अर्बको अपचलन गरेकोमा जम्मा अपचलन २ खर्ब ७५ अर्ब हुन सक्ने अनुमान गरेको छ । त्यसपछि पनि एउटै सहकारीको करोडौं नभई अर्बौंको रकम अपचलन भएका घटनाहरू दिनहुँ जस्तो सतहमा आइरहेकाले सहकारी ठगीको समस्या भयावह भएको सहजै अनुमान गर्न सकिन्छ । त्यतिमात्र होइन, बैंक तथा वित्तीय संस्थाहरूमा रकम जम्मा गर्दा स्रोत खुलाउनुपर्ने जस्तो व्यवस्था सहकारीमा नभएकोले यो कालोधन शुद्धीकरणको माध्यम समेत बनेको र यसले गर्दा नेपाल 'सम्पत्ति शुद्धीकरणसम्बन्धी सघन निगरानीको सूची' (ग्रे लिष्ट)मा परेको भन्ने चर्चा छ । यसैगरी नेपालमा अहिले देखिएको आर्थिक मन्दीमा सहकारी समस्या पनि केही हदसम्म जिम्मेवार रहेको अनुमान गरिन्छ ।

सहकारी समस्या समाधान गर्ने सन्दर्भमा

हालसालै सरकारले अध्यादेशमार्फत सहकारी कानूनमा गरेको संशोधनले पनि समस्याको गाम्भीर्यलाई छुन सकेको देखिँदैन। ती संशोधनले सहकारी पीडितको डुबेको रकम फिर्ता गर्नुपर्ने र भविष्यमा पनि सहकारी बचत सुरक्षित हुन सक्ने ठोस उपायहरू अगाडि सारेका छैनन् । त्यस्तै, सहकारीको नियमन गर्नको लागि प्रस्ताव गरिएको राष्ट्रिय सहकारी नियमन प्राधिकरणको बनोट, त्यसका अध्यक्ष तथा सदस्यका लागि तोकिएको शैक्षिक योग्यता तथा अनुभव, त्यसको काम, कर्तव्य र अधिकार र त्यसका लागि गरिएको कर्मचारीसम्बन्धी व्यवस्थालाई केलाउँदा यो प्राधिकरण नाम मात्रको हुने र त्यसले नेपालको सहकारी आन्दोलनलाई माथिल्लो स्तरमा पुऱ्याउन नसक्ने देखिन्छ ।

**समस्या समाधानका उपाय**

सहकारीमा हाल तत्कालै समाधान गर्नुपर्ने जल्दोबल्दो समस्या सहकारी पीडितको रकम फिर्तासम्बन्धी समस्या हो । यसलाई समाधान गर्नका लागि सर्वप्रथम सहकारीका ठगहरूमाथि निष्पक्ष रूपमा सकेसम्म छिटो र कठोर कारबाही हुनुपर्दछ र तिनीहरूले भविष्यमा सार्वजनिक पदधारण गर्न नसक्ने व्यवस्था गर्नुपर्छ । व्यक्तिगत स्वार्थपूर्ति गर्न सहकारी जस्तो विशेष मूल्य, मान्यता तथा सिद्धान्त भएको पवित्र व्यवसायको दुरुपयोग गर्नेहरूलाई पूर्णरूपमा सामाजिक बहिष्कार गर्ने वातावरण पनि सिर्जना गर्नुपर्दछ । त्यसैगरी, सहकारी, सहकारीका सञ्चालक र तिनीहरूको परिवारको सम्पत्ति विक्री गरेर सहकारी पीडितको उद्धार गर्नुपर्दछ। त्यसबाट अपुग भएको रकम सरकारी पहलमा सहुलियतपूर्ण ब्याजदरमा सहकारीलाई ऋण उपलब्ध गराई बचतकर्ताको रू. ५ लाखसम्मको रकम तुरुन्त फिर्ता गर्ने व्यवस्था गर्नुपर्दछ।

विभिन्न मुलुकमा सहकारीमा जम्मा गरेको निश्चित तहसम्मको रकम सुरक्षित हुने व्यवस्था गरिएको पाइन्छ । उदाहरणका लागि यस्तो सुरक्षित हुने रकमको मात्रा अमेरिकामा रू. ३ करोड ४२ लाख (अमेरिकी डलर २ लाख ५० हजार), क्यानाडामा विभिन्न प्रान्तमा भिन्नाभिन्नै रकम भए पनि न्यूनतम रू. ९६ लाख (क्यानेडियन डलर १ लाख), युरोपमा मुलुकपिच्छे फरक रकम भए पनि यूरोपेली अदालतले सदस्य मुलुकहरूको लागि कायम गरेको न्यूनतम रू. १ करोड ४८ लाख (यूरो १ लाख), अष्ट्रेलियामा रू. २ करोड १५ लाख (अष्ट्रेलियन डलर २ लाख ५० हजार), बेलायतमा रू. १ करोड ५० लाख (ब्रिटिश पाउण्ड ८५ हजार) र जापानमा रू. ९ कारोड १० लाख (जापानी येन १० करोड) छ भने भारतमा रू. ८ लाख (भारु ५ लाख) छ । नेपालमा पनि सहकारीका सदस्यले सहकारी जम्मा गरेको कम्तीमा रू. ५ लाखसम्मको रकम सुरक्षित हुने व्यवस्था गरिनु पर्दछ।

सहकारीका समस्या समाधान गर्न हालसालै अध्यादेशमार्फत सहकारी कानूनमा संशोधन गरिएको भए पनि विस्तृत गृहकार्य र सार्वजनिक बहस नगरेर गरिएको सो संशोधनले सहकारीका चुनौतीहरू सम्बोधन गर्न सकेको छैन । यसैले अब सहकारीको सैद्धान्तिक पक्ष, अन्तर्राष्ट्रिय असल अभ्यास र हाम्रो आवश्यकतालाई विचार गरेर विस्तृत गृहकार्य गरेर सहकारी कानून संशोधनसम्बन्धी प्रस्ताव तयार गर्नु पर्दछ र त्यसमा सहकारी क्षेत्रमा लामो अनुभव र राम्रो ज्ञान भएका व्यक्तिहरूका सुझाव लिनुका साथै व्यापक रूपमा सार्वजनिक बहस गरेर परिमार्जन गरेर संसद्द्वारा पारित गरिनु पर्दछ र त्यसलाई सही र प्रभावकारी रूपमा कार्यान्वयन गरेर नेपालको सहकारी आन्दोलनलाई सफल बनाइनुपर्दछ।

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन गर्न गठन गरिएको राष्ट्रिय सहकारी नियमन प्राधिकरणको संगठनात्मक स्वरूप, त्यसका




उच्च ब्याजदर
निःशुल्क मोबाइल बैंकिङ्ग
निःशुल्क डेबिट कार्ड
निःशुल्क क्रेडिट कार्ड
रू. १० लाखको दुर्घटना बीमा
अन्य थुप्रै सुविधाहरू
सानिमा बैंक

अध्यक्ष तथा सदस्यको लागि तोकिएको योग्यता र अनुभव, कर्मचारी व्यवस्था र त्यसको लागि तोकिएको काम, कर्तव्य र अधिकारको आधारमा यो संस्था वास्तवमा स्वायत्त, सक्षम, सबल र सहकारी क्षेत्रको प्रभावकारी नियमन र यस क्षेत्रको उत्तरोत्तर विकास गर्न सक्षम हुन नसक्ने भएकोले त्यसमा संशोधन गरेर यसलाई सहकारी आन्दोलनलाई माथिल्लो स्तरमा पुऱ्याएर मुलुकको दिगो विकासमा टेवा पुऱ्याउने सपना, आँट र अठोट भएका व्यवस्थापक र कर्मचारी नियुक्त गर्न सकिने आधार तयार गरिनु पर्दछ । व्यवहारमा नेपालका सबभन्दा योग्य व्यक्तिहरूलाई व्यवस्थापक तथा कर्मचारीका रूपमा नियुक्त गरेर यस संस्थाले सहकारीको नियमन, विकास र विस्तारमा महत्वपूर्ण योगदान दिन सक्ने वातावरण तयार गरिनु पर्दछ । यसैगरी, सहकारी आन्दोलनको सफलताका लागि समस्याग्रस्त सहकारी संघ वा संस्था घोषणा गर्ने लगायतका विभिन्न कार्यहरू छिटोछरितो रूपमा सम्पन्न गर्नका लागि प्राधिकरणलाई स्वायत्त, अधिकारसम्पन्न र शक्तिशाली बनाइनु पर्दछ ।

सहकारीका सदस्यहरूको लागि आवश्यक मापदण्ड तोक्नु पर्दछ र सहकारीका आकांक्षीहरूलाई शुरुमा अस्थायी रूपमा आबद्ध गरेर निजको लागि सहकारी उपयुक्त भए/नभएको र सहकारीका लागि पनि निज सदस्य हुन योग्य भए/नभएको यकिन भएपछि मात्र सदस्यता दिनुपर्छ । सरोकारवालालाई सहकारीका मूल्य, मान्यता, सिद्धान्तका साथै साधारण सभा गर्ने, निर्वाचन गर्ने, विवरण राख्ने, लेखापरीक्षण गराउने, प्रतिवेदन तयार गर्ने जस्ता औपचारिकताहरूका बारेमा पूर्णरूपमा जानकारी गराएर स्वनियममा चल्ने सहकारीलाई निर्बाध रूपमा सञ्चालन गर्न सकिने वातावरण सिर्जना गर्नुपर्दछ । यसैगरी सहकारकिो सञ्जाल निर्माण गरेर सहकार्य, ज्ञान साझेदारी र स्रोत एकीकरणलाई बढावा दिनु पर्दछ र नयाँ सहकारीलाई असल अभ्यासहरूसँग परिचित गराई चुनौती पार गर्न सक्षम बनाइनु पर्दछ ।

सहकारी संस्थासम्बन्धी अन्तरराष्ट्रिय तथ्यांकसँग नेपालको सहकारी संस्थाको संख्या तुलना गर्दा नेपालमा अनावश्यक रूपमा धेरै सहकारी दर्ता भएको देखिन्छ । उदाहरणका लागि ३४ करोड जनसंख्या भएको अमेरिकामा ३० हजार जति सहकारी र १ अर्ब ४५ करोड जनसंख्या भएको भारतमा ८ लाख जति सहकारी भएकोमा ३ करोड जति जनसंख्या भएको नेपालमा ३१ हजार ७ सय १५ सहकारी संस्था गठन भएका छन् । यसको अर्थ औसतमा प्रतिसहकारी अमेरिकामा ११ हजार ३ सय ३३ जना र भारतमा १ हजार ८ सय १२ जना पर्न आउँछ भने नेपालमा ९ सय ४६ जना मात्र ।

सहकारीमध्ये पनि नेपालमा वित्तीय सहकारीको मात्रा निकै धेरै छ । उदाहरणका लागि कुल सहकारीमा वित्तीय सहकारीको हिस्सा अमेरिकामा १५ प्रतिशत र भारतमा १० प्रतिशत रहेको छ भने नेपालमा कुल सहकारीमा बचत तथा ऋण सहकारीको हिस्सा आधा जति छ । नेपालमा बैंक तथा वित्तीय संस्थाहरू खोल्न सहज नभएको र तिनीहरूको तुलनमा

> **“सहकारीका समस्याहरू सुल्झिनको सट्टा झन बढ्दै गएको तथ्य सहकारी समस्या समाधान गर्नका लागि सरकारले वि.सं. २०२४ देखि वि.सं. २०८१ सम्म गठन गरेका १३ वटा टोली, कार्यदल, समिति तथा आयोगहरूको प्रतिवेदनमा गरिएको चित्रणबाट स्पष्ट हुन्छ ।**



सहकारीसम्बन्धी नियमहरू खुकुलो भएकाले पनि नेपालमा सहकारीको दुरुपयोग गर्ने उद्देश्य समेतले कतिपय बचत तथा ऋण सहकारी च्याउ जस्तै उम्रेका हुन् । सहकारीसम्बन्धी समस्याहरू पनि कुनियतले खोलेका ती सहकारीसँगै सम्बन्धित छन् । विद्यमान सहकारीमध्ये दुई तिहाई जतिलाई अन्यमा गाभेर वा विघटन गरेर सहकारीको संख्या १० हजारभन्दा तल झारिनु पर्दछ ।

**नेपालका लागि सहकारी दिगो आर्थिक विकासको मोडेल**

हाम्रो जस्तो हिमाली तथा पहाडी क्षेत्रको बाहुल्य भएको मुलुकमा राज्य र निजीक्षेत्रको पहुँच नपुगेका पिछडिएका क्षेत्र तथा समुदायमा समेत सहकारिताको माध्यमबाट उद्यमको विकास गर्न आवश्यक र सम्भव दुवै छ । स्थानीय समुदायमा छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन तथा सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरण गरी समृद्ध नेपालको निर्माण गर्न सहकारी अपरिहार्य हुँदै गएको छ ।

पश्चिमी मुलुकहरूले विकासशील देशलाई दिने सहायतामा ठूलो कटौती गरिरहेको र अमेरिकाले अन्तर्राष्ट्रिय मुद्रा कोष तथा विश्व बैंकलाई सहयोग नगर्न सक्ने सम्भावना भएको तथा ती संस्थाहरूबाट प्राप्त हुने सहयोग घट्न सक्ने र अमेरिकाले संरक्षणकारी नीति अपनाएमा त्यसको सिको अरूले पनि गर्न सक्ने सम्भावना भएको सन्दर्भमा आफ्नै बलबुतामा सञ्चालन गर्न सकिने सहकारीका माध्यमले मुलुकको दिगो विकास गर्नुपर्ने कुरा झनै सान्दर्भिक भएको छ ।

सहकारीको अन्तर्निहित चरित्रले गर्दा पनि यो नेपालको लागि दिगो आर्थिक विकासको मोडेल हुन सक्छ । सहकारीहरू छोटो अवधिमा मुनाफा केन्द्रित हुने भन्दा पनि दिगोपनमा बढी ध्यान दिने हुनाले तिनीहरू आर्थिक मन्दी/वित्तीय संकटबाट पनि कम प्रभावित हुन्छन् । सहकारीको मुनाफाको निश्चित प्रतिशत अनिवार्य रूपमा जगेडा कोषमा जम्मा गर्दछन्, जुन सहकारीको विस्तार गर्न र वित्तीय स्थिति असजिलो भएको समयमा प्रयोग गरेर वित्तीय स्थायित्व कायम गरिन्छ ।

सहकारीले स्रोतको जिम्मेवारीपूर्ण व्यवस्थापनमा जोड दिन्छ । उदाहरणका लागि जल, मत्स्य, वनजंगल आदि जस्ता प्राकृतिक स्रोतसँग सम्बन्धित सहकारीले ती स्रोतहरू आफ्ना भावी सन्ततिले समेत प्रयोग गर्न पाऊन् भन्ने किसिमले सतर्कता अपनाएर प्रयोग गर्दछन् । हरित अभ्यासहरू अपनाउँछन् र वातावरणमा पर्ने नकारात्मक प्रभाव कम गर्ने प्रयास गर्दछन् । तिनीहरूले स्थानीय र समुदायको हितलाई प्राथमिकता दिएर स्थानीय अर्थतन्त्रमा लगानी गर्ने हुँदा स्थानीय समुदायको विकासमा पनि महत्वपूर्ण भूमिका निभाउँछन् ।

खासगरी श्रमिक सहकारीका कामदारहरू सहकारीका महत्वपूर्ण निर्णयहरूमा सहभागी हुने र सहकारीलाई नियन्त्रण गर्ने हुँदा उचित सम्मान पाएको महसुस गर्ने हुनाले कामको सन्तुष्टि अनुभव गर्दछन् । यसले तिनीहरूको मनोबल उच्च हुन्छ र उत्पादकत्वमा वृद्धि आउँछ । परम्परागत व्यवसायभन्दा सहकारीमा रोजगारीको स्थायित्व हुने भएकाले पनि कामदार कामप्रति बढी सन्तुष्ट हुन्छन् ।

अन्य प्रकारका व्यापार व्यवसायमा झैं सहकारीमा पनि विभिन्न समस्या उत्पन्न नहुने होइन । खोलिएका सबै सहकारी सफल हुन्छन् भन्ने पनि होइन । तर सहकारीको विशेष किसिमको प्रकृतिले गर्दा अन्य व्यापार व्यवसयाको तुलनामा सहकारीमा सफल हुने प्रतिशत बढी भएको कुरा क्यानाडा, बेलायत लगायतका विभिन्न देशमा गरिएका अध्ययनले देखाएका छन् । उदाहरणका लागि क्यानाडाको क्युबेकमा २००८ मा गरिएको एक अध्ययनको निष्कर्ष निम्नानुसार थियो ।

| समय अवधि | व्यवसाय बाँच्ने दर | |
|---|---|---|
| | समग्र व्यवसाय | सहकारी व्यवसाय |
| ३ वर्षपछि | ४८.२ प्रतिशत | ७४.९ प्रतिशत |
| ५ वर्षपछि | ३५.० प्रतिशत | ६२.० प्रतिशत |
| १० वर्षपछि | १९.५ प्रतिशत | ४४.३ प्रतिशत |

यसैगरी संयुक्त अधिराज्यमा सन् २०१८ मा गरिएको एक अध्ययनले स्थापनाको पहिलो पाँच वर्षमा अन्य प्रकारका व्यवसाय बाँच्ने सम्भावना ४४ प्रतिशत भएकोमा सहकारी व्यवसाय बँच्ने सम्भावना ८० प्रतिशत रहेको पाएको थियो ।

सन् १९३० को विश्व आर्थिक मन्दी, २००८ तिरको विश्व वित्तीय संकट वा कोभिड-१९ को विश्व महामारीको समयमा बैंक, वित्तीय संस्था तथा अन्य व्यवसायको तुलनामा सहकारी कम प्रभावित भएको व्यावहारिक अनुभव छ ।

> **नैतिक मूल्य, मान्यता तथा सिद्धान्तका आधारमा सञ्चालन हुने सहकारी स्वेच्छाले एकताबद्ध भएका व्यक्तिहरूले आफ्ना साझा आर्थिक, सामाजिक तथा सांस्कृति आवयकता तथा आकांक्षाहरू पूरा गर्ने उद्देश्यले स्थापना गरिएको स्वायत्त संस्था हो ।**

**निष्कर्ष**

नैतिक मूल्य, मान्यता तथा सिद्धान्तका आधारमा सञ्चालन हुने सहकारी स्वेच्छाले एकताबद्ध भएका व्यक्तिहरूले आफ्ना साझा आर्थिक, सामाजिक तथा सांस्कृति आवयकता तथा आकांक्षाहरू पूरा गर्ने उद्देश्यले स्थापना गरिएको स्वायत्त संस्था हो । यो दिगो, नैतिक र समावेशी व्यावसायिक मोडेल हो । यसले लोकतान्त्रिक निर्णय लिने, आय असमानता घटाउने र समतामूलक अर्थतन्त्रको निर्माण गर्ने कुरामा जोड दिन्छ । विश्वमा बढ्दै गएको यसको प्रयोगले यो मोडेल व्यावहारिक र दिगो दुवै भएको देखाउँछ र हाम्रा लागि पनि यो त्यतिकै सान्दर्भिक छ । सहकारीका आकांक्षीहरूका लागि शैक्षिक तथा तालिम कार्यक्रम सञ्चालन गरेर सहकारीका मूल्यमान्यता, सिद्धान्त, सुशासन, वित्तीय साक्षरता तथा नेतृत्व विकास गरेर सहकारीलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सक्ने वातावरण सिर्जना गर्नुपर्दछ । सहकारीको सञ्जाल निर्माण गरेर सहकार्य र ज्ञान साझेदारीलाई बढाइनुपर्दछ र सहकारी व्यवसाय सदस्यहरूका लागि मात्र नभई समुदाय र व्यापक अर्थतन्त्रका लागि पनि फाइदाजनक हुन्छ भन्नेबारे जनसमुदायलाई जानकारी गराउनु पर्दछ ।

*लेखक करविज्ञ हुन् ।*




# रूपान्तरणकारी विकासमा
# डिजिटल पूर्वाधार

**पछिल्लो समय डिजिटल कारोबार तथा ठगीमा नयाँ शैलीका अभ्यास भइरहेको देखिन्छ । अहिले कारोबार मात्र होइन, ठगी समेत डिजिटल्ली भइरहेको छ । डिजिटल ठगीलाई भौतिक अनुसन्धानले रोक्न नसकिने परिस्थिति बनिसकेको छ ।**



गुरूप्रसाद पौडेल

नेपालको निजीक्षेत्रले बैंकिङ प्रणालीबाट धेरै र केही रकम पूँजी बजार र विदेशी लगानीबाट जुटाउँछ । अतः निजीक्षेत्रको वित्तीय स्रोतको अपूर्तिमा बैंक तथा वित्तीय संस्थाहरूको सर्वोपरि स्थान रहन्छ । त्यति मात्र हैन, सरकारको पूँजीगत खर्च मुख्यतः बजेट तथा वित्त नीतिबाट निर्देशित भए पनि कुल वित्त प्रवाहको महत्वपूर्ण हिस्सा बैंकिङ प्रणालीमार्फत नै भइरहेको हुन्छ । मुलुकको आर्थिक विकासमा वित्तीय क्षेत्रको गहिरो योगदान रहने विषयलाइ हामी कसैले पनि नकार्न सकिन्न । अतः मुलुक निर्माणमा लाग्नेहरूले वित्तीय क्षेत्रको सुदृढीकरण गर्ने र वित्तीय स्थायित्वलाई कायम राख्ने विषयमा प्रारम्भमै सोच्नु पर्दछ, यो क्षेत्रप्रति संवेदनशील बन्नुपर्छ ।

### वित्तीय प्रणालीको डिजिटलाइजेसन

बैंकहरूलाई प्राप्त हुने वित्तीय स्रोत निश्चित लागतमा आधारित हुन्छ, यसले समग्र वित्तीय सेवाहरूको मूल्य निर्धारणमा प्रत्यक्ष प्रभाव पार्छ । त्यसैले, बैंकिङ प्रणालीलाई अझ प्रभावकारी, लागत-प्रभावी र प्रतिस्पर्धी बनाउन वित्तीय नवप्रवर्तन आवश्यक छ । प्रविधिमा आधारित वित्तीय पूर्वाधारको विकास गरी वित्तीय साधनलाइ प्रत्यक्षरूपमा उत्पादनसँग जोडेर आय आर्जन बढाउन सक्नु पर्दछ । त्यसका लागि आवश्यकताअनुसार नियामकीय लचिलोपनको नीतिबारे पनि सोच्नु पर्दछ ।

हामीले चर्चा गर्न खोजेको विषय वित्तीय क्षेत्रमा सुधार गरी रूपान्तरणकारी योजनामा कसरी सघाउन सकिएला भन्ने रहेकाले त्यतैतर्फ केन्द्रित हुन सान्दर्भिक ठहरिन्छ । त्यसका लागि प्रारम्भमै नेपालको वित्तीय क्षेत्रलाई रूपान्तरण गर्दै दिगो आर्थिक वृद्धिको लागि सशक्त बनाउनु आवश्यक छ । वित्तीय सेवाहरूको प्रभावकारिता, पहुँच र लागत-प्रभावशीलता वृद्धि गर्न आधुनिक बैंकिङ प्रणालीलाई डिजिटल बैंकिङमा रूपान्तरण गर्नु अपरिहार्य छ । अहिलेको परिवेशमा इन्टरनेट बैंकिङ आर्थिक सशक्तीकरणको प्रमुख आधार पनि हो । तर डिजिटल बैंकिङका लागि डिजिटल इकोसिस्टम जरूरी छ ।

डिजिटल इकोसिस्टममा डिजिटल सार्वजनिक पूर्वाधारको निर्माण एक पूर्वशर्त हो । यही पूर्वाधारका आधारमा ओपन बैंकिङ फ्रेमवर्कमा एकीकृत डिजिटल वित्तीय प्रणाली विकास भई डिजिटल भुक्तानीको एक उन्नत डिजिटल भुक्तानी इकोसिस्टम निर्माण हुनसक्छ । अनि डिजिटल पूर्वाधारलाई केवल भुक्तानी प्रणालीको सुधारमा सीमित नराखी अर्थतन्त्रका सबै क्षेत्रमा लागु गर्न सकिन्छ । नेपाल सरकारले सन् २०१९ मा जारी गरेको डिजिटल नेपाल फ्रेमवर्क (डिएनएफ)को वास्तविक उद्देश्य पनि यही थियो । फ्रेमवर्कले औंल्याएको डिजिटल पूर्वाधार विकासमा हाल भएका प्रयासहरू सकारात्मक भए पनि नीतिगत स्थायित्व, सार्वजनिक-निजी सहकार्य गरी यस क्षेत्रमा थप लगानीको आवश्यकता छ ।

**डिजिटल पूर्वाधारको अवस्था**

डिजिटल नेपाल फ्रेमवर्क, २०१९ ले मुलुकलाई आठवटा क्षेत्रमा विभक्त गरी ८० वटा पहलमार्फत नेपालको समग्र अर्थतन्त्रलाई डिजिटलमय बनाउन बनाउने सपना देखेको थियो । तीमध्ये पनि पहिलो क्षेत्र वा लक्ष्य नै डिजिटल फाउण्डेसन अर्थात् आधारशिला तयार गर्नु थियो । डिजिटल फाउण्डेसन भनेकै डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर हुन् । अबको नेपालको रूपान्तरणकारी योजना पनि यिनै डिजिटल पूर्वाधार हुन् । त्यसैले अबको विकास निर्माणमा भौतिक पूर्वाधारमा मात्रै नभई सरकार र निजीक्षेत्र दुवैको ध्यान डिजिटल पूर्वाधार विकासमा पनि जानु जरुरी छ ।

**डिजिटल नेपाल फ्रेमवर्कमा समाविष्ट डिजिटल पूर्वाधार एवं अन्य पहलहरू :**

- इन्टरनेटलाई अत्यावश्यक सेवाको रूपमा विकास गर्ने
- देशव्यापी रूपमा फोरजी सेवाको विस्तार गर्ने
- सात सय ५३ वटै तहमा अप्टिकल फाइबर पुऱ्याएर इन्टरनेटमा सबैको पहुँच पुऱ्याउने
- फाइभजी नेटवर्क प्रयोगमा ल्याउने
- डेटा सेन्टर स्थापना गर्ने
- क्लाउडमा सर्वसुलभ पहुँच पुऱ्याउने
- राष्ट्रिय बायोमेट्रिक परिचय पत्र लागू गर्ने
- सार्वजनिक सेवा प्रवाहको लागि उच्च गतिको इन्टरनेट कनेक्टिभिटी पुऱ्याउने
- विशेष आर्थिक क्षेत्रमा सूचना प्रविधि ज्ञान पार्क स्थापना गर्ने
- नागरिक सेवाको लागि एकीकृत नेपाल सरकार मोबाइल एप तयार गरी सञ्चालनमा ल्याउने
- कागजरहित सरकारको अवधारणालाई साकार रूप दिने
- राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना गर्ने
- प्रादेशिक डेटा केन्द्रहरूको स्थापना गर्ने
- डिजिटल हस्ताक्षरको कार्यान्वयन गर्ने
- क्रेडिट रेटिङ सञ्चालन गर्ने
- सरकारी ई-सिकाइ प्लाटफर्म सञ्चालनमा ल्याउने
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई व्यापकता दिने
- ई-हाट बजार सञ्चालन गर्ने आदि

> **ट्रान्सपरेन्सी इन्टरनेशनलका अनुसार नेपालको भ्रष्टाचार अवधारणा सूचकांकमा प्राप्त स्कोर पछिल्लो केही वर्षदेखि ३४ वा ३५ को बीचमा स्थिर रहेको छ । यस्तो अंक ५० भन्दा कम प्राप्त गर्नेहरू भ्रष्ट राष्ट्र मानिन्छन् ।**



**बैंकिङमा डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर**

डिजिटल नेपाल फ्रेमवर्कले परिकल्पना गरेका आठवटा क्षेत्रमध्ये वित्तीय अर्थात् बैंकिङ क्षेत्र नै तुलनात्मक रूपमा सबैभन्दा बढी डिजिटलाइज्ड हुन सकेको छ । यस क्षेत्रमा भएका केही आशालाग्दा पहल यसप्रकार छन् :

- नेपालको बैंकिङ तथा वित्तीय क्षेत्रको डिजिटल पूर्वाधारको कुरा गर्नुपर्दा हामीकहाँ रिटेल पेमेन्ट स्वीचको स्थापना भइसकेको छ भने नेपालको आफ्नै

'डोमेस्टिक कार्ड स्किम' लागु गर्ने काम पनि अन्तिम चरणमा पुगेको छ, तत्पश्चात् छिट्टै नै नेशनल पेमेन्ट स्वीच कार्यान्वयनले पूर्णता पाउनेछ ।

- अर्को महत्वपूर्ण उपलब्धि भनेको ठूलाठूला रकमको सेटलमेण्ट तत्कालै नेपालभित्रै हुनेगरी आरटिजिएस प्रणालीको स्थापना भई कार्यान्वयनमा आएको छ ।

> **तथ्यांकको सुरक्षासँगै आवश्यकताअनुसार त्यसको उपयोग पनि हुनुपर्छ । एउटा निश्चित स्थानमा रहेका तथ्यांक सरकारी निकाय वा निजीक्षेत्रले पनि सुरक्षित तरिकाले प्रयोग गर्न सक्ने इन्टरअपरेबल (अन्तरसञ्चालन)को वातावरण बनाउनुपर्छ ।**






- सरकारी सेवा विद्युतीय माध्यमबाट लिई त्यसबापतको भुक्तानी विद्युतीय माध्यमबाटै गर्न सकिने वातावरण बन्दै गएको छ ।
- नेपालबाट कामको खोजीमा विदेश गएका (करिब १७ प्रतिशत जनसंख्याको हिस्सा)ले अहिले डिजिटल पूर्वाधारको सहयोगमा सस्तो लागतमा विदेशबाट नेपालमा पैसा पठाउन सकेका छन् भने नेपालमै बसेर काम गर्ने गिग वर्करले सजिलै भुक्तानी प्राप्त गर्न सक्ने वातावरण बन्दै गएको छ ।

**भ्रष्टाचारको जालो तोडेर विकास निर्माणमा लाग्न डिजिटल पूर्वाधारको भूमिका :**

- डिजिटल पूर्वाधारको विकासले सार्वजनिक सेवामा सर्वसाधारणको भौतिक उपस्थितको मात्रा घटाउँदै जान्छ । यसले काममा हुने ढिलासुस्ती मात्रै हटाउँदैन, काम पूरा गराउन अवैधानिक आर्थिक लेनदेन हुन्छ भन्ने आममानिसको गुनासो पनि कम हुँदै जानेछ । डिजिटल भुक्तानीको कारण आर्थिक लेनदेन वा कारोबारमा पारदर्शिता बढ्दै जान्छ । पारदर्शिता बढ्यो भने समग्र अर्थतन्त्र विकासमा सहयोग पुग्नेछ ।
- ट्रान्सपरेन्सी इन्टरनेशनलका अनुसार नेपालको भ्रष्टाचार अवधारणा सूचकांकमा प्राप्त स्कोर पछिल्लो केही वर्षदेखि ३४ वा ३५ को बीचमा स्थिर रहेको छ । यस्तो अंक ५० भन्दा कम प्राप्त गर्नेहरू भ्रष्ट राष्ट्र मानिन्छन् । विशेषगरी सन् २०१७ देखि सन् २०२३ सम्म नेपालले लगातार ३४ वा ३५ अंक प्राप्त गरेको देखिन्छ । यसले के संकेत गर्छ भने नेपालमा भ्रष्टाचार नियन्त्रणमा उल्लेखनीय सुधार भएको छैन । यस अवधिमा नेपालले भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न प्रयासहरू गरे पनि तिनको प्रभाव दर्बिलो देखिएको छैन ।
- डिजिटल अर्थतन्त्रको निर्माणमा हामी जुट्यौं र यसलाई कार्यान्वनमा ल्यायौं भने नेपालमा पारदर्शी अभ्यासले बढावा पाई भ्रष्टाचार घट्न सक्ने देखिन्छ । सरकारी कार्यालयका ढोका, झ्याल तथा कर्मचारी चढ्ने गाडीमा 'म भ्रष्टाचार गर्दिन' भन्ने स्टिकर टाँसैकै भरमा भ्रष्टाचार रोकिँदैन । त्यसैले सर्वसाधारणले उपस्थित भएरै सेवा लिनुपर्ने व्यवस्थालाई घटाउँदै जाने, सबै सार्वजनिक सेवाहरू विद्युतीय माध्यमबाटै प्राप्त गर्न सकिने गरी प्रत्याभूत गर्ने र सेवाको भुक्तानी प्रक्रिया बिना कठिनाइ (सिमलेस्ली) हुने व्यवस्था गरिनु पर्छ । यस्तो भएमा नेपालको भ्रष्टाचार अवधारणा सूचकांकमा सुधार हुँदै जानेछ ।

**डिजिटल अर्थतन्त्र निर्माणमा अब नगरी नहुने काम** :

- डिजिटल अर्थतन्त्रमा तथ्यांकको प्रयोगको अत्यन्त महत्वपूर्ण स्थान रहन्छ । डेटाको सुरक्षा र प्रयोगका सम्बन्धमा आवश्यक कानुनी व्यवस्था हुनुपर्छ, अबको संसारमा डेटा नै सम्पत्ति हो । जोसँग धेरै र गुणस्तरीय तथ्यांक छ, उही देश धनी हुने अवस्था छ । अहिलेका हाम्रा कानुनहरू यस्ता तथ्यांकको सुरक्षा तथा प्रयोगमा पर्याप्त छैनन् । डिजिटल वैयक्तिक डेटाको सुरक्षा र गोपनीयता सुनिश्चित गर्न त्यसैले डेटाको प्राप्ति, प्रयोग तथा सुरक्षाका लागि अवश्यक कानून बनाउनु पर्छ ।
- तथ्यांकको सुरक्षासँगै आवश्यकताअनुसार त्यसको उपयोग पनि हुनुपर्छ । एउटा निश्चित स्थानमा रहेका तथ्यांक सरकारी निकाय वा निजीक्षेत्रले पनि सुरक्षित तरिकाले प्रयोग गर्न सक्ने इन्टरअपरेबल (अन्तरसञ्चालन)को वातावारण बनाउनुपर्छ । अहिले नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायसँग भएका तथ्यांकको अलगअलग प्रयोग भइरहेको छ, त्यसलाई इन्टरअपरेबल बनाउनु पर्ने आवश्यकता छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा नागरिकहरूको बायोमेट्रिकलगायत मुख्य विवरणहरू जम्मा भएका छन्, त्यसको समुचित उपयोग हुने वातावरणा बनाइनु पर्छ । इन्टरअपरेबल बनाउने क्रममा यसको लागतलाई समेत ध्यान दिनुपर्छ ।
- पछिल्लो समयमा डिजिटल कारोबार तथा ठगीमा नयाँ शैलीका अभ्यासमा भइरहेको देखिन्छ । अहिले कारोबार मात्र होइन, ठगी समेत डिजिटल्ली भइरहेको छ । डिजिटल ठगीलाई भौतिक अनुसन्धानले रोक्न नसकिने परिस्थिति बनिसकेको छ । त्यसका लागि नियामकहरू पनि बलियो बन्दै जानु पर्छ ।
- सुरक्षाको कुरा गरिरहँदा सम्पत्ति शुद्धिकरण निवारणको कुरा पनि अगाडि आउँछ । हालै मात्र म्युचुअल इभ्यालुएशनको क्रममा फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटिएफ) को एसिया प्रशान्त समूहले सम्पत्ति शुद्धीकरण निवारणमा पालना गर्नुपर्ने नियम नेपालले पालना नगरेको भन्दै 'ग्रे लिस्ट'मा राखेको छ । हामीले यो सूचीबाट बाहिरिनको लागि दुई वर्षको समयावधि पाएका छौं । यसअघि पनि नेपाल सन् २०११ देखि २०१४ सम्म यो सूचीमा परेको थियो । यसपटक भने हामीले एफएटिएफले तोकेको मापदण्डअनुसारको 'इफेक्टिभनेस' वा प्रभावकारितामा थुप्रै कामहरू गर्नुपर्ने छ । यी कामहरू गर्ने वा यसमा सुधार ल्याउने भनेकै डिजिटल सुधारबाट हो ।

**र अन्तमा,**

हालैको एउटा घटना स्मरण गरौं । काठमाडौंमा प्रहरीले ट्रकमा ओसार्दै गरेको २५ करोड रुपैयाँ बराबरका विदेशी मुद्रा फेला पार्‍यो । प्रणालीभन्दा बाहिर कसरी यत्रो रकम फेला पर्‍यो ? यदि हामीले डिजिटल प्रणालीलाई सोचेअनुरूप अगाडि बढाउन सकेको भए यो घटना सम्भव थिएन । अब मुलुकका विभिन्न नियामकीय निकायअन्तर्गतका संस्थाहरूमार्फत हुने ठूला रकमको कारोबार फाइनान्सियल इन्टेलिजेन्स युनिटले सञ्चालन गरेको गोएएमएल प्रणालीमा आबद्ध भई नियमित रिपोर्टिङ हुन जरुरी छ ।

*पौडेल नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक हुन् ।*






# लगानी व्यवस्थापन र राष्ट्रिय हित प्रवर्द्धन

**हामीले मुलुकका बृहत्तर सामाजिक आर्थिक तथा क्षेत्रगत लक्ष्य निर्धारण गर्नुपर्छ । राज्यका प्राथमिकताहरू स्पष्ट हुनुपर्छ । ती कुरा नीति, रणनीति र कार्यनीतिमार्फत स्पष्ट पारिएको हुनुपर्छ । लगानी आकर्षणको नीति कागजमा मात्र स्पष्ट भएर हुँदैन ।**



सुशील भट्ट

लगानी व्यवस्थापन र राष्ट्रहित प्रवर्द्धन संवेदनशील विषयवस्तु हो । यसमा पहिले लगानीको प्रकृति र क्षेत्र हेर्नुपर्छ । निजी वा सार्वजनिक तथा राष्ट्रिय वा वैदेशिक कुन प्रकृतिको लगानी हो, सोहीअनुसार मुलुकको हित पनि फरकफरक ढंगले जोडिन पुग्छ । यसमा लगानी के का लागि र कुन क्षेत्रमा कस्तो लगानी भन्ने कुरा प्रष्ट हुनुपर्छ ।

लगानी व्यवस्थापन भनेको गतिशील र बहुआयामिक ढंगले उपलब्ध साधन स्रोतलाई परिचालन गर्ने, त्यसबाट लाभ सिर्जना गर्ने, लाभ र चुनौतीको साझेदारी गर्दै समग्र अर्थतन्त्रका अवयवहरूलाई सुदृढ गर्दै जाने बृहत्तर परिदृश्य हो । लगानीकर्ताको वित्तीय लक्ष्य प्राप्तिमा सहजीकरण गरिदिने र सोही क्रममा राष्ट्रिय आकाङ्क्षाको परिपूरण के कति हिसाबले गर्न सकिन्छ, त्यसको पूर्वलेखाजोखा गर्ने र निश्चित विधि एवम् प्रक्रियामार्फत लगानीकर्ता र राज्यबीचको सहकार्य र सहअस्तित्व प्रवर्द्धन गर्दै जाने काम लगानीको दिगो व्यवस्थापन हो । निजीक्षेत्रको लगानी नाफाका लागि हो । सार्वजनिक लगानीले हो जनताको हित रक्षा गर्ने । निजीक्षेत्रलाई नाफामूलक बनाउन पनि राज्यले लगानी गर्नुपर्छ । राज्यको सालबसाली लगानीले नाफा हेर्दैन, आर्थिक हित हेर्छ ।

राज्यको नियमित खर्चबाट भएको चालु खर्चले समेत पूँजीगत परिणाम निकाल्नु पर्छ । त्यसका लागि नियमनमार्फत सहजीकरणको आवश्यकता पर्छ। यद्यपि लगानी वा परियोजनामा सार्वजनिक निजी साझेदारीका लागि अझै हामीकहाँ राम्रो मोडेल बन्न सकेको छैन । सार्वजनिक (सरकारी)का लागि मात्र यस्तो मोडेल बनेका छन् ।

सम्पत्ति तथा पूँजी निर्माणमार्फत आर्थिक उन्नतिको जग निर्माण गर्न राज्यले लगानी गर्ने हो । निजीक्षेत्रले त्यो जग फेला पार्‍यो भने लगानी गर्छ । त्यसैले थप लगानी र पूँजी आकर्षित गर्नेगरी सडक, विद्युत, सिँचाइ, भन्सार, बन्दरगाहलगायत पूर्वाधार निर्माणमा राज्यले लगानी गर्नुपर्छ। हाम्रो विकासलाई यसै हिसाबले पनि प्राथमिकीकरण गर्नुपर्ने हुन्छ । बेलायतले यस्तो कार्यका लागि दुई सय वर्षदेखि नै छुट्टै मन्त्रालय बनाएको छ । हामीकहाँ निजीक्षेत्रको पूँजी व्यवस्थापन गर्ने कुरा अझै संवेदनशील छ, त्यसबारे खासै ध्यान गएको देखिँदैन ।

राष्ट्रिय स्वार्थ भन्ने चिज पूर्व परिभाषित हुनुपर्ने हो । हामीले गरेका गतिविधिले राष्ट्रहित भएको छ, छैन हेर्नुपर्छ । निजीक्षेत्र नाफाको लक्ष्य निर्धारण गरेर मात्र लगानीको जोखिम व्यहोर्न तयार भएको हुन्छ । यस क्षेत्रले गरेको लगानीबाट विकास सूचकमा हुने योगदान के हुन्छ भन्ने विषयलाई पनि उत्तिकै ध्यान दिनुपर्छ। राज्यले कर मात्र होइन, समग्र आर्थिक सूचकमा बलियो बनाउने कुरामा ध्यान दिनुपर्छ ।

हामीले मुलुकका बृहत्तर सामाजिक आर्थिक तथा क्षेत्रगत लक्ष्य निर्धारण गर्नुपर्छ । राज्यका प्राथमिकताहरू स्पष्ट हुनुपर्छ । ती कुरा नीति, रणनीति र कार्यनीतिमार्फत स्पष्ट पारिएको हुनुपर्छ । लगानी आकर्षणको नीति कागजमा मात्र स्पष्ट भएर हुँदैन । त्यसका लागि व्यवहार र अभ्यासमै सुधार गरेको हुनुपर्छ । निजीक्षेत्रका लागि विश्वासको वातावरण बनाउनु पर्छ, उसको मनोबल उच्च बनाउनुपर्छ । सरकार परिवर्तन होला, व्यवस्था परिवर्तन होला तर राज्यले उद्यमी व्यवसायी तथा लगानीकर्तालाई ढुक्क हुने गरी नीतिगत स्थिरता कायम हुनेमा ढुक्क पार्न सक्नुपर्छ । नीतिगत स्थिरता कायम गर्न ठूला परियोजना व्यवस्थापन गर्ने लगानी बोर्ड, भौतिक पूर्वाधार मन्त्रालय, वन मन्त्रालय, अर्थ मन्त्रालयदेखि सबै सरोकारवाला निकायबीच तादात्म्य हुनैपर्छ । अन्यथा हामी कहीँ पुग्दैनौं ।

कतिपय अवस्थामा विकास तथा समृद्धिको संवाहक बन्नुपर्ने सरोकारवालाको सोच सन् १९९० को दशकको सोचभन्दा पनि पश्चगामी भएजस्तो देखिन्छ । हिजो निजीक्षेत्रलाई विकास र समृद्धिको संवाहक बन्न उत्साहित पार्ने रूपान्तरणकारी सोच र आँट गरेकाले आज हामी यहाँ आइपुगेका हौं । तर त्यो कामलाई समयानूकुल प्रगतिशिल, व्यवस्थित र अझै बहुआयामिक बनाउनुपर्नेमा त्यसको उल्टो भइरहेको पनि देखिन्छ ।

वास्तवमा विकासे मन्त्रालयले अहिले पनि प्रगतिशील सोच बनाएको पाइँदैन । सुरुवातमा सुव्यवस्था भएन होला । त्यो कमजोरीलाई जिम्मेवार अधिकारीले सुधार गर्दै थप स्पष्टता ल्याउनु पर्ने थियो । त्यो पनि हुन सकिरहेको छैन । जस्तो कि जलविद्युत् क्षेत्रमा पहिले निजीक्षेत्रलाई प्रवेश गराउन आँट गरेर लाइसेन्स प्रदान गरियो । निवेदनमा तोक लगाएर मात्रै पनि दिइए होला तर ती आयोजना त निश्चित अवधिपछि राज्यको स्वामित्वमा आउने हुन् । अब ती कुन हालतमा चल्ने कुन अवस्थामा राज्यले पाउनेजस्ता कुराको स्पस्ट खाका त राज्यको स्वार्थ रक्षा गर्ने भनिएका निकायहरूले व्यवस्थित गर्दै लैजानुपर्ने हो । त्यस्ता आयोजनाबाट निजीक्षेत्रले लक्षित उपयुक्त नाफा आर्जन गरेको होस्, चल्दै गर्दा अर्थतन्त्रलाई बहुआयामिक योगदान गरिरहेको होस् र अन्तमा राज्यले प्राप्त गर्दा पनि स्वस्थकर अवस्थामा प्राप्त गरोस् । यस्ता कुराको प्रत्याभूति गर्नबाट सम्बन्धित निकाय चुक्नु भएन ।

लगानी बोर्डमा रहँदा यस्ता धेरै चिज व्यवस्थित गर्ने र स्पष्ट पार्ने प्रयास हामीले गरेका हौं । जस्तो कि १ सय मिटर जमिनमुनि रहेको विद्युत्गृहको मुख्य प्राविधिक उपकरणको मात्र होइन, तिनको सुरक्षा गर्ने पूर्वाधार कस्ता हुनुपर्ने भन्नेसम्मको मापदण्ड तयार गरियो । राज्यले प्राप्त गर्दाका बखत त्यो सम्पत्ति राज्यलाई नै घाँडो हुने गरी हस्तान्तरण हुनु त भएन । यसर्थ विकास व्यवस्थापन भन्ने कुरा दूरदृष्टियुक्त र नीतिगत व्यवस्थापनको कुरा हो । अर्को कुरा हामीले दिने लगानीको मोडेल के हो भन्नेबारे पनि हामी स्पष्ट हुनुपर्छ ।

राज्यले सबै क्षेत्रमा लगानी गर्न सक्दैन र गर्नु हुँदैन पनि । कस्ता कुरामा राज्यको लगानी रहने भन्ने कुरा स्पष्ट हुनुपर्छ । निजीक्षेत्र आउनु हुँदैन भन्ने क्षेत्र पनि हुनसक्छ । भारतमा नीतिन गड्करीले पूर्वाधार तथा लगानी क्षेत्रमा व्यापक परिवर्तन ल्याउन सकेको सार्वजनिक विकासले होइन । उनले निजीक्षेत्रका लागि विश्वासिलो नीतिगत र कानुनी आधार बनाइदिए । राज्यको स्वार्थलाई बृहत्तर परिदृश्यमा साकार पार्ने गरी उसलाई स्वायत्त र जिम्मेवार ढंगले काम गर्ने

**विकासमा राज्यको स्वार्थ जनजीविकासँग पनि जोडिएको हुनुपर्छ । निजीक्षेत्रका लागि विकास परियोजना व्यवसाय वा उद्यम विस्तारको स्वार्थमा जोडिएको हुन्छ । तर मुलुकको स्वार्थ भने जनताको जीवनस्तर सुख सुविधा र अन्त्यमा खुसीसँग जोडिन पुग्छ ।**



वातावरण बनाइदिए । व्यवस्थापकीय चुस्तता र विश्वसनीय बाह्य वित्तमा पहुँच राखेर उनले निजीक्षेत्रको साथ लिई रोड, एरोडम र लजिष्टिक पूर्वाधार बनाइरहेका छन् । उनले राज्यको सीमित साधन स्रोतलाई निजीक्षेत्रको लगानी मनोबल बढाउने उत्तोलकका रूपमा परिचालन गरी त्यस्तो सफलता हासिल गरेका हुन् । उनले विकासको खेल सही ढंगले खेल्न सकेकाले नै पर्याप्त मात्रामा लगानी आएको देखिन्छ ।

नेपालमा पनि सार्वजनिक निजी साझेदारीको कुरा धेरै हुन्छ । ऐन, कानुन र व्यवहारको चर्चा चल्छ । तर व्यवहारमा परिवर्तन ल्याउने गरी काम गर्ने क्षमता विकास भएकै छैन । नेपालमा जानेका व्यक्ति धेरै छन् । तर यो प्रक्रियालाई कार्यान्वयन गर्ने समग्र इकोसिस्टम नै स्थापित छैन । हाम्रो प्रशासनमा संस्थागत संस्मरण नै राष्ट्रिय समस्या भइरहेको छ । कतिपय मन्त्रालय त यो मामिलामा 'मृतप्रायः' भएका छन् । लगानी बोर्डजस्तो संस्थालाई ठेक्कापट्टा गर्ने निकायका रूपमा बुझ्ने मन्त्रीहरू पनि हामीले झेल्नुपरेको थियो ।






**लगानी प्रवर्द्धन र राष्ट्रहितको रक्षा**

लगानी प्रवर्द्धन र राष्ट्रहितको रक्षा गर्ने सवालमा हामीले सरोकारवाला मन्त्रालयको भूमिका नै अझै बृहत् गर्नुपर्ने अवस्था छ । अर्थ मन्त्रालय रकम निकासा गर्ने र राजस्व उठाउने निकाय जस्तोमा मात्र सीमित हुनुहुन्न । लगानीको कुरा गर्दा राष्ट्रिय स्वार्थमा अब 'हरित विकास' पनि जोडिएको छ । विश्व यो विषयवस्तुमा तीन कदम अगाडि बढिसकेको छ । नेपालमा कुरा चाहिँ हुन्छ, प्रगति देखिँदैन । विश्वले 'ग्रिन फाइनान्सिङ'का विभिन्न मोडेलहरू कार्यान्वयनमा आएर लाभ लिन थालिसकेको छ । तर, हामी भने जहाँको तहीँ छौं । हरित, प्रतिरोधी र समावेशी विकासका कुरा सुनिरहेका छौं । तर प्रगति भने सुन्ने र सुनाउनेमै सीमित छ ।

विकासलाई वातावरणमैत्री बनाउनका लागि नयाँ रणनीति र कार्यनीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ । तर हाम्रो विकास प्रशासनको संरचनाले त्यो काम गर्न सकिरहेको छैन । लगानीकर्तालाई आश्वस्त पार्ने गरी हामीले मार्ग प्रशस्त गर्न नसके लगानी आउँदैन । हरित विकासमा हाम्रो तयारी के हो भन्ने नै निर्धारित भएको छैन । कतिसम्म भने नोडल एजेन्सी पनि अझै तोकिएको छैन ।

निजीक्षेत्रलाई प्रोत्साहित गर्ने काम सरकारको हो । सरकारको निर्देशित र कानूनी दृष्टिकोणबाट काम अगाडि बढ्छ । अन्यथा एकांकी र आंशिक रूपमा भएका प्रयासले दिगो परिणाम दिँदैनन् । केही निजी प्रतिष्ठानले ग्रिन फाइनान्सको अवधारणमा केही रकम ल्याउने प्रयास गरेका छन् । तर देखिने गरी प्रगति भएको छैन ।

लगानी बोर्डले सार्वजनिक निजी साझेदारीका लागि रोडम्याप बनाएको छ । तर कतिपय निकायले लगानी बोर्डलाई आफ्नो प्रतिस्पर्धी जस्तो मानिदिँदा धेरै पटक समस्या सिर्जना भएको छ । लगानी बोर्डले त सहजीकरण गरिदिने निकायका रूपमा काम गर्ने हो । तर कतिपयलाई हाम्रो परियोजना यसले लगिदियो भनेजस्तो भान परेछ । सरकारका विभिन्न निकायले यो रोडम्यापमा काम गर्न नचाहेको अथवा आफ्नो प्रभुत्व स्थापित गर्न खोजेको जस्तो देखिएको छ । बुझाइमा एकरूपता नहुँदा विकासमा लगानी आकर्षित गर्न समस्या हुन्छ ।

आयोजना तथा लगानी व्यवस्थापनमा हित रक्षाको कुरामा नेपालको प्रसाशनिक संरचना असाध्यै कमजोर देखिन्छ । निजीक्षेत्रलाई नाफाको वातावरण दिने, नागरिकले रोजगारी पाउने र आर्थिक सामाजिक अवस्थाका अन्य

अवयवमा राम्रा प्रभावहरू सिर्जना गर्नुपर्नेमा विकास प्रशासन तत्कालीन रूपमा राजस्वमुखी हुँदा पनि समस्या पर्छ । प्रत्यक्ष राजस्व कसरी र कति झार्न सकिन्छ भन्ने वित्तीय सोचबाट माथि उठेर समग्र आर्थिक तथा सामाजिक लाभ कति बढाउन सकिन्छ भन्ने सोच राखेर काम गर्नुपर्छ । यो कुरा बुझेर काम गर्ने हिम्मतिलो आर्थिक प्रशासन हामीलाई चाहिएको छ । अर्थ मन्त्रालय वास्तवमा आर्थिक हुनुपर्ने थियो । तर यसको काम गराइ वित्तीय प्रकृतिको मात्र छ ।

लगानी व्यवस्थापनका कुरामा 'अटोमेटेड रूट'का कुरा पनि आउँछन् । तर यो मात्र सर्वपूर्ण पनि होइन । लगानी कूटनीति र सुरक्षासँग पनि जोडिएको छ । राष्ट्रिय स्वार्थसँग लगानीको स्वार्थको तादात्म्य सिर्जना गर्न हामीले व्यवस्थापकीय शिल्प प्रयोग गर्नुपर्छ । उद्देश्य, प्रकार, मोडालिटी, अनुसार व्यवस्थापनका दृष्टिकोणहरू फरकफरक हुन्छ । यसमा हामी बहुआयामिक र लचकदार हुन सक्नु पर्छ ।

विकासमा राज्यको स्वार्थ जनजीविकासँग पनि जोडिएको हुनुपर्छ । निजीक्षेत्रका लागि विकास परियोजना व्यवसाय वा उद्यम विस्तारको स्वार्थमा जोडिएको हुन्छ । तर मुलुकको स्वार्थ भने जनताको जीवनस्तर सुख सुविधा र अन्त्यमा खुसीसँग जोडिन पुग्छ । यसको सम्बन्ध हामीले कुल गार्हस्थ्य उत्पादनमा हेर्ने हो । रोजगारी, उत्पादन, अन्तर्राष्ट्रिय व्यापार, खपत तथा उपभोगजस्ता पक्षमा यी कुराहरू जाँच गर्नुपर्छ । परियोजनाहरूलाई त्यही आधारमा मूल्याङ्कन गरेर शोकेस गर्नुपर्छ ।

विदेशी लगानीका परियोजना विकासका सन्दर्भमा नेपालमा राष्ट्रियताको विषय अनौठो छ । एमसीसीका परियोजना नेपालमा आउँदा अमेरिकी सेना आउँछ भनेर जनतालाई त्रसित पार्ने खालको राष्ट्रवादले लगानी आकर्षण र व्यवस्थापनलाई जटिल बनाउँछ । हो राष्ट्रिय सुरक्षा, स्वाधिनता, वातावरण, कूटनीतिक सम्बन्ध, भूराजनीति तथा रणनीतिक महत्वलाई हेरेर राष्ट्रियताको अडान निर्क्योल गर्ने काम राज्यकै हो । यस्ता कुरामा सम्झौता गर्नु पनि हुँदैन तर यस्ता विषयलाई सडकको विषय बन्न दिनु उपयुक्त हुँदैन ।

लगानीले विकास गर्ने हो । तर लगानी गर्ने र गर्न दिने (राज्यपक्ष) बीच 'म्याच मेकिङ' गर्नुपर्छ । दुवैका उद्देश्यलाई सूचकांकका रूपमा राखेर दुवैको हित रक्षा के कसरी गर्ने भनेर दुवै पक्षबीच गोलमेच नै गर्नुपर्ने हुन्छ । व्यवस्थापकीय शिल्प यहाँनेर देखिनुपर्छ । अनुमति दिने र नियमन गर्ने जस्ता राज्यका निकायले आफूलाई स्वामी ठान्दा धेरै अवस्थामा समस्या परेको देखिन्छ । यो प्रवृत्तिमा रूपान्तरण आवश्यक छ ।

जोइन्ट भेन्चर, पिईभीसीजस्ता मोडेलमा पनि हामीले काम गर्नुपर्ने छ । यसकारण अब मूल कुरा हाम्रा आवश्यकता र प्रचुर सम्भावना भएका क्षेत्रको उपयोग कसरी गर्ने भन्ने हो । यसका लागि पूँजी परिचालन गर्नुपर्छ । पूँजी परिचालनका लागि नीतिगत र कानुनी तथा उद्देश्यमा स्पष्टता हुनुपर्छ । यसका लागि मोडालिटी आवश्यक छ । उच्च तहमा नीतिगत ज्ञान आवश्यक हुन्छ । कार्यान्वयन तहमा जाँदा विधि प्रक्रियासम्बन्धी ज्ञान तथा बुझाइमा एकरूपता र तादात्म्य हुनुपर्छ । उपलब्ध सम्भावनालाई पूँजीकरण गर्न लगानीकर्तालाई आकर्षित गनुपर्छ । राज्यको आफ्नै लगानीले के कति सम्भव हुने हो र स्वदेशी निजीक्षेत्रलाई मात्र प्रवर्द्धन गर्नुपर्ने क्षेत्र के कस्ता हुन्, त्यसको प्रस्ट किटान गर्नुपर्छ । विदेशी लगानी खोज्ने हो भने त्यसको बजारीकरण तथा आकर्षणका विधिहरू तय हुनुपर्छ । त्यसका लागि उनीहरूलाई आर्थिक तथा मानसिक रुपले यहाँ ल्याउने, टिकाउने र बिकाउनेसम्मका पक्षलाई स्पष्ट पारेर कार्ययोजना तयार गर्नुपर्छ । यसमा कानुनी, नीतिगत तथा व्यवहारजन्य सुनिश्चितता, सुस्पष्टता तथा लचकता आवश्यक हुन्छ । शान्ति, सुरक्षा दिनेदेखि नाफाको सुनिश्चितता गर्नुपर्ने हुन्छ ।

*भट्ट लगानी बोर्ड नेपालका पूर्व प्रमुख कार्यकारी अधिकृत हुन् ।*



MANAKAMANA CABLECAR
manakamanacablecar.com info@manakamanacablecar.com cablecarmanakamana manakamanacablecar



# नयाँ चरणको सुधारको खाँचो

**दशकअघि अर्थतन्त्र जहाँ थियो, अहिलेसम्म पनि त्यहीँ छ । अगाडि बढ्न सकिरहेको छैन, बरु पछाडितर्फ मोडिन थालेको छ । कोभिडयता र विशेषगरी रुस युक्रेन युद्धको असरस्वरूप नेपालमा पनि अहिले मन्दी छाएको छ ।**



डा. गजेन्द्र विष्ट

राजनीतिक संगठनको माध्यमबाट शासनसत्ताको पहुँचमा पुगेको सीमित वर्गबाहेक अन्यको जीवनस्तर कष्टकर भएकाले सडकमा असन्तुष्टिहरू पोखिन थालेका छन् । पछिल्लो पुस्ताले देख्दा देख्दै विभिन्न किसिमका राजनीतिक अभ्यासहरू भइसकेका छन् । तर कुनै पनि सरकारसँग समाजका तल्लो वर्गलाई सन्तुष्ट पार्ने सोच र कार्यक्रम भएको देखिएन । यस्तो राजनीतिक संरचना बन्यो कि आवधिक चुनाव भए पनि तिनै व्यक्तिहरू घुमीफिरी शासनसत्तामा आउने, भ्रष्टाचार गर्ने र रजाइँ गर्ने, सुशासन दिन नसक्ने, जनताको जीवन निर्वाह लागत बढाउने जस्ता विकृति नै २०६२-६३ पछिको राजनीतिक परिवर्तनपछिको नियति बन्न पुगे ।

विगत साढे तीन दशकयता तिनै व्यक्तिहरू शासनसत्ताको वरिपरि घुमिरहेको देखिँदा परिवर्तन एकदलीय जहानियाँ राणाशासन जस्तै स्वरूपको अर्को बहुदलीय जहानियाँ शासनमा सीमित भएको देखिन्छ । विकृति कहाँसम्म पुगिसक्यो भने कमिशनखोरहरूले राजनीतिक समीकरण मिलाएर सरकार परिवर्तन गर्न थालेका छन् । यस्तो प्रवृत्तिलाई हेर्दा रूपमा राजनीतिक संयन्त्र एउटा देखिए पनि सारमा राजनीतिक संयन्त्रको सर्वोच्च नियन्त्रण कमिशनखोरहरूको हातमा पुगेको स्पष्टै देखिन्छ ।



रोजगारी सिर्जना जनतामा छाएको निराशा सम्बोधनको एउटा सशक्त कडी हुनसक्थ्यो । तर बृहत्तर रूपमा रोजगारी सिर्जना हुन नसकेको, भइरहेको रोजगारी गुमेको, सीमित सरकारी पदहरूमा आसेपासेहरूको नै हालीमुहाली भइरहेकोले जनतामा निराशा पैदा हुनु स्वाभाविक भएको छ । सुशासन कायम हुन नसकेको, त्यसमा नेतृत्वको इच्छा पनि नभएको र धेरै सरकारहरूको गठनसँगै जनताले पाउने न्यूनतम सेवामा व्याप्त घूसखोरीले आगोमा तेल थप्ने काम गरिरहेको छ ।

यो निराशालाई सम्बोधन गर्नका लागि सरकारले केही नगरे पनि केही गरेको जस्तो देखाउन पनि नसकिरहेको अवस्था छ। सरकारका कामको कसैले प्रतिरक्षा पनि गरेको देखिँदैन। मैले बोलेपछि पुगिहाल्यो नि भन्ने दम्भले नेतृत्वलाई अन्धो बनाएको छ। सबैलाई थाहा छ, निराशाले कहीँ पुऱ्याउँदैन । तथापि जनतामा छाएको यो निराशालाई समयमै व्यवस्थित गर्न नसक्ने हो भने आज एउटाले र भोलि अर्कैले उपयोग दुरूपयोग गर्दै जाँदा मुलुकमा कहिल्यै पनि शान्ति, सुव्यवस्था कायम नहुने र अस्थिरता बढिरहने खतरा बढ्दै गएको छ।

**गतिहीन अर्थतन्त्र**

दशकअघि अर्थतन्त्र जहाँ थियो, अहिलेसम्म पनि त्यहीँ छ । अगाडि बढ्न सकिरहेको छैन, बरु पछाडितर्फ मोडिन थालेको छ। कोभिडयता र विशेषगरी रुस युक्रेन युद्धको असरस्वरूप नेपालमा पनि अहिले मन्दी छाएको छ । आर्थिक गतिविधिहरू साँघुरिएका छन् । कर्जा विस्तार ठप्प देखिन्छ। बढ्दो सञ्चालन खर्चका बीच सरकारको राजस्व वृद्धिदर कमजोर अवस्थामा पुगेको छ । यसको कारण हो, नेपालका थुप्रै साना तथा मझौला उद्यम व्यवसायहरू बन्द भए र हालसम्म ती आंशिक मात्र खुलेका छन्। आधाभन्दा बढी पुनःस्थापित हुन सकेका छैनन् । केही ठूला उद्योगहरू पनि आंशिक क्षमतामा सञ्चालन भइरहेका छन् । यस अवधिमा लाखौंले रोजगारी गुमाएका छन्। कयौं विदेशी रोजगारीको खोजीमा उतैतिर पुगेका छन्। युवाहरूको तीव्र पलायन रोकिएको छैन।

पछिल्लो समय अमेरिका, क्यानाडा, जापान, अष्ट्रेलिया जानेहरूको पुस्तान्तरण हुन थालेकोले नेपालको आफ्नो सम्पत्ति बिक्री गरी आफू बसेको देशमा लैजाने क्रम बढेकोले पूँजीको पलायन बढ्न थालेको छ । युवा युवतीहरू विदेश जाने बढ्दो क्रमसँगै उनीहरूले स्वदेश पठाउने रकम बढेर बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप र कर्जा बढ्नुपर्नेमा त्यस्तो देखिँदैन । आर्थिक गतिविधिहरूको विस्तार गरी रोजगारी सिर्जना गर्ने सरकारी जिम्मेवार निकायहरूका प्रयासहरू कि त सही छैनन् कि प्रभावकारी छैनन् । प्रतिबद्धता बढी र काम कम निकाल्ने प्रमुख राजनीतिक नेतृत्वविरुद्धका पछिल्ला सडक प्रदर्शनहरूले मुलुकलाई अस्थिरताको भुमरीमा धकेलिलिएको स्पष्ट देख्न सकिन्छ। अविश्वसनीय र सामान्य पात्रहरूलाई उभ्याएर पनि जनताले आफ्ना निराशा र आक्रोशलाई सडकमा त्यत्तिकै अविश्वसनीय ढंगले पोखिरहेका छन्।

तीन दशकभन्दा लामो समयदेखिका तिनै पात्र, प्रवृत्ति र बेथितिहरू देख्दा जनतामा चरम निराशा बढेको हो। एसिया फाउण्डेसनले गरेको २०२३ को एक अध्ययनले देखाए अनुसार ७२ प्रतिशत जनताले सरकारी निकायप्रति अविश्वास प्रकट गरेका छन्। विगतका चार वर्षमा पाँचवटा सरकारको निर्माणले पनि राजनीतिक अस्थिरता देखाउँछ भने पछिल्लो समयमा गठित दुई ठूला राजनीतिक दलहरूको संयुक्त सरकारबाट गरिएका राजनैतिक, आर्थिक र सुशासनसँग सम्बन्धित सुधारको आशामा पनि तुषारापात भइसकेको छ।

सन् १९३० देखि १९३९ सम्मको विश्व महामन्दीमा बेरोजगारी दर उच्च स्तरमा पुगेपछि बच्नका लागि अमेरिका लगायत कतिपय देशले पुराना संरचना ध्वस्त गरी नयाँ निर्माण गरेका थिए । कतिपयले सडक भत्काएर नयाँ सडक र फराकिला सडकहरू बनाए। उद्देश्य के थियो भने निर्माणका क्षेत्रमा रोजगारी सिर्जना हुन्छ र सडक सञ्जालको विस्तार पनि हुन्छ। थुप्रै विद्यालय, अडिटोरियम, जीम हल, रिक्रियसन भवनहरूको निर्माण गराइएको थियो । 'डिगिङ होल टु फिल देम' भन्ने प्रख्यात अर्थशास्त्री किन्सको तर्क के थियो भने जनताले रोजगारी पाउँछन्, खर्च गर्नका लागि उनीहरूका हातमा पैसा पुग्छ, जनता विरोधका लागि सडकमा आउँदैनन् र अर्थतन्त्र पनि चलायमान हुन सक्छ। सडकलाई फराकिलो बनाउने लगायत थुप्रै आधुनिक पूर्वाधारका कामहरू त्यसबेला निर्माण गरिए । निर्माण सामग्रीहरूको माग बढ्यो, रोजगारी सिर्जना भई जनताको हातमा पैसा पुगेपछि उपभोग्य वस्तुको माग पनि बढ्यो। अर्थतन्त्रलाई चलायमान गराउने काममा अल्पकालीन सफलता मिल्यो। नयाँ रोजगारी सिर्जना गर्न सकिएन भने पनि जनताको हातमा कुनै न कुनै रूपमा पैसा पठाउने काम हुनुपर्ने उपर्युक्त दृष्टान्तले देखाउँछ।

**सुशासनको अभाव र बढ्दो भ्रष्टाचार**

भ्रष्टाचार र घूसखोरी नेपाली समाजको सबैभन्दा ठूलो समस्या र शत्रुको रूपमा उदाएको छ। आफ्ना कार्यकर्ताहरू र आसेपासेहरूमार्फत च्यानल मिलाएर कालो धन थुपार्ने प्रवृत्तिमा रत्तिभर सुधार छैन । बरु यो संस्कृतिलाई बढावा दिने प्रवृत्तिमा सुधार देखिँदैन। जनतामा सबैभन्दा ठूलो वितृष्णा यसैमा छ भने सत्तामा पुग्दा सधैं तिनै व्यक्तिहरूले हालीमुहाली भइरहने देख्दा जनता वाक्कदिक्क नै भएका छन् । दुई ठूला राजनीतिक दलहरू सरकारमा गएपछि राजनीतिक स्थिरता कायम हुन्छ । साना दलहरूसँग साझेदारीको विषयलाई लिएर अनेक लेनदेनका अस्वस्थ कारोबार गर्नुपर्दैन र मुलुक सुशासनको बाटोमा अगाडि बढ्नेछ भन्ने अपेक्षा थियो । तर यी दलहरू पनि भ्रष्टाचार र घूसखोरीका सन्दर्भमा पुरानै लय समात्न थालिहाले । आज कुनै पनि सरकारी कार्यालयहरूमा स्वाभाविक कामहरू पनि घूसबिना फत्ते हुन सक्दैनन्। प्रायः सबै सरकारी निकायहरूका प्रमुखहरू तथा पदाधिकारीहरू नियुक्तिमा आर्थिक चलखेलको चर्चा सतहमा पोखिने गरेको छ। नियमनकारी निकायहरूका प्रमुखहरूको नियुक्तिमा कमिशनखोरहरूमार्फत अर्बौं रुपैयाँको लेनदेन हुने गरेको बताइन्छ।

विदेशी लगानी त बाध्यात्मकबाहेक लगभग आउन छोडिसकेको छ । घूसका कारण स्वदेशी लगानी पनि हतोत्साहित छ । यसले गर्दा निजीक्षेत्रमा प्रवाहित हुने कर्जा अनुमानको आधा पनि भएको छैन । अनुमान नै थोरै गरिएको र त्यो पनि पूरा नभएको अवस्था छ । कर्जा प्रवाह नहुनु भनेको लगानीको वातावरण छैन भन्नु हो । यसले गर्दा आर्थिक गतिविधिहरू साँघुरिन पुगेका छन्, जसको असरस्वरूप चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनको लक्ष्य आधा पनि हासिल हुने छाँट देखिँदैन । ट्रान्सपरेन्सी इन्टरनेसनलको रिपोर्ट अनुसार नेपाल भ्रष्ट देशको सूचीमा गत वर्षको तुलनामा सामान्य एक अंकको सुधारसहित १०७औं स्थानमा रहेको छ । घूसखोरीले कालोधनको संकलन मौलाएको छ । एफएटीएफले यही कारण हालै नेपाललाई कालो सूचीमा राखेको छ । मुलुकको रेटिङको अवस्था पनि कमजोर रहेको छ । व्यवसाय गर्न सहज मुलुकको सूचीमा नेपालले केही सुधार गरे पनि ग्रे लिस्टमा परेसँगै लगानीकर्ताहरू आकर्षित हुने अवस्था देखिँदैन ।

**आर्थिक सुधार र उपलब्धि**

नब्बेको दशकमा उदार आर्थिक नीति अवलम्बन गरिएसँगै नेपालको अर्थतन्त्रमा थुप्रै उल्लेखनीय उपलब्धि हासिल भएका छन् । औद्योगिक उत्पादन तथा अन्य व्यापारिक क्षेत्रमा निजीक्षेत्रको भूमिका र शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, गरिबी निवारणका कार्यक्रम, सीमान्तकृत तथा पिछडिएका जनताको जीवनस्तर सुधार, वातावरण तथा पर्यावरण संरक्षण लगायत अन्य आधारभूत सेवाहरूको विस्तारमा सरकारको भूमिकालाई केन्द्रित गरियो । हातहतियार र खरखजानाबाहेक अन्य उद्योगधन्दामा स्वदेशी तथा विदेशी लगानीलाई खुल्ला गरियो । स्वदेशी तथा विदेशी लगानीसँग सम्बन्धित थुप्रै कानुनहरूमा सुधार गरियो । राजस्व प्रशासनमा नयाँ सुधार गरियो । मूल्य अभिवृद्धि कर तथा आयकरमा सुधार गरिएपछि आन्तरिक स्रोत परिचालन क्षमता बढ्यो ।

त्यसैको फलस्वरूप वार्षिक १२ अर्बजतिको राजस्व असूलीको अवस्थाबाट नेपाल अहिले १४ सय अर्बको राजस्व परिचालन क्षमतामा पुगेको छ । शिक्षा स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सुधार भएका छन् । बजेटमा वैदेशिक सहायताप्रतिको निर्भरता एक तिहाईबाट घटेर १५ प्रतिशत मुनि झरिसकेको छ । स्वास्थ्य चौकी लगायत अन्य अस्पतालहरूको निर्माण र चेतनाको विस्तारसँगै शिशु तथा बाल मृत्युदर, मातृ मृत्युदरमा उल्लेखनीय सुधार आएको छ भने औसत आयु ५४ वर्षबाट बढेर ७१ वर्ष पुगेको छ । शुद्ध खानेपानीमा पहुँच ३८ प्रतिशतबाट बढेर ९० प्रतिशत पुगेको छ । कुल ७ हजार किमी मोटरबाटो रहेकोमा यो एक लाख किमी पुगिसकेको छ । विद्युत् उत्पादन २ सय २० मेगावाटबाट अहिले ४ हजार मेगावाट पुग्ने क्रममा छ । गरिबी उल्लेखनीय रूपमा घटेको छ ।

सूचनाप्रविधिको रूपान्तरणकारी परिवर्तनसँगै जनताको हात हातमा मोबाइल सेवा पुगेको छ भने सूचना प्रविधिको विकाससँगै विश्वमा आएको यस क्षेत्रको परिवर्तनले एआई सुविधा र सामाजिक सञ्चाल आदिका आफ्नै मिडियासमेत उपलब्ध छन् । तर सामाजिक सञ्चालको पहुँच र विश्वका अन्य मुलुकको उन्नति प्रगति आफ्नै आँखाले देखेका नेपाली जनतालाई अब यी पुराना उपलब्धिहरू पर्याप्त छैनन् । जनता अब ठूला ठूला फराकिला सडक, एयरपोर्ट, यात्रा छोट्याउने द्रुत रेलमार्ग, टनेलमार्ग, प्राकृतिक तथा मानव निर्मित पर्यटकीय चमत्कारिक मनोरञ्जन स्थल लगायत गौरवलायक भौतिक पूर्वाधारहरूको निर्माण भएको देख्न चाहन्छन् । अन्य मुलुकमा भएजस्तै सिर्जनशील पूँजी निर्माणका थुप्रै आयोजनाहरूको निर्माण र ती क्षेत्रमा रोजगारी सिर्जना भएको आफ्नै जीवनकालमा देख्न चाहन्छन् ।

त्यसका लागि जनता एक अर्को नायकको खोजीमा छन्, पहिला उनीहरूले देखेका पूर्व अर्थमन्त्री डा. रामशरण महतजस्तै, जसले नेपालको अर्थतन्त्रलाई आधुनिकीकरण गरेर यहाँसम्म ल्याइपुऱ्याएका थिए । धेरैले चर्चा गरेजस्तो उदारीकरण, आधुनिकीकरण र रूपान्तरीकरण गरेर डा. महतले जहाँ पुऱ्याएर छोडेका छन्, अहिले नेपालको अर्थतन्त्र त्यहीँ छ । अर्को चरणको सुधार गरेर अर्थतन्त्रमा रूपान्तरण गर्ने सोच, सामर्थ्य र साहस भएको नेतृत्वको खाँचो थियो तर यस अवधिमा कोही अगाडि आउन सकेन ।

**नयाँ चरणको आर्थिक सुधारको मौका**

आर्थिक सुधार एक निरन्तर प्रक्रिया भएकोले अर्थतन्त्रको आधुनिकीकरणसँगै त्यसपछि पनि थुप्रै नीतिगत सुधारहरू गर्दै जानुपर्ने थियो । तर कुनै सरकारले यसलाई अगाडि बढाउन सकेनन् । सरकारको प्राथमिकतामा सुधारका एजेण्डाहरू परेनन् । हिंसात्मक द्वन्द्व, राजनीतिक अस्थिरता आदिले राजनीतिक दलहरूको ध्यान आर्थिक मुद्दातर्फ सोभिएको देखिएन । तर संविधान जारी भइसकेपछि पनि आर्थिक मुद्दामा ध्यान दिनैपर्थ्यो । राजनीतिक दलहरू सरकार बदल्ने खेलमै अल्भिरहे । अर्थतन्त्रको व्यवस्थापन राम्ररी हुन सकेन ।

अर्थतन्त्रमा निरन्तरको सुधार नगरिएपछि फेरि स्वदेशी तथा विदेशी लगानी हतोत्साहित हुन पुग्यो, जसले गर्दा आर्थिक गतिविधिहरूमा संकुचन आउने, सरकारको स्रोत परिचालन क्षमता कमजोर बन्ने, तीन तहका सरकारहरूको सञ्चालन खर्च बढेका कारण विकास निर्माण र आर्थिक गतिविधिहरूलाई चलायमान गराउन स्रोतको अभाव हुन थाल्यो । विसं २०७२ मा संविधान जारी भएपछि सरकारको ऋण करिब ९ खर्बबाट बढेर २५ खर्बमाथि पुगिसकेको छ । मुख्य आम्दानीको स्रोत राजस्वमा भने धेरै वृद्धि हुन सकेको छैन । आर्थिक गतिविधिहरूमा संकुचन आएसँगै राजस्व असुलीको वृद्धिदर पनि खुम्चिएको छ ।

> **वैदेशिक लगानी आकर्षित हुन सकिरहेको छैन । स्वदेशी लगानी पनि अहिले थपिन सकिरहेको छैन । समग्र मागमा कमी आएपछि आन्तरिक उद्योगहरू पनि आंशिक क्षमतामा सञ्चालित छन् । प्रतिकूल अवस्थाका बीच पनि छिटो उन्नति प्रगति गर्ने मुलुकहरू छन्, जसबाट केही सिक्न सकिन्थ्यो ।**

वैदेशिक लगानी आकर्षित हुन सकिरहेको छैन । स्वदेशी लगानी पनि अहिले थपिन सकिरहेको छैन । समग्र मागमा कमी आएपछि आन्तरिक उद्योगहरू पनि आंशिक क्षमतामा सञ्चालित छन् । प्रतिकूल अवस्थाका बीच पनि छिटो उन्नति प्रगति गर्ने मुलुकहरू छन्, जसबाट केही सिक्न सकिन्थ्यो । तर त्यसको वातावरण निर्माण हुन सकेको छैन । सन् २०१४ देखि २०२४ सम्ममा आफ्नो अर्थतन्त्रको आकारलाई दोब्बर बनाउने मुलुकहरू पनि छन् । छिमेकी भारतमा सयौं अर्ब डलरको दिल्ली मुम्बई औद्योगिक कोरिडोर, सडक पूर्वाधारको भारतमाला परियोजना, बैंगलुरु मेट्रो, मुम्बई इन्टरनेसनल एयरपोर्ट, द्वारका एक्सप्रेस, अटल टनेल जस्ता हजारौं करोड डलरका ठूला परियोजनाहरू निर्माणाधीन अवस्थामा छन् र अर्थतन्त्रलाई चलायमान गराउने कतिपय परियोजनाहरू सञ्चालनमा आइसकेका छन् । विदेशी

लगानीकर्ताहरूको ताँती लागेको देखिन्छ । विगत दश वर्षको अवधिमा दोब्बरभन्दा बढी बढोत्तरी आई भारतको अर्थतन्त्र झण्डै पाँच ट्रिलियन डलरको भएको छ ।

उत्तरी छिमेकी चीनको अर्थतन्त्र पनि दोब्बरले बढेर २० ट्रिलियन डलरको भएको छ । त्यस्तै भियतनाम, आयरल्याण्ड, रोमानिया, सिंगापुर, इण्डोनेसिया पनि छिटो प्रगति गर्ने मुलुकमा पर्छन् । तिनले लगानीसम्बन्धी अनुकूल ऐन कानुन निर्माण गरी स्वदेशी तथा विदेशी लगानी आकर्षित गरेका कारणले नै यस्तो उन्नति प्रगति गरेको देखिएको हो । नेपालमा पनि सन् १९९० को दशकमा नीति, नियम कानुनहरूमा सुधार गरेर विदेशी लगानीकर्ताहरूलाई आकर्षित गर्न जुन उत्साहपूर्ण वातावरण निर्माण गरियो, अब विदेशी लगानी आकर्षित गर्ने मुलुकको नियम कानुनको अध्ययन विश्लेषण गरी अर्को नयाँ चरणको सुधार कार्यक्रमको घोषणा गरी नयाँ जोस र जाँगरका साथ कार्यान्वयनमा ल्याउने अवसर ओली सरकारलाई छ । सूचना प्रविधिको विकास र आर्टिफिसियल इन्टेलिजेन्टको आविष्कारसँगै अब नयाँ ढंगले काम गर्ने कार्यसंस्कारको पनि विकास गर्नुपर्ने हुन्छ । ऐन नियमको सुधारका लागि निजीक्षेत्रले पनि सुझावहरू राखेका छन् भने कतिपय पचासौं वर्ष पुराना कानुनहरूमा सुधार गरी लगानीमैत्री वातावरण निर्माण गर्न आवश्यक छ । नब्बेको दशकमा परीक्षित कतिपय ऐन कानुनमा सुधार आवश्यक भइसकेको छ ।

निजीक्षेत्रको अगुवाईमा उनीहरूले चाहेजस्तो गरी नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याउन सकेमा अपेक्षित आर्थिक समृद्धि टाढाको विषय होइन । निजक्षेत्रको कुरा गर्दा भुल्न नहुने कुरा के रहेको छ भने यो अहिले दुई किसिमको छ । एउटा शक्तिको नजिक रहेर उनीहरूबाटै संकलित भ्रष्टाचार र घूसको पैसा सदुपयोग गर्ने र अर्को वास्तविक रूपमा मेहनत गर्ने निजीक्षेत्र । शासनसत्ताको नजिक बस्नेहरूको अवस्था चकाचक छ भने वास्तविक निजीक्षेत्रको अवस्था अहिले निकै जर्जर छ । बैंकको कर्जा पनि तिर्न नसक्ने अवस्थामा रहेको यो वास्तविक निजीक्षेत्रको उत्थान गर्न सकिएन भने रोजगारी सिर्जना, सरकारी ढुकुटी वृद्धि र समृद्धि निकै कठिन छ ।

राम्रो पक्ष अहिले के छ भने निजीक्षेत्रका बैंकहरूको लगानीमा र विदेशी लगानीमा समेत जलविद्युत् उत्पादनको काम तीव्र रूपमा भइरहेको छ । तर यसमा पनि एउटा ठूलो समस्या के आइसकेको छ भने नेपालको छिमेकसँगको सम्बन्ध इतिहासकै सबैभन्दा खराब अवस्थामा पुगेको छ । अहिले ऊर्जा खपतको आन्तरिक क्षमता करिब २५ सय मेगावाट रहेको छ भने नेपालको विद्युत् उत्पादन ४ हजार मेगावाट पुग्ने क्रममा रहेको छ । निकट भविष्यमा अझै धेरै उत्पादन हुने निर्माणको क्रममा रहेका जलविद्युत् कम्पनीहरूको तयारीले देखाउँछ । तर सरकारले छिमेकसँग राम्रो सम्बन्ध बनाउन नसकेका कारण एकाधिकारयुक्त खरिदकर्ता क्षमता भएको एक्लो भारतसँगको बिग्रेको सम्बन्धले उत्पादित बिजुली खेर जाने र निजी प्रवर्द्धक तथा राज्यलाई खर्बौंको नोक्सानी हुने अवस्थाप्रति सर्वत्र चिन्ता व्याप्त छ ।

बृहत् आर्थिक सुधार कार्यक्रम अन्तर्गत विद्युत् प्राधिकरणको पुनर्संरचना पनि पर्छ । उत्पादन, वितरण र प्रसारण जस्ता काम छुट्टछुट्टै हुने संरचना भएमा प्राधिकरणको झगडाको गहिराइ पनि यतिको हुने थिएन । सहयोगीहरूको त्यही टीम र पार्टीको आन्तरिक विवादका कारण सक्षम नेतालाई मन्त्रीको जिम्मेवारीमा पुर्‍याउन नसक्दा प्रधानमन्त्री ओलीको पछिल्लो कार्यकाल सफल सकेको छैन र सर्वाधिक विवादास्पद बन्न पुगेको छ । उनले अर्को चरणको आर्थिक सुधारका सारथिलाई अघि सारी आर्थिक एजेण्डालाई प्राथमिकतामा राखेर ठूलो आर्थिक उन्नति गर्न सक्ने सुवर्ण मौका पनि खेर फालिरहेका छन् ।

*डा. विष्ट अर्थशास्त्री हुन् ।*


हार्दिक शुभकामना

नेपाल चेम्बर अफ कमर्शको ७४औं वार्षिक साधारणसभाको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**Sagar Dhakal**
President

**STOCK BORKERS ASSOCIATION OF NEPAL (SBAN)**
Putalisadak, Kathmandu, Nepal
+977-01-4168105



# परिणाममुखी आर्थिक कूटनीति

**अवैतनिक वाणिज्यदूतको भूमिकामा रहेका व्यवसायीले पनि विदेशी लगानी आकर्षित गर्न कोशिस गरिरहेका छन् । तर, अहिले पनि विदेशी लगानी भित्र्याउन दोहोरो कर नलाग्ने सम्झौता निकै आवश्यक बनेको छ ।**



**राजेन्द्र खेतान**

पछिल्लो समय नेपालमा 'आर्थिक कूटनीति'बारे बहस र चर्चा बढेको देखिन्छ । यसको कार्यान्वयनतर्फ केही प्रयास पनि भएका देखिन्छन् । तर यस्ता बहस र प्रयासहरूको लाभ भने मुलुकले प्राप्त गर्न सकेको देखिँदैन । आर्थिक कूटनीतिलाई वास्तविकतासँग कसरी जोड्ने ? वस्तु तथा सेवा, लगानी, पर्यटक ल्याउने र बाहिर पठाउने सम्भावनाको खोजी र त्यसको अधिकतम लाभ हुनेगरी गरिने कार्यान्वयन नै आर्थिक कूटनीति हो ।

हाम्रो मुलुक र बाहिरी मुलुकबीचको जनस्तरको सम्बन्ध, मानवीय सम्बन्धसँग जोडेर हुन सक्ने कुनै पनि आर्थिक लेनदेन वा आर्थिक क्रियाकलापलाई विस्तार गर्नु यसको मूल ध्येय हो । मुलुकको समग्र विकासका निम्ति यिनै विषयलाई कूटनीतिक पहलबाट लैजाने काम नै आर्थिक कूटनीति हो । यो पूरा शृङ्खलामा 'बिक्रीयोग्य' प्रडक्ट भनेको मुलुक नै हो । त्यो भनेको लगानी, प्रविधि, पर्यटकलगायतलाई नेपाल भित्र्याएर यो देशको विकास र समुन्नति हासिल गर्नु हो ।

### नीतिगत स्थायित्व र प्रतिनिधित्व

आर्थिक कूटनीतिलाई सबल बनाउन यस विषयको राम्रो ज्ञान भएका मानिसहरूलाई राजदूतको रूपमा पठाउनु उचित प्रस्थानविन्दु हो ।

सबै मानिसहरूमा यो ज्ञान र कौशल हुँदैन । उनीहरूलाई केही महिना आफ्नो राष्ट्रिय स्वार्थ र प्राथमिकताहरूबारे तालिम दिएर पठाउनुपर्छ । नेपालमा बारम्बार फेरिने सरकार र राजदूतहरूको विषयलाई पनि 'अस्थिरता'सँग जोडेर हेरिन्छ । हुन त यो राजनीतिक कुरा भयो, तर संसारभर यसरी राजदूतहरू परिवर्तन हुने प्रचलन नै छ ।

सरकारले आफ्नो राजनीतिक सम्बन्धमा प्रगाढता ल्याउनका त्यसो गर्नु ठीकै पनि हो । तर हाम्रो मुलुकका लागि 'राजनीतिक आवश्यकता'भन्दा 'आर्थिक आवश्यकता' ज्यादा महत्वपूर्ण भएको छ । त्यसकारण हामीले राजदूतहरू नियुक्त गर्दा सकेसम्म स्थायी मान्छे राख्नुपर्छ । हामीसँग आर्थिक गतिविधि बढी हुने शीर्ष २० देशहरूमा 'इकोनोमिक फर्स्ट सेक्रेटरी' अथवा 'ड्युटी हेड अफ द मिसन'मा राखिने कर्मचारी व्यापार, पर्यटन, श्रम बजारसँग सम्बन्धित व्यक्ति हुनुपर्छ । वस्तु चिन्न सक्ने, लगानी भित्र्याउन सक्ने मान्छेहरू हाम्रा दूतावासमा हुनुपर्छ । यसका लागि विभिन्न वैकल्पिक बाटा, वैकल्पिक औजार र तरिका, वैकल्पिक विधि र मोडालिटी उपलब्ध छन् । त्यसलाई पनि हामीले प्रयोग गर्न सक्नुपर्छ ।

**लाभको पहिचान**

मुलुकभित्र लगानी भित्र्याउन सबैभन्दा पहिले आफ्नो तुलनात्मक र प्रतिस्पर्धात्मक लाभको क्षेत्र पहिचान गर्नुपर्छ । जस्तोसुकै लगानी ल्याउनु पनि हुँदैन । कुनै विदेशीले नेपालमा लगानी गर्न चाह्यो र 'तिम्रो प्रतिस्पर्धात्मक क्षमता के हो,' भनेर सोध्यो भने उसलाई 'लामो सूची' दिन सक्ने सामर्थ्य हामीमा हुनुपर्छ ।

विदेशी लगानीको सम्बन्धमा कुनै 'जटिल सूत्र' आवश्यक छैन । जे कुरा हामीसँग छैन, त्यसका लागि विदेशीलाई खुला गरिदिने, जे कुरा हामीसँगै छ, त्यसलाई विदेशीबाट संरक्षित गरिदिने । जे हामीसँग छ, त्यसलाई विदेशमा पठाउन सक्ने । यति कुराको चाँजोपाँजो मिलाउनुपर्ने हुन्छ । यी कुराको विस्तृत अध्ययन गर्न हामीले अलग्गै विभाग खडा गर्न सक्छौं । त्यो विभागले लगानीकर्ताको आवश्यकता पहिचान गर्ने र त्यसको परिपूर्तिमा सघाउने काम गर्न सक्छ ।

**लगानी सम्मेलन**

पछिल्ला वर्षमा हामीले नियमितजसो लगानी सम्मेलन आयोजना गर्न थालेका छौं । तर स्वदेशमा ठूलो सम्मेलन गर्नुभन्दा हामीले क्षेत्रीय आधारमा यस्ता सम्मेलनहरू गर्नु उचित हुन्छ- युरोपमा एकपटक, अमेरिका, क्यानडा र दक्षिण अमेरिकाका लागि एकपटक, भारतका लागि एकपटक, चीनका लागि एकपटक, जापान र दक्षिण कोरियाका लागि एकपटक, अस्ट्रेलिया र न्युजिल्यान्डका लागि एकपटक, पश्चिम एसियाका लागि एकपटक र उत्तर तथा पश्चिम अफ्रिकाका लागि एकपटक । यसरी हामीले क्षेत्रगत रूपमा सात आठवटा सम्मेलन गर्नुपर्छ । त्यहीँ पुगेर सम्मेलन गर्दा स्थानीय लगानीकर्ताको सहभागिता पनि बढ्छ ।

यसले हामीभन्दा टाढा रहेका लगानीकर्ताको समय र खर्च जोगिन्छ । उनीहरूले कुरा बुझ्न पाउँछन् । तर यसका लागि तयारी गर्न कम्तीमा पनि ६ महिना समय चाहिन्छ । तयारीका साथ जाने हो भने यो तरिकाले सकारात्मक परिणाम दिन सक्छ ।

**लगानी प्रवाह र निजीक्षेत्र**

स्वास्थ्य, शिक्षा, रोजगारी, पर्यटन र प्रेमका कारण हुने मानवको आवतजावत जस्तै पूँजीको आवतजावतलाई पनि चाहेर पनि रोक्न सकिँदैन । त्यसैले लगानीमार्फत पैसा भित्र्याउन राम्रो अवसर प्रदर्शन गर्न सक्नुपर्छ । त्यसका लागि भने लगानीकर्ताहरू पक्कै आकर्षित हुनेछन् । अहिले पनि नेपालको जलविद्युत्, सौर्य ऊर्जा, कृषि, पर्यटन जस्ता क्षेत्रमा लगानीकर्ताले रुचि देखाएका छन् । वैकल्पिक मार्ग, वैकल्पिक यातायात प्रणाली लगायतमा पनि चासो बढेको देखिन्छ । यसरी बढेको चासो र इच्छालाई हामीले उम्कन दिनुहुँदैन ।

**लगानी भित्र्याउने उपाय**

नेपाली व्यवसायीहरूले अहिले पनि थुप्रै द्विपक्षीय चेम्बरका मञ्चहरूमा विदेशका निजीक्षेत्रसँग साझेदारी गरिरहेका छन् । यस्ता संस्थाहरूले विदेशी लगानी आकर्षित गर्न प्रयास गरिरहेका छन् । अवैतनिक वाणिज्यदूतको भूमिकामा रहेका व्यवसायीले पनि विदेशी लगानी आकर्षित गर्न कोशिस गरिरहेका छन् । तर, अहिले पनि विदेशी लगानी भित्र्याउन दोहोरो कर नलाग्ने सम्झौता निकै आवश्यक बनेको छ । तीन दशकअघि नर्वेबाट शुरू गरिएको 'दोहोरो करमुक्ति सम्झौता' अहिलेसम्म आउँदा जम्मा ११ देशसँग भएको छ । कम्तीमा पनि ३० राष्ट्रसँग यस्तो सम्झौता गर्नु आवश्यक छ । अहिले जस्तो दोहोरो कर तिर्नुपर्ने भएपछि व्यवसायीको नाफा बस्दैन । नेपाली वा विदेशी, जुनसुकै नागरिकता बोक्ने गैर आवासीय नेपालीका लागि पनि 'दोहोरो कर' ठूलो समस्या बनेको छ ।

> **कर कार्यालय, उद्योग विभाग, वाणिज्य विभाग, कम्पनी रजिस्ट्रारको कार्यालय र नेपाल राष्ट्र बैंकजस्ता सबै निकायहरूको काम एकै ठाउँबाट गर्नेगरी 'एकद्वार प्रणाली' अघि सारिएको छ । यो प्रणालीलाई अझ सुधार गरी सशक्त बनाउनैपर्छ ।**

पहिचान भएका क्षेत्रका समस्याको निराकरण गर्नुपर्छ । तर अहिले यहाँ देखिएका भ्रष्टाचार, नोकरशाही र राजनीतिक अस्थिरताजस्ता समस्याको छिट्टै निराकरण हुने गुञ्जायस छैन । यी समस्यालाई टाढै राखेर बजारलाई छाडिदिने हो भने सकारात्मक परिस्थिति सिर्जना हुन्छ । यस्तो अवस्था बनाउनुपर्‍यो कि मान्छे आओस्, व्यापार गरोस् तर उसलाई राज्य संयन्त्रको आवश्यकता नै नपरोस् ।

कर कार्यालय, उद्योग विभाग, वाणिज्य विभाग, कम्पनी रजिस्ट्रारको कार्यालय र नेपाल राष्ट्र बैंकजस्ता सबै निकायहरूको काम एकै ठाउँबाट गर्नेगरी 'एकद्वार प्रणाली' अघि सारिएको छ । यो प्रणालीलाई अझ सुधार गरी सशक्त बनाउनैपर्छ । हामीसँग राम्रो नीति त छ, तर त्यसको प्रभावकारी कार्यान्वयन भइरहेको छैन । एक ठाउँबाटै र लामो समय नलाग्ने गरी प्रक्रियागत काम टुङ्ग्याउन पाउने हो

गैरआवासीय नेपालीलाई मध्यनजर गर्दै मझौला उद्यमीको लागि सेवा दिने नयाँ संयन्त्र आवश्यक छ । लगानी बोर्ड त छ, तर यसले ठूला लगानीलाई मात्रै सहजीकरण गर्छ । उद्योग विभाग चाहिँ अलि न्यूनस्तरको देखियो । यो दुईवटाको बीचमा हुनेगरी लगानीको क्षेत्र र सामर्थ्यअनुसारका सम्पर्क कार्यालयहरू बनाउनु आवश्यक छ । त्यस्ता कार्यालयले कम्पनी दर्तादेखि कर चुक्तासम्म सबै काम त्यहीँबाट सम्पन्न गर्न सक्ने व्यवस्था गर्नु उचित हुन्छ । त्यसो गर्दा द्विपक्षीय चेम्बरहरू र अवैतनिक वाणिज्यदूतहरूले गरेको प्रयासलाई

परिणाममा बदल्न सहज हुन्छ ।

अहिलेको अवस्थामा हाम्रा नियम कानुनहरूमा परिवर्तनको माग गर्ने अवस्था कम भएको छ । तर त्यसको कार्यान्वयनमा चाहिँ थुप्रै सुधार आवश्यक छ । नेपाल पर्यटन बोर्डजस्तै निजीक्षेत्रको प्रतिनिधित्व सुनिश्चित हुने गरी लगानी बोर्डलाई अगाडि लैजानुपर्छ । त्यस्तो अवस्थामा कसैसँग पैसा छ भने सीधै लगानी बोर्ड जान सक्छन् । त्यहाँको परियोजना बैंकबाट कुनै परियोजना छान्न सक्छन् । बोर्डले नै बैंकलाई परिचालन गरिदिने, प्राइभेट इक्विटीलाई




परिचालन गरिदिने, आइपिओलाई पनि द्रुत मार्गबाट अगाडि बढाउन सहयोग गर्न सक्छ ।

निजीक्षेत्र, बैंक, प्राइभेट इक्विटी र सर्वसाधारणको एक/एक चौथाइ लगानी हुनेगरी परियोजना बनाउने हो भने औद्योगिकीकरणमा शीघ्र सफलता पाउन सकिन्छ । तर, दुर्भाग्य 'भेन्चर क्यापिटलिज्म'ले नेपालमा आकार नै लिन सकेको छैन ।

**कूटनीतिक प्रयास**

आज पनि हाम्रा कूटनीतिज्ञहरूले स्वदेश वा विदेशमा गरेका पहललाई कार्यान्वयन गराउन सरकारले पूर्णस्तरको सहयोग गर्छ भनेर विश्वस्त हुने अवस्था छैन । त्यसकारण कतिपय प्रयास हुँदा पनि त्यो सफल हुन सकेको छैन । त्यसैगरी, हामीले विदेशीलाई नेपालमा प्रवेश गर्दादेखि नै राम्रो छाप पार्न सकेका छैनौं । हामीसँग अहिले पनि पूर्वाधार र लगानीमा सम्भावनाको कमी छैन । नियम, कानुन बनेका छन् तर केही हाम्रा व्यवहार र संरचनामा सुधार गर्ने हो भने कूटनीतिज्ञहरूले गरेको प्रयासलाई परिणाममा बदल्न सहज हुन्छ ।

हामीले विदेशस्थित दूतावासमा ट्रेड कमिसनर राखेका छौं भने उसले विदेशमा गरेको प्रयासलाई नेपालमा सहजीकरण गरिदिने प्रबन्ध हुनुपर्छ । कुनै कूटनीतिज्ञले विदेशी लगानीकर्तालाई जुन प्रतिबद्धता दिन्छ, त्यसको कार्यान्वयन नेपालमा त्यही रूपमा हुनुपर्छ । अझ हामीले त विमानस्थलमै पुगेर यस्ता कैयौं सहयोग गरिदिन सक्छौं । विदेशी लगानीकर्तालाई नेपालमा होटेल खोज्ने र डलर साट्नेदेखि कम्पनी स्थापना र सञ्चालनको लागि सहजीकरण गर्नेसम्म समष्टिगत सेवा दिन पर्यटन बोर्डजस्तै एउटा संयन्त्र खडा गर्न सकिन्छ । त्यसले शुल्क लिएरै यस्ता सेवा दिन सक्छ ।

हाम्रा दूतावास मात्रै होइन, पर्यटन बोर्डले पनि विदेशमा पुगेर पर्यटन प्रवर्द्धनमा उल्लेख्य काम गरेको छ । तर नेपालमा एयरपोर्ट ह्यान्डलिङ दक्षिण एसियाकै सबैभन्दा महँगो पर्छ । हामी आफूलाई पर्यटन अर्थतन्त्रको रूपमा विकास गर्न चाहन्छौं तर सेवा प्रवाहलाई महँगो बनाउँछौं । यो परस्पर मेल खाने कुरा होइन । हामीले लागत घटाउँदै लाने र कारोबारको आकारलाई बढाउँदै लैजाने विकल्पमा जानुपर्छ । यस्ता केही अपरिहार्य परिवर्तनका आवश्यकतालाई हामीले हेर्नुपर्नेछ ।

**अवैतनिक दूतको भूमिका**

अहिले नेपालमा ६० देशका वाणिज्यदूत छन् । यी दूतहरू विदेशी सरकारको प्रतिनिधिको रूपमा रहन्छन् । ती सरकारले सबैभन्दा पहिले आफ्ना नागरिक अप्ठ्यारोमा पर्दा अभिभावकत्व गर्ने व्यक्तिलाई प्रतिनिधि चुन्छन् । त्यसपछि सम्बन्धित देशको कूटनीतिक आवश्यकता (राष्ट्रिय स्वार्थ) परिपूर्तिका लागि यहाँ कुराकानी गर्ने, काम गर्न मान्छे खोजिएको हुन्छ । तेस्रो भूमिका मात्रै व्यापार र लगानी प्रवर्द्धनमा काम गर्ने हो । त्यसमा पनि मुलुकहरूको आफ्नो आवश्यकता अनुसार वाणिज्यदूतहरूलाई परिचालन गरिएको हुन्छ ।

हरेक देशको आ-आफ्नै प्राथमिकता हुने भएका कारण विभिन्न देशका मानिस मिलेर एउटा काम गर्न त्यति सम्भव हुँदैन । तर दुई पक्षको व्यावसायिक सम्बन्धले नयाँ परियोजनामा काम गर्न सक्छ । यसका लागि पनि उपयुक्त वातावरण र प्रक्रियागत सरलीकरण आजको हाम्रो आवश्यकता हो ।

**स्तरोन्नतिपछिको रणनीति**

नेपाल आगामी वर्ष गरिब मुलुकहरूको सूचीबाट विकासशील राष्ट्रहरूको समूहमा स्तरोन्नति गर्दैछ । त्यसपछि हाम्रा आर्थिक चासोहरूमा केही भिन्नता आउन सक्छ । तर, हामीले आफ्नो अर्थतन्त्रको तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमतामा खरो उत्रन नसके स्तरोन्नति हुँदा र नहुँदा केही फरक पर्दैन । यसका लागि दुईवटा अध्ययनहरू भएका छन् । विश्व व्यापार संगठनमा जोडिने क्रममा सन् २००३ मा बेलायती सहायता नियोग (डिफिड)ले अध्ययन गरेको थियो । पछि त्यसैलाई विश्व बैंकले अद्यावधिक अध्ययन गऱ्यो । संयुक्त राष्ट्रसंघले पनि यससम्बन्धी अध्ययन गरेको छ ।

तिनै दस्तावेजमा टेकेर हामीले फेरि

> **सबैसँग भेटेपछि अन्तिममा नेपाली दूतावासमै समारोह गरेर सबैलाई धन्यवाद दिन्छन् र फर्किन्छन् । यसरी नेपाललाई माया गर्ने विदेशीहरूलाई वर्षमा एकचोटि भए पनि 'रिकग्नाइज' गर्ने परिपाटी बसाल्नुपर्छ ।**

एकपटक आफ्नो तुलनात्मक लाभका क्षेत्रहरू पहिचान गर्ने र प्रतिस्पर्धी क्षमता विकास गर्ने सम्बन्धी नयाँ अध्ययन गर्नुपर्छ । हाम्रा तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक सामर्थ्य भएका क्षेत्रहरूमा लगानी सहजीकरण गर्ने, विदेशी लगानी भित्र्याउने, रोजगारी सिर्जना गर्नेजस्ता कामको लागि कूटनीतिक र अन्य सरकारी संयन्त्रहरू पनि गम्भीर भएर लाग्नुपर्छ ।

स्थानीय लगानी, स्थानीय साझेदारी र स्थानीय पूँजीबजारको सहायता उपलब्ध गराउन विदेशी लगानीकर्तालाई नेपालले नै प्रत्याभूति दिनुपर्छ । तर, त्यस्ता लगानीकर्ताले विदेशबाट ल्याउनुपर्ने न्यूनतम लगानी, प्रविधि, सीप, जनशक्ति भने ल्याउनुपर्छ । यसका लागि हाम्रो संयन्त्रले विदेशी लगानीकर्तालाई प्रस्ट पारिदिन सक्नुपर्छ । अझै पनि ठूला बहुराष्ट्रिय कम्पनीलाई समेत प्रवेशाज्ञा (भिसा)को ठूलो समस्या छ । हामीले यस्ता समस्यालाई पनि एकद्वार प्रणालीको सेवामा किन नसमेट्ने ? विकासशील राष्ट्रको रूपमा स्तरोन्नति हुँदै गर्दा हामीले हासिल गर्ने मौकालाई यस्ता कैयौं सुधारका निम्ति प्रयोग गर्न सकिन्छ । जसले मुलुकलाई दिगो र द्रुत विकासको बाटोमा डोऱ्याउन सक्छ ।

**अन्त्यमा,**

सिंगापुर र अरू कैयौं देशले 'एम्बासडर एट लार्ज' नियुक्त गर्छन् । त्यो ओहोदामा कुनै 'करियर डिप्लोम्याट' वा कुनै प्रख्यात व्यक्तित्व हुन सक्छ । उदाहरणका लागि पूर्व अर्थमन्त्रीहरू डा. रामशरण महत, सुरेन्द्र पाण्डेजस्ता प्रभावशाली व्यक्तित्वहरूलाई यो भूमिका दिन सकिन्छ । यस्तो व्यक्तित्वलाई पूरै दक्षिण अमेरिका, सिंगो युरोप वा खाडी क्षेत्रका लागि नियुक्त गर्न सकिन्छ । उहाँहरूको आधारक्षेत्र नेपालमै हुन्छ । तर ती क्षेत्रमा भएका नेपाली दूतावासहरू चाहिँ उहाँको नेतृत्वमा हुन्छ । त्यसपछि ६ महिनादेखि सघन तयारी गरेर त्यस्ता व्यक्तिहरू वर्षमा दुईपटक ती ठाउँमा पुग्छन् । त्यतिबेला त्यहाँका शीर्षस्थ व्यावसायिक घराना, शीर्ष पर्यटन व्यवसायी, शीर्ष राजनीतिज्ञ, ठूला विश्वविद्यालयहरू सबैसँग छलफल गर्ने कार्यक्रमहरू पूर्वनिर्धारित हुन्छन् ।

सबैसँग भेटेपछि अन्तिममा नेपाली दूतावासमै समारोह गरेर सबैलाई धन्यवाद दिन्छन् र फर्किन्छन् । यसरी नेपाललाई माया गर्ने विदेशीहरूलाई वर्षमा एकचोटि भए पनि 'रिकग्नाइज' गर्ने परिपाटी बसाल्नुपर्छ । त्यसकारण हामीले पनि 'एम्बासडर एट लार्ज'को अवधारणालाई कार्यान्वयन गर्न सक्छौं । यस किसिमको काममा हामीले स्वदेशी व्यवसायीहरूलाई पनि खटाउन सक्छौं । व्यवसायीहरूलाई सरकारले तलब सुविधा दिनु पनि पर्दैन । विदेशमा भएका दूतावासहरूले पनि त्यो देशमा नेपालका लागि सम्भाव्य लगानीकर्ता, पर्यटन व्यवसायी, विश्वविद्यालयहरू लगायतको सूची नै बनाएर उनीहरूसँग सम्बन्ध स्थापित गर्ने परिपाटी बसाल्नुपर्छ । दूतावासले मात्र होइन, 'एम्बासडर एट लार्ज' र 'बिजनेस एम्बासडर'हरूले नेपाल फर्किएपछि पनि उनीहरूसँग नियमित कुराकानी गर्नुपर्छ । त्यसपछि नेपालका व्यवसायीहरू र एकद्वार प्रणालीसँग उनीहरूलाई जोडिदिने काम गर्नुपर्छ ।

तत्पश्चात् सरकारी संयन्त्रले उक्त विदेशी लगानीकर्ताको चासो र चिन्तालाई बुझेर सम्बोधन गर्ने व्यवस्था मिलाउनुपर्छ । हाम्रा स्थापित दूतावासहरू, यसरी नियुक्त हुने 'एम्बासडर एट लार्ज', नेपालमा भएका एकद्वार सेवा कार्यालयहरू, अन्य सरकारी संयन्त्र र यहाँका व्यवसायीबीच बलियो साझेदारी भयो भने विदेशी लगानी प्रवर्द्धनमा ठूलो उपलब्धि हासिल गर्न सकिन्छ ।

बेलायतले पनि त्यहाँको हाउस अफ लर्ड्सका उपसभामुख स्वराज पलले नेपालसम्मै आएर चिडिया घरहरूको प्रवर्द्धनमा काम गरेका थिए । सर र लर्ड जस्ता प्रतिष्ठित उपाधि हासिल गरेका व्यक्ति नेपालमा आएर केवल चिडियाखानाको प्रवर्द्धन गर्न सक्छ भने हामी हाम्रा लागि पर्यटन, अर्थतन्त्र, व्यापार, लगानी, रोजगारी र प्रविधिको विकासका निम्ति काम गर्न किन नसक्ने ?

*खेतान वरिष्ठ उद्यमी हुन् ।*






# निर्माण क्षेत्रमा
# विद्यमान संकट समाधानको
# रोडम्याप

**निर्माण क्षेत्रलाई सही गतिमा अगाडि बढाउने हो भने त्यसका लागि आवश्यक पर्ने निर्माण सामग्रीको उपलब्धतामा सहजता र उचित मूल्यले महत्वपूर्ण भूमिका खेल्छ । उदाहरणका लागि असारमा ४ सय रुपैयाँ भएको प्रतिबोरा सिमेन्टको मूल्य मङ्सिर लाग्दा ७ सय ५० रुपैयाँ पुग्छ । तर सरकारले भने त्यसप्रति कुनै प्रतिक्रिया जनाउँदैन ।**



रवि सिंह

पूर्वाधार निर्माण क्षेत्र अहिले अस्तव्यस्त र सकसपूर्ण अवस्थाबाट गुज्रिरहेको छ । राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रको बेइमानीले यस्तो परिस्थिति सिर्जना भएको हो । निर्माण क्षेत्रलाई सुधार गर्ने र सही दिशातर्फ अगाडि बढाउने हो भने सबैभन्दा पहिले राजनितिक नेतृत्व सच्चिनुपर्छ । राजनीतिक नेतृत्व नसच्चिएसम्म निर्माण क्षेत्रको सकसपूर्ण अवस्थामा सुधार ल्याउन कठिन छ । निर्माण क्षेत्रले अहिले जुन परिस्थिति भोगिरहेको छ, यसलाई अन्त्य गर्न राजनीतिक नेतृत्वको भूमिका नै महत्वपूर्ण हुन्छ ।

बजेट निर्माण गर्दा कार्यक्रमका रूपमा समावेश गरेका धेरै योजनाहरू खरिद प्रक्रिया अगाडि बढाएर ठेक्का सम्झौता भएका अवस्थामा छन् । तर यसरी काम नै अगाडि बढिसकेका योजनाहरू नै अहिले समस्यामा छन् । स्रोतको पर्याप्त सुनिश्चितताविना राजनीतिक स्वार्थले योजना राख्ने गर्दा यस्तो समस्या दोहोरिइरहने क्रमले नियमितता पाइरहेको छ । कुनै अमुक दल मात्र होइन, जुनसुकै राजनीतिक दलको नेतृत्वमा बनेको सरकार भए पनि घोषित र कार्यान्वयनका लागि अघि बढेका आयोजनालाई उपलब्ध गराउने पर्याप्त स्रोत भएको देखिएको छैन । सरकारी निकायहरूले निर्माण व्यवसायीहरूसँग साढे ६ खर्ब रुपैयाँ लागतका योजनाहरूको सम्झौता गरिसकेका छन् ।

तर सरकारले औसतमा वार्षिक तीन खर्ब रुपैयाँ मात्र विकास कार्यका लागि विनियोजन गर्छ । त्यसमा पनि खर्च गर्ने क्षमता विनियोजनको ६० प्रतिशत हाराहारी मात्र छ । खर्च गर्ने क्षमता नभएको मात्र होइन, सरकारको ढुकुटीमा पर्याप्त स्रोत नै हुँदैन । यसरी हेर्दा वार्षिक १ खर्ब ५० अर्बदेखि २ खर्ब रुपैयाँ मात्र विकास निर्माणमा खर्च हुने देखिन्छ ।

**चलायमान बनाउने उपाय**

निर्माण क्षेत्रलाई चलायमान बनाउने हो भने सबैभन्दा पहिले अनावश्यक र वित्तीय रूपमा महँगो र अनुत्पादक आयोजनामा हात हाल्ने संस्कारको अन्त्य हुनु अत्यन्त आवश्यक छ । आफ्ना मतदाताका लागि अनावश्यक आयोजनाहरू निर्माण गर्ने वा अघि बढाउने प्रतिबद्धता जनाउने गलत संस्कार बन्द हुनैपर्छ । यस्तो बेढंगी कार्यशैली जुन दिनसम्म हामीले त्याग्न सक्दैनौं, त्यस दिनसम्म सुधारको कुनै गुञ्जायस रहने देखिँदैन ।

यथार्थमा आधारित तथा वित्तीय र प्राविधिक रूपमा सम्भाव्य दीर्घकालीन योजनाका लागि स्रोतको सुनिश्चितता हुनुपर्छ । जुन योजना कार्यान्वयनयोग्य छ, निर्माण सम्पन्न भएपछि दीर्घकालीन रूपमा समाजलाई प्रतिफल दिन्छ, त्यस्ता योजनालाई प्राथमिकताका साथ अघि बढाउनुपर्छ । यस अर्थमा पनि हाम्रो राजनीतिक नेतृत्व सुध्रनुको विकल्प छैन ।

सुधार गर्नुपर्ने अर्को महत्वपूर्ण विषय भनेको निर्माणमैत्री ऐन नियमहरूको तर्जुमा र कार्यान्वयन हो । निजीक्षेत्रलाई पनि भौतिक पूर्वाधार क्षेत्रमा लगानी गर्नका लागि सहज र प्रोत्साहनमूलक वातावरण तयार हुन सकेको छैन । हाम्रो पूर्वधारमा हुने लगानी संसारमै महँगोमध्येमा पर्छ । त्यसलाई घटाउनुपर्छ । किनकि पूर्वाधार नहुँदा कतिपय सम्भावनाको उपयोग गर्न र फाइदा लिन सकिएको छैन । जलविद्युत्, पर्यटन, कृषि तथा जैविक विविधताजस्ता क्षेत्रमा उच्च सम्भावना छन् । तर, भौतिक पूर्वाधार क्षेत्र अर्थात् निर्माण क्षेत्र चलायमान हुन नसक्दा अन्य क्षेत्रको सम्भावनाको दोहन गर्न राज्य पूर्णतया असफल बनेको छ । त्यसका लागि हामीले नीतिहरूमा परिवर्तन गर्नुको विकल्प छैन । देशभित्र मात्र होइन, अन्तर्राष्ट्रिय मञ्चहरूमा पनि नेपालको कानुनी व्यवस्थालाई लिएर चर्को आलोचना हुने गरेको छ ।

नेपालको कानुन कसैले पनि पालना गर्न नसक्ने र नमिल्ने रहेको चर्चा अन्तर्राष्ट्रिय मञ्चहरूमै हुन्छ । यसकारण अबदेखि सबैले पालना गर्न सक्ने खालका नियम कानुनहरू बनाउनु आवश्यक छ । एउटा कानुनले अर्कोलाई काट्ने तथा अप्ठेरो बनाउने होइन कि एउटाको अभाव अर्कोले परिपूर्ति गर्ने गरी व्यवस्था गर्नुपर्छ । यसबाट एउटा कानुनले अर्को कानुनलाई चलायमान बनाउन, पूर्णता दिन सहयोग पुऱ्याउँछ ।

हामीले चाहेको कानुनी व्यवस्था भनेको विकासमैत्री, प्रविधिमैत्री, जनतामैत्री हो । कुनै समस्या आयो भने त्यसलाई समाधान दिन सक्ने कानुनी व्यवस्था खोजिएको हो । कानुनी व्यवस्थाले अझ जटिलता थप्ने भयो भने त्यो दुर्भाग्यपूर्ण हुन्छ । कानुनी जटिलताका कारणले सबैभन्दा धेरै प्रभावित हुने क्षेत्रमध्ये निर्माण क्षेत्र अग्रस्थानमा आउँछ । कुनै पनि देश समृद्ध हुनका लागि चाहिने आधारभूत शर्त भनेको फेरि पूर्वाधारको विकास नै हो, जुन निर्माण क्षेत्रसँग जोडिएको छ । यसकारण नै हामी निर्माण क्षेत्रलाई समृद्धिको प्राथमिक क्षेत्र भनेर पनि भन्छौं ।

यसैबीच, निर्माण क्षेत्रका लागि प्रभावकारी कानुन बनाउनु भनेको निर्माण कम्पनीहरूलाई कार्टेलिङ गर्ने र त्यहाँबाट लाभ लिने अवसर दिनु हो भन्ने बुझाइमा परिवर्तन आउनु जरुरी छ । आम मानिसले आफ्नो जीवनमा पूर्वाधारको अभावले के कस्ता पीडा भोगिरहेका छन् भन्ने बुझेर त्यसको न्यूनीकरण गर्न निर्माणमैत्री कानुन बनाउनुको विकल्प छैन ।

कानुन त्यस प्रकारले बनाउनु पऱ्यो, जसले निर्माण क्षेत्रमा हुने गरेको भ्रष्टाचारलाई रोक्न सकोस् । अहिले हरेक तहपिच्छे भ्रष्टाचार हुने गरेको गुनासो छ, जसले नेपालको पूर्वाधार निर्माणलाई अझ महँगो बनाउँदै लगेको छ । उदाहरणका लागि बंगलादेशको ढाकामा अफ्रिका, भुटान र ओमानबाट आयात गरिएको गिट्टी र बालुवाको जुन मूल्य छ, त्यही मूल्य काठमाडौंका जनताले आफ्नो घर वा भवन निर्माण गर्दा तिर्नु पर्छ । जबकि गिट्टी, बालुवा र ढुंगा हाम्रो देशभित्र प्रशस्त उपलब्ध छ, तर मूल्य भने आश्चर्यलाग्दो गरी उच्च छ । यसको पछाडिको कारण खोज्ने हो भने हामीले धेरै प्रकारका बाहुबली शुल्क वा करहरू तिर्नु परिरहेको देख्न सक्छौं । हरेक नाकामा प्रहरीको वृत्त अनि स्थानीय तहलाई विभिन्न प्रकारका वैधानिक एवम् अवैधानिक शुल्कहरू बुझाउँदै सामान ढुवानी गर्नुपर्छ । अदृश्य रूपमा तिर्नुपर्ने यस्ता चर्को शुल्कले गर्दा निर्माण खर्च महँगो बन्न पुग्छ ।



**हामीले चाहेको कानुनी व्यवस्था भनेको विकासमैत्री, प्रविधिमैत्री, जनतामैत्री हो । कुनै समस्या आयो भने त्यसलाई समाधान दिन सक्ने कानुनी व्यवस्था खोजिएको हो । कानुनी व्यवस्थाले अझ जटिलता थप्ने भयो भने त्यो दुर्भाग्यपूर्ण हुन्छ ।**

जलविद्युत् आयोजनामा एक मेगावाट उत्पादन गर्न भारतमा १४ करोड रुपैयाँ लागत पर्छ। जबकि नेपालमा २० करोड रुपैयाँ लाग्छ। नेपालमा जलविद्युत् उत्पादन हरेक वर्ष बढ्दै गइरहेको छ । लगानीकर्ताहरू अनुभवी बन्दै गएका छन् । जलविद्युत् आयोजना निर्माणका लागि सडक, बिजुली र पानी जस्ता विषयहरू सहज पनि बनेका छन् । प्रविधि सस्तो हुँदै गएको छ, तर लागत भने आश्चर्यजनक रूपमा वृद्धि भइरहेको छ। यसतर्फ सरकार र सम्बन्धित निकायको गम्भीर ध्यान जानु आवश्यक छ । लागत कसरी घटाउने र थोरै स्रोतबाट अधिकतम लाभ कसरी लिने भन्ने विषयमा सोच्न अब ढिला भइसकेको छ।

निर्माण क्षेत्रलाई सही गतिमा अगाडि बढाउने हो भने त्यसका लागि आवश्यक पर्ने निर्माण सामग्रीको उपलब्धतामा सहजता र उचित मूल्यले महत्वपूर्ण भूमिका खेल्छ । उदाहरणका लागि असारमा ४ सय रुपैयाँ भएको प्रतिबोरा सिमेन्टको मूल्य मङ्सिर लाग्दा ७ सय ५० रुपैयाँ पुग्छ। तर सरकारले भने त्यसप्रति कुनै प्रतिक्रिया जनाउँदैन । नेपाललाई सिमेन्ट निर्यातक मुलुक भनेका छौं, तर भारतीय बजारमा उही परिमाणको सिमेन्ट ५ सय ५० रुपैयाँमा पाइन्छ भने सिमेन्ट निर्यातक मुलुकमै हामीले ७६० तिर्नुपर्छ । जुन दिन डिजेलको मूल्य ४ रुपैयाँ घट्छ, त्यही दिन डन्डीको मूल्य ४ रुपैयाँले बढ्छ । जबकि अन्तर्राष्ट्रिय बजारमा मूल्य परिवर्तन भएको हुँदैन। यसरी असामान्य र अन्योलको अवस्थामा सामान्य निर्माण व्यवसायी टिक्न गाह्रो हुन्छ।

कुनै पनि उद्योग निर्माण क्षेत्रको परिपूरक हो । तर मूल्यमा हुने अस्वाभाविक वृद्धिले निर्माण क्षेत्र र समग्र निर्माणका कामहरू प्रभावित भइरहेका छन् । त्यसलाई समन्वय गर्दै सहज वातावरण बनाउने काम सरकारले गर्नुपर्छ । यद्यपि सरकार त्यहीँ चुकिरहेको छ । हामीले यही अवस्थालाई परिवर्तन गर्नका लागि नै सुशासन चाहिन्छ भनेका हौं । सरकारले सुशासन कायम गर्ने सम्बन्धमा आफ्नो भूमिका स्पष्ट रूपमा खेल्न सकेको देखिँदैन । बजारको यस्तो अवस्थाले निर्माण क्षेत्रलाई दिनप्रतिदिन संकटतर्फ उन्मुख गराउँदैछ।



> **कुनै पनि उद्योग निर्माण क्षेत्रको परिपूरक हो । तर मूल्यमा हुने अस्वाभाविक वृद्धिले निर्माण क्षेत्र र समग्र निर्माणका कामहरू प्रभावित भइरहेका छन् । त्यसलाई समन्वय गर्दै सहज वातावरण बनाउने काम सरकारले गर्नुपर्छ ।**

हाम्रा नीतिगत व्यवस्थाहरू पनि अस्थिर छन्। साउनमा मात्र नेपाल राष्ट्र बैंकसँग छलफल भएर मौद्रिक नीतिमार्फत मङ्सिरसम्म निर्माण कम्पनीहरूलाई कालोसूचीमा नराख्ने, कर्जा तिर्न पुनर्तालिकीकरणको सुविधा दिने लगायतका सुविधाहरूको घोषणा भयो । साउनदेखि मङ्सिरसम्म जुन सुविधा दिएको थियो, त्यस विषयमा के प्रगति भयो भन्ने विषयलाई नहेरिकन पुस लागेपछि त्यो व्यवस्थालाई हठात् हटाइएको छ। तर, किन त्यो सुविधा ल्याइयो र किन हटाइयो भन्ने विषयमा कोही कसैसँग जवाफदेही छैन । गैरजिम्मेवारीपूर्ण काम गरेको यो एउटा उदाहरण हो। साउनमा सुविधा घोषणा गर्दा जुन अप्ठ्यारोमा निर्माण व्यवसायीहरू थिए, त्यो अप्ठ्यारो अद्यापि कायम छ । यस अवस्थामा साउनमा ल्याएको व्यवस्थालाई छलफल नगरी हटाएर अकस्मात् अघि बढ्न खोजियो भने विकासको योजना बनाउन सकिँदैन। योजना नबनाई काम गर्दा झन् समस्यामा परिन्छ। यस्तो अविश्वसनीय, अपारदर्शी र अनुमान गर्न नसकिने असहज परिस्थितिमा सुधार गर्न सरकारले चासो देखाएन।

निर्माण क्षेत्रको संकट समाधान गर्नेतर्फ अगाडि बढ्ने हो भने योजना तर्जुमा गर्ने बेलामा नै विचार पुऱ्याउनुपर्छ । राम्रो प्रतिफल दिने योजनालाई प्राथमिकता दिनुपर्छ । योजना बनेपछि त्यो आफै आत्मनिर्भर हुनुका साथै समुदाय र देशलाई पनि प्रतिफल दिने किसिमको हुनुपर्छ। नेपालमा ५२ वटा हवाई मैदान बनेका छन्। सञ्चालनमा भएकामध्ये पनि धेरैले आफ्नै खर्च धान्न सक्दैनन् । विभिन्न ठाउँमा चिस्यान केन्द्रहरू बनाइएको छ तर त्यसको पूर्ण उपयोग भएको छैन । अनुदान प्राप्त गर्न वा कमिसन खानको लागि मात्र त्यस्ता काम भइरहेका छन्। अन्य क्षेत्रमा मात्र होइन, निर्माण क्षेत्रमा पनि जसले कार्टेलिङ गर्छ, उसको प्रगति 'दिन दुई गुना रात चौगुना' भइरहेको देखिन्छ । जसले प्रतिस्पर्धा गरेर काम गर्छ, त्यो पीडामा पर्छ । यसलाई सुधार गर्नु जरुरी छ।

अहिले ठेक्का समेत भइसकेका साढे ६ खर्ब रुपैयाँका योजनाहरूको व्यवस्थापन गर्नेतर्फ ध्यान दिनुपर्छ । मुलुकले धान्न सक्ने र उपलब्ध स्रोत र जनशक्तिमा आधारित भएर दुई खर्ब वा डेढ खर्ब रुपैयाँका आयोजना मात्रै राख्नुपर्छ। यसरी सीमित गर्न सकियो भने काम गर्न सहज पनि हुन्छ। प्राथमिकता पनि केन्द्रित हुन्छ । अन्य आयोजनालाई खारेज गर्नुपर्छ । जुन रणनीतिक महत्वका छन्, जसले वित्तीय र आर्थिक प्रतिफल दिन्छन्, त्यस्ता योजनालाई मात्रै निरन्तरता दिनुपर्छ । अब बन्ने योजनाहरू राष्ट्रिय योजना आयोगले नै अध्ययन गरेर सबै प्रकारका सम्भाव्यताहरूको आधारमा अघि बढाउनुपर्छ। जनता र मुलुकले अधिकतम लाभ पाउने गरी आयोजनाहरू बढ्नुपर्छ । साथै कुनै पनि आयोजनाको जिम्मेवारी लिएको आयोजना प्रमुखहरू आफूले गर्नुपर्ने काम नगरेको अवस्थामा दण्डित हुनुपर्छ। कर्मचारीले कामै नगर्दा वा ढिलो निर्णय गर्दा वा निर्णय नै नगर्दा पनि कुनै दण्ड नहुने अवस्थाले पनि हाम्रो निर्माण क्षेत्र प्रताडित भएको छ। यसलाई व्यवस्थित गर्नेपर्छ।

निष्कर्षमा राजनीतिक संस्कारमा सुधार हुनुपर्छ । निजीक्षेत्रलाई पनि पूर्वाधार निर्माणमा लगानी गर्नका लागि आकर्षित गर्ने गरी कानुनी व्यवस्था हुनुपर्छ । सरकारले पूर्वाधार निर्माणको लागि अभाव हुने लगानी ल्याउन राष्ट्रिय र अन्तर ाष्ट्रिय रूपमा पहल गरी पूर्वाधार कोषहरू खडा गर्नुपर्छ। कानुन नसुधारेसम्म धेरै विषयहरू सुधार हुन सक्दैनन् । पूर्वाधारलाई कसरी सस्तो सहज बनाउने भन्नेतर्फ सरोकारवालाको ध्यान जानुपर्छ।

*सिंह नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष हुन् ।*



NO. 1
विशेषज्ञहरूको रोजाई
Nepatop
सब ठिक ठाक ।।
Nepatop
आकर्षक र टिकाउ घरका लागि स्मार्ट छनौट !
Nepatop
1000 Ltrs
Nepatop
CELEBRATING
25
YEARS OF CHALLENGE, PARTNERSHIP, SUCESS



# हस्पिटालिटी क्षेत्र : गुणस्तर कि मूल्यमा प्रतिस्पर्धा ?

**सबै होटललाई 'ब्रेक इभन'मा आउन गाह्रो छ । जनवरीकै कुरा गर्दा काठमाडौंको तारे होटलको औसत अक्युपेन्सी ३३ प्रतिशत थियो । फेब्रुअरीमा आउँदा ४२ प्रतिशत पुग्यो । मार्चमा त्यस्तो अक्युपेन्सी ५० प्रतिशत पुग्ने भनिएको छ । यो दुर्भाग्य हो ।**



शशिकान्त अग्रवाल

नेपालमा विभिन्न वर्गका होटल सञ्चालित छन् । गुणस्तरको कुरा गर्दा मूल्य सस्तो होस या महँगो सबै होटलको आ-आफ्नो ग्रेड हुन्छ । मध्यमको र उच्चको निश्चित गुणस्तर हुन्छ । जुन ग्रेडको पैसा लिन्छौं, सोही अनुसारको गुणस्तरीय सेवा प्रदान गर्नु अनिवार्य छ । अब तीनतारे होटलको मान्यता लिने अनि प्रतिस्पर्धा छ, नाफा छैन भन्दैमा एकतारे स्तरको सुविधा दिनु गलत हो । जहाँसम्म मलाई लाग्छ, नेपालमा सञ्चालित अधिकांश होटलले आफ्नो गुणस्तरअनुसारका सेवा दिँदै आएका छन् । त्यसमा १९/२० हुनु स्वाभाविक हो ।

तर अहिले नेपालको समग्र आतिथ्य उद्योगको कुरा गर्ने हो भने यही स्थितिमा गुणस्तर कायम गर्न गाह्रै छ । अहिले होटल उद्योगले आफ्नो तर्फबाट गुणस्तर कायम गर्न जति नै लगानी गरे पनि पाहुनाको आगमन पर्याप्त छैन । स्तरअनुसारको सेवा प्रवाह गर्नु होटलको मुख्य दायित्व हो । होटलको गुणस्तर कायम गर्नमा खाद्य सामग्रीको गुणस्तरदेखि जनशक्तिको व्यवहारसम्मले महत्वपूर्ण भूमिका खेल्छन् । तर अहिले यहाँ जनशक्ति अभाव छ । यहाँको जनशक्ति विदेशमा अवसर खोज्दै पलायन भइरहेको छ । तर यो कुरा पाहुनाको सरोकारको विषय होइन । यो त सेवाप्रदायक अर्थात् होटलको दायित्व हो ।

जुन स्तरको होटल हो, सोहीअनुसार पाहुनाको अपेक्षा हुन्छ । कतिपय अवस्थामा प्रतिस्पर्धा हुन्छ । २ सय अमेरिकी डलर मूल्यको होटल रुम १ सय अमेरिकी डलरमा पनि बिक्री गर्नुपर्ने हुन्छ । तर मूल्यमा सम्झौता भए पनि सेवा सुविधाको गुणस्तरमा सम्झौता हुँदैन र हुनुहुँदैन पनि ।

स्तरीय होटलको जिम्मेवारी भनेकै जनशक्ति व्यवस्थापन हो । ५० हजार रुपैयाँ तलब दिँदै आएको ठाउँमा २ लाख रुपैयाँ नै तलब दिएर भए पनि जनशक्ति ल्याउनुपर्ने हुनसक्छ । यो हाम्रो जिम्मेवारी हो । चुनौती भए पनि जनशक्ति तालिम र स्तरमा विशेष ख्याल गरिँदै आइएको छ । जनशक्ति अभाव सम्बोधनका लागि अहिले विभिन्न होटलले आफ्नो रणनीति अनुसार इन्टर्नशीप पनि गराउँदै आएका छन् । त्यसो त कतिपय होटलले जनशक्ति व्यवस्थापन गर्न नसकेको पनि पाइएको छ । राज्यले पनि पर्यटन विभागमार्फत चुस्त अनुगमन गरेर स्तरअनुसार होटलको वर्गीकरण गर्नु आवश्यक छ । यस सन्दर्भमा जिम्मेवार र सामर्थ्यवान् निकाय भनेकै पर्यटन विभाग हो । विभागले बेलाबेलामा आकस्मिक निरीक्षण पनि गर्नु आवश्यक छ ।

हस्पिटालिटी क्षेत्रमा गुणस्तर अनुगमनकै कुरा गर्दा खाद्य क्षेत्रमा तदारुकता कम देखिएको छ । त्यसमा ध्यान जानु आवश्यक छ । त्यसैगरी, धेरै होटल भएर गुणस्तर खस्किएको कुरा आइरहेको छ । तर यो भाष्य गलत छ । न्यूयोर्ककै उदाहरण लिउँ, त्यहाँ १ हजार होटल होलान् । त्यहाँ मूल्यमा प्रतिस्पर्धा हुन सक्छ, गुणस्तरमा हुँदैन । हामीले नै यहाँ २ सय डलरको होटल रुम डेढ सय डलरमा दिन्छौं । तर पाहुनालाई मूल्य घटाएअनुसार गुणस्तर पनि घटाउने कुरा मान्य हुँदैन । कसैले यसो गर्छ भने यो बेइमानी हो । कफीकै मापदण्डको कुरा गर्दा दूध, पानी र कफीको मात्रा निश्चित हुन्छ । कफीमै 'बाइ वन गेट वन' स्किम ल्याउँदा पनि गुणस्तर घटाउने कुरा हुँदैन ।

खानपिनको गुणस्तर मूल्याङ्कन हुने रेष्टुरेण्टमा हो । स्तरीय रेष्टुरेण्टमा पनि अहिले प्रतिस्पर्धासँगै गुणस्तर विस्तार हुँदै आएको छ । प्रतिस्पर्धा नै गुणस्तर थप चुस्त बनाउने आधार हो ।

अब काठमाडौं रहेका पाँचतारे होटलको मूल्यको कुरा गर्दा यहाँका रुमको न्यूनतम २ सयदेखि २ सय ५० अमेरिकी डलर हो । तर कतिपय होटलहरू सोही सेवा ८० डलरमा पनि सञ्चालन गर्न बाध्य छन् । अहिले यहाँ कतिपय होटल नेपाली व्यवस्थापनमै छन् भने कतिपय फ्रेन्चाइजी र म्यानेजमेन्ट आउटसोर्सिङअन्तर्गत छन् । सबैको आ-आफ्नो शैलीको आतिथ्य छ । अब अन्तर्राष्ट्रिय होटल चेनको कुरा गर्दा गुणस्तर उनीहरूकै मापदण्डअनुसार लागू हुँदै आएको छ । यसरी अन्तर्राष्ट्रिय चेन आइरहेको अवस्थामा आतिथ्य सेवामा थप गुणस्तर कायम भइरहेको छ । त्यसका लागि बाथरुममा कुन केमिकल कति मात्रामा प्रयोग गरेर सफा गर्ने, कुन ब्राण्ड र गुणस्तरका सामग्री प्रयोग गर्ने, बेडसिट ब्राण्डदेखि लिएर भान्सामा प्रयोग हुने सबै सामग्रीको सूक्ष्म रूपमा अध्ययन गरेर प्रयोग गरिन्छ । आतिथ्य सेवा भनेको अनुभूत गर्ने खालको हुनुपर्छ । त्यो अनुभूतिमा हुने सन्तुष्टि नै भविष्यमा सेवा विस्तारको आधार हो भन्ने बिर्सनु हुँदैन ।

तर कतिपय अवस्थामा केही होटलले चुस्त रूपमा गुणस्तर कायम नगर्दा एक पटक आएको पर्यटक पुनः आउन नचाहेको अवस्था पनि देखिएको छ । जसका कारण मौखिक प्रचार नै नकारात्मक हुन पुग्छ । पर्यटन विभागले दिएको स्तर मान्यता पालना भएको छ या छैन भन्ने विषय सुनिश्चित गर्नकै लागि पनि पटकपटक आकस्मिक अनुगमन गर्न आवश्यक छ ।

यहाँनिर के कुरा बुझ्नु आवश्यक छ भने रेटको हिसाबले विश्वकै सबैभन्दा सस्तो होटल नेपालमै छ । तर हवाई भाडादर महँगो भएको कारण पर्याप्त पर्यटक यहाँ आएका छैनन् वा आउन चाहँदैनन् । त्यसको मार होटल उद्योगले खेपिरहेको अवस्था छ । हामीले सुरुमा नेपाल संसारकै सुन्दर पर्यटकीय गन्तव्य भनेर एउटा रेट लागू गऱ्यौं । तर यही गतिमा हामी कति दिन अडिग रहन सकौंला ? हामीले पाइरहेको पर्यटकको संख्या विस्तार हुन सकेन भने पर्यटन तथा आतिथ्य उद्योगका धेरै व्यवसाय तथा सेवाहरू प्रभावित हुनेछन् । त्यस्तो अवस्थामा व्यवसाय बन्द हुने, रोजगारी प्रभावित हुने सम्भावना पनि उत्तिकै छ । अहिले नै अधिकांश होटल सस्तैमा सेवा दिन बाध्य छन् ।

सबै होटललाई 'ब्रेक इभन'मा आउन

**खानपिनको गुणस्तर मूल्यांकन हुने रेष्टुरेण्टमा हो । स्तरीय रेष्टुरेण्टमा पनि अहिले प्रतिस्पर्धासँगै गुणस्तर विस्तार हुँदै आएको छ । प्रतिस्पर्धा नै गुणस्तर थप चुस्त बनाउने आधार हो ।**



गाह्रो छ । जनवरीकै कुरा गर्दा काठमाडौंको तारे होटलको औसत अक्युपेन्सी ३३ प्रतिशत थियो । फेब्रुअरीमा आउँदा ४२ प्रतिशत पुग्यो । मार्चमा त्यस्तो अक्युपेन्सी ५० प्रतिशत पुग्ने भनिएको छ । यो दुर्भाग्य हो । नेपालजस्तो सुन्दर मुलुक, जहाँ असंख्य पर्यटकीय, प्राकृतिक तथा सांस्कृतिक आकर्षण छन्, भारत र चीनजस्ता ठूला मुलुक नजिक छन्, त्यहाँ त अक्युपेन्सी कम्तीमा पनि ९० प्रतिशत हुनुपर्ने हो ।

अहिले बजारमा अस्वस्थ प्रतिस्पर्धा चलिरहेको छ भन्ने भाष्य बनेको छ । तर यहाँ प्रतिस्पर्धा सधैं स्वस्थ नै हुने हो । अस्वस्थ तब हुन्छ, जब होटलको गुणस्तर कम हुन्छ तर उच्चस्तरको मान्यता दिइन्छ । जस्तै एउटा होटलले १ सय अमेरिकी डलरमा कोठा बिक्री गर्दैगर्दा अर्को सोही स्तरको होटलले त्यसलाई ८० मा बिक्री गऱ्यो भने त्यो हानिकारक प्रतिस्पर्धा हुन्छ । यसले कसैको हित गर्दैन । यो अस्वस्थभन्दा पनि हानिकारक प्रतिस्पर्धा हो ।

पाँचतारे होटल छ भनेर बोलाउने तर गुणस्तर शून्य वा न्यून छ भने त्यो अस्वस्थ प्रतिस्पर्धा हो । यस्तो परिवेश नेपालमा नभएको होइन । अहिले गुणस्तरमा कुनै सम्झौता नगरे पनि कतिपय होटल मारमै छन् । किनभने धेरै होटलहरू बैंकको ऋण लिएर सञ्चालित छन् ।

महँगो हवाई भाडादर, अव्यवस्थित रोड कनेक्टिभिटी, डलर फेयर लगायतले पर्यटक आगमनमा थप प्रभाव पारेको अवस्था छ । विदेशमा हेर्ने हो भने भाडामा कुनै भेदभाव छैन । तर यहाँ हवाई भाडादरमा भइरहेको भेदभावमा सुधार ल्याउन आवश्यक छ । अब यो विषय प्रत्यक्ष रूपमा नेपाल वायुसेवा निगमसँग जोडिन्छ । जबसम्म राष्ट्रिय ध्वजावाहक सक्षम हुँदैन, तबसम्म हवाई भाडादर घट्ने सम्भावना न्यून रहन्छ । अहिले निगमसँग जम्मा साढे २ थान जहाज छ भन्दा हुन्छ । एयरबस कम्पनीको दुईवटा वाइडबडी ए-३३० र दुईवटा न्यारोबडी ए-३२० गरी कुल चारवटा जहाजमध्ये एउटा प्रायः बिग्रिरहेको अवस्था छ भने अर्को एउटा पनि आंशिक रूपमा मात्र सञ्चालनमा रहेको देखिन्छ ।

> **नेपाल वायुसेवा निगमलाई जबसम्म बलियो बनाइँदैन, तबसम्म पर्यटक संख्यामा वृद्धि हुँदैन । निगमको जहाज संख्या विस्तारसँगै चुस्त हवाई सेवा सञ्चालन अहिलेको प्रमुख आवश्यकता हो । एयर कनेक्टिभिटी नै पर्यटनको मुख्य मेरूदण्ड हो ।**

नेपाल वायुसेवा निगमलाई जबसम्म बलियो बनाइँदैन, तबसम्म पर्यटक संख्यामा वृद्धि हुँदैन । निगमको जहाज संख्या विस्तारसँगै चुस्त हवाई सेवा सञ्चालन अहिलेको प्रमुख आवश्यकता हो । एयर कनेक्टिभिटी नै पर्यटनको मुख्य मेरुदण्ड हो । हवाई भाडादर सस्तिनका लागि ध्वजावाहकलाई बलियो बनाउनुको विकल्प छैन । यसमा सरकार चुकेको देखिन्छ । गन्तव्य विस्तारले थप पर्यटक आगमनमा टेवा पुग्ने देखिन्छ । जहाज कम भएकै कारण दुईपक्षीय हवाई सम्झौता भएका अधिकांश मुलुकमा ध्वजावाहक पुग्न नसकेको हो । अबको योजना यो समस्या समाधानका लागि हुनुपर्छ ।

*अग्रवाल काठमाडौं म्यारियोट होटलका सञ्चालक, हुन् ।*


हार्दिक शुभकामना

नेपाल चेम्बर अफ कमर्शको ७४औं वार्षिक साधारणसभाको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

Siddhartha Vanasthali Institute
Balaju, Kathmandu
Email : svibalaju@gmail.com
Phone : +977-1-4970075

# DEV URJA CONSTRUCTION PVT.LTD.

*...at your service since 2017*

**Remember us for**

Dev Urja Construction Pvt. Ltd. was established in the year 2017 A.D. under company act 2063 of Nepal with objective of development of infrastructure projects.

## Our Major Works

- Hydropower (Civil Constructions)
- Complete Engineering drawings
- Buildings Constructions (Corporate & Residential)
- Engineering & Consultant
- Detail Designing
- Construction of Roads & Bridges

**Contact us**

**Khichhapokhari-22, Kathmandu, Nepal**

**Office: 01-5324468 E-mail: devurjaconstruction@gmail.com**



# लगानी लक्ष्य ६२ खर्ब
# अवरोध कायमै

**देशलाई लोडसेडिङमुक्त गरी विद्युत्को खुद निर्यातकर्ता बनाउन निजीक्षेत्रको भूमिका महत्वपूर्ण छ । विद्युत् उत्पादन गरी निजीक्षेत्रले देशलाई उज्यालोका साथै वित्तीय सन्तुलन कायम राख्न समेत सहयोग गरेको छ ।**



नरेन्द्रबल्लभ पन्त

**पृष्ठभूमि**

नेपालमा ऊर्जा विकासको १ सय १४ वर्षे इतिहासमा निजीक्षेत्रले विद्युत् उत्पादनमा प्रवेश पाएको जम्मा ३२ वर्ष पुगेको छ । २०४७ सालमा बहुदलीय प्रजातन्त्रको पुनःस्थापनापछि सरकारले विद्युत् ऐन २०४९ र विद्युत् नियमावली २०५० ल्यायो । यही कानुनी दायरामा रहेर विद्युत् उत्पादनमा निजीक्षेत्र सहभागी हुन थालेको हो । हालसम्म आइपुग्दा नेपालको विद्युत् उत्पादनको कुल जडित क्षमता बढेर करिब ३ हजार ५ सय २ सय मेगावाट पुगेको छ । यसबाहेक अन्य दर्जनौं आयोजना पनि तत्कालै निर्माण सम्पन्न भई उत्पादन सुरु गर्ने अन्तिम अवस्थामा पुगिसकेका छन् । जबकि, निजीक्षेत्रको प्रवेशअघि जडित क्षमता जम्मा १ सय ७६ मेगावाट मात्रै थियो । हालको कुल जडित क्षमतामध्ये पनि करिब ८० प्रतिशत हिस्सा निजीक्षेत्रका आयोजनाको छ । सरकारी क्षेत्रको जडित क्षमता जम्मा ६ सय ८७ मेगावाट छ । निजीक्षेत्रले २०५७ साल असार २७ गतेदेखि पहिलो व्यावसायिक उत्पादन सुरु गरेको थियो । हाल निजीक्षेत्रबाट ४ हजार ६३ मेगावाट भन्दा बढी क्षमताका निर्माणाधीन र करिब ४ हजार ३ सय मेगावाटका आयोजना विद्युत् खरिद सम्झौता (पीपीए) गरेर निर्माणको तयारीमा छन् । क्षमताका हिसाबले किलोवाटदेखि ५ सय मेगावाटसम्मका आयोजना निर्माण गर्न निजीक्षेत्र अनुभवी र सक्षम भइसकेको छ ।

यसबाहेक भर्खर मात्र प्रसारण लाइन निर्माणमा पनि निजीक्षेत्रलाई प्रवेश गराउन थालिएको छ, जुन सकारात्मक छ। जल तथा ऊर्जा आयोगको अध्ययनअनुसार नेपालमा ४८ हजार मेगावाटका जलाशययुक्त र ७२ हजार मेगावाटभन्दा बढी जलप्रवाही आयोजना गरी जम्मा १ लाख २० हजार मेगावाट उत्पादन गर्न सक्ने सम्भावना छ। हालसम्म कुल विद्युत् उत्पादन सम्भावनाको २.९१ प्रतिशत मात्र उत्पादन गर्न सकिएको छ। यस अतिरिक्त विद्युत् विकास विभागका अनुसार निजी र सरकारी सबै गरी हाल ३२ हजार ८ सय २९ मेगावाटका जलविद्युत् आयोजना निर्माणका विभिन्न चरणमा छन्। जसमा १० हजार ८५ मेगावाटका जलविद्युत् आयोजनाले विभागबाट उत्पादन अनुमति पाइसकेका छन् भने ११ हजार २२३ मेगावाटका आयोजनाले उत्पादन अनुमतिका लागि विभागमा आवेदन पेश गरेका छन्।

यसैगरी, ८ हजार १ सय ७३ मेगावाटका आयोजनाले सर्वेक्षण अनुमति लिई अध्ययनका विभिन्न चरणमा छन्। ३ हजार ३ सय ५६ मेगावाट क्षमताका आयोजना भने अध्ययन अनुमतिको पर्खाइमा छन्। साथै, सरकारको निर्णयपछि नेपालकै सबैभन्दा ठूलो १० हजार ८ सय मेगावाटको कर्णाली चिसापानी बहुउद्देश्यीय जलविद्युत् आयोजना पनि नेपाल विद्युत् प्राधिकरणको नेतृत्वमा अघि बढ्ने भएको छ। यसका साथै नेपाल र भारत सरकारले संयुक्त रूपमा सप्तकोशी उच्चबाँध ३ हजार ३ मेगावाट र पञ्चेश्वर ६ हजार ४ सय ८० मेगावाट अगाडि बढाउने भनिएको छ। यसरी, करिब ७१ हजार १ सय ६७ मेगावाटका आयोजनाहरू विभिन्न हिसाबले अगाडि बढिरहेका छन्।

देशलाई लोडसेडिङमुक्त गरी विद्युत्‌को खुद निर्यातकर्ता बनाउन निजीक्षेत्रको भूमिका महत्वपूर्ण छ। विद्युत् उत्पादन गरी निजीक्षेत्रले देशलाई उज्यालोका साथै वित्तीय सन्तुलन कायम राख्न समेत सहयोग गरेको छ। विद्युत् जडित क्षमता बढेसँगै उद्योगहरूको क्षमता विस्तार भएको छ। देशभित्रै रोजगारीको सिर्जना हुँदा आयोजना निर्माण भएका ग्रामीण, विकट तथा दुर्गम भूगोलका स्थानीयबासीको आर्थिक स्थितिमा सुधार आएको छ। त्यस्तै, आयोजना निर्माण गरिएका स्थानीय क्षेत्रमा शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, पुल, धार्मिक तथा सांस्कृतिक सम्पदा जस्ता पूर्वाधार निर्माणका कार्यमा पनि निजीक्षेत्रले ठूलो रकम लगानी गरिसकेका छन्। जसको प्रत्यक्ष लाभ स्थानीय समुदायले नै लिइरहेको छ।

हाल नेपालले ९ सय ५१ मेगावाट विद्युत् भारतमा र ४० मेगावाट बंगलादेशमा निर्यात गर्ने अनुमति पाएको छ। यसलाई बढाएर आगामी १० वर्षमा ३० खर्ब रुपैयाँभन्दा बढीको लगानी यस क्षेत्रमा थप्नुपर्ने छ।



आगामी १० वर्षमा छिमेकी मुलुक भारतमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने सम्झौतासमेत भएको र सोबाहेक बंगलादेशले समेत नेपालबाट विद्युत् आयात गर्ने विषयलाई आफ्नो योजनामै समावेश गरेकोले देशभित्र उत्पादन हुने विद्युत्‌का लागि बजारको समस्या हुने देखिँदैन। हाल निजीक्षेत्र करिब २८ हजार मेगावाट बराबरका आयोजना निर्माणका लागि कस्सिएको छ। अर्थात् करिब ५० खर्ब रुपैयाँभन्दा बढीका आयोजना निर्माण गर्छु भनेर सन् २०३५ सम्म २८ हजार ५ सय मेगावाट विद्युत् उत्पादन र खपत गर्ने गरी 'ऊर्जा विकास मार्गचित्र २०८१' सरकारले गत पुसमा ल्याएको छ। भारतमा १० हजार र बंगलादेश, चीन तथा अन्य मुलुकमा ५ हजार मेगावट विद्युत् निर्यात गर्ने नयाँ लक्ष्य लिइएको छ। बाँकी १३ हजार ५ सय मेगावाट आन्तरिक खपत गर्ने लक्ष्य छ। यसका लागि ४६.५ अर्ब अमेरिकी डलर (६२ खर्ब ३१ अर्ब नेपाली रुपैयाँ) बराबरको लगानी गर्ने लक्ष्य राखेको छ। जसमा जलविद्युत् आयोजना, प्रसारण वितरण तथा सबस्टेसनका लागि आवश्यक पर्ने लगानीको विस्तृत विवरणसमेत समेटिएको छ। यसका लागि ठूला र नयाँ आयोजनामा लगानीका लागि सबै प्रकारका प्रारूप (मोडल)लाई खुला गरिएको छ। यो लगानी जुटाएर लक्षित उपलब्धि हासिल गर्न निजीक्षेत्रबिना असम्भव छ। हालसम्म ऊर्जा विकासमा करिब १३ खर्ब रुपैयाँ बराबरको लगानी गरिसकेको निजीक्षेत्रले निजीक्षेत्रले अध्ययनलाई निरन्तरता दिइरहेको छ। सरकारले पनि १० हजार ८ सय मेगावाटको कर्णाली चिसापानी, १ हजार २ सय मेगावाटको बुढीगण्डकीजस्ता ठूला आयोजना निर्माण गर्ने महत्वाकांक्षी लक्ष्य अघि सारेको छ। विदेशी लगानीका आयोजनाहरू पनि लगानीको चरणमा छन् तर ऊर्जा विकास र विस्तारमा अनेक समस्या छन्। देशको समग्र अर्थतन्त्रको विकासमा निजीक्षेत्रको योगदान तथा भूमिका महत्वपूर्ण रहे पनि सरकारले त्यसलाई सम्बोधन गर्न सकेको छैन। यसलाई विकासकै बाधकजस्तै गरी अनेक कानुनी तथा प्रक्रियागत जटिलतामा रुमल्याइएको छ। ऊर्जा विकास मार्गचित्रले जलविद्युत् प्रवर्द्धकलाई हौसला, आँट दिएको छ तर लक्ष्य पूरा गर्नका लागि विद्यमान अवरोधहरू हटाउनुपर्ने छ।

**वन तथा निकुञ्ज नीतिको अवरोध**

जलविद्युत् आयोजनाको विकासले वनको संरक्षणमा निकै ठूलो योगदान गर्छ भन्ने विषयलाई बुझेर पनि सरकारी नीतिले बुझ पचाएको जस्तो भान हुन्छ। जलविद्युत्‌को पर्याप्त विकास गर्न सके वनजन्य जैविक ऊर्जा जस्तो दाउरा, पातपतिङ्गरको प्रयोगमा कमी आउँछ। यसले वन फँडानी तथा अतिक्रमणलाई रोक्छ। साथै देशलाई स्वच्छ ऊर्जा उपलब्ध गराई कार्बन उत्सर्जनमै कमी ल्याउँछ। निर्माणको अवधि पूरा भइसकेपछि जलविद्युत् आयोजना क्षेत्र वरपर नै पनि वनको विकास हुन्छ। अझ पछिल्लो समय धेरै जसो आयोजनाका हेडरेस, टेलरेस, डिसेन्डर बेसिन, विद्युत्‌गृह जस्ता सबैजसो संरचना

भूमिगत हुने गरेकाले आयोजना निर्माणमै क्रममा पनि वनको क्षति निकै न्यून हुने गरेको छ । यी सबै तथ्यलाई नजरअन्दाज गरी १ रुख बराबर २५ वटा बिरुवा रोखेर हुर्काउन लगाउनु निजीक्षेत्र र देशको पूर्वाधार विकासका लागि अवरोधपूर्ण नीति हो । त्यस्तै, वनको जग्गा प्रयोग गरेबापत त्यति नै बराबरको जग्गा किनेर दिनुपर्ने नीति साह्रै अव्यावहारिक छ । यस्तो नीति संसारको कुनै देशमा खोजेर पनि पाइँदैन ।

बिरुवा रोप्ने, हुर्काउने, जग्गा किन्नेजस्ता निजीक्षेत्रसँग पैसा लिएर सरकार आफैँले गरिदिने हो भने पनि धेरै जलविद्युत् विकासमा निकै सहजता आउने थियो । अर्कोतर्फ, राष्ट्रिय निकुञ्ज क्षेत्रमा पूर्वाधार विकासमा रोक लगाउने सरकारको नीति देशलाई उल्टो बाटो डोहोऱ्याउने खालको छ । वनैवन र निकुञ्जहरू रहेको देशको भूगोलमा पूर्वाधारको विकास चाहिँ कहाँ गर्ने भन्ने भेउ कम्तीमा सरकार, नीतिनिर्माताले पाउनुपर्ने थियो । अर्बौं रुपैयाँ लगानी गरेर अध्ययन गरिसकेका आयोजना समेत वनकै कारण अघि नबढ्ने अवस्था आएको छ । त्यसमा भएको लगानीको सुरक्षा निजीक्षेत्रले पाउन सकेका छैनन् । वन तथा निकुञ्ज क्षेत्रमा पहिचान गरिएका आयोजनाको भविष्य नै अन्योलमा पारेको छ । यस्तो नीतिगत वा कानुनी त्रुटि अविलम्ब सच्याउनतर्फ सरकार लाग्नुपर्छ ।



> निजीक्षेत्रको प्रवेशले देशलाई ऊर्जामय बनाएको छ । केही वर्ष अघिसम्म २० अर्ब रूपैयाँभन्दा बढीको विद्युत् आयात गर्ने देश नेपालले अहिले बिजुली बेचेरै वार्षिक १७ अर्ब रूपैयाँभन्दा बढीको वैदेशिक मुद्रा आर्जन गर्न थालिसकेको छ । ऊर्जामा निजीक्षेत्रको योगदानले नै यो संभव भएको हो ।

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (आईईई), स्वीकृतिका लागि सुरुमा जिल्ला वन कार्यालयदेखि प्रदेश हुँदै वन मन्त्रालयसम्म र फेरि मन्त्रालयदेखि जिल्लासम्म आउने र फेरि मन्त्रालय हुँदै मन्त्रिपरिषद्सम्म पुग्ने गरी तेहेरो चक्कर काट्नुपर्ने नियति निजीक्षेत्रले भोगिरहेको छ । वातावरणीय प्रभाव मूल्याङ्कन (इआईए) प्रतिवेदन स्वीकृत गराउन पनि यस्तै झण्झट छ । यस्तो झण्झटिलो व्यवस्थाका कारण कुनै लगानीकर्ताले यस क्षेत्रमा आउन सहज मान्ने अवस्था छैन । यस्ता प्रतिक्रियालाई एकद्वार नीतिमा नलगी सहजता आउने देखिँदैन ।

**पूँजी संकलनमा जटिलता**

नेपाल धितोपत्र बोर्डले सेयर निष्कासन अनुमति नदिँदा अहिले ४४ वटा कम्पनीले जलविद्युत् आयोजना निर्माणका लागि पूँजी जुटाउन सकेका छैनन् । साथै ती आयोजनाले निकट भविष्यमा दिने प्रतिफलबाट आम सर्वसाधारण सेयर लगानीकर्ताले पनि वञ्चित हुनु परिरहेको अवस्था छ । जलविद्युत् कम्पनीहरूले प्राथमिक सेयर निष्कासन (आईपीओ) थप सेयर निष्कासन (एफपीओ) तथा हकप्रद (राइट) सेयर जारी गरेपछि आउने रकमलाई आयोजना निर्माणमा खर्च गर्ने योजनासहित काम अघि बढाएका हुन्छन् तर बोर्डले अनुमति नदिएपछि आयोजनालाई लगानी जुटाउन चुनौती थपिएको छ । अर्थात् आयोजनाको विकास नै ठप्प हुने अवस्था छ । जलविद्युत् आयोजनाले ५० प्रतिशत निर्माण कार्य पूरा भएपछि आईपीओ निष्कासनको प्रक्रियामा जान पाउँछन् भने ६० प्रतिशत निर्माण पूरा भएपछि अनुमति पाउने व्यवस्था छ । यसलाई ५० प्रतिशत पूरा हुनासाथ आइपिओमा जाने अनुमति दिँदा पूँजी निर्माणमा अझ सहजता आउने देखिन्छ । सेयर निष्कासनको प्रक्रिया नै रोकिएपछि आईपीओको चरणमा पुगेका अन्य आयोजना पनि प्रभावित भएका छन् । त्यसैले यो अवरोध तत्कालै खोल्नुपर्छ ।

सरकारले २८ हजार ५ सय मेगावाटको लक्ष्य लिइरहँदा त्यसका लागि लगानी जुटाउन आन्तरिक लगानीका लागि ऊर्जा क्षेत्रमा बैंकले गर्नुपर्ने अनिवार्य लगानीको सीमा बढाउनुपर्ने देखिन्छ । वैदेशिक रोजगारीमा रहेकाहरूका लागि जलविद्युत्मा लगानी गर्न खुकुलो नीति लिनुपर्छ । नियमन बढाएर नीति चाहिँ खुकुलो बनाउन सक्दा यसमा पूँजी लगानी बढ्न सक्छ । प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) आकर्षित गर्ने लगानी तथा प्रतिफल सहज रूपमा फिर्ता लैजाने कानुनी व्यवस्था गर्नैपर्छ । लगानीको सुरक्षा, लगानी गर्ने स्थानमा विद्युत्, बाटो जस्ता पूर्वाधारको पहुँच पुऱ्याउने, सुरक्षाको प्रवबन्ध मिलाउने र स्थानीय अवरोधको सहजीकरण गरिदिने काम सरकारले गरिदिनुपर्छ । यसका लागि इप्पान, चेम्बर अफ कमर्स, एफएनसीसीआई, सिएनआईजस्ता संस्थासँग सरकारले घनीभूत समन्वय गर्नुपर्छ । अर्कोतर्फ १ सय मेगावाटमाथिका अयोजनामा प्रतिशेयर आम्दानी १७ भन्दा बढी देखिए पिपिए दर कम गर्ने नीतिगत व्यवस्था व्यावहारिक छैन । यसले लगानी निरुत्साहित गर्छ । प्रतिसेयर आम्दानी बढी हुँदा त्यसमा लगानी पनि बढ्न जान्छ । यसले समग्र ऊर्जाकै विकास गर्ने भएकोले यो नीतिमा पुनर्विचार गर्नैपर्छ ।

**विद्युत् विधेयक**

सरकारले विद्युत् ऐन, २०४९ लाई प्रतिस्थापन गर्न विद्युत् ऐनको मस्यौदा तयार गरी २०८० भदौ २१ गते मन्त्रिपरिषद्बाट पारित गरेर संसदमा पेश गरेको छ । विधेयकले जलविद्युत् आयोजनाको अनुमतिपत्र प्रतिस्पर्धाको आधारमा दिने भनेको छ । यसले विद्युत् आयोजनामा लगानी गर्न चाहने धेरै लगानीकर्ताको लगानीलाई निषेध गर्छ । त्यसो हुँदा यस्तो व्यवस्था तत्कालै गर्नु उपयुक्त देखिँदैन । विधेयकको मस्यौदा तयार गर्दा विद्युत् ऐन २०४९ कार्यान्वयनपछि निजीक्षेत्रले गरेको योगदानको गम्भीर समीक्षा हुनुपर्छ ।

त्यही ऐनलाई टेकेर आजको अवस्थासम्म देशको ऊर्जा विकासलाई डोहोऱ्याएको निजीक्षेत्रलाई निषेध गरी विदेशी लगानीकर्तालाई मात्र प्रश्रय दिने नीतिगत व्यवस्था उचित हुँदैन । चालु विद्युत् ऐनमा रहेका सकारात्मक पक्षको निरन्तरता र कमीकमजोरी निराकरण गर्ने तथा बदलिँदो परिस्थितिअनुसार तयार गरिएको भए स्वीकार्य हुन्थ्यो । विधेयक ल्याउँदा निजीक्षेत्रको लगानी संरक्षण हुने गरी ल्याउनुपर्छ । यो विधेयक जस्ताको त्यस्तै पारित

भयो भने ऊर्जा क्षेत्रमा निजी लगानी आउँदैन । त्यसैले, निजीक्षेत्रसँग समन्वय गरी यसलाई संशोधन गरेर मात्र पारित गर्नुपर्छ ।

**प्रसारण लाइन**

उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनसम्म पुऱ्याउने लाइन समयमै निर्माण नहुँदा विगतमा र वर्तमानमै पनि विद्युत् खेर जाने अवस्था बनेको धेरै उदाहरण देखिएको छ । दुर्गम र विकट पहाडी क्षेत्रमा निर्माण हुने जलविद्युत् आयोजनाहरू, त्यसमा पनि साना आयोजनाका लागि प्रसारण लाइन बनाउन ठूलो आर्थिक तथा प्राविधिक चुनौती हुन्छ । लाइन निर्माणमा राष्ट्रिय र सामुदायिक वनको रुख काट्ने, जग्गाको मुआब्जा दिने र ऐतिहासिक तथा धार्मिक मठ, मन्दिरको संक्षण गर्नुपर्ने जस्ता चुनौती छन् । केन्द्रमा सरकारका ऐन, नियम तथा निर्माणस्थलमा स्थानीयको अवरोधले प्रसारण लाइन निर्माणमा व्यवधान सिर्जना हुने गरेको छ । यी चुनौती सामना गर्न स्थानीय, प्रदेश र केन्द्रीय सरकारले विशेष पहल गर्नुपर्दछ । प्रवर्द्धक कम्पनीले बनाउने लाइन जसोतसो तयार भए पनि विद्युत् प्राधिकरणले बनाउने लाइन तयार भएको हुँदैन । लाइनकै कारण विद्युत् खेर जाँदा निजीक्षेत्रले ठूलो घाटा ब्यहोर्नुपर्छ ।

सरकारले प्रसारण लाइन निर्माणमा सार्वजनिक-निजी साझेदारी (पीपीपी) प्रारूपमा निजीक्षेत्रलाई समेत सहभागी गराउन थालेको छ । विद्युत् उत्पादक कम्पनीहरू स्वपूँजी लगानीकर्ताको हिस्सेदार बनेर यसमा सहभागी हुने व्यवस्था गरिएको छ । निजीक्षेत्रको सहभागिताले नयाँ प्रविधि र व्यवस्थापन प्रणाली भित्र्याउन मद्दत हुनेछ । विद्युत् प्राधिकरण, सरकार, निजीक्षेत्र सबै मिलेर समन्वय गरेर आजकै दिनदेखि विद्युत् पूर्वाधार विकासमा लाग्नुपर्छ ।

**अनुमतिदेखि पीपीएसम्मका जटिलता**

विद्युत् आयोजनाको अनुमति पत्र (लाइसेन्स) प्राप्तिदेखि विद्युत् खरिद-बिक्री सम्झौता (पीपीए) सम्मका प्रक्रियामा अनेकौं समस्या छन् । प्रचलित ऐन, कानुन र नीतिले ऊर्जा प्रवर्द्धकहरूलाई लाइसेन्स प्राप्त गर्न नै समस्या हुने गरेको छ । साना, मझौला र ठूला वास्तविक ऊर्जा लगानीकर्ताले विद्युत् उत्पादनको लाइसेन्स नै प्राप्त गर्न सक्दैनन् । सरकारले विद्युत् उत्पादनको लाइसेन्स लिएको दुई वर्षसम्म काम नगर्ने कम्पनीको लाइसेन्स खारेज गरी उत्पादन गर्ने वास्तविक लगानीकर्तालाई दिनुपर्छ । विद्युत् विकास विभागले ४ हजार ४ सय मेगावाटभन्दा बढी क्षमताका जलविद्युत् आयोजनाको लाइसेन्स खारेज गरी सरकारी बास्केटमा राखेको छ । विभागबाट लाइसेन्स लिनेदेखि विद्युत् प्राधिकरणमा पीपीए गर्नेसम्मका प्रक्रिया लाग्ने समयसीमा छोट्याउनु पर्छ ।

**निष्कर्ष**

निजीक्षेत्रको प्रवेशले देशलाई ऊर्जामय बनाएको छ । केही वर्ष अघिसम्म २० अर्ब रुपैयाँभन्दा बढीको विद्युत् आयात गर्ने देश नेपालले अहिले बिजुली बेचेरै वार्षिक १७ अर्ब रुपैयाँभन्दा बढीको वैदेशिक मुद्रा आर्जन गर्न थालिसकेको छ । ऊर्जामा निजीक्षेत्रको योगदानले नै यो संभव भएको हो । देश लोडसेडिङमुक्त हुनुमा पनि निजीक्षेत्रको योगदान छ । विद्युत् आयोजना निर्माणसँगै स्वदेशभित्र अनुभवी परामर्शदाता/निर्माण व्यवसायी, इन्जिनियरहरूको संख्या मात्र बढेको छैन, दक्ष जनशक्ति विदेशिने क्रमसमेत रोकिएको छ ।

विद्युत्‌को पहुँच विस्तारसँगै दाउरा जस्ता जैविक इन्धनलाई प्रतिस्थापन गरी वातावरण संरक्षणमा समेत ठूलो योगदान पुगेको छ । यस्तो अवस्थामा निजीक्षेत्रलाई अलमल्याउने काम गर्नु हुँदैन । निजीक्षेत्रसँगको सहकार्यबिना जलविद्युत्‌को भविष्य सुरक्षित र सुनिश्चित हुँदैन । सरकारले निजीक्षेत्रलाई विद्युत् उत्पादनमा अझ उत्साहित, प्रोत्साहित र आकर्षित गरिरहे मात्र स्वदेशी निजीक्षेत्रको नेतृत्वमा ऊर्जाबाटै समृद्धि सम्भव छ । यही तथ्यलाई आत्मसात् गर्दै अब सरकारले लगानीमैत्री वातावरण निर्माण गरी विद्युत् व्यापारमा समेत निजीक्षेत्रलाई प्रवेश गराउनुपर्छ । यसका लागि नीतिगत र व्यावहारिक सहजीकरण आवश्यक छ ।

*पन्त वरिष्ठ ऊर्जा उद्यमी हुन् ।*





# घरजग्गा व्यवसायमा सुधारका लागि दीर्घकालीन नीति

**सरकारले काम गर्न नसकेकै कारण घरजग्गा व्यवसायी एकीकृत भएर आफैं लगानी गर्ने भनेर तम्सिनु परेको छ । घरजग्गा व्यवसायीले नेपाल अर्बन डेभलपमेन्ट नामक कम्पनीबाट लगानी गरी कारोबार गर्ने भएका छन् ।**



विष्णुप्रसाद घिमिरे

घरजग्गा व्यवसायीले नीति नियम सुधार्न लामो समयदेखि सरकारसँग माग गरिरहेका छन् । घरजग्गा व्यवसायमा समस्या आउनुको प्रमुख कारण नै सरकार हो । सरकारले लिएको नीति नियमकै कारण यो क्षेत्र शिथिल भएको हो । सरकारमा जतिपटक दलहरू फेरिए पनि घरजग्गाको कित्ताकाट रोक्ने नीति लिन चुकेनन् । तीन तहको सरकार सबैको आआफ्नै नियम हुने र काठमाडौं उपत्यका विकास प्राधिकरणले फेरि अर्कै नियम लगाउने स्थिति चलिरह्यो । सबैको नियम पालना गर्न सरकारले एकद्वार प्रणालीबाट लागू गर्ने व्यवस्था बनाउनु पर्ने भए पनि त्यसो गर्न सकेन । जसका कारण घरजग्गा व्यवसायी पीडित हुन पुगे । संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले लगाउने फरक नियम र कानूनको पालना गर्दागर्दै व्यवसाय नै शिथिल हुन पुगेको छ ।

उदाहरणका लागि भक्तपुरको चाँगुनारायणलाई लिन सकिन्छ । स्मार्ट सिटी बनाउने नाममा यहाँको जग्गा कारोबार १४ वर्षदेखि रोकिएको छ । जनताको सम्पत्तिलाई रोकेको सरकारले न निर्णय गर्न सक्छ न त बिक्री वितरण गर्न नै दिन्छ । यति लामो समयसम्म जग्गा रोकिएको भए पनि सरकारले यो बेलासम्म न त त्यो ठाउँमा भौतिक पूर्वाधार बनाउन सक्यो न त जग्गा रोक्कालाई नै फुकुवा गऱ्यो ।

सरकारले पूर्वाधार बनाउने भनेर रोकेको सम्पत्तिलाई त निश्चित समयमा खुला गर्नुपर्ने हो, तर त्यस्तो भएन । कतिपय अप्ठ्यारो परेकालाई घरजग्गा बेचेर कोही कामको गर्जो टार्नुपर्ने हुन सक्छ । त्यो काम रोकिएको छ । जसले गर्दा आम जनतालाई अप्ठ्यारो परेको छ । तर यस विषयमा सरकार मौन बसेको छ ।

त्यसैगरी, कतिपय स्थानमा वर्गीकरणका नाममा पनि जग्गा रोक्का राखिएको छ । ७ सय ५३ पालिकामध्ये आधामा पनि जग्गाको वर्गीकरण सकिएको छैन । खेतीयोग्य जमिन, बसोबास क्षेत्र र वनजंगल क्षेत्र छुट्याउने काम निकै राम्रो हो, तर सरकारले जग्गा वर्गीकरण गर्नै नसकेर रोक्का मात्रै राखिदियो । जसका कारण घरजग्गाको कारोबार थप शिथिल हुन पुग्यो ।

अर्को कारण बैंकका 'लोन टु भ्यालु रेसियो' पनि हो । सरकारले लहडको भरमा निर्णय गर्ने, अध्ययन अनुसन्धान नगर्ने, विज्ञ सदस्य राखेर सुझाव लिएर काम नगर्ने भएका कारण लामो समय घरजग्गा कारोबार शिथिल हुन पुग्यो । हामीले ऋण लिँदा नाफा कति हुन्छ, ब्याज कति तिर्नुपर्छ भनेर हिसाब गरेर काम गरेको हुन्छ । तर यस्तो हिसाबलाई बैंकको ब्याजदरले भने असर गर्ने गरेको छ । व्यवसायीले ७ प्रतिशतमा लिएको ऋण १७ प्रतिशत पुगेपछि कहाँको हिसाब मिलाउन सकिन्छ ? व्यवसायी त्यहीं फेल खाए भने यसैको कारण समग्र घरजग्गा व्यवसाय नै शिथिल हुँदै गएको हो ।

सरकार अस्थिर हुनुले पनि व्यवसायीलाई काम गर्न असहज भइरहेको छ । सरकार परिवर्तन भएपछि आउने नयाँ नेतृत्व, छिटो छिटो परिवर्तन भइरहने कर्मचारीसहितको कारणले पनि काम गर्न गाह्रो पर्ने गरेको छ । अस्थिर राजनीतिका कारण एउटा सरकारी अधिकारी वा मन्त्रीलाई बुझाउँदा बुझाउँदै उसको सरुवा भइहाल्छ । यस्तो प्रवृत्तिले व्यवसायी हैरान हुने गरेका छन् ।

सरकारले अर्थ, सहरी विकास, भूमिसुधारसहितका विकासे मन्त्रालयमा काम गर्ने कर्मचारीलाई कम्तिमा २/४ वर्ष सरुवा नहुने गरी राख्नुपर्छ । जसले गर्दा काम गर्ने वातावरणमा सुधार हुने र निजीक्षेत्रलाई सहजीकरण हुने देखिन्छ ।

सरकारले हरेक बजेटमा नयाँ सहर बनाउने भनेर योजना घोषणा गर्छ र बजेट समेत विनियोजन गर्छ । तर त्यसको कार्यान्वयन हुँदैन । सरकारले भनेजस्तै बजेटमा आएका सहर मात्रै बन्थे भने पनि घरजग्गा कारोबार यति धेरै शिथिल हुने थिएन । सरकारले नै व्यावसायिक वातावरण बिगारिरहेको छ । तर देखिएका समस्याको सुधारमा भने कुनै ध्यान दिएको देखिँदैन ।

**हदबन्दीका कारण समस्या**

सरकारले काम गर्न नसकेकै कारण घरजग्गा व्यवसायी एकीकृत भएर आफै लगानी गर्ने भनेर तम्सिनु परेको छ । घरजग्गा व्यवसायीले नेपाल अर्बन डेभलपमेन्ट नामक कम्पनीबाट लगानी गरी कारोबार गर्ने भएका छन् । उनीहरूले नै विभिन्न ठाउँ र क्षेत्र अनुसार नयाँ सहर बसाउनेदेखि घरजग्गा कारोबारलाई चलायमान बनाउने लक्ष्य लिएका छन् । ठूला सहर बनाउने भनेपछि सरकारले ११ बिगाहाको हदबन्दी लगाइदिएको छ । यसले विकास निर्माणमा खासै राम्रो गर्दैन ।

रियल इस्टेट क्षेत्रलाई चलायमान बनाउने र अहिले देखिएको समस्याको समाधान गर्ने भनेको 'लोन टु भ्यालु रेसियो' नै रहेछ । बैंक ऋणको दायरालाई फराकिलो नबनाउँदासम्म यो क्षेत्रको विकास नहुने नै देखिन्छ । यसका लागि नेपाल राष्ट्र बैंकका कर्मचारीले बढी जिम्मेवार भएर काम गर्नुपर्ने हुन्छ । जबसम्म लोनको रेसियोलाई ५/७ वर्ष परिवर्तन नगरी स्थिर राखिँदैन तबसम्म रियल इस्टेट क्षेत्रले गति लिन सक्दैन ।

यहाँ बिर्सन नहुने कुरा के छ भने घरजग्गा व्यवसाय पनि निजीक्षेत्रले नै सञ्चालन गर्ने हो । निजीक्षेत्र माथि नउठी कुनै पनि क्षेत्र माथि जान सक्दैन । त्यसैले सरकारले घरजग्गा मात्रै नभएर समग्र निजीक्षेत्रलाई प्रोत्साहन गर्नुपर्छ । निजीक्षेत्रका सबै व्यवसायले गति लिन सकेको अवस्थामा मात्रै घरजग्गाको व्यवसाय पनि चलायमान हुने हो । त्यसका लागि सरकारले निजीक्षेत्रलाई सुधार गर्ने र गतिशील बनाउने गरी कानूनी व्यवस्था गरेको अवस्थामा रियल इस्टेट पनि चलायमान हुन्छ ।

**नीतिगत स्थिरता**

हामीलाई तीन/तीन महिनामा परिवर्तन हुने नीति चाहिएको होइन । अल्पकालीन नीति लिएका कारण अर्थतन्त्रलाई गति दिन नसकेको निष्कर्ष हामीले सरकारलाई दिइसकेका छौं । जबसम्म दीर्घकालीन नीति हुँदैन, तबसम्म यो क्षेत्रले गति लिने अपेक्षा गर्न पनि सकिँदैन ।

व्यवसायीले व्यवसाय गर्दा तत्काल नीतिनियम परिवर्तन हुन्छ, ऋणको दायित्व बढ्छ, ब्याज र लागत बढ्छ भन्ने अपेक्षा गरेको हुँदैन । त्यसैले केन्द्रीय बैंकले लिने नीति पनि दीर्घकालीन हुनुपर्छ । 'लोन टु भ्यालु रेसियो' कम्तीमा ८० प्रतिशत हुनुपर्छ भनेर हामीले सरकारलाई पटक पटक भन्दै आएका

> **सरकारले हरेक बजेटमा नयाँ सहर बनाउने भनेर योजना घोषणा गर्छ र बजेट समेत विनियोजन गर्छ । तर त्यसको कार्यान्वयन हुँदैन । सरकारले भनेजस्तै बजेटमा आएका सहर मात्रै बन्थे भने पनि घरजग्गा कारोबार यति धेरै शिथिल हुने थिएन । सरकारले नै व्यावसायिक वातावरण बिगारिरहेको छ ।**



छौं । वर्षेनि मौद्रिक नीतिमा यही प्रकृतिको सुझाव दिँदै पनि आएका छौं । सुनुवाइ भने भएको छैन ।

साथै सरकारले घरजग्गा व्यवसायको आम्दानीको स्रोतलाई खुम्च्याउने नभएर खुकुलो बनाउनुपर्छ । घरजग्गा व्यवसायले गति लिँदा अरू १०/१५ ओटा क्षेत्रका उद्योग आफैं चलायमान हुन्छन् । एउटा व्यवसायसँग अर्को व्यवसाय

निकै कष्टपूर्ण तरिकाले चलिरहेको छ । घर तथा भवन बनाउन, कुनै पनि सहर निर्माण गर्न, बाटो बनाउन ढुंगा बालुवा र गिट्टी नभई हुँदैन । तर, सरकारले भने जति निकाले पनि नसकिने र व्यवस्थित गर्न सके आन्तरिक खपत गरेर निर्यात समेत गर्न सकिने ढुंगा गिट्टीलाई अहिलेसम्म बुझ्न सकेको छैन । राज्य निर्माणमा नभई नहुने यस्ता निर्माण



> पछिल्लो समयका सबैजसो अर्थमन्त्रीले घरजग्गा कारोबार नचलेसम्म अर्थतन्त्र चलायमान हुन नसक्ने भनेर अभिव्यक्ति दिएका छन् । पहिलो रियल इस्टेटलाई दलाली मात्रै भन्नेहरूले पनि यो आर्थिक विकासको क्षेत्र रहेछ भनेर विस्तारै बुझ्न थालेका छन् ।

प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिने भएकोले रियल इस्टेटको कारोबार बढाउन सरकारले कानूनी सहजता सिर्जना गर्नुपर्ने विषयमा दुईमत छैन । यो क्षेत्र चलायमान भयो भने अर्थतन्त्रलाई चलायमान बनाउन ठूलो सहयोग मिल्छ । त्यसैले घरजग्गा ऋणमा सहुलियत दिने, घरजग्गाको कारोबार कम्पनीमार्फत गर्ने र इजाजत लिएर मात्रै कारोबार गर्ने व्यवस्था गर्नुपर्छ ।

यहाँ प्रशस्त भएको र जति प्रयोग गर्दा पनि नसकिने स्रोत साधनको समेत व्यवस्थापन गर्न सरकारले सकेको छैन । उदाहरणका लागि नेपालमा क्रसर उद्योग सामग्रीको चोरी निकासी भइरहेको छ । नभई पनि भएको छैन, सरकारले व्यवस्थित पनि गर्न सकेको छैन । पुल, खोला वस्ती, पानीको मुहान जोगाउनुपर्छ । त्यसमा दुईमत छैन, तर यसलाई पनि जोगाएर र भारत बगेर जाने प्राकृतिक स्रोतलाई हामीले सदुपयोग गर्न नसक्नु नै व्यावसायिक वातावरण बिग्रनु हो ।

निजीक्षेत्रलाई राम्रो हुने गरी कानून ल्याउँदा विरोध गरेको पनि सुनिन थालेको छ । सांसदले समेत यसको विरोध गरिरहेका छन् । निजीक्षेत्रलाई नबुझ्दा यस्ता समस्या सिर्जना भइ नै रहन्छन् ।

**अनुदार बैंक**

हाल नेपालमा ५० हजार घरजग्गा व्यवसायी छन् । यी व्यवसायीको माग सरकारले सुन्न सकेको छैन । हामीले पटक पटक उठाएको माग राज्यले नसुनेको कारण समस्या भएको छ । जबसम्म नीतिगत वा अन्य आवश्यक सुधार गर्न राज्यका हरेक निकाय जिम्मेवार भएर लाग्दैनन्, तबसम्म निजीक्षेत्रले सकारात्मक भएकार काम गर्न सक्ने वातावरण बन्दैन ।

पछिल्लो समयका सबैजसो अर्थमन्त्रीले घरजग्गा कारोबार नचलेसम्म अर्थतन्त्र चलायमान हुन नसक्ने भनेर अभिव्यक्ति दिएका छन् । पहिलो रियल इस्टेटलाई दलाली मात्रै भन्नेहरूले पनि यो आर्थिक विकासको क्षेत्र रहेछ भनेर विस्तारै बुझ्न थालेका छन् । तर बैंकहरूले रियल इस्टेट व्यवसाय बुझ्नै नसकेको कारण हामी एकीकृत रूपमा कम्पनी बनाएर आफै लगानी गर्छौं भन्ने अवस्थामा पुगेका हौं । बैंकले सहज रूपमा सम्पत्ति धितोमा ऋण दिएर सहजीकरण गर्ने र ऋणको ब्याजदर तथा लोन टु रेसियो स्थिर बनाउने हो भने घरजग्गा व्यवसायलाई ठूलो टेवा मिल्नेछ ।

साथै, बैंकमा धेरै डिपोजिट गर्नेलाई ब्याज अधिक दिने प्रवृत्तिका कारण बैंकले लगानीको वातावरण निर्माणमा सहयोग गर्न सकेका छैनन् । यसले लगानीको वातावरण बिगारिरहेको छ भने बैंकमा पैसा राखेर ब्याज खाने प्रवृत्तिलाई बढावा दिइरहेको छ । ससर्ती हेर्दा घरजग्गा कारोबारमा मालपोतबाट आउने राजस्व मासिक ४ अर्ब रुपैयाँ देखिन्छ । तर विगतमा भएकै कारोबारको अवस्था हेर्ने हो भने यो न्यून मात्रै हो । पहिले मासिक २०औं अर्ब रुपैयाँको मासिक कारोबार हुने गरेको थियो ।

रियल इस्टेटलाई प्राथमिकता दिएर सरकारले नीति ल्याउनु अहिलेको आवश्यकता हो । सरकारले २ करोड ५० लाख रुपैयाँसम्मको लागि मात्रै ऋण दिन मिल्ने नीति अंगीकार गरेको छ । यो रकममा पनि स्रोत खोजेर सास्ती दिइन्छ । दैनिक कमाएर खानुपर्ने निम्न वर्गका मजदूरले घरजग्गा किन्न बैंकबाट ऋण माग्दैनन् । धेरै आम्दानी भएका ठूला व्यवसायीलाई पनि घर किन्न ऋण चाहिएको हुँदैन । घरको लागि त मध्यम वर्गीय नेपालीलाई ऋण चाहिएको हुन्छ । त्यसैले जुन वर्गलाई चाहिएको छ र सो वर्गले तिर्न पनि सक्छ भने सहजीकरण किन नगर्ने ? त्यसो त नेपालमा सहकारीको कारोबारको वातावरण बिग्रँदा पनि अर्थतन्त्र अप्ठ्यारोमा परेको हो । सहकारीमा धेरै नेपालीको पैसा फसेको छ तर सरकारले समस्या समाधानमा खासै काम गर्न सकेको छैन । त्यसरी फसेको पैसा मानिसको हातमा पुग्ने हो भने त्यो घर जग्गा वा कुनै व्यवसायमा आउन सक्ने थियो ।

*घिमिरे नेपाल जग्गा तथा आवास विकास महासंघका अध्यक्ष हुन् ।*


mi.com
Xiaomi 14T
CO-ENGINEERED WITH
Leica
Tuned for excellence
Leica Summilux optical lens
Sony IMX906 flagship image sensor
Powerful Dimensity 8300-Ultra chipset
Next-generation 144Hz AI display
12GB+512GB
रु. 64,999
FREE
REDMI BUDS 6 LITE WITH XIAOMI 14T
Join the Xiaomi Ecosystem now


उपचार खर्च अब
Citizen Life ले गर्छ
नेपालमै पहिलो पटक
५० लाख सम्मको उपचार खर्च
मात्र रु. २० प्रति दिनमा ३० घातक रोगहरुका लागि
जो सुविधा सिटिजन लाइफको सबै योजनासँग उपलब्ध
Citizen
CC+
Critical Care Plus
Citizen Life
Insurance
सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
प्रधान कार्यालय एन.एस. कम्प्लेक्स, धापासी, काठमाडौं ।
info@citizenlifenepal.com, customer.service@citizenlifenepal.com
www.citizenlifenepal.com
/CitizenLifeInsurance



# नेपालको निर्यात अवस्था, चुनौती र भविष्य

**निर्यात वृद्धि हुन नसक्नुको अवरोधको रूपमा हाम्रा पूर्वाधारहरू छन् । दक्षिण एसियामै नेपालको पारवहन खर्च सबैभन्दा उच्च छ । कुल व्यापारको २५ देखि ३० प्रतिशत पारवहनमा खर्च हुने गरेको छ । नेपालले निर्यात गर्न सक्ने मुख्य वस्तुहरूमा कृषिजन्य र हस्ताकला प्रमुख छन् ।**



शरद विक्रम राणा

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र (टिइपीसी)ले लामो समयदेखि आयात निर्यातको अवस्थाबारे तथ्यांक र विश्लेषणमार्फत जानकारी दिँदै आएको छ । पछिल्लो समय आयातमा धेरै संकुचन आएको अवस्था छ । अर्कोतर्फ निर्यात पनि बढ्न सकेको छैन । आयात निर्यातको अंकलाई हेर्दा प्रतिशतमा केही बढेको देखिन्छ । तर यथार्थमा अमेरिकी डलरको मूल्यमा भएको वृद्धिलाई आधार बनाएर तुलना गर्ने हो भने आयात निर्यात खासै बढेको छैन । डलर मूल्यमा हेर्दा आयात परिमाणमा घटेको छ भने निर्यात बढेको देखिँदैन । तर नेपाली रुपैयाँमा तुलना गर्दा भने निर्यात अघिल्लो वर्षको तुलनामा यो वर्ष बढेको देखिन्छ । हाम्रो आयात संकुचनका दुईवटा मुख्य कारण छन् । पहिलो कारण हो- रूस युक्रेन युद्धले विश्वभर शुरू भएको आर्थिक मन्दी । त्यसको प्रभावस्वरूप प्रायः सबै देशको व्यापार घट्न पुग्यो । दोस्रो र नेपालको लागि अझ महत्वपूर्ण कारण हो- आयातित वस्तुको उपभोग गर्ने ठूलो जनसंख्या देश बाहिर हुनु ।

कुल जनसंख्याको एक चौथाइ युवाशक्ति देश बाहिर छ। हाम्रो आयात मुख्यतः उपभोगमा आधारित छ र जब उपभोग गर्ने ठूलो जनसंख्या नै देश बाहिर छ भने आयातमा संकुचन आउनु अस्वाभाविक होइन। आयात संकुचित हुँदा अन्य आर्थिक सूचकहरू पनि सकारात्मक दिशातिर्फ अगाडि बढ्न सकेनन् । त्यसैगरी, निर्यातलाई पनि दुईवटा विषयमा केन्द्रित भएर हेर्न सकिन्छ। निर्यातका लागि पहिलो आधारभूत शर्त भनेको उत्पादनमा वृद्धि गर्नु हो । त्यसका लागि ठूलो मानवीय श्रम र प्रविधिमा लगानीको आवश्यकता पर्दछ। तर दुर्भाग्य के हो भने उत्पादनमा जोडिने त्यस्तो श्रमशक्ति देशबाहिर छ। जबसम्म बाहिर रहेको त्यो श्रमशक्तिलाई देशभित्रै उपयोग गर्ने वातावरण निर्माण गर्न सकिँदैन, तबसम्म उत्पादन बढाउन सकिने सम्भावना हुँदैन । यसकारण उत्पादन नबढाएसम्म निर्यात बढ्न सक्दैन । श्रमको व्यवस्थापनपछि उत्पादन गर्ने जमिनको विषय आउँछ । भूमिको विषय किन पनि महत्वपूर्ण छ भने हामीले निर्यात गर्ने अधिकांश सम्भावना भएका वस्तुहरू कृषिमा आधारित छन् । यसकारण निर्यातयोग्य कृषि वस्तु उत्पादन गर्नको लागि जमिनको खण्डीकरणले अवरोध सिर्जना गरेको छ।

हाम्रा नीतिगत व्यवस्था र तिनको कार्यान्वयनको पाटो सरोकारको अर्को विषय हो। हामीले तयार गरेका नीति तथा रणनीतिहरू कति स्थायी छन् र एक-अर्कामा सामञ्जस्य राख्छन् भन्ने कुरामा ध्यान दिनु जरुरी छ । निर्यात प्रवर्द्धनका लागि व्यापार नीति, एकीकृत व्यापार रणनीति र व्यापार घाटा न्यूनीकरण गर्ने कार्यक्रमहरू कार्यान्वयन भइरहेका छन् ।

त्यसबाहेक हामीसँग आवधिक योजना पनि छ । आवधिक योजनाको रूपमा १६औं पञ्चवर्षीय योजना कार्यान्वयनमा छ । त्यसमा पनि निर्यात प्रवर्द्धनका केही विषय समावेश छन् । तर काम गर्दै जाँदा धेरै ठाउँमा समस्या देखिन्छ। उदाहरणका लागि हाल कार्यान्वयनमा रहेको एकीकृत व्यापार रणनीति (एनटीआईएस) भन्दा अगाडि कार्यान्वयन गरिएका दुईवटा एकीकृत व्यापार रणनीतिहरू सफल हुन सकेनन् । जुन कार्य गर्ने भनेर लक्ष्य निर्धारण गरेका थियौं, सोहीअनुसारका कार्यक्रम र त्यसको लागि आवश्यक पर्ने बजेटको अनुमान गरेनौं । यसपटकको रणनीतिमा भने कार्यक्रम र त्यसका लागि आवश्यक पर्ने लगानी अनुमान पनि उल्लेख छ । रणनीतिमा भएका कार्यक्रम कार्यान्वयन गर्नका लागि झण्डै पौने पाँच खर्ब रुपैयाँको पूँजी निवेश हुनुपर्छ । तर अहिले सरकारबाट एनटीआईएसअन्तर्गत प्राप्त गर्ने बजेट ३ देखि ४ करोड रुपैयाँ मात्र छ। हाम्रो लगानी आवश्यकता भनेको वार्षिक १ खर्ब रुपैयाँ हो । त्यो परिमाणमा लगानी गर्न सकियो भने मात्र व्यापारलाई कुल गार्हस्थ्य उत्पादनको निश्चित प्रतिशतमा पुऱ्याउन सकिन्छ । निर्यातलाई पनि रणनीतिमा तोकिएको लक्षअनुरूप कुल गार्हस्थ्य उत्पादनको २० प्रतिशत पुऱ्याउने अवस्था सिर्जना गर्न सकिन्छ। अहिले वस्तु तथा सेवाको कुल निर्यात कुल गार्हस्थ्य उत्पादनको ६-७ प्रतिशतको हाराहारी मात्र छ।

निर्यात वृद्धि हुन नसक्नुको अवरोधको रूपमा हाम्रा पूर्वाधारहरू छन् । दक्षिण एसियामै नेपालको पारवहन खर्च सबैभन्दा उच्च छ। कुल व्यापारको २५ देखि ३० प्रतिशत पारवहनमा खर्च हुने गरेको छ। नेपालले निर्यात गर्न सक्ने मुख्य वस्तुहरूमा कृषिजन्य र हस्ताकला प्रमुख छन् । ती वस्तु निर्यात गर्न आवश्यक पर्ने सर्टिफिकेशन अर्थात् प्रमाणीकरणका लागि आवश्यक पूर्वाधार र प्रणाली हामीसँग छैन । उदाहरणको लागि कुनै सामानलाई अस्ट्रेलिया निर्यात गर्नुपऱ्यो भने कन्टेनरलाई ब्याक्टेरिया तथा भाइरसरहित गर्नुपर्छ । त्यसलाई 'फ्युमिगेशन' गर्ने भनिन्छ, त्यो फ्युमिगेशन गर्ने चेम्बर हामीसँग छैन । अर्कोतर्फ हामीले सुख्खा बन्दरगाहहरू तयार




गऱ्यौं, आइसिपी बनायौं, ल्याबहरू तयार गर्यौं तर अन्तराष्ट्रिय बजारमा जानका लागि जुन स्तरको प्रमाणीकरण गर्ने प्रणाली र पूर्वाधार हुनुपर्थ्यो, त्यो तयार गर्न सकेनौं। त्यसकै कारण पछिल्लो समय हाम्रा छिमेकी देशहरूमा समेत निकासी गर्न कठिनाइ भइरहेको छ । अहिले भारत निर्यात गर्ने भनिएको प्लाइउडको निकासी रोकिएको छ । किन रोकियो भने भारतले 'नेपालको प्रमाणीकरण गर्ने मापदण्डले भएन, भारतीय स्तरको हुनुपर्छ' भन्यो । त्यसलाई नेपाली व्यवसायीले पूरा गर्न नसक्दा सामान रोकियो।

**नेपालले निर्यात गर्न सक्ने वस्तुहरूमा कृषिजन्य र हस्ताकला प्रमुख छन् । ती वस्तु निर्यात गर्न आवश्यक पर्ने सर्टिफिकेशन अर्थात् प्रमाणीकरणका लागि आवश्यक पूर्वाधार र प्रणाली हामीसँग छैन ।**

### परम्परागत सीपको प्रवर्द्धन

हाम्रो अर्थव्यवस्था नै आयात गर्ने र राजस्व उठाएर सञ्चालन गर्ने रह्यो । राजस्वबाट उठाएको रकमले साधारण खर्च नपुग्ने अवस्था छ । यस्तो परिदृश्यमा उद्योग बढाएर, व्यापार वृद्धि गरेर त्यसबाट देशको आर्थिक अवस्था सबलीकरण गर्नेतर्फ हाम्रो ध्यान जानुपर्ने हो । त्यसतर्फ ध्यान नपुगेको

देखिन्छ । यसैगरी विदेशी नियोगहरूले पनि व्यापार वृद्धि गर्ने विषयलाई प्राथमिकता दिएको देखिँदैन । उनीहरूले दिने सहयोग मूलतः क्षमता अभिवृद्धिमा केन्द्रित छ, जबकि हाम्रो क्षमता भनेको पुराना हस्तकला बनाउने सीप हो । हस्तकलाको क्षेत्रमा हामीसँग ठूलो सीपको भण्डार छ । यसकारण हस्ताकलाको क्षेत्रमा सीधै पूँजी निवेश गरेर उत्पादन वृद्धिमा लाग्नुपर्नेमा विदेशी सहयोग नियोगहरू लगानीमा रुचि देखाउँदैनन् र उनीहरूले सञ्चालन गरेका अधिकांश सीप विकास तथा क्षमता अभिवृद्धिसम्बन्धी तालिमले उत्पादन बढेको खासै देखिँदैन । यस्तो अवस्थामा 'तिमीहरूले गरेको लगानीको प्रतिफल कति आयो' भनेर नियोगहरूलाई नै सोध्नुपर्ने हुन्छ ।

निर्यात प्रोत्साहन अनुदानमा दुईवटा झमेला देखिएका छन् । पहिलो हो- निर्यात गर्नको लागि पूरा गर्नुपर्ने कागजी प्रक्रियामा डुप्लिकेसन । निर्यात हुने प्रक्रियालाई सरलीकरण गर्न हामीले भन्सार प्रक्रियालाई अटोमेशनमा लग्यौं । सबै मन्त्रालयबाट जुन जुन प्रकारका कागजपत्र चाहिन्छ, त्यसलाई सिंगल विन्डोमार्फत अघि बढाउने भनियो । तर भन्सारबाट गइसकेपछि पनि फेरि हामीले त्यही कागजपत्र राखेर




उद्योग विभागमा निवेदन दिनुपर्ने प्रक्रिया विकास गर्‍यौं । सिंगल विन्डोमार्फत निर्यात जाँचपास भएर निर्यात भएको वस्तुको नगद अनुदान दिनको लागि त्यही सिंगल विण्डोसँग रहेको तथ्यांकलाई आधार मान्दा सहज भइहाल्छ । यसले समय तथा कागजातहरू संलग्न गर्ने खर्च घटाउँछ । त्यसैगरी दोस्रो समस्या हो- वस्तु निर्यात गरेबापत निर्यातकर्तालाई दिनुपर्ने नगद प्रोत्साहन । यसका लागि अर्थ मन्त्रालयले आवश्यकताभन्दा निकै थोरै बजेट मात्र उपलब्ध गराउने गरेको छ । अर्बौं रकम निर्यातकर्तालाई निर्यात अनुदानबापत दिनुपर्ने छ । तर छुट्ट्याएको रकम करोड मात्र भएपछि समस्या देखिएको छ ।

**उत्पादन वृद्धिमा ध्यान**

समग्रमा नियत वृद्धि सधैं र सबै सरकारको प्राथमिकतामा पर्छ । तर यथार्थमा निर्यात वृद्धि हुन सकिरहेको छैन । यस्तो किन हुन सकिरहेको छैन त ? सर्वप्रथम त निर्यातको लागि उत्पादन वृद्धि अनिवार्य छ । उत्पादन वृद्धि गर्न श्रम चाहिन्छ । त्यो श्रम अहिले देश बाहिर छ । उत्पादन वृद्धि गर्नलाई विदेशमा रहेको श्रमशक्ति देशभित्रै ल्याउने र त्यसको उपयोग गर्ने विभिन्न मञ्चहरूमा नेतृत्ववर्गले प्रतिबद्धता गरेको पनि सुनिन्छ । तर बाहिरको श्रम बजारमा पाएजतिको सेवासुविधा देशभित्र दिन सक्ने स्थिति अझै देखिँदैन । कुनै श्रमिकले देशबाहिर जति आम्दानी गर्छ, कम्तीमा त्यति नै आम्दानी देशभित्र गर्न सक्दैन भने ऊ देशमा तत्काल फर्कने सम्भावना न्यून हुन्छ । उदाहरणको लागि खाडी देशमा पुगेर मासिक ४० हजार रुपैयाँ आम्दानी गर्ने श्रमिकले देशभित्र २० हजार मात्र कमाउँछ भने उसको रोजाइ स्वाभाविक रूपमा विदेश हुन्छ । त्यसैले हामीले बुझ्नुपर्ने महत्वपूर्ण विषय भनेको देशभित्र नै अवसर सिर्जना मात्र होइन, त्यो अवसरबाट प्राप्त गरिने आर्थिक लाभको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ ।

अर्कोतर्फ अटोमेटेड अर्थात् स्वचालित मेसिनमार्फत उत्पादन गरेर निर्यात गर्छु भन्ने सोच छ भने त्यो पनि कठिन छ । किनकि नेपालले दुई छिमेकी भारत र चीनजस्ता ठूला देशको बृहत् उत्पादनसँग प्रतिस्पर्धा गर्न गाह्रो छ । हाम्रो सम्भावना भनेको श्रममा आधारित उत्पादन नै हो । त्यसरी गरिएको उत्पादनको बजारका लागि टाढा जानु पर्दैन । भारत र चीनको बजार नजिकै छ । यिनै दुई छिमेकी देशमा मात्र निर्यात गर्दा पनि नेपाललाई पुग्छ, किनकि हाम्रो व्यापारको झन्डै ८० प्रतिशत निकासी त भारतमा नै हुन्छ । आउँदा दिनहरूमा नेपालले व्यापारमा थप सुविधाहरू गुमाउने अवस्था छ । सन् २०२६ मा नेपाल अति कम विकसित देश (एलडीसी)बाट विकासशील

देशको रूपमा स्तरोन्नति हुँदैछ । स्तरोन्नति भएपछि अहिले अतिकम विकसित देशको रूपमा प्राप्त भइरहेका सुविधाहरू पनि पाउन बन्द हुन्छ । त्यसपछि अहिले सुविधाको रूपमा अर्थात् शून्य भन्सार दरमा निर्यात गर्न पाइरहेको सामानलाई त्यही भन्सार दरमा निर्यात गर्न पाइँदैन । त्यसले आउँदा दिनमा थप जटिलताहरू ल्याउने निश्चित छ ।

**व्यवसाय प्रवर्द्धनमा लगानी**

निर्यात वा व्यापारमा सुधार ल्याउनका लागि सर्वप्रथम त हाम्रो आयात वा राजस्वमुखी अर्थतन्त्रलाई निर्यात र उत्पादनमुखी अर्थतन्त्रमा स्तरोन्नति गर्नुपर्छ । त्यसको लागि सरकारले आवश्यक नीति र रणनीतिहरू ल्याउनुपर्छ । उत्पादनमा दिनुपर्ने सहुलियत निश्चित हुनुपर्छ । यसमा एउटा सान्दर्भिक उदाहरण के छ भने एकजना नेपाली व्यवसायी भारतमा गएर नेपालमा उत्पादन गरेको सामान भारत निर्यात गर्छु भनेर आग्रह गर्दा भारतका सम्बन्धित क्षेत्र हेर्ने सरकारी अधिकारीहरूले नेपालमा उत्पादन गरेर किन झमेलामा पर्छौ भनेछन् । भारतमै उत्पादन गर, त्यसो गर्‍यौ भने सीमाको समस्या हुँदैन, जग्गा निःशुल्क उपलब्ध गराउँछौं, आवश्यक कर्जाको सुविधा दिन्छौं, प्रमाणीकरण पनि हामी नै गरिदिन्छौं भनेर भनेछन् । उनीहरूले नेपालमा उत्पादन गरेर प्रमाणीकरण नै नहुने अवस्था छ भनेर सुझाव दिएछन् । हो, त्यही स्तरको सुविधा नेपालले पनि दिनुपर्‍यो ।

उत्पादन बढाउनका लागि विशेष आर्थिक क्षेत्र बनाउने र अन्य आकर्षक सुविधाहरू दिनुपर्छ । निश्चित मापदण्ड राखेर कर छूट दिनुपर्छ । यति मानिसलाई रोजगारी दियो भने यति वर्षसम्मको लागि कर छूट पाउँछौ भन्न सकिन्छ । यसकारण निर्यातयोग्य वस्तु उत्पादन र त्यसको बजार प्रवर्द्धनको लागि सरकारले यथोचित बजेट उपलब्ध गराउनुपर्छ । त्यसैगरी निर्यातका लागि प्रमाणीकरण गर्ने प्रणाली सुचारु र चुस्त हुनुपर्छ । त्यस्ता पूर्वाधारहरू निर्माणको पहल थालिहाल्नुपर्ने अवस्था हामीसँग छ । त्यसैगरी पारवहन खर्च घटाउनका लागि आवश्यक सम्पूर्ण पूर्वाधार र नीतिगत व्यवस्था हुनुपर्छ । मुख्य रूपमा यी चार विषय सम्बोधन भएमा निर्यात बढ्छ ।

नेपालमा पारवहन लागत उच्च हुनुमा महँगो 'ह्यान्डलिङ कस्ट' पनि एक कारक हो । ह्यान्डलिङ खर्च भन्नाले प्रक्रियामा लाग्ने खर्च वा लोडिङ/अनलोडिङ, पार्किङ लगायतमा हुने खर्च हो । अर्कोतर्फ कार्गो वा पारवहन क्षेत्रलाई सरकारले उद्योगको रूपमा अझै पहिचान र व्यवहार गरेको छैन । यहाँ एक उदाहरण हेरौं, भारतमा बनेको ट्रक भारतमै सञ्चालन गर्दा भारतीय १० लाख रुपैयाँ पर्छ र त्यो ट्रकले पाँच वर्षमा आफ्नो लागत उठाउँछ । अब त्यही ट्रकलाई नेपालमा ल्याएर चलाउने हो भने सबैभन्दा पहिला ट्रकको मूल्य नै भारतीय १० लाखको १६ लाख नेपाली रुपैयाँ हुन्छ । त्यसमा लाग्ने भन्सार तथा अन्य महसुलहरू जोड्दा करिब ४० लाख रुपैयाँ लागत पर्न आउँछ, जसकारण पाँच वर्षमा लागत उठाउने दर नै फरक पर्दछ । पहिला जसरी होटलहरूलाई पर्यटन वृद्धिका लागि यातायातमा सुविधा दिएका थियौं । त्यस्तै सुविधा पारवहन क्षेत्रलाई पनि दिन सक्नुपर्छ ।

निर्यातकर्ता र उद्यमीहरू अगाडि बढ्न तयार छन् । तर उनीहरूले धेरै अवरोध खेपिरहनु परेको छ । त्यस्ता समस्याको न्यूनीकरण वा समाधानमा सरकारको ध्यान जानुपर्छ । आगामी दिनमा निर्यातकर्तालाई सहज बनाउने नीति त ल्याउनुपर्छ नै, त्यसको उचित कार्यान्वयनमा पनि ध्यान दिनुपर्छ । अर्कोतर्फ चुस्त व्यवस्थापन र समयमै निर्णय हुनुपर्छ । आजै गर्नुपर्ने निर्णय भोलि गर्न थालियो भने एक दिनले व्यापारमा ठूलो अन्तर ल्याउँछ । निर्यात बढ्दा उत्पादन वृद्धि र रोजगारीको सिर्जना हुन्छ । त्यसले बहुक्षेत्रमा सकारात्मक प्रभाव सिर्जना गर्नेछ । यसतर्फ हामी अगाडि बढ्न सकेनौं भने आयातमा आधारित अर्थतन्त्र हुने र ऋण लिएर देश चलाउनुपर्ने विकल्प मात्र बाँकी रहन्छ ।

*राणा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक हुन् ।*







# बैंकको स्वामित्वमाथि प्रश्न र सरोकारवाला सिद्धान्त

**बैंक कहिले पनि एउटा पक्ष वा एउटै सरोकारवालाबाट सञ्चालन हुन सक्दैन । यदि त्यस्तो सोचियो भने बैंकिङ प्रणाली नै ध्वस्त हुन पुग्छ । यस आधारमा प्राविधिक स्वामित्व शेयरधनीहरूमा निहित हुने भए पनि बैंकमा सबैभन्दा ठूलो स्वामित्व चाहिँ निक्षेपकर्ताहरूको हुन्छ ।**



उपेन्द्र पौड्याल

बैंक भनेको यो देशको हरेक कुनामा बसेका, जुनसुकै पेशामा संलग्न सबै नागरिकसँग गाँसिने संस्था हो । आजको दिनमा नेपालका अधिकांश नागरिकले बैंकमा खाता खोलेका छन् । यो परिप्रेक्ष्यमा हामीले एउटा शब्दावली प्रयोग गर्नु उचित हुन्छ- 'सरोकारवाला' । यो सरोकारवाला सिद्धान्तले बैंक मात्रै होइन, जुनसुकै संस्था सञ्चालन गर्न पनि धेरै पक्षहरू एकअर्कामा ठोकिने वा भिन्न भिन्न पक्षहरूबीच समन्वय हुन्छ भन्ने कुरा दर्शाउँछ । यी पक्षहरू एकअर्काप्रति उत्तरदायी पनि हुन्छन् । ती सबै सरोकारवाला पक्षको अधिकारलाई सुरक्षित गर्दै जवाफदेही ढंगले संस्था सञ्चालन गर्नु नै सुशासन (गभर्नेन्स) हो ।

यी विविध सरोकारवाला पक्षले एकअर्काको अधिकार क्षेत्रमाथि हस्तक्षेप गर्नुहुँदैन । बरु आपसी समन्वय र सहजीकरण गर्नुपर्छ । ती पक्षहरूले आफ्ना निर्णय र क्रियाकलापलाई परस्पर नबाझिने गरी र समन्वयमा सञ्चालन गर्नुपर्ने हुन्छ ।

त्यसो भए बैंकका सरोकारवाला को को हुन् त ? बैंकको पहिलो सरोकारवाला भनेको शेयर धनीहरू हुन्, जसले बैंक स्थापना गरे । तर बैंक स्थापना भइसकेपछि एक 'सार्वजनिक सम्पत्ति' बन्दछ । यसले निक्षेपकर्ता र ऋणीको बीचमा कारोबार गर्नुपर्ने हुन्छ । आज नेपाली बैंकमा शेयर धनीहरूको पूँजी १० रुपैयाँ छ भने निक्षेपकर्ताहरूको पैसा ९० रुपैयाँ होला । त्यस कारण बैंकलाई सबैभन्दा बढी स्रोत उपलब्ध गराउने निक्षेपकर्ताहरू बैंकको सबैभन्दा ठूलो सरोकारवाला हुन् ।

त्यसपछि आउँछन्, बैंक सञ्चालन गर्ने कर्मचारीहरू । बैंकबाट ऋण लिने ऋणीहरू चौथो सरोकारवाला पक्ष हुन् । त्योभन्दा परको महत्वपूर्ण सरोकारवाला भनेको नियामक निकाय हो । केन्द्रीय बैंकका साथै सरकारका अन्य निकायहरू र हाम्रो समाज पनि बैंककै विस्तारित सरोकारवालाहरू हुन् ।

**स्वामित्व**

प्राविधिक रूपमा भन्ने हो भने कुनै पनि बैंकको स्वामित्व उसका शेयर धनीहरूको हातमा हुन्छ । त्यसैले बैंकको मालिक र संरक्षक पनि यसका शेरधनी नै हुन् । ती शेयर धनीहरूको प्रतिनिधित्व गरेर सञ्चालक समितिमा बस्ने पदाधिकारीहरू चाहिँ यसका संरक्षक हुन् । भविष्यमा बैंकमा ठूलो समस्या आयो भने कर्मचारी, निक्षेपकर्ता र बाँकी सबैले भुक्तानी पाइसकेपछि बाँकी रहेको पैसामा मात्रै शेयरधनीहरूको भाग लाग्छ । त्यो हिसाबले पनि प्राविधिक रूपमा उनीहरूलाई नै बैंकको मालिक भन्न सकिन्छ । तर कुनै पनि बैंक सञ्चालनमा आइसकेपछि यसले सबै मान्छेहरूको जिन्दगीलाई स्पर्श गर्छ । यसको सञ्चालनमा सिंगै देशको अर्थतन्त्र पूरापूर अन्तर्निर्भर हुन पुग्छ ।

नेपालमा जति पनि व्यावसायिक विस्तार भएको छ, उद्योगधन्धाहरू स्थापित भएका छन् र अर्थतन्त्रमा उन्नयन आएको छ, त्यसको महत्वपूर्ण योगदानकर्ता बैंक नै हो । कुनै कम्पनीमा लगानीकर्ताले २०/३० प्रतिशत स्वपूँजी लगानी गरेको हुन्छ भने बाँकी ७०/८० प्रतिशत पैसा बैंकले हालेको हुन्छ । यसले पनि देखाउँछ, बैंकको उत्तरदायित्व र यसको महत्व निकै ठूलो छ ।

बैंक कहिले पनि एउटा पक्ष वा एउटै सरोकारवालाबाट सञ्चालन हुन सक्दैन । यदि त्यस्तो सोचियो भने बैंकिङ प्रणाली नै ध्वस्त हुन पुग्छ । यस आधारमा प्राविधिक स्वामित्व शेयरधनीहरूमा निहित हुने भए पनि बैंकमा सबैभन्दा ठूलो स्वामित्व चाहिँ निक्षेपकर्ताहरूको हुन्छ । र, यो स्वामित्व 'व्यावहारिक' किसिमको हुन्छ ।

कुनै कम्पनी बन्द भयो भने त्यसले ठूलो समुदायलाई वा धेरै मान्छेलाई फरक नपार्न सक्छ । तर एउटा बैंक बन्द भयो भने यसले लाखौं मान्छेहरूको जिन्दगीलाई सोभै प्रभावित पार्छ । यस आधारमा कुनै पनि बैंकको सबैभन्दा ठूलो सरोकारवाला भनेको उसको निक्षेपकर्ता हुन् । यी तथ्यहरूले देखाउँछन्- बैंकलाई हामीले केवल यसको स्वामित्वसँग होइन, बृहत्तर सरोकारवालाहरूको नजरबाट हेर्नुपर्ने हुन्छ ।

**व्यवस्थापनको भूमिका**

यी सबै स्वामित्वधारी र सरोकारवालाबीच समन्वय स्थापित गर्ने काम चाहिँ व्यवस्थापनले गर्छ । कुनै पक्षको पनि अधिकार हनन नहुने प्रत्याभूति दिँदै बैंकलाई चुस्त सञ्चालन गर्नुपर्ने दायित्व व्यवस्थापन अर्थात् कर्मचारी संयन्त्रको काँधमा हुन्छ । त्यसकारण कर्मचारी पनि बैंकको अर्को महत्वपूर्ण सरोकारवाला हो । कुनै पनि पक्षको क्षेत्राधिकार नमिच्ने, सबै पक्षलाई यथोचित सम्मान दिने, नियम कानून र नियामकीय निर्देशनहरूको परिपालना गर्ने एवम् सबै पक्षहरूको अधिकार संरक्षणमा कुनै सम्झौता नगरी बैंक सञ्चालन गर्नु व्यवस्थापनको कर्तव्य हो ।

यी सरोकारवालाहरूमध्ये व्यवस्थापन चाहिँ सबैभन्दा बढी जिम्मेवार, पारदर्शी, उत्तरदायी र कुशल हुन जरुरी छ ।

**कसरी भइरहेको छ सञ्चालन ?**

नेपालमा पनि बैंक सञ्चालन गर्ने अभ्यासहरू समयक्रमसँगै परिवर्तन हुँदै आएको देखिन्छ । कुनै बेला कार्यकारी अध्यक्षले नै बैंकका धेरैजसो महत्वपूर्ण निर्णयहरू गर्ने गर्थे । त्यसताका संस्थापक शेयरधनीहरू बैंकको निर्णय प्रक्रियामा बढी शक्तिशाली देखिन्थे । तर हालसम्म आउँदा केन्द्रीय बैंकले अधिकारको बाँडफाँटलाई व्यापक बनाइसकेको छ । यसले संस्थागत सुशासनलाई बढावा दिएको देखिन्छ । अहिले शेयरधनीहरूले बैंकको विषयमा महत्वपूर्ण निर्णय गर्ने सबैभन्दा ठूलो थलो 'वार्षिक साधारण सभा' हो । त्यही साधारण सभाले सम्पूर्ण शेयरधनीहरूको प्रतिनिधित्व गर्ने गरी सञ्चालक समिति चयन गर्छ ।

यसभन्दा बाहेक पनि बैंकलाई 'विशेष किसिमको संस्था'का रूपमा स्वीकार गर्दै स्वतन्त्र सञ्चालक नियुक्त गर्ने प्रबन्ध राष्ट्र बैंकले गरिदिएको छ । बैंकहरू अन्य कम्पनीभन्दा थप संयमित र अनुशासित ढंगले सञ्चालन गर्नुपर्छ भनेर यस्तो व्यवस्था गरिएको हो । त्यो स्वतन्त्र सञ्चालकले 'वास्तवमै स्वतन्त्र रूपमा सबै सरोकारवालाहरूको चासोलाई हेरिएको छ कि छैन' भनेर खोजिनीति गर्छ । बहुमत र अल्पमतलाई सन्तुलनमा ल्याउन स्वतन्त्र सञ्चालकको भूमिका खोजिएको हो ।

यसरी गठित भएको सञ्चालक समितिले बैंकमा व्यवस्थापकहरूको नियुक्ति गर्छ । व्यवस्थापन समूह नितान्त बैंक सञ्चालनमा केन्द्रित हुन्छ । सञ्चालक समितिको काम चाहिँ नीति निर्माण गर्ने र व्यवस्थापन समूहका गतिविधिमाथि निगरानी गर्ने हुन्छ । व्यवस्थापनले बैंक सञ्चालन गर्दा केन्द्रीकृत ढंगले काम गर्नुहुँदैन । यसका लागि 'चेक एण्ड ब्यालेन्स'को व्यवस्था हुनु जरुरी छ ।

त्यसपछि बैंकमा समितिहरू पनि हुन्छन्, जसले व्यवस्थापनका गतिविधिलाई सूक्ष्म रूपमा नियालिरहेका हुन्छन् । व्यवस्थापन समितिभित्रै

> **प्राविधिक रूपमा मालिक नै नभए पनि एक ट्रस्टीका निम्ति सबैभन्दा ठूलो सरोकारवाला मानिने निक्षेपकर्ताहरूको हित सर्वोपरि हुन्छ । त्यसैले केन्द्रीय बैंकले पनि निक्षेपकर्ताको हित संरक्षण गर्नमा ज्यादा ध्यान दिएको देखिन्छ ।**



पनि महत्वपूर्ण निर्णयहरू गर्दा कुनै एक जनाले नभई सामूहिक निर्णय हुनुपर्छ, ताकि धेरै मानिसले उक्त निर्णयलाई आत्मसात् गरून् र त्यसप्रति उत्तरदायी पनि बनून् । त्यस्तै, हरेक बैंकहरूले जोखिम मूल्यांकन गर्ने एउटा बेग्लै संयन्त्र तयार पारेका छन् । त्यो संयन्त्रले जोखिमको उचित मूल्यांकन गरी स्वीकृति नदिएसम्म कुनै पनि निर्णय कार्यान्वयन प्रक्रियामा अघि बढ्दैन ।

कर्मचारीलाई दिने अधिकारको सीमा पनि उसको दक्षता र पात्रतामा निर्भर हुन्छ । उदाहरणका लागि कुनै एउटा शाखा प्रमुखलाई निश्चित अधिकार दिएको छ भने त्यो पदमा दोस्रो व्यक्ति पुग्नेबित्तिकै उसका अधिकारहरू थपघट हुन सक्छन् । समान पदमा बसेका व्यक्तिहरूलाई तिनको पात्रताका आधारमा अधिकार दिने परिपाटी नेपालमा धेरै विकास भइसकेको त छैन, तर यसको सुरुवात चाहिँ भएको छ ।

हरेक संस्थामा कुनै पनि कर्मचारीलाई कुनै पनि निर्णयमा फरक मत राख्ने वा अस्वीकार गर्ने अधिकार छ । हामीले आफ्ना कर्मचारीहरूलाई बारम्बार भन्ने गरेका छौं- तिमी जतिसुकै सानो तहको भए पनि यदि कुनै काम गर्न हुँदैन भन्ने लाग्छ भने 'नो' भन्ने अधिकार तिमीलाई सदैव रहन्छ । तर यसका निम्ति सम्बन्धित कर्मचारीले आफ्नो सुपरभाइजरलाई सम्झाउन बुझाउन भने सक्नुपर्छ । माथिल्लो तहका पदाधिकारीसँग केही न केही थप ज्ञान, सीप र अनुभव हुन्छ । तथापि तिमीले आफूभन्दा माथिको पदाधिकारीलाई सम्झाउन सकेनौ र अझै पनि तिमी यो काम गर्नु हुँदैन भन्नेमा स्पष्ट छौ भने त्यस्तो फाइलमा हस्ताक्षर गर्न तिमी बाध्य हुनुपर्दैन ।

त्यस किसिमको स्वतन्त्रता हामीले आफ्ना कर्मचारीलाई दिएका हुन्छौं । हरेक व्यक्ति र सरोकारवालाले आफ्नो आफ्नो हिस्साको अधिकारलाई स्वतन्त्रतापूर्वक अभ्यास गर्न पाउनुपर्छ भनेरै यस्तो अभ्यास गरिएको हो । यी सबै काम, कार्यशैली र प्रणाली स्थापित गर्नुको मुख्य उद्देश्य चाहिँ तिनै बैंकका मालिकहरूको हित संरक्षण गर्नु हो । अर्थात् बैंकका संस्थापक र निक्षेपकर्ता दुवैको हित संरक्षण गर्न क्षेत्राधिकारका सीमा रेखाहरू तय भएको हुन्छ ।

**निक्षेपकर्ताको संरक्षण**

प्राविधिक रूपमा मालिक नै नभए पनि एक ट्रस्टीका निम्ति सबैभन्दा ठूलो सरोकारवाला मानिने निक्षेपकर्ताहरूको हित सर्वोपरि हुन्छ । त्यसैले केन्द्रीय बैंकले पनि निक्षेपकर्ताको हित संरक्षण गर्नमा ज्यादा ध्यान दिएको देखिन्छ । अरु कानुनी व्यवस्थाहरूले पनि उपभोक्ताको अधिकारलाई संरक्षण गरेका छन् । आमरूपमा बैंकहरूले आफ्ना उपभोक्ता, निक्षेपकर्तालाई प्रताडित गरेका छैनन् । यदाकदा केही नराम्रा घटनाहरू भएको देखिन्छ । सानातिना केही मुद्दाहरू सुनिन्छन् । त्यसैकारण हामीले माथि व्याख्या गरे जस्तो 'सरोकारवाला सिद्धान्त'लाई सबैले बुझ्नु जरुरी छ । त्यसले धेरै कुराहरू परिभाषित र स्पष्ट गर्छ ।

**सिकाइ र मौलिकता**

केही समयअघि हामीले नेपालमा ग्लोबल बैंकिङ सम्मेलन आयोजना गरेका थियौं । त्यति बेलासम्म मैले आफ्नो जिन्दगीको सबैभन्दा लामो कालखण्ड बैंकिङ करियरमा बिताइसकेको थिएँ । तैपनि म त्यो बेलासम्म मेरो सरोकारवाला भनेको केवल 'शेयर धनीहरू हुन्' भन्ने मानसिकतामा काम गरिरहेको थिएँ । यो हाम्रो सिकाइ र मौलिकताको पाटो हो । यस्तै खाले केही 'कल्चरल इस्युज्' अहिले पनि छन् ।

तर त्यो बेला 'भ्याल्यूज् बेस्ड बैंकिङ'को अवधारणासँग जब म परिचित भएँ, त्यसपछि मात्रै मैले अनुभूति गरेँ, 'अहो ! आजसम्म मैले के गरेछु ?' मैले काम त गरिरहेको थिएँ । तर हाम्रा शेयरधनीभन्दा बाहेकका अरू सरोकारवालाहरूलाई 'कसरी बुझ्ने त' भनेर मैले कहिले पनि सोचेको रहेनछु । यो होइन कि, मैले आफ्नो करियरमा शेयरधनीहरूभन्दा बाहेक जोसुकैको पनि चासोलाई पूर्णतया बेवास्ता गरेँ । मैले आफ्नो विवेकले भ्याएसम्म सबैको हित सुनिश्चित गर्ने कोसिस गरिरहेकै थिएँ । तर ती कामहरू 'आत्मानुभूति' बेगर नै गरिरहेको रहेछु ।

मैले सिकेको त्यो नयाँ सिद्धान्तले 'पिपुल, प्लानेट एण्ड प्रस्पेरेटी' (मानिस, धर्ती र समृद्धि) भन्छ । अघि हामीले भनेजस्तो हाम्रा शेयरधनी, निक्षेपकर्ता, कर्मचारी, ऋणी, नियामक, समाज लगायत सबै मानव अनुहारलाई 'पिपुल' भन्ने एकै शब्दले सम्बोधन गर्दो रहेछ । एउटा बैंकले यो धर्ती र मानिसहरूको समृद्धिलाई हेक्का राखेर काम गर्नुपर्छ भन्ने नवीन मान्यता विकसित भएको छ । तर मैले त्यसो गरिरहेको थिइन । मैले त केवल मेरो व्यवसायको आकार कसरी बढाउने र नाफा कसरी बढाउने भन्नेमा मात्रै ध्यान दिइरहेको रहेछु ।

त्यो सिद्धान्तबारे अवगत भइसकेपछि बैंकिङ अभ्यासलाई हेर्ने मेरो दृष्टिकोण नै परिवर्तन भयो । हामीले सुरुमा व्याख्या गरेको 'सरोकारवाला सिद्धान्त' पनि यही 'भ्याल्यूज् बेस्ड बैंकिङ'को अवधारणासँग मेल खान्छ । यो नवीन सिद्धान्त र बुझाइ आजको पुस्तामा धेरै हदसम्म प्रसारित र सम्प्रेषित भएको छ । भलै हामीहरू कार्यक्षेत्रमा बेलाबखत 'बाटो बिराइरहेका' हुन्छौं ।

**नियामकको भूमिका**

आम रूपमा बैंकहरूले सबै सरोकारवालाको अधिकार रक्षा गरेका छन् । यसमा धेरै द्विविधा लिनु जरुरी छैन । नियामक निकायले पनि धेरै हदसम्म गलत अभ्यास हुनबाट रोक्ने गरी कानुनी प्रबन्ध गरिसकेको छ । नेपाल राष्ट्र बैंकले समय-समयमा अनेकौं नियमहरू ल्याइरहेको छ । ती कानुनी व्यवस्थाले बैंकका सबै सरोकारवालाहरूको क्षेत्राधिकारलाई न्यायोचित सीमामा बाँध्न खोजेका छन् । उदाहरणका लागि, हामीले धेरै चासो नदिइरहेको 'समुदाय'प्रतिको जिम्मेवारीका सम्बन्धमा पछिल्लो समय राष्ट्र बैंकले मार्गदर्शन गर्दै आएको छ ।

बैंकहरूले लामो समयसम्म कर्पोरेट क्षेत्रलाई ज्यादा प्राथमिकतामा राखेर व्यवसाय गरिरहेका थिए । तर राष्ट्र बैंकले नियम बनाएरै विपन्न वर्ग, साना तथा मझौला उद्यम र कृषिलगायत क्षेत्रमा निश्चित प्रतिशत कर्जा दिन उत्प्रेरित गरिराखेको अवस्था छ । यी कुरालाई बैंकले अक्षरशः पालना गर्दै जाँदा धेरै मानिसहरूको उत्थानका निम्ति योगदान पुगिरहेको हुन्छ । यसले हाम्रो सामाजिक दायित्व निर्वाहमा महत्वपूर्ण भूमिका खेल्छ ।

**जोखिम**

यसरी सामूहिक समृद्धिका निम्ति योगदान गर्दैगर्दा बेलाबखत अप्ठ्यारोमा पर्ने स्थिति पनि नेपालमा देखा पर्न थालेको छ । बैंकहरूले समाजको आर्थिक स्थिति उकास्न भूमिका खेलिरहेका छन भने त्यो समाजले पनि बैंकलाई सघाउनुपर्छ । तर यहाँ 'बैंकको पैसा नतिर्न' उक्साउने परिपाटी पनि विकसित हुँदै गएको छ । केन्द्रीय बैंक पनि यस्ता जोखिमबाट वित्तीय प्रणालीलाई कसरी सुरक्षित राख्ने भन्नेमा अझ बढी स्पष्ट हुनु जरुरी देखिएको छ । यद्यपि बैंकरहरूले यदाकदा सबै सरोकारवालाको अधिकारलाई सम्मान गर्न 'बिर्सिरहेको' पनि देखिन्छ । फेरि पनि आम रूपमा हेर्दा बैंकहरू ज्यादा संवेदनशील देखिन्छन् । तर हाम्रो समाज बैंकप्रति त्यति धेरै संवेदनशील नदेखिएको हो कि भन्ने लाग्छ ।

**अन्त्यमा,**

हाम्रो समाजमा दशकौंदेखिको बैंकको 'वास्तविक मालिक' को हो भन्नेबारे बहस हुँदै आएको देखिन्छ । यो प्रश्नले कतिपय अवस्थामा समाजको उत्थान एवं अर्थतन्त्रको विस्तारका निम्ति बैंकहरूले खेलेको भूमिकालाई नजरअन्दाज गर्न खोजेजस्तो भान हुन्छ । वित्तीय मध्यस्थता गर्ने बैंक मूल रूपमा एक 'ट्रस्टी' व्यवसाय हो । शेरधनीहरू मात्रै होइन, नागरिक र सरकारको पनि उत्तिकै विश्वास जितेर बैंकले आफ्नो अस्तित्वलाई फैलाउन सक्छ । तसर्थ, हामीले बैंकको स्वामित्वमाथि विचार गर्ने भन्दा पनि यसका बृहत्तर सरोकारवालाहरूको परस्पर हित सुरक्षित गर्न बहस केन्द्रित गर्नुपर्ने बेला आएको छ ।

*पौडेल नेपाल बैंक तथा वित्तीय संस्था परिसंघका अध्यक्ष हुन् ।*



NEPAL TEA DEVELOPMENT CORPORATION LTD.
Since 1966
TRIVENI
टोकला चिया
नेपालको १ मात्रै आफ्नै बगानको ताजा चिया
TOKLA GOLD
TOKLA Green Tea
ILAM TEA
/toklatea
info@ntdc.com.np
ntdc.com.np




# पर्यटकको फेरिएको शैली र पर्यटन बोर्डको भूमिका

नेपालको पर्यटन प्रवर्द्धनमा बोर्डको भूमिका हेर्ने हो भने पछिल्लो १०/१२ वर्षको गतिविधि र अवस्थासँग जोड्नुपर्छ । पर्यटकको आगमनकै संख्या, खर्च गर्ने प्रवृत्ति र पर्यटक आकर्षित गर्ने पक्षमा बोर्डले भूमिका उल्लेख्य देखिन्छ ।



दीपकराज जोशी

साढे दुई दशकअघि नेपाल पर्यटन बोर्ड गठन गरेर प्रवर्द्धनको काम शुरू गरेपछि अन्तर्राष्ट्रिय पर्यटकको प्रवाहमा ठूलो परिवर्तन देखिएको छ । पर्यटन प्रवर्द्धनका दृष्टिले गन्तव्य र गतिविधि, घुम्न निस्कने पर्यटक र गतिविधिलाई जोड्ने र जोडिने पक्ष महत्वपूर्ण हुन्छन् । यी सबै पक्षमा हुँदै गएको सुधारसँगै पर्यटक आगमन पनि बढेको देखिन्छ ।

नेपालमा घुम्न आउने पर्यटक धेरैजसो पहिलो पटक आएका र उनैको सिफारिसमा आउने बढी छन् । विभिन्न देश र त्यहाँका नागरिकसँग जोडिने र घुलमिल हुने वर्ग पर्यटकका रूपमा वर्षेनि घुम्न निस्किरहेका हुन्छन् । त्यसैले पर्यटकले खोज्ने विषयमा पनि परिवर्तन देखिन्छ । कला, संस्कृति, घुमघाम, रमाइलोसँगै ज्ञान र अनुसन्धानले गर्दा पनि पर्यटन प्रवर्द्धनका हिसाबले निकै ठूलो परिवर्तन आएको छ ।

नेपालको पर्यटन प्रवर्द्धनमा बोर्डको भूमिका हेर्ने हो भने पछिल्लो १०/१२ वर्षको गतिविधि र अवस्थासँग जोड्नुपर्छ । पर्यटकको आगमनकै संख्या, खर्च गर्ने प्रवृत्ति र पर्यटक आकर्षित गर्ने पक्षमा बोर्डले भूमिका उल्लेख्य देखिन्छ । योसँगै कस्ता पर्यटक आउँछन् र कहाँबाट आइरहेका छन् भन्ने पनि हेरिनुपर्छ । पहिले ठूलाठूला मेलामा जाने नेपालको प्रवर्द्धन गर्ने, स्रोत बजारको प्रवर्द्धन गर्ने हुन्थ्यो । अहिले त्यो ट्रेन्ड फेरिएको छ । पर्यटक मेला महोत्सवमा पुगेर जान्ने, बुझ्ने भन्दा पनि स्वतःस्फूर्त रूपमा आफै प्रविधिको प्रयोग गरेर सूचना र जानकारी लिएर हिँडडुल गर्ने प्रवृत्ति विकसित भएको छ । पहिले मानवीय उपस्थितिमा नै धेरै सेवा प्रवाह हुन्थ्यो भने अहिले प्रविधिको प्रयोग र हस्तक्षेप बढेको छ । प्रविधिले प्रवर्द्धन गर्न सहज र प्रभावकारी भएको छ ।

विगतमा ट्राभल एजेन्सीले आइटिनरी बनाउने, घुम्ने र घुमाउने गन्तव्यको सूची तयार पार्ने काम गर्थे । जहाँ एजेन्सीले प्याकेज बनाएको छ, त्यही ठाउँमा पर्यटक पुग्ने हुन्थ्यो भने गाइडहरूले पनि सम्बन्धित ठाउँमा मात्रै लैजाने हुन्थ्यो । पर्यटकीय गतिविधिका बारेमा जानकारी, सूचना र ज्ञान पर्यटकले पाउने माध्यम पनि गाइड नै हुने गरेका थिए । तर, अहिलेको घुमघाम संस्कृति परिवर्तन भएसँगै गाइडमा मात्रै सीमित हुनुपर्ने अवस्था छैन । पर्यटकले जहाँ रुचि लागेको छ, त्यहीं घुम्ने आवश्यक ज्ञान र जानकारी लिने गर्न थालेका छन् । पर्यटक पनि जहाँ सम्भावना छ र परिचित गन्तव्य बनिसकेको छ, त्यही ठाउँहरूमा घुम्न जान मन पराउँछन् ।

पर्यटकले खोज्ने नयाँ र आकर्षक ठाउँ भएकाले घुमन्तेहरू त्यसैलाई खोज्दै हिँड्न थालेका छन् । डिजिटल युगका कारण पर्यटक पुरानो शैलीमा घुम्न रुचाउँदैनन् । पर्यटकको घुम्ने शैली जसरी परिवर्तन भएको छ, सोहीअनुसार अरू पर्यटनका निकाय पनि परिवर्तन हुँदै गएका छन् । पहिलेजस्तो ट्राभल एजेन्सीले सुझाव दिएका, गाइडले भनेका गन्तव्यभन्दा पनि आफै रोजेर र खोजेर भ्रमण गर्नेहरूको जमात बढेको छ । समाजिक सञ्जालको प्रयोग, इन्टरनेटको सहजता र अनलाइनमा पाइने प्रशस्त पर्यटकीय गन्तव्यको जानकारीले घुम्न जानेहरूका लागि सहजसमेत भएको छ ।

प्रविधिको विकाससँगै हामीले गन्तव्यभित्रको तयारी पनि निकै बढाउनुपर्ने भएको छ । पर्यटक जहाँ पनि र जतिबेला पनि यात्रा गर्न, घुमघाम गर्न सक्ने भएकोले उनीहरूको सुरक्षा तथा खानपानमा चासो राख्नुपर्ने हुन्छ । पर्यटकीय ठाउँमा मात्रै सरसफाइ गर्ने, पूर्वाधार बनाउने भन्ने हुँदैन । परम्परागत रूपमा दिइने पर्यटकको सेवाले अब काम गर्दैन । पर्यटकको रुचि भएका ठाउँमा पर्यटकीय सेवा सुविधा र आवश्यक पूर्वाधारको विकास गर्नुपर्ने बेला भएको छ । त्यसैले पर्यटन बोर्डले पनि पर्यटकको रुचि, चाहना, गन्तव्य, भ्रमणको माध्यमअनुसार प्रवर्द्धन गर्नुपर्ने भएको छ ।

हामीले प्रवर्द्धन गर्दा पनि पर्यटकलाई कस्ता सन्देश दिने र कहाँ कहाँ पुगेर प्रवर्द्धन गर्ने भन्ने करिडोर पत्ता लगाउनुपर्ने छ । गर्मी आउँदै छ भने धेरै गर्मी हुने गन्तव्यमा पुगेर र त्यो ठाउँसम्मको पहुँच नेपालले राख्नुपर्ने हुन्छ । उत्तरी भारत, बंगलादेश, एसियाका विभिन्न गन्तव्यमा पुगेर नेपालले गर्मीमा शितलताको प्याकेज विक्री गर्न सक्नुपर्छ । यस्तो विषयमा नेपालको तयारी जे जति छ, त्यो निकै कम छ । त्यसलाई बढाउँदै लैजानुपर्छ । त्यसो त पर्यटकलाई अपिल गर्ने कन्टेन्ट अझै पनि स्रोत बजारमा पुगिसकेका छैनन् । नयाँ स्कोप बढेको छ । नेपालकै सन्दर्भमा घुम्ने, कन्टेन्ट क्रियट गर्ने युवा बढिरहेका छन् । त्यसलाई स्रोत बजारसम्म पुऱ्याउनुपर्ने चुनौती छ । त्यसका लागि नेपालमै ट्राभल एजेन्सीमार्फत कन्टेन्ट क्रियटरसँग जोडिने काम पर्यटन बोर्डले गर्दैछ ।

अहिले पनि स्वस्फूर्त रूपमा कन्टेन्ट भने क्रियट भएका छन् । ती कन्टेन्ट पर्यटकलक्षित नभएको हुन सक्छ । अब भने स्वतन्त्र रूपमा घुम्ने, डुल्ने ट्राभलरले पनि पर्यटक र पर्यटकीय



गन्तव्यलक्षित कन्टेन्ट क्रियट गरून् भन्ने हाम्रो चाहना हो । अब हामीले त्यसमा ध्यान दिनुपर्छ । प्रवर्द्धनका लागि अहिले डिजिटल मिडियाको प्रयोग निकै धेरै बढेको छ । हामीले यसको प्रयोगलाई पनि बढाएका छौं । उदाहरणका लागि भर्खर सकिएको भारतको कुम्भ मेलाको नाम लिन सक्छौं । त्यहाँ पुग्न र लाग्ने खर्च प्रत्यक्ष पुगेर प्रवर्द्धन गर्नुभन्दा डिजिटल मिडियाबाट गर्ने काम निकै धेरै प्रभावकारी हुन्छ । गोरखपुर, वनारस, दिल्लीसहितका मुख्य गेटवेमा प्रवर्द्धन र सोसल मिडियाबाट गरेको प्रवर्द्धनले कुम्भबाट काठमाडौं, प्रयागराजबाट पशुपतिसहितको ट्रेण्ड चलाउन सकियो । जसले गर्दा सोसल मिडिया प्रयोगकर्तामार्फत प्रभावकारी अभियान हुन सक्यो । यसलाई वास्तविक लक्षित वर्गमा पुऱ्याउन बढीभन्दा बढी प्रवर्द्धनको जरुरी हुन्छ ।

आजभन्दा १०/१५ वर्ष अगाडि प्रवर्द्धनमा जाँदा गाइडबुक, ब्रोसर, पम्प्लेट, पर्चासहितको सामग्रीको प्रयोग निकै धेरै हुन्थ्यो । यसलाई लिन मन पराउने पनि धेरै हुन्थे । अहिले यस्ता

> **विगतमा ट्राभल एजेन्सीले आइटिनरी बनाउने, घुम्ने र घुमाउने गन्तव्यको सूची तयार पार्ने काम गर्थे । जहाँ एजेन्सीले प्याकेज बनाएको छ, त्यही ठाउँमा पर्यटक पुग्ने हुन्थ्यो भने गाइडहरूले पनि सम्बन्धित ठाउँमा मात्रै लैजाने हुन्थ्यो ।**

ब्रुसर पर्चा पम्पेट लिनेको संख्या १० प्रतिशतमा झरेको छ। अहिले धेरैले डिजिटल माध्यमबाटै ती कन्टेन्ट पाइरहेका वा लिन खोजिरहेका छन् । हामीले दिएका कन्टेन्ट प्रभावकारी भएको पनि छ । तर हामीले जति मात्रामा गर्नुपर्ने हो, त्यो गर्न सकिरहेका छैनौं। यसलाई बढाउन जरुरी छ।

नेपाल गन्तव्यका रूपमा सिजनमुखी छ। यहाँ आउने पर्यटक मौसमी हुन्। यहाँ प्रवर्द्धन गर्नुपर्ने पनि नेपाल विशेष गन्तव्यकै रूपमा हो। पर्यटकलाई लाइफटाइम एक्सपिरियन्सको गन्तव्य हो नेपाल भनेर हामीले प्रवर्द्धन गर्नुपर्छ। एकपटक आएका पर्यटकको बुझाइ पनि त्यही बनाउने हो।

नेपाल साहसिक गतिविधिका पर्यटन, पर्वतीय आकर्षण, संस्कृति र सम्पदामुखी, वन्यजन्तुसहित सम्भाव्यता भएको गन्तव्य हो। यहाँ योग, वेलनेस तथा धार्मिक पर्यटक आकर्षित गर्न सकिन्छ। नेपालमा गुणस्तरीय पर्यटक भित्र्याउन त्यही अनुसार लगानीको पनि आवश्यकता छ। यसका लागि पर्यटन बोर्डले सहजीकरण पनि गरिरहेको छ।

समूहमा आउने पर्यटकको संख्या बढाउन नसक्नु र सभा, सम्मेलन, गोष्ठी, सेमिनार (माइस)लाई निरन्तरता दिन नसक्नु हाम्रो ठूलो कमजोरी हो। यसले पनि केही न केही मात्रामा पर्यटक आकर्षित गरेकै हुन्थ्यो। पर्यटकलाई घुम्न ल्याउने र पठाउने तथा ठूलो खर्च गर्ने ट्राभल तथा कर्पोरेट क्षेत्र हो। उनीहरूले नै पर्यटक ल्याउने हुन्। माइसमा पर्यटक ल्याउने एजेन्सीले खर्च गर्ने र पर्यटकले पनि गर्ने भएकोले यसमा दोहोरो खर्च हुन्छ, जसबाट लाभ पाउने भनेको सरकारले नै हो।

पछिल्ला दिनमा हामीले मास पर्यटक आकर्षित गर्ने खालका यस्ता गतिविधि बढाउन सकेनौं। यसको अर्थ पर्यटकीय पूर्वाधारमा लगानी हुन छोड्यो कि भन्ने पनि हो। हामीले गन्तव्यको पहुँच बढाउन नसकेको, पूर्वाधारमा लगानी बढाउन नसकेका कारण पर्यटक ल्याउन निकै महँगो हुन थालेको छ, जसले गर्दा घुम्न निस्कने पर्यटकलाई पनि महँगो परिरहेको छ। पछिल्लो समय जति मात्रामा पर्यटक बढ्नुपर्ने थियो। त्यति मात्रामा बढ्न सकेको छैन। अर्को कुरा, पर्यटक प्रवर्द्धनमा कमी भयो। यसलाई रोक्नु भएन। पर्यटक प्रवर्द्धनलाई निरन्तरता दिइरहनुपर्ने भयो।

अहिले नै हेर्ने हो भने माइसमार्फत ५ देखि ६ सय पर्यटक ल्याउनुपर्‍यो भने पनि उनीहरूलाई राख्न र सभा सम्मेलन गर्न समस्या छ। सीमा क्षेत्रका सहरबाट पर्यटक आकर्षित गर्न सकिने भए पनि हाम्रो सडक पूर्वाधार राम्रो नहुँदा त्यो अनुसारको काम हुन सकेको छैन। पूर्वाधार विकास गरेरै आकर्षित गर्न सक्ने पर्यटक ल्याउन हामी चुकिरहेका छौं।

**समूहमा आउने पर्यटकको संख्या बढाउन नसक्नु र सभा, सम्मेलन, गोष्ठी, सेमिनार (माइस)लाई निरन्तरता दिन नसक्नु हाम्रो ठूलो कमजोरी हो। यसले पनि केही न केही मात्रामा पर्यटक आकर्षित गरेकै हुन्थ्यो। पर्यटकलाई घुम्न ल्याउने र पठाउने तथा ठूलो खर्च गर्ने ट्राभल तथा कर्पोरेट क्षेत्र हो।**

माइस पर्यटनको प्रवर्द्धनमा हामी छौं तर विकास र व्यवस्थापन गर्न फोकस युनिट बनाएर जानुपर्ने हुन्छ। अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र केही समयपछि खाली हुँदैछ। त्यसपछि हामीले फोकस गर्नुपर्ने भनेकै माइस टुरिजममा यसको प्रयोग हो। त्यसपछि गोदावरी, प्रज्ञा भवन, भृकुटीमण्डप, चितवन, बुटवलसहितका पर्यटकीय गतिविधिका सभाहललाई फोकस युनिट बनाएर जानुपर्छ। जसरी अहिले प्रवर्द्धनका लागि नेपाल पर्यटन बोर्ड छ, त्यसैगरी माइस टुरिजम ब्यूरो वा यस्तै केही नामको संरचना आवश्यक देखिन्छ। यसलाई सञ्चालन गर्ने छुट्टै संयन्त्रको आवश्यक छ। त्यसो भयो भने पर्यटन प्रवर्द्धन र विकासमा केन्द्रित भएर काम गर्न सकिन्छ, जसले दीर्घकालीन संरचनाको विकासमा सहयोग गर्छ।

नेपालमा यही वर्ष ३० लाख पर्यटक ल्याउँछु भन्यो भने पूर्वाधारले सम्भव छैन। अबको दुई वर्षमा भने हामीले त्यो लक्ष्यअनुसारको पर्यटक ल्याउने सक्ने आधार देखिन्छ। यसका लागि काठमाडौं विमानस्थलको मर्मतको काम सकिएसँगै धावनमार्ग मर्मत शुरू हुनु अगाडि रोकिएर र थप उडान गर्न नपाएका वायुसेवाको उडान पुनः सुचारु हुन सक्छ। यसले २ देखि ४ लाख पर्यटक बढाउन सक्छ। अरू दुई अन्तर राष्ट्रिय विमानस्थल पनि तयार भएका छन्। त्यहाँ दिनुपर्ने इन्सेन्टिभ लागू भइसकेको अवस्था छैन। ती विमानस्थलाई पर्यटकले रुचाउने बनाउनुपर्ने छ। हवाई टिकटमा काठमाडौं आउनुभन्दा १०/१२ हजार सस्तो पर्ने हुँदाहुँदै पनि हामीले त्यसलाई बेच्न सकिरहेका छैनौं। नेपाल आउन चाहिने विभिन्न मुलुकका पर्यटक तथा यात्रुलाई सहज हुने र एयरलाइन्सलाई पनि लाभ हुने भएकाले यसैमा फोकस गर्न सकियो भने केही वर्षमै १२ लाख पर्यटक थपिन सक्छन्।

काठमाडौं, पोखरा, चितवन जोडिने बाटोलाई पनि डेढ दुई वर्षमै राम्रो बनाउन सकिन्छ। राज्यले तदारुकता दिएर स्थलमार्ग र हवाई मार्ग दुवैबाट पर्यटक बढीभन्दा बढी भित्र्याउन जोड दिन सक्यो भने हाम्रो पर्यटक बढाउने योजना अवको तीन वर्षमै पूरा हुन सक्छ। त्यसका लागि सकारात्मक सन्देशले सधैं ब्याकअप भने गरिरहनुपर्छ।

नेपाल पर्यटन बोर्ड २५ वर्ष अगाडिको कानुनले चलिरहेको छ। पछिल्लो समय बोर्डको दायरा बढाउने र यसको क्षमता विकास गर्नुपर्नेमा झन् 'कन्जरभेटिभ' बनाएर बोर्डलाई राखिएको छ। यसलाई अरू सार्वजनिक निकायको जस्तो खरिद ऐनले बाध्न नहुने भन्दै पटकपटक सहजीकरण गरिदिन माग गरिरहेका छौं, तैपनि सहजीकरण हुन सकेको छैन।

बोर्ड सफल हुन कार्यकारी समितिमा पनि निजीक्षेत्रको प्रतिनिधित्व गर्ने व्यक्ति व्यावसायिक पृष्ठभूमिकै चाहिन्छ, अर्थात् पर्यटन बोर्डमा आउने बोर्ड सदस्य पर्यटन व्यवसायबाटै हुनु उपयुक्त हुन्छ। पर्यटन प्राविधिक विषय भएकाले प्रशासनिक संरचनाले चलाउन खोज्नु भएन। प्राविधिक जनशक्ति नै खटाएर बोर्डलाई चलाउनुपर्ने आवश्यकता छ।

सार्वजनिक खरिद ऐन पालना गर्दा त्यसले प्रवर्द्धन र सेवा खरिदमा अपेक्षित सहजता दिन सकेन। यो ऐन वस्तु खरिदमा केन्द्रित भएर बनाइएको छ तर बोर्डको काम सेवा मात्रै खरिद गर्ने हो। यसर्थ कानूनी पाटोले पनि सहजता प्रदान गर्नुपर्ने छ। कार्य प्रकृतिअनुसार काम गर्नेलाई खरिद ऐनले नबाँध्ने हुनुपर्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग र महालेखापरीक्षकका नाममा काम पन्छाउने, तर्सिने र डराउने क्रम बढेको छ, जसले अत्यावश्यक काम पनि हुन सकेको छैन। संस्थाअनुसार कामको प्रकृति फरक हुन्छ। त्यसका लागि संस्थाको प्रकृतिअनुसार चलाउन सक्ने ऐन नियम चाहिन्छ।

*जोशी नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत हुन्।*

# NABIL AFFORDABLE HOUSING LOAN

**FEATURES**

EMI RS. 633 PER LAKH | DISCOUNTED ADMIN FEE | LIFE TIME FREE CREDIT CARD

INTEREST RATE 6.92% p.a



*T&C Apply

NABIL BANK®

TOGETHER AHEAD

01-5970015 customercare@nabilbank.com www.nabilbank.com



# महिला उद्यमशीलतामा तालिम हब

**पछिल्लो प्रवृत्ति हेर्दा महिला उद्यमशीलताको अवस्था अहिले कोभिडअघिको जस्तो सन्तोषजनक देखिँदैन । तुलनात्मक रूपमा ठूलाठूला फ्याक्ट्रीहरू कोभिडको प्रभावपछि पनि पुनरुत्थान भए तर साना तथा मझौला उद्यममा खटिएका महिलाका सबै उद्योग पुनरुत्थान भएनन् ।**



उर्मिला श्रेष्ठ

पछिल्लो दशकमा उद्यमशीलता विकासमा महिलाहरू अगाडि बढेका छन । तर कोभिडपछि सबैभन्दा बढी प्रभावित उद्योगमा महिलाद्वारा सञ्चालित नै बढी छन् । कस्मेटिक, पार्लर, हस्तकला, अचार उद्योगलगायतमा महिलाहरूले उद्यम गर्दै आएका थिए । तर कोभिडको समयमा यस्तो उद्यम अत्यावश्यकमा परेन । यसपछि यस्ता उद्योग बन्द हुँदा थुप्रै उद्यमशील महिला विस्थापित हुन पुगे । त्यतिबेला अधिकांशले बैंक तथा वित्तीय संस्थाको कर्जा तिर्न सकेनन् । एकातर्फ ऋण तिर्न सकस र अर्कोतर्फ कर्मचारीहरूलाई तलब दिन नसक्दा विस्थापित हुन बाध्य भएका हुन् । यसरी विस्थापित अधिकांश महिला उद्यमी माथि उठ्नै नसकेको स्थिति छ ।

पछिल्लो प्रवृत्ति हेर्दा महिला उद्यमशीलताको अवस्था अहिले कोभिडअघिको जस्तो सन्तोषजनक देखिँदैन । तुलनात्मक रूपमा ठूलाठूला फ्याक्ट्रीहरू कोभिडको प्रभावपछि पनि पुनरुत्थान भए तर साना तथा मझौला उद्यममा खटिएका महिलाका सबै उद्योग पुनरुत्थान भएनन् ।

यसको मुख्य जिम्मेवारी स्वयम् उद्योगीको पनि हो । तर यसको पछाडि सरकार र बैंक तथा वित्तीय संस्थाहरूको नियामक निकाय नेपाल राष्ट्र बैंकको पनि उत्तिकै जिम्मेवारी छ । अन्य मुलुकहरूले कोभिडबाट शिथिल अर्थतन्त्र उकास्न महामारीबाट प्रभावित उद्योगी तथा व्यवसायीहरूका लागि प्याकेज नै ल्याएर 'कर छूट'देखि बैंकको ब्याजसमेत बेहोर्ने योजना ल्याए । तर हाम्रोमा यस्तो प्याकेज दिइएन । बरु एकनास बैंकहरूले ब्याज तथा किस्ता तिर्न अत्याइरहे । यद्यपि कोभिडको राहतस्वरूप कर्जा पुनर्तालिकीकरण तथा पुनःसंरचना सुविधा दिइयो । तर यो व्यवस्थाले अलिकति समय मात्रै धकेलियो ।

कोभिड अवधिभर लामो समय कमाइ नभएको अवस्थामा समय मात्रै बढाएर आम्दानी नभई कसरी ऋण तिर्न सकिन्छ र ? साँवाको ब्याज तिर्न आम्दानी त चाहियो नि । असारमा तिर्नुपर्ने किस्ता पुनर्तालिकीकरणपछि चैत्रसम्म सारियो । तर, असारदेखि चैत्रसम्म मात्रै कोभिडको असर भएको होइन । करीब ३ वर्ष प्रभाव पर्‍यो । यस्तो अवस्थामा सरकारले साना महिला उद्यमीलाई शतप्रतिशत वा केही प्रतिशत छूट दिन सक्नुपर्थ्यो । महिलालाई बैंकबाट ऋण लिन पनि उत्तिके गाह्रो छ ।

**कानूनीभन्दा सामाजिक अड्चन अधिक**

महिला उद्यमशीलता विकासमा कानुनी भन्दा सामाजिक अड्चनले बढी समस्या पारको छ । शहरी क्षेत्रमा भन्दा ग्रामीण भेगमा यस्तो समस्या बढी देखिन्छ । गाउँघरपतर महिलाको नाममा कर्जा दिए पनि उनीहरूले उक्त कर्जा लिएर श्रीमान् वा घरका पुरुषहरूले चलाउने गरेको सुनिन्छ । महिलाको नाममा दिएको अधिकारमा पुरुषले हालिमुहाली गरिरहेका छन् । यसबारे जागरूक नभएसम्म उपलब्धि हुँदैन । यस्ता अड्चनले महिलामा मनोबल बढ्न सकेन । एउटा महिला विवाहअगाडि बुबामा आश्रित विवाहपछाडि श्रीमान्सँग आश्रित र बुढेसकालमा छोरामा आश्रित भएर बस्नुपर्ने सामाजिक मान्यता छ । यसले पनि महिला उद्यमशीलता विकासले फड्को मार्न सकेन ।

यससँगै, महिलाहरूमा शहरी क्षेत्रबाहेक ग्रामीण भेगमा शिक्षाको पनि कमी छ । महिलालाई जागरुक बनाउन जनचेतनाको अभाव छ । पश्चिमी भेगमा एसईई सकिनासाथ भागेर विवाह गर्ने वा घरबाट मागेर विवाह गर्ने प्रवृत्ति छ । छोरीहरूको केटा साथी छ भन्ने थाहा पाउनासाथ घरपरिवारले नराख्ने र विवाह गर्दिहाल्ने चलन छ । यसले गर्दा त्यो उमेर समूहका केटीहरूले ११-१२ कक्षा पढेको खासै देखिँदैन ।

**कानून महिलामैत्री, कार्यान्वयन फितलो**

नेपालको कानूनले महिलाका नाममा घरजग्गा किन्दा होस् वा उद्योग दर्तादेखि उद्यमशील कर्जासम्ममा छूट तथा सहुलियतको व्यवस्था गरेको छ । महिलाको कुल आयकर १ लाख तिर्नुपर्ने छ भने यसमा १० प्रतिशत अर्थात् १० हजार रूपैयाँ छूट पाइन्छ । तर यसबारे कतिपय महिलालाई थाहै छैन । अझै चेतनाको अभाव छ । ६ प्रतिशतसम्मको सहुलियत ब्याजदरमा महिलालाई उद्यमशील कर्जा पनि दिइँदै आएको छ । कोभिडभन्दा अगाडि ५ लाखदेखि १५ लाख रुपैयाँको कर्जा बिनाधितो ब्याज छूटमा दिने सरकारले घोषणा गर्‍यो ।



शुरुवाती चरणमा ५ लाख रुपैयाँसम्मको कर्जा १-२ वटा बैंकले दिए । त्यसपछि बैंकहरूको कर्जा समयमा नउठ्ने समस्याले त्यस्तो सहुलियत कर्जामा धितो माग्न थालियो । प्रायः जग्गा वा अन्य धितो पुरुषकै तजबिजमा छ । चेम्बरको तर्फबाट नेपाल राष्ट्र बैंकलाई पनि यसबारे पटक पटक भन्यौं । यसबारे कानूनले दिएको छूट सुविधामा महिलालाई विनाधितो कर्जा कार्यान्वयन भए/नभएको हेर्न केन्द्रीय बैंकलाई धेरै पटक भन्यौं । तर प्रतिउत्तरमा भइहाल्छ नि मात्रै भनेर टारियो मात्रै, समस्याको टुङ्गो लगाइएन ।

**महिला स्टार्टअप उद्यमी**

अब महिला उद्यमशीलताका लागि सरकारले कानून ल्याउँदा महिला उद्यमशीलतामा मात्रै होइन, स्टार्टअपलाई पनि प्राथमिकता दिनुपर्छ । यद्यपि सरकारले पछिल्लो समय स्टार्टअपमा २५ लाख रुपैयाँसम्मको सहुलियत ब्याजदरमा करीब ५ सय जनालाई कर्जा दिने प्रक्रिया अघि बढाएको छ । यो राम्रो कदम हो । कार्यान्वयन भएमा यो उपयुक्त पहल हो । सो स्टार्टअपमा आवेदन दिनेमध्ये करीब २९ प्रतिशत युवा महिला थिए । सरकारको यो योजनाले कम्तीमा पनि ५ सय जनालाई उद्यमी बनाउन मद्दत गर्छ । यो लगभग अन्तिम प्रक्रियामा छ । अझ हामीले यसरी एकै पटक यस्तो कर्जा दिनुभन्दा विभिन्न चरणमा गर्न सुझाव दिएका थियौं । यस्तोखाले स्टार्टअप छनोटमा कोभिडमा विस्थापित भएका उद्यमलाई भने सामेल गरिएन । यो विशुद्ध नयाँलाई मात्रै दिने भनियो । हामीले पुनरुत्थान गर्न पनि पुरानो उद्यमी भन्न मिल्दैन, यसलाई नयाँ सरह 'ट्रिट' गर्न भनेका थियौं । तर त्यो मिलेन । स्टार्टअप सहुलियत ब्याजदरको कर्जालाई वर्षेनि निरन्तरता दिने भनिएको छ तर पुनरुत्थान जरुरी भएका उद्यमीलाई नदिनु चाहिँ एक प्रकारको अड्चन नै हो ।

महिला उद्यमीको हकमा कानूनभन्दा पनि त्यसको कार्यान्वयन पाटो हेरिनुपर्छ । किनभने भएका सबैखाले कानून कार्यान्वयन नै भएका छैनन् । राष्ट्र बैंकले कृषि कर्जा, महिला कर्जा र बिनाधितो कर्जामा छूट दिन भनेको छ । तर बैंकहरूले सक्ने स्थिति छैन । बैंकलाई पनि कर्जा नउठ्ने चुनौती छ । यस्तो स्थितिमा कि त राष्ट्र बैंक कि त सरकार 'ब्याकअपमा ग्यारेन्टी' नबसेसम्म कुनै पनि काम सफल हुँदैन ।

**महिला उद्यमशीलताका अवरोध**

महिला उद्यमशिलतामा अवरोधको कुरा गर्नुपर्दा महिलाकै पनि दोष देखिन्छ । उनीहरू क्षणिक काम गर्छन् अर्थात् महिलाहरू काम त थाल्छन् तर छिटो हतोत्साहित हुने गर्छन् । महिलाहरू ठूलो जोखिम व्यहोर्न चाहँदैनन् ।

वि.सं. २०७२ र यसअघि स्वदेशी सामानको उपयोग गर्न सरकारले जोड दिँदै आर्थिक ऐनमा राख्यो तर यो कार्यान्वयन भएन । यद्यपि यसपटक यसलाई कडाइका साथ लागू गर्ने भनेर विधेयक नै पास भएको छ । स्वदेशी भन्नासाथ यहाँ पुरुष र महिला बराबर हुने भयो । तर हामीले चाहिँ यसमा पनि महिलाको कोटा तोकिदिन सुझाव दिएका थियौं । स्वदेशी उत्पादन गर्ने महिलाका उत्पादनलाई प्राथमिकता दिन अनुरोध गर्‍यौं । तर विडम्बना महिलाहरूका प्रायः उत्पादन अचार,

पार्लर, हस्तकलामा लगानी बढी हुँदा कार्यालयको उपयोगमा कम पर्न जान्छ । साथै यी सामान अत्यावश्यक वस्तुमा नपर्ने र पैसा बच्यो भने मात्रै किन्ने सामान भएकाले कोभिडमा थुप्रै महिला उद्यमी विस्थापित हुनुपरेको थियो । यद्यपि अहिले यस्तो परम्परागत शैली बदलेर अन्य उत्पादनमा पनि महिलाको सहभागिता बढेको छ । आईटीको क्षेत्रमा पनि उनीहरू अगाडि आएका छन् । यसैले अब अवस्था परिवर्तनको अपेक्षा गर्न सकिन्छ ।

**सीपमूलक तालिममा विविधीकरण**

कानुनको कार्यान्वयनमा स्थानीय निकायहरू जगरुक हुन आवश्यक छ । मुलुक संघीयतामा गएसँगै अधिकांश अधिकार स्थानीय तहलाई भएकाले उनीहरूको भूमिका महत्वपूर्ण हुन्छ । तर यहाँ केन्द्रदेखि स्थानीय तहसम्म नै संगठनहरूले पनि त्यस्तै कार्यक्रम गर्छन् । यही भएर अहिले हामी (नेपाल चेम्बर अफ कमर्स)ले डुप्लिकेशन हुने त्यस्ता कार्यक्रम बन्द गरेका छौं । खास महिलाको हितमा काम गर्नुपर्ने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले भन्दा पनि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत भइदिएको भए झन राम्रो हुन्थ्यो ।

उद्योग वाणिज्य मन्त्रालयमा पनि घरेलु कार्यालयले महिला उद्यमशीलतामा काम गर्छ, यता नगरपालिकाले पनि उस्तै काम गर्छ । महिला मन्त्रालयमा पनि गैरसरकारी संस्थाहरूले त्यही काम गर्छन् । यसो हुँदा एउटै महिलाले ४-५ ओटा तालिम लिएको देखिन्छ । यत्ति धेरै तालिम लिने तर यसको उपयोगिता नगर्ने र अन्ततः थन्किने स्थिति छ । बरु यस्तो खाले कार्यक्रममा दोहोरोपन हुन नदिन सरकारले एउटा पुल अर्थात् तालिमको हब बनाए हुन्छ । जसको कार्यक्रम आए पनि एउटै तालिम हबमार्फत गर्न सकिन्छ । जुनसुकैबाट पनि पैसाको योगदान सोही हबमा गर्ने र त्यहीअनुसार तालिम लिन मान्छे पठाउने गरेमा उपयुक्त हुन्छ ।

> **महिला उद्यमशीलता विकासमा निजीक्षेत्रको योगदान धेरै छ । अधिकांश रोजगारी र तालिम निजीक्षेत्रले नै दिइरहेको छ । करीब ७० प्रतिशत रोजगारीमा निजीक्षेत्रको योगदान होला । उनीहरूलाई सरकारले सुविधा पनि दिन जरूरी छ ।**

महिला उद्यमशीलता कार्यक्रमहरूमा दोहोरोपन देखिन्छ । संघीय सरकार र स्थानीय सरकार प्रतिस्पर्धी हिसावमा गए, परिपूरकको हिसाबमा गएनन् । जस्तै, नगरपालिका, गाउँपालिकामा महिला उद्यमशीलता विकास भनेर अचारको तालिम दिने काम भएको छ । यो नराम्रो त होइन तर सीप विकासमा विविधीकरण भएन । अचार भनेको तालिम नलिए पनि घरेलु सीप भएकाले प्रायःलाई बनाउन आउँछ । यसलाई व्यवसायीकरण मात्रै जरुरी हो । घरेलु अचारबाहेक बेकरी क्षेत्र पनि छन् । त्यता कम ध्यान गएको देखिन्छ ।

नगरपालिकाले पनि महिलाका लागि सीप विकास भनेर पार्लर तालिम दिन्छन् । तर यसबाहेक पनि सीप दिन सकिने धेरै क्षेत्र छन् । अहिले पढेका महिलाहरू आईटीमा आएका छन् । १२ कक्षा पढेका महिलालाई डेटा इन्ट्रीलगायत तालिम दिँदा पनि हुन्छ । समयअनुसारको सीपमूलक तालिममा पनि विविधीकरण आवश्यक छ ।

महिला विकास कार्यक्रममा सरकारका तहबाहेक घरेलु तथा साना उद्योग कार्यालयले पनि त्यस्तै काम गर्छ, व्यवसायीहरूको छाता

**आवश्यकताको आधारमा सीप विकास**

उद्यमी महिलाहरूमा आवश्यकताको आधारमा सीप विकास गर्न सकिन्छ । यसमा स्थानीय तहले कर तिर्ने महिला उद्यमीहरूको तथ्यांक हेरेर उनीहरूलाई व्यवसाय विस्तारमा कस्ता अप्ठ्यारा छन् भनी बुझेर सीप विकास तालिम दिए राम्रो हुन्छ । हामीले त्यस्ता उद्यमी महिलालाई कोभिडभन्दा अगाडि बैंकिङ तथा कर बारेमा थुप्रै सीपमूलक कार्यक्रम गरेका थियौं । अधिकांश महिलाहरू व्यवसाय गरे पनि करसम्बन्धी प्राविधिक ज्ञान नहुँदा दलालको भर पर्नुपर्ने अवस्था छ । यस्तोबारे ज्ञान नहुँदा ठगिने सम्भावना हुन्छ । यसर्थ हामीले विभिन्न बैंकहरूसँग मिलेर प्राविधिक ज्ञान दिएका थियौं । हामीले महिलालाई प्याकेजिङ र ब्राण्डिङका तालिम दियौं । यो तालिम कोभिडमा व्यवसाय ठप्प हुँदा भर्चुअल माध्यमबाट तालिम दिइएको थियो । यसले महिलाको व्यावसायिक ज्ञान तथा व्यवसाय विस्तारमा धेरै टेवा पुऱ्याएको छ ।

त्यसैगरी, चेम्बर्सले सिल्भर माउन्टेन कलेजसँग मिलेर ५० प्रतिशत छूटमा होटल म्यानेजमेन्टको १० दिने तालिम दिएको थियो । यसमा कान सुन्न र बोल्न नसक्ने २ जनालाई निःशुल्कमा तालिम दिइएको थियो । सो तालिम विशेषगरी बेकरी (पिज्जा, स्याण्डविच लगायत) बनाउने थियो । यो तालिम लिएकामध्ये चारजना जतिले आफ्नै पसल खोलेर व्यवसाय थाले भने कतिपय सीप सिकेर विदेश गए । यसर्थ अचारसँगै अन्य यस्ता खाले समयअनुकूलका सीपमूलक तालिम पनि दिन जरुरी छ । चेम्बरले काठमाडौंमा तालिम दिन बन्द गरे पनि जिल्लाहरूमा घरेलु अचार बनाउने, कपाल काट्ने, सिलाइबुनाइ, ब्यूटिपार्लर लगायतका तालिम दिँदै आएको छ ।

ग्रामीण क्षेत्रमा पनि युवतीहरूमा अहिले सिलाइबुनाइमा त्यति चाहना छैन । अहिले हामीले नयाँ पिढीलाई केन्द्रित गरेर सीप विकास तालिम दिएका छौं । उनीहरूलाई आईटी, बेकरी र ब्यूटिपार्लरमा बढी रुचि देखिन्छ । तर यो पुस्तामा तालिम लिने र ३-४ महिना काम गरेर विदेश जाने प्रवृत्ति बढी देखिएको छ । स्वदेशमै टिकेर काम गर्ने सोच भएकाहरू धेरै कम छन् । अब चेम्बरले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (सिटिईभिटी)सँग मिलेर तालिम दिन खोजेको छ । नगरपालिकालाई पनि यसबारे भनेका छौं । प्लम्बिङको काम यहाँ अहिले बंगाली, कोरियनहरूले गरिरहेका छन । यसर्थ महिलाहरूलाई पनि प्लम्बिङ र इलेक्ट्रोनिक्स सीप सिकाए स्वदेश र विदेश दुवैमा काम गर्न दक्ष हुन्छन् ।

**महिला उद्यमशीलतामा निजीक्षेत्रको योगदान**

महिला उद्यमशीलता विकासमा निजीक्षेत्रको योगदान धेरै छ । अधिकांश रोजगारी र तालिम निजीक्षेत्रले नै दिइरहेको छ । करीब ७० प्रतिशत रोजगारीमा निजीक्षेत्रको योगदान होला । उनीहरूलाई सरकारले सुविधा पनि दिन जरुरी छ । अझ सरकारले महिला मजदुर बढाउन कानुनमा पनि न्यूनतम कोटा तोकिदिन आवश्यक छ । तर सरकारले अझै पनि महिलाको कर छूट राम्ररी कार्यान्वयन गर्न सकेको छैन । महिलाको रोजगारी सुनिश्चित गर्न सकेको छैन । सरकारी निजामती कर्मचारीमा मात्रै ३३ प्रतिशत कोटा तोकेर भएन, समग्र रोजगारीमा महिला सहभागिता बढाउन महिला श्रमिकमा पनि न्यूनतम कोटा कानुनमै तोकिनुपर्छ । यसले महिला उद्यमशीलता विकासमा पक्कै सहयोग पुग्नेछ ।

*श्रेष्ठ नेपाल चेम्बर अफ कमर्सका उपाध्यक्ष हुन् ।*


ISO 9001:2015
CERTIFIED
SuryaJyoti
जीवनको लागि
नेपालको पहिलो र कम
प्रिमियममा आजीवन सुरक्षा दिने
सही Plan
सही सोचौं, सही रोजौं!
कम प्रिमियममा, ठूलो Plan
७० वर्षको उमेरमा सम्पुर्ण प्रिमियम Refund
सीमित भुक्तानी, असीमित Coverage
Shanta Plaza, Gyaneshwor Kathmandu, Nepal
P.O. Box 19433
01-4545947/48/50
sahi@suryajyotilife.com
suryajyotiofficial
www.suryajyotilife.com



# उपेक्षित एसएमईको प्रवर्द्धनमा चेम्बर

**स्थानीय स्तरमा रोजगारी सिर्जनामा महत्वपूर्ण भूमिका खेल्ने साना तथा घरेलु उद्योगहरू वास्तवमा मौलिक अर्थतन्त्रको आधार हुन् ।**



सन्तोष पाण्डे

व्यावसायिक रूपमा साना तथा मझौला उद्यम (एसएमई) सञ्चालनमा आएको सुरुवाती अवस्था अत्यन्त उत्साहप्रद थियो । राज्य, बैंक तथा सबैको प्राथमिकतामा परेका कारण यसको विकास तथा विस्तार सहज बन्यो । तर अहिले परिस्थिति बदलिएको छ । एसएमईलाई हेर्ने सरकारको दृष्टिकोणमा मूलभूत रूपमै परिवर्तन आएको छ । एसएमई सञ्चालन गर्न पनि धितो राख्नुपर्ने अप्ठ्यारो प्रावधानले यो राम्रोसँग हुर्किन पाएको छैन । स्थानीय स्तरमा रोजगारी सिर्जनामा महत्वपूर्ण भूमिका खेल्ने साना तथा घरेलु उद्योगहरू वास्तवमा मौलिक अर्थतन्त्रको आधार हुन् । स्थानीय सामग्री प्रयोग गरी वस्तु उत्पादन गरिने भएकोले यसले आयात प्रतिस्थापनमा यसले प्रभावकारी भूमिका खेलेको हुन्छ । गाउँ, सहर, तथा जिल्लास्तरमा आर्थिक चक्रलाई सबल बनाउन पनि एसएमईको महत्वपूर्ण योगदान हुन्छ । चेम्बर र एसएमई वास्तवमा एक अर्काका पूरक हुन् । खासगरी प्रदेश शाखा र जिल्ला चेम्बर हरूले स्थानीयलाई उत्पादन बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका छन् ।

एसएमई सञ्चालनमा आउन सक्ने नीतिगत व्यवधान समाधानमा पनि जिल्ला चेम्बरहरूले प्रभावकारी समन्वय गरिरहेका छन् । यसले साना तथा मझौला उद्योगहरू स्थापना गर्न उत्प्रेरित गर्छ । साना नै भए पनि नयाँ लगानीकर्ता भित्रिन्छन् ।

**प्राथमिकताबाट पर**

नेपालमा साना उद्योगलाई राज्यले प्राथमिकता दिएको अवस्था छैन । अर्थतन्त्रको विकासमा एसएमईको भूमिका महत्वपूर्ण हुने जान्दाजान्दै पनि अपेक्षाकृत सहयोग यस क्षेत्रले प्राप्त गर्न सकेको छैन । साना तथा घरेलु उद्योग प्रवर्द्धनसँग सम्बन्धित नीति कागजमै सीमित छ ।

लगानीकर्ताले सहुलियतपूर्ण ऋण पाएका छैनन् । बैंक तथा वित्तीय संस्थाबाट सहजै ऋण लिन सकिँदैन । प्रक्रिया नै निकै झञ्झटिलो छ । अहिले पनि ठूला व्यवसायीहरूकै हालिमुहाली छ, जसले गर्दा साना तथा मझौला उद्यमीहरू ओझेलमा परेका छन् । नीतिगत व्यवस्था भए पनि कार्यान्वयनमै समस्या छ ।

एसएमईको विकासमा सरकार गम्भीर हो भने सबैभन्दा पहिले बैंकिङ प्रक्रिया सहज बनाउनुपर्छ । उद्यमीलाई थोरै ऋण लिन पनि धितो चाहिने बाध्यता छ । उत्पादन भएका वस्तुको पनि बजारीकरण हुन सकेको छैन । व्यवसायीहरूलाई दक्ष बनाउन आवश्यक छ, प्रविधिसँग जोडन आवश्यक छ । स्थानीय उत्पादनलाई प्राथमिकताका साथ बढावा दिने, रोजगारी सिर्जना गर्ने र अन्ततः मुलुककै अर्थतन्त्रमा स्पष्ट योगदान पुऱ्याउने हेतुले एसएमईको अवधारणा ल्याइएकाले त्यसै अनुसारको सहजीकरणमा उदारता आवश्यक छ ।

सुरुवातमा घरेलु तथा साना व्यवसायी लघुवित्तको ऋणबाट सञ्चालनमा आएका थिए । सहकारीबाट कर्जा लिएर पनि सञ्चालनमा आए । त्यसो त साना तथा घरेलु व्यवसायलाई प्रोत्साहन गर्न लघुवित्तको अवधारणा आएको हो । तर लघुवित्त आफै वित्तीय अनुशासनबाट च्युत भएपछि अहिले समस्या देखिन थालेको छ । विगतमा लघुवित्तका कारण धेरै मानिस पीडित भए । त्यसले धेरै मानिसलाई कर्जा लिन, लगानी गर्न, व्यवसाय सञ्चालन गर्न निरुत्साहित गरेको छ । राज्यले पनि व्यवसायीमाथि विभिन्न दबाब दिँदै आएको छ । पीडित व्यवसायीमाथि नै राज्यले करको दायित्व थोपर्ने काम गऱ्यो । अहिले कर्जा तिर्न नसकेर धेरै व्यवसायी पलायन हुनुपरेको छ ।

**बजारीकरणको समस्या**

कर्जा लिएर लगानी गर्नेले उत्पादन गरेको हुन्छ । महिलाहरूले थोरै कर्जा लिएर, थोरै लगानी गरेर अचार, थांका, फेल्ट जस्ता सामान उत्पादन गरिरहेका छन् । तर त्यसरी उत्पादित वस्तुको बजारीकरणमा समस्या छ ।

उत्पादन गरिरहने तर बजार नपाउने समस्या हुने हो भने त्यहाँ धेरै समय टिक्न गाह्रो हुन्छ । अहिले भएको पनि यही हो । उत्पादन गरेको छ तर त्यसको प्रचारप्रसार भएको छैन । बिक्री गर्न बजार छैन । उत्पादन उपभोक्तासम्म पुग्न पाएको छैन ।

सप्लाई चेनमा नेपाल चेम्बर अफ कमर्सले धेरै काम गरेको छ । सातवटै प्रदेशमा चेम्बरको उपस्थिति छ । जिल्ला चेम्बरले सबै प्रदेशमा विभिन्न सचेतनामूलक कक्षाहरू सञ्चालन गरिरहेको छ । त्यसका केन्द्रको पनि भूमिका उत्तिकै मात्रामा रहेको छ । तर, त्यसमा हाम्रो मात्रै भूमिकाले नपुग्ने रहेछ । कुनै न कुनै पनि हरेक प्रदेशमा पुगेर स्थानीय उत्पादनको बजारीकरण, उत्पादन प्रवर्द्धनका काम अझ बढी गर्न खोजिरहेका छौं ।

**चेम्बर र स्थानीय तह**

चेम्बर अफ कमर्सको सहकार्यका कतिपय जिल्लामा एसएमईसम्बन्धी कामहरू भइरहेको छ । यसमा तालिमदेखि उत्पादन बजारीकरण लगायतमा काम भइरहेको छ । यो मात्रै पर्याप्त भने छैन । यसलाई बढाउन आवश्यक छ । अहिले पोखरा, नारायणगढ, बुटवल जस्ता मुख्य मुख्य सहरमा धेरै काम भएको छ । त्यतिले मात्रै पुग्दैन । त्योभन्दा बाहिर गएर काम गर्न आवश्यक छ । प्रत्येक प्रदेशले सबै जिल्लालाई समेटेर काम गर्न हामीले प्रोत्साहित गरिरहेका छौं । प्रदेश, पालिका हुँदै वडास्तरमा काम गर्नुपर्ने छ ।

यो काम हाम्रो मात्रै नभएर सरकारको पनि



> **अहिले रोजगारीका लागि विदेशमा जाने नेपाली कामदार बढी अदक्ष र अर्धदक्ष छन् । अदक्ष र अर्धदक्ष कामदार विदेशमा रोजगारीका लागि पठाउनु भन्दा राम्रो नीति बनाएर स्वदेशमा नै रोजगारी दिनु उचित हुन्छ । यसमा राज्यले बेलैमा सोच्नुपर्छ ।**

रूपमा सरकारको भूमिका त आवश्यक नै हुन्छ । कतिपय अवस्थामा त्यस्ता साना उद्योग सञ्चालन भइरहन पनि समस्या हुने गरेको छ । कतिपय त बन्द नै भएका छन् । चेम्बरले अझै हो । दुवै निकायको सहकार्य यो प्रभावकारी हुन्छ । स्थानीय उत्पादनलाई स्थानीयदेखि संघ सरकारले उपभोग गर्ने हो भने त्यसले राम्रो सन्देश जान्छ ।

**खुला सीमाना, सधैंको समस्या**

खुला सीमानाका कारण नेपाली उत्पादनले बजार पाउन सकेको छैन । खुला सीमानाका कारण सहजै आयात हुने भारतीय वस्तुसँग प्रतिस्पर्धा गर्न पनि सहज छैन । नेपालमा सामान उत्पादन गर्दा लागत बढी भयो । लागत बढी भएपछि आयात हुने वस्तुसँग प्रतिस्पर्धा गर्न समस्या छ ।

यो चुनौती समाधानको काम सरकारको पनि हो । खुला सीमानाको समस्या समाधान गरौं भनेर हामीले बारम्बार सरकारलाई आग्रह गरेका छौं । हामीले सरकारलाई तीनवर्षे रणानीतिसमेत बनाएर दिएका थियौं ।

अब हामीले नेपालका यी जिल्लामा यो यो वस्तु उत्पादन हुन्छ भनेर सबै जिल्लामा उत्पादन, त्यसको उपभोक्ता, उत्पादनलाई कसरी बजारीकरण गर्ने भन्ने अभियान चलाउने तयारी गरेका छौं । यसको खाका बनेको छ । अब हरेक एक जिल्लाले एक उत्पादन गर्ने र त्यसको बजारीकरण गर्न सरकार पक्षसँग पहलकदमी गर्ने तयारी गरेका छौं । चेम्बरले सबै जिल्लालाई प्राथमिकतामा राखेको छ । यसमा हस्तकलादेखि सबै उत्पादन समावेश गरिनेछ । एसएमईको विकासका लागि स्थानीयदेखि संघ सरकारले स्थानीय उत्पादन उपभोग गर्ने हो बजारीकरणमा समस्या हुँदैन । नेपालमा त्यो हुन सकेन ।

नेपाल राजस्वमूखी अर्थतन्त्रमा अडिएको छ । तर अहिले हाम्रो राजस्व घटिरहेको छ । यसमा सरकारले ध्यान दिन सकेको छैन । अहिले तयारी सामानका आयात घटेको छ । औद्योगिक कच्चापदार्थको पनि आयात घटेको छ । यसले उपभोक्ता, साना उद्योगी मारमा परेका छन् । नेपालीको आम्दानीको स्रोतहरू खुम्चँदै जाँदा पनि असर परेको छ । यसमा राज्यले ध्यान जान जरुरी छ ।

कर्णालीमा उत्पादन हुने केरालाई कसरी बजारीकरण गर्ने यो सबैको चासोको विषय हो । यसमा राज्यले पनि ध्यान दिनुपर्छ । यसमा चेम्बरले पनि काम गर्छ । हाम्रो उत्पादन बजारीकरण गर्न सरकारले नीति मात्रै बनाउने हो भने बाँकी सबै काम चेम्बरले गर्छ । सरकार आफैं अघि आउनु पर्दैन । कानुनी अड्चल हटाइदिए पुग्छ । बजारीकरण गर्न निजीक्षेत्रलाई कुनै समस्या छैन । राज्यले नीति भने बनाउनुपर्छ । एमएमईलाई लगानी गर्नुपर्छ । उत्पादन बढाउनुपर्छ भन्नेमा राज्यको नीति खै ?

अहिले रोजगारीका लागि विदेशमा जाने नेपाली कामदार बढी अदक्ष र अर्धदक्ष छन् । अदक्ष र अर्धदक्ष कामदार विदेशमा रोजगारीका लागि पठाउनु भन्दा राम्रो नीति बनाएर स्वदेशमा नै रोजगारी दिनु उचित हुन्छ । यसमा राज्यले बेलैमा सोच्नुपर्छ । वैदेशिक रोजगारीबाट फर्किएका युवाको सीपलाई सदुपयोग गऱ्यो भने उत्पादन बढाउन सकिन्छ । उनीहरूको सीपलाई स्वदेशी उत्पादनमा जोड्न सकिन्छ । त्यसका लागि सरकारले प्रवर्द्धनात्मक कार्यक्रम पनि सञ्चालन गर्नुपर्छ ।

नेपालमा अहिले भित्रिरहेको विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न आवश्यक छ । यसका लागि सरकारले नीतिगत कार्ययोजना बनाउन आवश्यक छ ।

नेपाल विश्व व्यापार संगठनको सदस्य बनेयता हामीले निरन्तर व्यापार घाटा व्यहोरिरहेका छौं । आयात ९० प्रतिशत र निर्यात १० प्रतिशत मात्रै छ । यो हाम्रो लागि निकै चुनौतीको विषय हो । हामीले आयात घटाउनुपर्छ । निर्यात बढाउनुपर्छ । चेम्बरले बार्षिक १० खर्ब निर्यात गर्ने गरी प्रवर्द्धन योजना बनाउन पहल गर्ने योजना अघि सारेका छौं । त्यसका लागि सातै प्रदेशमा निर्यात घर स्थापनासम्बन्धी योजना छ । हामीले निर्यातका लागि सहज हुनेगरी अन्तरराष्ट्रिय स्तरको क्वारेन्टाइन बनाउन सरकारसँग माग गरेका छौं । यसमा सरकारले साथ दिएन भने विदेशीसँग सहयोग लिएर भए पनि स्थापना गर्छौं । क्वारेन्टाइन नहुँदा हाम्रा उत्पादन बिक्री गर्न, निर्यात गर्न समस्या भएको छ ।

निर्यात प्रोत्साहन र आयात प्रतिस्थापन गरेर आत्मनिर्भर अर्थतन्त्र विकास गर्नका लागि नीति तथा योजना बनाउन चेम्बरले लामो समयदेखि पहल गर्दै आएको छ ।

*पाण्डे नेपाल चेम्बर अफ कमर्सका उपाध्यक्ष हुन् ।*






# नीतिगत अस्पष्टताको मारमा म्यानुफ्याक्चरिङ

**नेपालमा ऐन, कानुन कार्यविधिहरू धेरै छन् । निजीक्षेत्रले सरकारी निकायमा गएर उद्योगलाई बचाउनु पर्‍यो भनेर सहयोग माग्दा हामीलाई व्यक्तिगत लाभ र हानिको कुरा लिएर शंका गरिन्छ । तर विकसित देशहरू उत्पादनमूलक उद्योगलाई स्याहार र सम्भार गरेर अघि बढ्छन् ।**



दिपक श्रेष्ठ

कुनै समय अर्थतन्त्रमा १४ प्रतिशतसम्म योगदान दिने म्यानुफ्याक्चरिङ (उत्पादनमूलक) क्षेत्रको हिस्सा अहिले करिब ४.५ प्रतिशत हाराहारीमा संकुचित छ । उत्पादनमूलक क्षेत्रको योगदान क्रमशः घट्दै जाँदा मुलुकको अर्थतन्त्र आयातमा आधारित राजस्वमा निर्भर बन्न पुगेको छ । अर्थतन्त्रमा यस क्षेत्रको योगदान घट्दै जाँदा रोजगारी र आन्तरिक उत्पादनमा सोझो प्रभाव पर्छ । यसैको परिणामस्वरूप प्रत्येक वर्ष ६ देखि ८ लाख नेपाली रोजगारीको खोजीमा विदेश जानुपर्ने बाध्यता बनेको छ । नेपालमा सञ्चालित उत्पादनमूलक उद्योगहरू अहिले प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन् । यसका केही व्यावहारिक कारण छन् । उद्योग स्थापना गर्ने समयदेखि नै समस्याको चाङ सुरु हुन्छ । यो निरन्तरको समस्या बनेको छ । उत्पादनमूलक उद्योग फस्टाउन एकद्वार नीतिको विषयले लामो समय चर्चा पायो । अहिलेसम्म पनि यो पूर्णरूपमा लागू भएको छैन । यस्तै प्रकृतिका आधा दर्जनभन्दा बढी नीतिगत व्यवस्था छन् । तिनको कार्यान्वयन अवस्था पनि कमजोर छ ।

> उत्पादन गरिरहने तर बजार नपाउने समस्या हुने हो भने त्यहाँ धेरै समय टिक्न गाह्रो हुन्छ । अहिले भएको पनि यही हो । उत्पादन गरेको छ तर त्यसको प्रचारप्रसार भएको छैन । बिक्री गर्न बजार छैन । उत्पादन उपभोक्तासम्म पुग्न पाएको छैन ।



वास्तवमा यी सबै नीतिलाई मर्ज गरेर एउटै बनाउनुपर्ने आवश्यकता छ । अहिले कम्पनी दर्ता गर्न अनलाइन प्रणालीबाट काम हुन्छ भनिए पनि हस्ताक्षर गर्ने बेला स्वयम् उपस्थित हुनैपर्छ । अनलाइनबाट राजस्व लिने भनिएको छ । उद्योग दर्ताका लागि उत्तिकै समस्या छ । उद्योग खोल्दा छिमेकीलाई सर्जमिन, मुचुल्का गर्नुपर्छ । सर्जमिन, मुचुल्का गर्नेले आफ्नो घर, खेत नै दिन खोजेको जस्तो परिस्थितिको सामना गर्नुपर्छ । उद्योगका लागि खरिद गरेको जग्गा आईईए र ईआईए नहुँदा त्याग्नुपरेको छ ।

हामीले वातावरण भनेर धेरै भन्यौं । वातावरण बिगार्नु हुँदैन भन्यौं । वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुभन्दा मन्त्रालयले उद्योगको प्रकृति हेरेर उद्योग स्थापना गर्न र त्यसको सञ्चालन गर्ने कार्यविधि निजीक्षेत्रसँग सहकार्य गरेर बनाउनुपर्छ । त्यो कार्यविधिअन्तर्गत रहेर उद्योग खोल्न, सञ्चालन गर्न दिनुपर्छ ।

नेपालमा ऐन, कानुन कार्यविधिहरू धेरै छन् । निजीक्षेत्रले सरकारी निकायमा गएर उद्योगलाई बचाउनु पऱ्यो भने सहयोग माग्दा हामीलाई व्यक्तिगत लाभ र हानिको कुरा लिएर शंका गरिन्छ । तर विकसित देशहरू उत्पादनमूलक उद्योगलाई स्याहार र सम्भार गरेर अघि बढ्छन् ।

नेपालमा उत्पादनमूलक उद्योग बन्द हुने क्रममा छन् । अर्कोतिर नयाँ उद्योग सञ्चालनमा आउने क्रम धिमा छ । यस्तो अवस्थामा स्वदेशी कच्चापदार्थको उपयोग कसरी हुन सक्छ ? स्वदेशी कच्चापदार्थ प्रयोग गर्ने र धेरैलाई रोजगारी दिने त्यस्ता उद्योगलाई राज्यले संरक्षण गर्नुपर्छ । अझ नेपालीले उपभोग गर्ने सामान नेपाली नै हुनुपर्छ । आफ्नो देशमा उत्पादन भएको सामान प्रयोग गर्ने बढ्ने भने हो यसले उद्योग फस्टाउँछ, रोजगारी बढाउन सकिन्छ ।

अहिले विदेशबाट सामान आयात बढ्दा राज्यले कर पाइराखेको छ । तर, नेपालमा हुने उत्पादनलाई प्राथमिकता नदिँदा विदेशबाट तयारी सामान आयात हुन्छ । सरकारले राजस्वको हिसाब गर्दा राजस्व आइरहेको छ । त्यसले सरकारलाई खुसी मिल्छ । त्यसले रोजगारीको अवसर गुम्ने, चेन अफ बिजनेश टुट्न जाने हुन्छ । यसैको असर हो- हाम्रा जमिनहरू बाँझो भएको, कोदो, फापरको पिठो छोडेर मैदाको उपभोग बढेको ।

नेपालमा उत्पादन हुने वस्तु नेपाल सरकारले आफ्नो विकासे आयोजनाहरूमा अनिवार्य रूपमा प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्छ । उद्योग मन्त्रालयको पहलमा नेपाली उत्पादन उपभोग गर्ने विषयमा निर्देशिका जारी भयो । त्यसमा धेरै सुधार आवश्यक छ । त्यो निर्देशिकामा नेपाली सामानहरू उत्पादन गर्दा कच्चा पर्दाथ प्रयोग भयो भने धेरै नै राम्रो हुन्छ । विदेशी कर्जापदार्थ ल्याउने हो भने अनिवार्य रूपमा ३० प्रतिशत मूल्य अभिवृद्धि गर्नुपर्ने बाध्यकारी व्यवस्था छ । त्यसलाई संशोधन गरेर घटाउनु पर्छ । उत्पादन गर्दा सुरुमा मूल्य अभिवृद्धि कम होला । विस्तारै बढ्दै जान्छ । आत्मविश्वास बढ्छ । लगानी बढ्छ । नेपालमा हुने उत्पादनलाई स्थापित गर्न कर्जाको ब्याजदरमा सहुलियत, आयकरमा छूट दिन सकिन्छ । यसले राजगारी बढाउँछ ।

अहिलेको अवस्थामा युवापुस्ताले नेपालमा उद्योग स्थापना गर्न सक्ने सम्भावना देखिँदैन । कानुनी तथा वातावरणीय समस्या र विभिन्न कानुनी प्रावधानका कारण उद्योग खोल्न सक्ने अवस्था छैन । एउटा उद्योग खोल्न उद्योगीले लगानी गरेपछि त्यो चल्छ कि चल्दैन भन्ने चिन्ता हुन्छ । बैंकको ऋण तिर्न सक्छ कि सक्दैन ? त्यो कसैले बुझ्न चाहँदैनन् । बैंकहरूले पनि ऋण लिन जाँदा धेरै समस्या लाग्ने अर्को समस्या छ ।

उद्योग सञ्चालनका लागि नेपालमा कुनै पनि विषयमा स्पष्टता देखिँदैन । औद्योगिक ऐन, श्रम ऐनलगायतमा तत्काल सुधार नगरी अहिलेका समस्या सम्बोधन हुन सक्ने देखिँदैन । ऐन र कार्यविधिको निश्चित समय हुनुपर्छ । जसलाई जतिबेला मन लाग्यो ऐन कानून, कार्यविधि परिवर्तन हुने अवस्था छ । ऐन परिवर्तन हुँदा मूल कुरा बाहेक अन्य विषय कार्यविधिबाट परिवर्तन हुनुपर्छ । ऐन परिवर्तन गर्दा पनि सम्बन्धित मन्त्रालय, कानुन मन्त्रालय, संसद् पार गर्दा धेरै समय लागिसकेको हुन्छ । जुन उद्देश्यले ऐन बन्न लागेको हो, त्यो ऐन बनिसक्दा त्यसको मर्म नै सकिएको हुन्छ ।

श्रम मन्त्रालयले श्रमिकको विषयमा धेरै बोल्ने गरेको छ । श्रमिकको सुविधा बढाउन रोजगारदातालाई मात्रै सबै जिम्मेवार बनाएर हुँदैन । नेपाली श्रमिकलाई काम दिएबापतको सहयोग र संरक्षण रोजगारदाताले पनि पाउनुपर्छ । श्रम ऐनले रोजगारदातालाई समेट्न सक्नुपर्छ । त्यसो नहुँदा नेपाली उद्योगमा छिमेकी मुलुकको कर्मचारी राख्न थालिएको छ । विदेश जाने प्रवृत्तिले पनि श्रमिक पाउन समस्या छ । नेपाली श्रमिकलाई प्रयोग गरेबापत उनीहरूलाई दिने सुविधाको विषयमा कानुनले बाध्य बनाएको छ । नेपालमा बिजुली र कच्चा पदार्थ महँगो छ । कर मात्रै २७ प्रकारको तिर्नुपर्छ । उद्योग प्रयोजनमा रहेको करलाई औद्योगिक प्रयोजन

भनेर कर लिने गरेको छ । यसमा छूट दिनु आवश्यक छ ।

नेपालमा उत्पादनमूलक उद्योगका लागि आवश्यक पर्ने दक्ष कामदार पाउन समस्या छ । नेपालमा उद्योगका लागि चाहिने कामदारलाई दक्ष बनाउन आवश्यक छ। उनीहरूलाई कबुलियतनामा भराउनु पर्छ । नेपालले तालिम लिने, मलेसिया, खाडीले त्यसको सदुपयोग गर्नु भएन । नेपालमा कामदारले काम पाएका छैनन् । काम गराउनेले कामदार पाइराखेका छैनन् ।

अहिलेका कानुन काठमाडौं उपत्यका र वरपरका सहरमा मात्रै काम लाग्ने खालको छ । न्यूनतम तलबमा पनि अब विस्तृत अध्ययन आवश्यक छ । रूपन्देहीमा न्यूनतम तलब कति हुनुपर्ने, काठमाडौंमा कति हुनुपर्ने ? दार्चुलाको श्रमिक र काठमाडौंको श्रमिकलाई एउटै दाँजोमा राखेर हेर्न मिल्छ ? यो हुँदैन । यसमा अध्ययन आवश्यक छ । त्यस्तै, नेपालमा वैदेशिक लगानीलाई जति प्राथमिकता दिने गरिएको छ । त्योभन्दा बढी नेपालीलाई दिनुपर्छ । विदेशीले पाउने सुविधा नेपालीले पनि पाउनुपर्छ ।

उत्पादनमूलक उद्योगमा जर्ताको पनि विषय उठाउनु पर्छ । उत्पादनमुखी उद्योगमा जर्तासम्बन्धी निर्देशिका स्पष्ट भएर आउनुपर्छ । राजस्व प्रशासनले एक खालको नजरले हेर्छ भने उद्योग मन्त्रालय, उद्योग विभागले बेग्लै नजरले हेर्छ । उद्योग मन्त्रालयले निजीक्षेत्रका उद्यमी व्यवसायीको अभिभावकीय भूमिका निर्वाह गर्नुपर्छ । नेपाली उत्पादकहरूको अभिभावक भएर नेपाली वस्तु उत्पादनकर्तालाई संरक्षण गर्नेतर्फ सरकारको प्रभावकारी साथ आवश्यक छ । उद्योग तथा वाणिज्य आपूर्ति मन्त्रालयले आफ्नो भूमिका त्यहीअनुसार अघि बढाउनुपर्छ ।

नेपालमा घरेलु, मध्यम र ठूलास्तरका उद्योग छन् । यी उद्योगले दिनैपिच्छे परिवर्तन हुने ऐन कानुन हेरेर बस्ने हो भने उद्योग कहिले चलाउने हो ? ऐन, कानुन, कार्यविधि, निर्देशिका परिवर्तन भयो थाहा पाइन भन्ने छूट कसैलाई पनि छैन । यसलाई पनि परिवर्तन गर्न आवश्यक छ । यस्ता कानुनहरू निश्चित समयका लागि दीर्घकालीन महत्व राख्ने खालका हुनुपर्छ ।

हाम्रा सरकारी निकायको ध्यान कारबाही गर्ने मात्रै छ । अस्थिर राजनीति र अस्थिर नीतिबाट माथि उठेर हामीले हाम्रो राष्ट्रिय औद्योगिक नीति बनाउनु आवश्यक छ । औद्योगिक संरचना नहुँदा पनि उद्योगी समस्यामा छन् । सरकारले औद्योगिक क्षेत्र बनाउन सकेको छैन । भन्न त १ सय ५३ पालिकामा औद्योगिक ग्राम छ भनिएको छ, त्यो कहाँ छ, त्यहाँ के भइरहेको छ थाहा छैन । २/४ जना उद्योगीहरू मिलेर आफूलाई चाहिने औद्योगिक ग्राम बनाउने हो भने सकिन्छ । तर, त्यसका लागि बत्ती, पानी, सडक जस्ता आधारभूत पूर्वाधार सधैं निजीक्षेत्रले बनाउन सक्दैन । त्यसलाई सरकारले विशेष प्राथमिकतामा राख्नुपर्छ ।

उद्योगको सम्पत्तिको बीमा अहिलेको मुख्य समस्या हो । अहिले स्टकको बीमा गर्दा लाग्ने प्रिमियम धेरै नै महँगो साढे ५ हजार छ । यो संसारकै महँगो हो । त्यो भनेको संसारकै महँगो हो । सबै उद्योगलाई जोखिमको रूपमा लिनुभएन । घटाउन सक्नेजति घटाउनुपर्छ । बीमा प्राधिकरणले यही हिसाबले प्रिमियम बढाउँदै जाने हो भने नेपाली उद्योगले प्रिमियम तिर्न सक्दैनन् ।

अब पनि देशलाई औद्योगिकीकरणमा अघि बढाउन सकिएन भने हामी अब अरू राष्ट्रको गुलाम बन्नुपर्ने अवस्था आउँछ । देशमा राजनीतिक स्वावलम्बन मात्रै होइन, आर्थिक स्वावलम्बन पनि चाहिन्छ । यो कुरा हामीले गम्भीर भएर बुझ्नुपर्ने बेला भइसकेको छ । देशलाई स्वावलम्बन बनाउने भनेको निजीक्षेत्रले नै हो ।

*श्रेष्ठ नेपाल चेम्बर अफ कमर्सका उपाध्यक्ष हुन् ।*


हार्दिक शुभकामना

नेपाल चेम्बर अफ कमर्शको ७४औं वार्षिक साधारणसभाको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**Mrigendra Meher Shrestha**
Chairman

**Nepal CRS Company**
Tokha Road, Mahadevtar,
Gongabu, Kathmandu, Nepal
Tel:01-4962097
E-mail: mitc@mail.com.np
www.crs.org.np



# दिगो अर्थतन्त्रको आधार
# सन्तुलित व्यापार

**जबसम्म देशमा राजनीतिक स्थायित्व कायम हुन्न, तबसम्म सोचेजस्तो विकास सम्भव हुन्न । स्थायी सरकार भएमा उद्योगी व्यवसायीको मनोबल उच्च रहन्छ, जसले गर्दा उत्पादकत्वमा वृद्धि हुन्छ र निर्यात व्यापार बढ्ने वातावरणको सिर्जना हुन्छ । देशमा लगानीमैत्री वातावरण बनाउन पनि उत्तिकै अपरिहार्य छ ।**



**नीलकण्ठ चौलागाई**

कोभिड १९ को विश्वव्यापी महामारीपछि ओरालो लागेको नेपालको अर्थतन्त्रले अझै पनि लय समाउन सकेको छैन । पछिल्लो समय अर्थतन्त्रका केही सूचकहरू सकारात्मक बन्दै गए पनि समग्र रूपमा सुधार भएको छैन । विगत दुई वर्षयता अर्थतन्त्रको बाह्य क्षेत्रमा क्रमिक सुधार आएर बलियो बन्दै गएको भए पनि आन्तरिक अर्थतन्त्रले भने गति लिन सकेको छैन । यद्यपि, केन्द्रीय तथ्यांक विभागले पछिल्लो तथ्यांकले चालू आर्थिक वर्षको दोस्रो त्रैमासमा ५.३ प्रतिशतको आर्थिक वृद्धिदर हुने देखाएको छ । निरन्तर ऋणात्मक हुँदै आएको निर्माणलगायत क्षेत्रमा समेत सुधार आएको छ ।

अन्तर्राष्ट्रिय व्यापारले गति लिन थालेको छ । सरकारले उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग बनाएर अर्थतन्त्र सुधारको अल्पकालीन र दीर्घकालीन उपाय खोजिरहेको छ । केहि महिनाअघि लगानी सहजीकरणका लागि अध्यादेशमार्फत कानुन संशोधन गरिएको छ । यस्ता थुप्रै सूचक र गतिविधिले अर्थतन्त्रलाई सुधारतर्फ अघि बढाएको संकेत गरेको छ ।

अर्थतन्त्रमा सुधारको संकेत देखिइरहँदा त्यो कति दिगो हुन्छ भन्ने बारेमा गम्भीर भएर सोच्नु जरुरी छ। रेमिट्यान्स, त्यसले बढाएको आयात र त्यसैबाट आउने भन्सार राजस्वमा आधारित अर्थतन्त्रको वृद्धिदर कति दीर्घकालीन हुन्छ भन्ने प्रश्न गम्भीर छ। यसर्थ, अर्थतन्त्रलाई गतिशील बनाएर मात्रै हुँदैन, त्यसलाई दिगो र बलियो बनाउन आन्तरिक उत्पादन बढाउन समेत आवश्यक छ। जबसम्म हाम्रो बाह्य क्षेत्रको भरथेगमा रेमिट्यान्सले अधिक हिस्सा आगेट्छ र हाम्रो निर्यातको योगदान न्यून हुन्छ, तबसम्म बाह्य क्षेत्रको सन्तुलन दिगो हुन सक्दैन, अर्थतन्त्र बलियो हुन सक्दैन।

अहिले देशको ब्यापार घाटा उच्च रहेको छ। आयातको तुलनामा निर्यात नगन्य मात्रै छ। कुल व्यापारमा निर्यातको हिस्सा नगन्य छ। भन्सार विभागको पछिल्लो तथ्यांक केलाउने हो भने व्यापार घाटा अत्यासलाग्दो देखिन्छ। विभागले चालू आर्थिक वर्षको फागुन महिनासम्मको सार्वजनिक गरेको तथ्यांकअनुसार यस अवधिमा ११ खर्ब ४५ अर्ब ५६ करोड रुपैयाँ मूल्य बराबरको सामान आयात भएको छ भने २ खर्ब ११ अर्ब ५८ अर्ब १७ करोडको मात्रै निर्यात भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा आयात ११ खर्ब ६७ अर्ब ३६ करोड रुपैयाँ बराबरको आयात भएको थियो भने निर्यात १ खर्ब १३ अर्ब ९४ करोड रुपैयाँको भएको थियो। चालू आवमा अघिल्लो आवभन्दा २१ अर्ब ८० करोडको आयात कम भएको छ भने सोही अवधिमा अघिल्लो वर्षभन्दा ४४ अर्बभन्दा धरै निर्यात भएको छ।

**व्यापार घाटा कम गर्ने उपाय**

व्यापार घाटा कम गर्ने र व्यापारलाई सन्तुलित बनाउने प्रमुख उपाय 'उत्पादन वृद्धि' नै हो। जबसम्म हामीसँग बिक्री गर्ने आफ्नो उत्पादन हुँदैन, बजारले मागे जति दिन सक्ने अथवा प्रतिस्पर्धा गर्न सक्ने उत्पादन हुँदैन, तबसम्म व्यापार असन्तुलन र परनिर्भरता भइरहन्छ। त्यति मात्रै होइन, उत्पादन नभएसम्म व्यापारका वृद्धि गर्ने अन्य औजारहरूको समेत काम लाग्दैनन्। यसका लागि सरकार र निजीक्षेत्र दुवै उत्तिकै जागरुक हुनुपर्छ। सरकार र निजीक्षेत्रले आपसी साझेदारी र समन्वय गरेर व्यापार घाटा न्यूनीकरण गर्न सक्छन्। सरकारले उत्पादनदेखि बजारीकरणमा सघाउनुपर्छ, नीति नियमबाट सहजीकरण गरिदिनुपर्छ, लगानीको वातावरण बनाइदिनुपर्छ। अनि निजीक्षेत्रले सम्भावनाका क्षेत्रमा लगानी गरेर आयात प्रतिस्थापन र निर्यात वृद्धिमा लाग्नुपर्छ। अर्को महत्वपूर्ण कुरा, सरकारले आफूले घोषणा प्रवर्द्धनका कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ। घोषणा गरेका छूट सुविधा उपलब्ध गराउने प्रक्रिया सरल बनाउनुपर्छ। उदाहरणका लागि सरकारले निर्यातमा नगद प्रोत्साहन दिएको छ। तर, धुप्रै उत्पादक एवम् निर्यातकर्ताले त्यो सुविधा लिन सकिरहेका छैनन्। झन्झटिलो प्रक्रियाकै कारण यस्तो भइरहेको छ।

**लगानीको अनुकूल वातावरण**

असन्तुलित व्यापार कम गर्न तीव्र आर्थिक विकासमा जोड दिनैपर्छ। यसका लागि राजनीतिक स्थायित्व हुनुपर्छ। अर्थतन्त्रलाई गतिशील र चलायमान बनाउन स्थायी सरकार पनि अपरिहार्य कुरा हो। जबसम्म देशमा राजनीतिक स्थायित्व कायम हुन्न, तबसम्म सोचेजस्तो विकास सम्भव हुन्न। स्थायी सरकार भएमा उद्योगी व्यवसायीको मनोबल उच्च रहन्छ, जसले गर्दा उत्पादकत्वमा वृद्धि हुन्छ र निर्यात व्यापार बढ्ने वातावरणको सिर्जना हुन्छ। देशमा लगानीमैत्री वातावरण बनाउन पनि उत्तिकै अपरिहार्य छ। अत्याधुनिक प्रविधिले युक्त आजको विश्व जगतमा नेपालले पनि आफूलाई समयसापेक्ष परिवर्तन गरेर अब्बल र सक्षम बन्नैपर्छ, अनिमात्र सोचेको जस्तो समृद्धि हासिल गर्न सकिन्छ। अर्को कुरा, नेपालको अहिलेको प्रशासन संयन्त्र पनि सोचे जसरी विकास भएको छैन। भएका ऐन कानुन र नीति नियमहरू पनि पूर्णरूपमा व्यवसायमैत्री देखिन्न। हाम्रो प्रशासन संयन्त्र अझै पनि पूर्ण प्रविधियुक्त छैन। तोकिएको समयसीमामा निर्णय गर्नेभन्दा पन्छाउने प्रवृत्ति हावी छ। एउटै कर्मचारीले महिनौंसम्म फाइल आफ्नो दराजमा थन्क्याउने स्थिति छ। यस्ता प्रवृत्तिको अन्त्य हुन जरुरी छ। सरकारी पदाधिकारीदेखि कर्मचारीसम्मले निजीक्षेत्रलाई सहजीकरण गरिदिँदा राज्यलाई लाभ हुन्छ भन्ने बुझ्नु र मनन गर्नु आवश्यक छ।



> अहिले देशको ब्यापार घाटा उच्च रहेको छ। आयातको तुलनामा निर्यात नगन्य मात्रै छ। कुल व्यापारमा निर्यातको हिस्सा नगन्य छ। भन्सार विभागको पछिल्लो तथ्यांक केलाउने हो भने व्यापार घाटा अत्यासलाग्दो देखिन्छ।



> अहिले देश नयाँ संरचनामा छ । तीन तहका सरकार छन् । उत्पादन, उत्पादकत्व र निर्यात वृद्धिमा तीनै तहका सरकार उत्तिकै जिम्मेवार र सक्रिय हुनुपर्छ । उत्पादन तथा निर्यात बढाउने विषयमा तीनै तहका सरकारबीच सघन छलफल र समन्वय जति हुनुपर्ने हो त्यति भएको छैन ।

**दुई छिमेकी, ठूला बजार**

नेपालका छिमेकी भारत र चीन भूगोल र जनसंख्याका दृष्टिकोणले मात्रै नभई अर्थतन्त्र र विकासका कोणबाट समेत ठूला छन् । यो हाम्रा लागि अवसर पनि हो । यी ठूला बजार पनि हुन्, यदि हामीले उपयोग गर्न सक्यौं भने ।

नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार भारत हो तर भारतसँग नै हाम्रो व्यापार घाटा धेरै छ । उत्तरको छिमेकी चीनसँग पनि हाम्रो व्यापार बढ्दो अवस्थामा छ । तर, दक्षिणको जस्तै उत्तरको व्यापारमा पनि नोक्सानी धेरै छ । नेपालमा सबैभन्दा बढी व्यापार घाटा भएका छिमेकी देशहरू भारत र चीनमा निर्यात बढाउनु अनिवार्य भइसकेको छ । यसका लागि निर्यातमैत्री वातावरण सिर्जना गर्नुपर्छ । व्यापार घाटा भयो भन्ने रटानले मात्र केही हुन्न । निजीक्षेत्रका व्यावसायिक संघसंस्थाहरू नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ जस्ता संस्थाले सरकारसँग समन्वय गरेर अगाडि बढ्नुपर्ने हुन्छ । निजीक्षेत्रका संघसंस्थाले दिएका सुझावलाई सरकारले सुन्नुपर्छ, मनन गरेर त्यसअनुसार सुधारका काम गर्नुपर्छ । हामी संघसंस्थाले दिएका रचनात्मक सुझावलाई राज्यले महत्वका साथ सुनेर कार्यान्वयन गर्नुपर्छ ।

**क्षेत्रीय संगठनको लाभ**

नेपाल दक्षिण एसियाली सहयोग संगठन (सार्क) र बिमस्टेकको सदस्य रहेको छ । तर, दुवै संगठनका अधिकांश सदस्य राष्ट्रसँग नेपालको व्यापार घाटामा छ । क्षेत्रीय संगठनमा आबद्ध हुने मात्रै होइन, त्यसबाट व्यापार तथा लगानीको लाभ कसरी लिने भन्ने कुरामा पनि उत्तिकै सचेत हुनुपर्छ । हामी निजीक्षेत्रले विभिन्न फोरम तथा अन्य समयमा पनि यस्ता संगठनबाट कसरी लाभ लिने भनेर सुझाव दिँदै आएका छौं । हाल चेम्बरमा आबद्ध रहेका द्विराष्ट्रिय संस्थाहरूमार्फत पनि नेपालको निर्यात व्यापार कसरी बढाउने भन्ने विषयमा धेरै छलफल र प्रयासहरू भएका छन् । नेपालले ती देशहरूमा निर्यात गर्न सक्ने वस्तुहरूको पहिचान गरेर बजारीकरण गर्नु आवश्यक छ । यसका लागि ती देशहरूमा रहेका कूटनीतिक नियोगमार्फत पनि पहलकदमी गर्नु वाञ्छनीय देखिन्छ ।

**तीनै तह उत्तिकै जिम्मेवार**

अहिले देश नयाँ संरचनामा छ । तीन तहका सरकार छन् । उत्पादन, उत्पादकत्व र निर्यात वृद्धिमा तीनै तहका सरकार उत्तिकै जिम्मेवार र सक्रिय हुनुपर्छ । उत्पादन तथा निर्यात बढाउने विषयमा तीनै तहका सरकारबीच सघन छलफल र समन्वय जति हुनुपर्ने हो त्यति भएको छैन । कतिपय सन्दर्भमा दोहोरो नियम कानून, दोहोरो, तेहोरो कर लाग्ने लगायत कारणले पनि समस्या सिर्जना गरिरहेको छ । यसतर्फ तीनै तहका सरकारले ध्यान दिन आवश्यक छ । उद्योगी व्यवसायीका केन्द्र, प्रदेश जिल्ला र स्थानीय तहमा भएका संचरना पनि थप बलियो र दरिलो बन्न आवश्यक छ ।

**अल्पकालीन र दीर्घकालीन योजनाको कार्यान्वयन**

राष्ट्रिय योजना आयोगले तयार गर्ने आवधिक योजनामा उत्पादन वृद्धि, आयात प्रतिस्थापन र निर्यात वृद्धिको थुप्रै योजना र रणनीति छन् । तर, तीनको कार्यान्वयन हुन सकेको छैन । बजेट तथा नीति कार्यक्रमबाट समेत थुप्रै योजना एवम् घोषणा गरिन्छ । त्यसको पनि कार्यान्वयन पक्ष फितलो छ । त्यसैले नेपाल व्यापार असन्तुलनको भुमरीमा फसेको छ । यसबाट बाहिर निस्कन नीति, योजना तथा रणनीतिको प्रभावकारी कार्यान्वयन, सरकार निजीक्षेत्रबीछ साझेदारी र तीनै तहका सरकारबीच समन्वय हुन आवश्यक छ । साथै नेपालले ब्यापार घाटा कम गर्न स्वदेशी उद्योगहरूलाई विशेष ध्यान दिने, उद्योगमा विदेशी लगानी जुटाउन आकर्षित गर्ने, एकद्वार प्रणालीलाई क्रियाशील र सुदृढ बनाउने, रुग्ण संस्थानहरूलाई निजीकरण गर्ने, सार्वजनिक खर्चलाई मितव्ययी र औचित्यपूर्ण बनाउने, पूँजीगत खर्च गर्ने क्षमतामा अभिवृद्धि गर्ने, सहुलियतपूर्ण विदेशी ऋण र अनुदानलाई प्राथमिकताका क्षेत्र पहिचान गरेर मात्रै लगानी गरेको खण्डमा देशभित्रै रोजगारीको अवसर सिर्जना हुने र उत्पादकत्व बढेर आयात कम हुने र निर्यात बढाउन सकिन्छ ।

**प्रतिस्थापन हुँदै निर्यातसम्म**

व्यापार असन्तुलन कम गर्न आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्नुपर्छ । सबैभन्दा पहिला नेपालमै उत्पादन सम्भावना भएका वस्तुहरूको आयात प्रतिस्थापन गर्नुपर्छ । नेपालको अर्थतन्त्रको पहिलो आधार कृषि हो । कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा कृषिको योगदान करिब २५-३० प्रतिशत छ र जनसंख्याको ६० प्रतिशतभन्दा बढी यो क्षेत्रमा संलग्न छ । तर, हामी वार्षिक खर्बौं रुपैयाँको कृषि वस्तु आयात गरिरहेका छौं । कृषिमै परनिर्भरता बढिरहेको छ । यसर्थ, यस क्षेत्रमा सुधार गर्न सकियो भने मात्रै पनि आयात धेरै कम गर्न सकिन्छ । यसका अलावा देशलाई आवश्यक पर्ने तरकारी, माछा, मासुजन्य वस्तु, फलफूल, खाद्यबाली लगायत उपभोग वस्तुको आयात घटाउन सकेमा खर्बौं रुपैयाँ बचत हुन्छ । यसपछि क्रमशः हाम्रो सम्भावना भएका खनिज, जडिबुटी, वन पैदावर, हस्तकलालगायत सामग्रीको निर्यात प्रवर्द्धनमा विशेष ध्यान दिनुपर्छ ।

हाल नेपालको अर्थतन्त्रको आकार करिब ४० अर्ब अमेरिकी डलर पुगेको अनुमान छ, तर प्रतिव्यक्ति आय भने १ हजार ४ सय डलरको हाराहारीमा मात्र छ, जुन विश्वको १६३औं स्थानमा पर्छ । उत्पादन बढाउन सकेमा अर्थतन्त्रका यस्ता सूचक अझ सबल हुन्छन् अनि हाम्रो व्यापारसमेत सन्तुलित बन्छ ।

*चौलागाई नेपाल चेम्बर अफ कमर्सका उपाध्यक्ष हुन् ।*



# उद्यमशीलता विकासमा सार्वजनिक निजी साझेदारी

**नेपालको औद्योगिक क्षेत्रको उत्पादन निरन्तर घट्दो अवस्थामा छ । वास्तविक कुल गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान मात्र १४ प्रतिशत देखिन्छ । यसले आर्थिक वृद्धिमा औसतमा केवल ०.८ प्रतिशत मात्र योगदान दिएको छ ।**



रघुनन्दन मारू

नेपालजस्तो विकासोन्मुख राष्ट्का लागि औद्योगिक तथा उत्पादनमूलक क्षेत्र राष्ट्रिय समृद्धिको मेरुदण्ड बन्न सक्ने क्षमता राख्दछ । रोजगारी सिर्जना, आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र समग्र आर्थिक गतिशीलता यिनै क्षेत्रको दिगो विकाससँग जोडिएको हुन्छ । यद्यपि पछिल्ला वर्षहरूमा नीति निर्माण, कार्यान्वयन र सरकारी संयन्त्रको कमजोरीले गर्दा अपेक्षित प्रगति हासिल हुन सकेको छैन । तथापि वर्तमान चुनौतीहरूलाई अवसरको रूपमा बुझी सुधारको मार्ग पहिचान गर्नु नै देशको औद्योगिक पुनर्जागरणको आधार बन्न सक्छ ।

मुलुकको सर्वाङ्गीण आर्थिक विकासको सहयात्रीका रुपमा अङ्गीकार गर्दै नेपालको संविधानले निजी क्षेत्रलाई अर्थतन्त्रको खम्बाका रुपमा स्थापित गरेको छ । सोहीअनुसार सारभूतमा नेपालको कानुनी तथा नीतिगत संरचनाले निजी क्षेत्रलाई समेट्दै ल्याउँदा र निजी क्षेत्रको हिम्मत र आँटले गर्दा नै अहिले अर्थतन्त्रको मूल प्रवाहका रुपमा निजी क्षेत्र स्थापित भएको हो । तर दुखको कुरा के भने हामी जहाँ पुग्नुपर्ने थियो, त्यहाँ पुग्न सकेका छैनौं ।



जुन गतिमा अगाडि जानु पर्ने थियो, त्यो गति हाम्रो छैन । जुन आकारमा हामी फैलन पाउनु पर्ने थियो त्यो भएको छैन । अर्थतन्त्रमा योगदानका हिसाबले निजीक्षेत्रले सार्वजनिक क्षेत्रलाई उछिनेको हुन्छ । त्यस्तो हुनु पनि पर्छ । तर जुनसुकै अवस्थामा पनि राज्य र यसका संरचनाहरुले अभिभावकीय भूमिका निर्वाह गर्न भने चुक्नु हुँदैन । निजीक्षेत्रलाई काम गर्ने आधार भूत वातावरण र ढाडस तथा आत्मविश्वास सृजना गर्ने काम सरकारबाहेक अरुले सक्दैन ।

नेपालको औद्योगिक क्षेत्रको उत्पादन निरन्तर घट्दो अवस्थामा छ । वास्तविक कुल गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान मात्र १४ प्रतिशत देखिन्छ । यसले आर्थिक वृद्धिमा औसतमा केवल ०.८ प्रतिशत मात्र योगदान दिएको छ । जबकि नेपालजस्तै अवस्थाका राष्ट्रहरूको औद्योगिक क्षेत्रको वृद्धि योभन्दा धेरै राम्रो देखिन्छ ।

नेपालमा उत्पादनमूलक क्षेत्रमा निरन्तर गिरावट आइरहेको देखिन्छ । द्वन्द्वकालीन अवधिमा वास्तविक कुल ग्रार्हस्थ उत्पादनको ७.३ प्रतिशतको हिस्सा रहेकोमा बारम्बारका आघातहरूका कारण पछिल्लो समय त्यो हिस्सा ५.७ प्रतिशतमा झरेको छ ।

**नीति निर्माण र कार्यान्वयनको दूरी**

नेपालमा औद्योगिक क्षेत्रसँग सम्बन्धित नीतिहरू नबनाइएका होइनन् । तर, ती नीतिहरू प्रभावकारीरूपमा कार्यान्वयन हुन नसक्नु एउटा प्रमुख चुनौती बनेको छ । कतिपय अवस्थामा नीति र कानुनबीच नै आपसी द्वन्द्व देखिन्छ । यसले उद्योगी-व्यवसायीमा थप अन्योल सिर्जना गरिरहेको छ ।

कार्यान्वयनका जटिलताले गर्दा उत्पादशील क्षेत्रमा सिथिलता आउँछ । नीतिगत पारदर्शिता नभएमा उत्पादनमा अनिश्चितता बढ्छ । वित्तीय तथा मौद्रिक नीति जस्ता आवधिक नीतिहरुले पनि बेलाबेला विवाद सृजना गरेको हुन्छ । यद्यपि नेपालमा पछिल्ला वर्ष त्यति ठूलो विचलन भने हामीले सामना गर्नु परेको छैन ।

> **नीति कार्यान्वयनको प्रमुख संवाहक सरकारी कर्मचारी नै हुन तर निर्णय लिने तहका कर्मचारीहरू अहिले डरत्रासमा छन् । भ्रष्टाचार विरोधी संस्थाहरूको अनावश्यक दबाब र डरका कारण विवेकपूर्ण निर्णय गर्न उनीहरू हिच्किचाइरहेका छन् ।**

त्यसैगरी, कतिपय कानुनी तथा नीतिगत प्रावधानहरु आफैमा बाँझिएका छन् । ती बाँझिएका कानुनले हाम्रो उत्साहलाई बाँधिदिन्छन् । जस्तो कि हामीले औद्योगिक क्षेत्रका लागि एकद्धार नीति सुनेको-पढेको वर्षौ भयो तर त्यो कार्यान्वयन हुन सकेको छैन ।

नीतिगत असंगति, दोहोरोपन तथा

नीति बनाउँदा समन्वयको अभाव र दीर्घकालीन दृष्टिकोणको कमीले कार्यान्वयनमा असहजता ल्याएको देखिन्छ । यसले गर्दा उद्यमी दोहोरो करको मारमा पर्ने समयमै निर्णय नपाउने अवस्था आउँछ । यस्ता पक्षमा तत्कालै सुधार गर्नु जरुरी छ ।

**अनुमति प्रक्रिया र सरकारी संयन्त्र**

नेपालमा औद्योगिक वा उत्पादनमूलक उद्योग स्थापना गर्न लामो र जटिल प्रक्रिया पूरा गर्नुपर्दछ । खानी, वन, पर्यावरणीय प्रभाव मूल्यांकन(इआईए), तथा जग्गा स्वीकृतिसम्बन्धी प्रक्रिया अत्यन्त सुस्त छ । यस्तो प्रक्रियागत झन्झटले निजीक्षेत्रलाई हतोत्साहित मात्र गर्दैन, संभावित लगानी पनि रोक्छ । यस्तै, नियमनकारी निकायहरू प्रवर्द्धनमा भन्दा नियन्त्रण र अनुमतिमै केन्द्रित हुनु अर्को बाधक हो । लाइसेन्स प्रणाली कतिपय अवस्थामा व्यापारजस्तै देखिन्छ, जसले विश्वासको वातावरण सिर्जना गर्न सक्दैन ।

कुनै पनि लगानीबाट निजीक्षेत्रले उपलब्ध साधन स्रोतको उच्चतम उपयोग गरोस्, कमाउन सकोस्, रोजगारी देओस भन्ने दृष्टिकोणका साथ नीति निर्माण गरिएको हुनुपर्छ । त्यसपछि त अर्थतन्त्रले त्यो लगानीबाट बहुआयामिक लाभ लिन थालिहाल्छ ।

**स्वदेशी र विदेशी लगानीकर्ताबीच सन्तुलन**

नेपालमा विदेशी लगानीलाई स्वागत गरिएको देखिन्छ, जुन सकारात्मक संकेत हो । तर, विदेशी लगानीकर्तासँग तुलना गर्दा स्वदेशी उद्योगीहरूले भोग्ने व्यावहारिक झन्झट, अनावश्यक हस्तक्षेप र प्रक्रियागत ढिलाइ भने बढी देखिन्छ । यस्तो अवस्थाले असमान प्रतिस्पर्धा सिर्जना गर्छ र स्वदेशी उद्योगप्रति विश्वास घटाउने खतरा रहन्छ । स्वदेशी र विदेशी दुवै लगानीकर्तालाई समान, पारदर्शी र प्रोत्साहनमूलक वातावरणको आवश्यकता छ ।

**कर्मचारी संयन्त्र र निर्णय क्षमताको सशक्तीकरण**

नीति कार्यान्वयनको प्रमुख संवाहक सरकारी कर्मचारी नै हुन तर निर्णय लिने तहका कर्मचारीहरू अहिले डरत्रासमा छन् । भ्रष्टाचार विरोधी संस्थाहरूको अनावश्यक दबाब र डरका कारण विवेकपूर्ण निर्णय गर्न उनीहरू हिच्किचाइरहेका छन् । यसले प्रशासनिक ढिलाइ मात्र होइन, सुधारको गतिलाई पनि अवरुद्ध गरेको छ । त्यसैले अहिलेको आवश्यकता हो - एक यस्तो वातावरण बनाउने जसले नीतिनिर्माता र कार्यान्वयनकर्ताबीच पारदर्शी सम्बन्ध राख्दै आत्मबल अभिवृद्धिमा टेवा देओस् ।

यहाँ सोचमा खोट भेटिँदैन । प्रधानमन्त्री, मन्त्री र कर्मचारीले उद्यमीमाथि नकारात्मक सोच पालेर बसेको भन्न मिल्दैन । हामीसँगको भेटमा प्रधानमन्त्री, उद्योगमन्त्री, उच्चपदस्त कर्मचारी सबैमा निजीक्षेत्रप्रति असाध्यै सकारात्मक सोच रहेको पाउँछौ । यस्तो सोचलाई कार्यान्वयनमुखी बनाउन निजामती कर्मचारी संरचनामा आँट भर्ने र ढाडस भर्ने काम फेरि नेतृत्वकै जिम्मेवारीमा रहन्छ । कर्मचारीका लागि सदनियतले ढुक्कसँग काम गर्ने भरोसायोग्य वातावरण बनाउने काम नीति निर्माता तथा राजनीतिक नेतृत्वकै हो । उच्च राजनीतिक तहले यो तथ्यलाई महशुस गरेर काम थालनी गर्नुपर्छ ।

**संघीयता र विकेन्द्रीकरणको प्रभावकारी कार्यान्वयन**

नेपालले संघीय शासन प्रणाली अंगालेको पनि केही समय भइसकेको छ तर अधिकारको प्रयोग अझै केन्द्रीय तहमा सीमित देखिन्छ । संघीयताको कार्यान्वयनसँगै अधिकारहरू विकेन्द्रीकरण भएका छैनन् । प्रदेशस्तरमा वन मन्त्रालय गृह मन्त्रालय सबै छन् तर उद्यमीहरु भने कुनै कुनै रुपले केन्द्रमै धाउनु पर्ने अवस्था छ । जुन प्रदेशमा उद्योग छ त्यहिँको सरकारसँग सुरक्षा सुविधा माग्दा पुग्ने व्यवस्था किन गर्न नसकेको होला भन्ने लाग्छ ।

नजिक भएका निकाय संरचनाले नीतिगत तथा अन्य व्यवहारिक प्रबन्ध नै गर्न नपाउने अवस्था अन्त्य गरिनुपर्छ । उद्योगको अनुमति पाएको ठाउँमा रुख काट्ने फाइल स्थानीय निकायले वा प्रदेशले नै टुङ्ग्याउने अधिकार दिँदा सरकारलाई पनि सजिलो हामीलाई पनि छिटो छरितो हुन्छ ।

स्थानीय र प्रदेश तहमा आवश्यक निर्णय क्षमता नहुँदा, औद्योगिक पूर्वाधार विकास तथा साना उद्योगहरूको प्रवर्द्धनमा ढिलाइ भइरहेको छ । यदि तल्लोतहसम्म निर्णयको अधिकार प्रभावकारीरूपमा प्रदान गरियो भने स्थानीय जनशक्ति र स्रोतको सदुपयोग गर्दै औद्योगिक विकासमा तीव्रता ल्याउन सकिन्छ ।

**उद्यमशीलता र सम्भावना**

यस्ता चुनौतीका बाबजुद नेपालमा औद्योगिक विकासको ठूलो सम्भावना छ । अपार प्राकृतिक स्रोतहरू, श्रमशक्ति, युवाशक्ति, र उद्यमशीलताको संभावना अझै हराएको छैन । नीतिगत स्पष्टता, प्रशासनिक सुधार र निजी क्षेत्रसँग सहकार्य गरेर हामी औद्योगिक पुनर्जागरणको युगतर्फ अघि बढ्न सक्छौं ।

नेपालको उत्पादनमूलक क्षेत्रलाई बढावा दिन नीतिगत स्थिरता, उद्योगमैत्री वातावरण र पूर्वाधार विकास आवश्यक छ । यसका लागि राजनीतिक दलहरू, नीति निर्माता र व्यवसायिक समुदायले साझा प्रयास गर्नुपर्छ । यो विषयमा निजीक्षेत्रका छाता संगठन र उद्यमीहरु निरन्तर संघर्ष गरिरहेका छौं ।

नेपालमा सार्वजनिक निजी साझेदारी, बुट जस्ता विभिन्न विकासका मोडेललाई सही ढङ्गले लक्ष्यभेदी बनाएर कार्यान्वयन गर्नु आवश्यक छ । अर्थात् सरकारले कहाँ कस्तो लगानी गर्दा कुन अवधिमा कस्तो लाभ लगानीकर्ताले प्राप्त गर्छ भने स्पष्ट तस्विर दिएर लगानीकर्तालाई विश्वासमा लिँदा उत्पादनशील क्षेत्र तथा पूर्वाधार विकासमा ठूलो फड्को मार्ने अवसर बन्छ । त्यसका लागि आवश्यक छ - सकारात्मक सोच, समस्या समाधानमुखी दृष्टिकोण र दीर्घकालीन योजनालाई व्यवहारमा उतार्ने संकल्प ।

**निष्कर्ष**

नेपालको औद्योगिक तथा उत्पादनमूलक क्षेत्र अहिले संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ । यहाँ सुधारको आवश्यकता छ भने सम्भावनाको द्वार पनि खुल्ला छ । यथार्थवादी, सन्तुलित र समावेशी नीति निर्माण, कार्यान्वयनमा दृढता, तथा सार्वजनिक-निजी साझेदारीको सुदृढीकरणबाट हामी औद्योगिक समृद्धिको यात्रामा अग्रसर हुन सक्छौं । अहिलेको आवश्यकता भनेका शक्ति र सम्भावनालाई समन्वय गर्दै उत्पादनमूलक क्षेत्रलाई देशको विकासको प्रमुख एजेन्डा बनाउनु हो ।

*मारु सिमेन्ट उत्पादक संघका अध्यक्ष हुन् ।*

> **नेपालको उत्पादनमूलक क्षेत्रलाई बढावा दिन नीतिगत स्थिरता, उद्योगमैत्री वातावरण र पूर्वाधार विकास आवश्यक छ । यसका लागि राजनीतिक दलहरू, नीति निर्माता र व्यवसायिक समुदायले साझा प्रयास गर्नुपर्छ ।**



# स्वास्थ्य बीमा
# अबको बाटो

**८० प्रतिशत नागरिक स्वास्थ्य बीमाभन्दा बाहिर छन् । गुणस्तरीय सेवा प्रदान गर्न सकिएको छैन । आर्थिक रुपमा संकट छ । तर चुनौती छन् भन्दैमा स्वास्थ्य बीमा कार्यक्रमबाट पछि हट्न भने हुँदैन ।**



डा. रघुराज काफ्ले

सरकारले नागरिकको स्वास्थ्य उपचारलाई सहज बनाउन स्वास्थ्य बीमा कार्यक्रम सुरु गरेको ९ वर्ष पुरा भएको छ । २०७२ साल चैत २५ गते सरकारले स्वास्थ्य बीमा कार्यक्रम सुरु गरेको थियो । २०८१ चैत २५ गते यो सेवा सुरु भएको ९ वर्ष पुरा भएको छ । यो कार्यक्रमलाई सुरुदेखि नै स्वास्थ्य बीमा बोर्डले सञ्चालन गर्दै आएको छ ।

नागरिकले तोकिएको बीमा शुल्क तिरेर यसबाट औषधि उपचारको सेवा लिन सक्नेछन् । यसमा पाँच सदस्यसम्म एउटा परिवारले वार्षिक ३५ सय शुल्क तिरेर वर्षमा एक लाख रुपैयाँ बराबरको औषधि उपचार सेवा लिन सक्छन् ।

यसमा सरकारबाट गरिब परिचयपत्र प्राप्त व्यक्तिमध्ये अतिगरिबलाई शतप्रतिशत, गरिबलाई ७५ प्रतिशत र सीमान्तकृत गरिबलाई ५० प्रतिशतसम्म छुटको व्यवस्था छ । ७० वर्षमाथिका नागरिक, एचआईभी संक्रमित, कुष्ठरोगी, क्षयरोगी, अति अशक्त अपांगता भएकालाई सरकारले नै बीमा रकम उपलब्ध गराउँछ । बीमाले बहिरंग, भर्ना उपचार, आकस्मिक, शल्यक्रिया, औषधि, स्वास्थ्य सहायता उपकरणको खर्च बेहोर्छ ।

साथै, खोप, परिवार नियोजन, सुरक्षित मातृत्वजस्ता प्रतिकारात्मक सेवा पनि यसमा छ । तर, तोकिएको मूल्यभन्दा बढी रकमको चस्मा, स्वास्थ्यसम्बन्धी यन्त्र, प्लास्टिक सर्जरी, कृत्रिम गर्भाधानलाई भने योजनामा समावेश गरिएको छैन । यस्ता सेवाले नागरिकको स्वास्थ्य उपचारमा सहजता प्रदान गरेको छ ।

**पहुँचको अवस्था**

२०७२ चैतमा कैलालीबाट स्वास्थ्य बीमा कार्यक्रम सुरु गरिएको थियो । हालसम्म ७७ जिल्लाका ७४९ स्थानीयतहमा स्वास्थ्य बीमाको पहुँच विस्तार भइसकेको छ । ८९ लाख ९२ हजार १३५ जना नागरिक स्वास्थ्य बीमामा आबद्ध छन् । गत फागुन मसान्तसम्मको तथ्यांकअनुसार त्यसमा क्रियाशिल बीमितको संख्या भने ५७ लाख ५३ हजार ८१७ रहेको छ । त्यसअनुसार करिब २० प्रतिशत नागरिक स्वास्थ्य बीमामा आबद्ध भइसकेका छन् । तर, अझै ८० प्रतिशत नागरिक स्वास्थ्य बीमामा आबद्ध नभएको अवस्था छ ।

यसैगरी स्वास्थ्य बीमामार्फत् सुरुमा उपचार गर्नुपर्ने अस्पताल अर्थात् प्रथम सेवा विन्दु पनि ३५६ वटा पालिकामा पुगिसकेको अवस्था छ । त्यसअनुसार अझै ३९७ पालिकामा प्रथम सेवा विन्दु पुऱ्याउन बाँकी छ । त्यहाँका नागरिक छिमेकी पालिका वा अन्य अस्पतालमा गएर प्रथम सेवा विन्दु लिन बाध्य छन् । उनीहरुलाई नजिकै सहज हुने ठाउँमा प्रथम सेवा विन्दु उपलब्ध गराउन सकिएको छैन । यसैगरी हालसम्म ४८५ वटा अस्पताल स्वास्थ्य बीमामा आबद्ध छन् । अर्थात्, ति अस्पतालमा गएर स्वास्थ्य बीमाका बीमितले उपचार गर्न सक्छ न् । तर, त्यसमा अधिकांश अस्पतालहरू सहरी क्षेत्र तथा सुगम ठाउँमा मात्रै छन् । त्यसले गर्दा स्वास्थ्य सेवा प्रदायक अस्पताललाई पनि दुर्गम ठाउँमा पुऱ्याउन आवश्यक छ, जुन सकिएको छैन । बीमामा आबद्ध भएका मध्ये ४८ प्रतिशत नागरिकले औषधि उपचारको सेवा लिएका छन् ।

यो तथ्यांकले नेपालमा स्वास्थ्य बीमा कार्यक्रम सफल हुँदै गएको देखिन्छ । बीमा आबद्ध नागरिकाको संख्या, सेवा लिने बीमितको अनुपातलगायतका आधारमा स्वास्थ्य बीमा कार्यक्रम नेपालमा सफल भएको देखिन्छ । तर, यो आफैमा सन्तोषजनक अवस्था भने होइन । अझै ८० प्रतिशत नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गराउन आवश्यक छ । साथै, उच्च बीमा दाबीले आर्थिक दायित्व बढ्दो वित्तिय व्यवस्थापनमा भने चुनौती कायमै छ ।

**स्वास्थ्य बीमाका चुनौती**

नौ वर्षको यात्रामा स्वास्थ्य बीमा कार्यक्रम सफलताको बाटोमा अघि बढेको देखिन्छ । तर, यसलाई अघि बढाउन चुनौती भने धेरै छ ।

औसतमा ५४ प्रतिशत बीमिलते स्वास्थ्य बीमा नवीकरण नगरेको अवस्था छ । उनीहरुले किन स्वास्थ्य बीमा नविकरण गरेनन्, त्यो खोजीको बिषय बनेको छ । हामीले स्वास्थ्य बीमाको महत्व बुझाउन सकेनौं वा अन्य केही कारण छन् ? बिरामी नभएर सेवा लिन नपरेका कारण पनि नवीकरण नगरेका हुन सक्छन् । अस्पतालले राम्रो सेवा नदिएका कारण पनि बीमित निरुत्साहित हुन सक्छन् । के-कति कारणले यस्तो अवस्था आएको हो, त्यसमा हामी अध्ययन अनुसन्धान गर्दैछौं । तर, नागरिकलाई स्वास्थ्य बीमामा टिकाउन सकिएको छैन । यो चिन्ताको बिषय बनेको छ ।

यस्तै, कुल बीमितमा ४८ प्रतिशतले स्वास्थ्य उपचार सेवा लिएका छन्, जुन दर संसारकै उच्च हो । यसले दायित्व उच्च हुँदा स्वास्थ्य बीमालाई अघि बढाउन चुनौती भएको छ । अहिले पनि अस्पतालहरुलाई १८ अर्ब रुपैयाँ भुक्तानी दिन बाँकी छ । तर, पैसा नहुँदा भुक्तान भएको छैन ।

सामान्यतया १५ प्रतिशतसम्म बीमितले सेवा लिन आउँदा आर्थिक दायित्व धान्न सकिन्छ । तर, करिब आधा बीमितले सेवा लिँदा आर्थिक रुपमा दायित्व उच्च हुने गरेको छ । यसले स्वास्थ्य बीमा कार्यक्रमलाई दिगो बनाउन चुनौती थपिएको छ । तर, नागरिकले नै लिएको सेवालाई गलत भन्न हुन्न, नागरिकले सेवा लिएको विषय ठिक छ । तर, आर्थिक दायित्व उच्च हुँदा चिन्ताको विषय भने बनेको छ । यसमा पनि गम्भीर समीक्षा आवश्यक छ । उपचार गरिराख्नुपर्ने नागरिक मात्रै बीमामा जोडिएका छन् कि अरु नै समस्या छ ? यसमा पनि हामीले अध्ययन गर्दैछौं ।

समग्रमा वित्तिय व्यवस्थापनमा हामीलाई अप्ठ्यारो परेको अवस्था हो । अहिले स्वास्थ्य बीमा कार्यक्रम घाटामै सञ्चालन भएको अवस्था छ । सधै घाटामै अघि बढ्दा भविष्यमा यो सेवा नै संकटमा पर्ने देखिन्छ । तसर्थ, आर्थिक रुपमा पनि हामी बलियो हुन आवश्यक छ ।

स्वास्थ्य बीमामा एउटा परिवारको वार्षिक औसत योगदान ३८ सय रुपैयाँ छ । तर, वर्षमा एउटा परिवारले औसत आठ हजार ३५० रुपैयाँ बराबरको सेवा लिएका छन् । यसले 'मेडिकल लस रेसियो' २२० प्रतिशत हाराहारी देखाउँछ । मेडिकल लस रेसियो ८० प्रतिशतभन्दा माथि जान हुन्न । तर, नेपालमा २२० प्रतिशत पुगेको छ । यसले पनि स्वास्थ्य बीमालाई अघि बढाउन चुनौती थपेको छ ।

यसैगरी कर्णाली, सुदूरपश्चिमजस्ता मानव विकास सुचाङ्कमा पछि परेका क्षेत्रका नागरिक पनि व्यापक रुपमा स्वास्थ्य बीमामा जोडिएको अवस्था छैन । त्यहाँका नागरिकलाई स्वास्थ्य बीमाको आवश्यकता उच्च छ ।

> **अब स्वास्थ्य सेवा सम्बन्धी छरिएका कार्यक्रमलाई एकीकृत गरेर स्वास्थ्य बीमामा आबद्ध गर्नुपर्छ । अहिले स्वास्थ्य मन्त्रालयले नै आमा सुरक्षा, अति विपन्न र दिर्घरोगीलाई उपचार सेवा दिने लगायतका कार्यक्रम सञ्चालन गरेको छ ।**

सेवा प्रवाहमा पनि समस्या छन् । अस्पतालका टिकटदर फरक-फरक भएको गुनासो छ । अस्पतालमा लाइन बढी बस्न परेको, भनेको औषधि नपाएको, बिमितलाई हेर्ने दृष्टिकोण फरक भएको लगायतका गुनासो पनि छन् । बिमितले पनि पैसा तिर्न नपरेपछि बढी उपचार सेवा लिएको आरोप छन् । अस्पतालले पनि आफ्नो आम्दानी बढाउन बिमितलाई आवश्यकता भन्दा बढी उपचार गराएको गुनासो छन् । यसमा हामी सचेत हुँदै छिट्टै यस्तो प्रवृति अन्त्य गर्न तर्फ लाग्न आवश्यक छ ।

चुनौती छन् भन्दैमा स्वास्थ्य बीमा कार्यक्रमबाट पछि हट्न भने हुँदैन । आर्थिक रुपमा संकट छ । ८० प्रतिशत नागरिक स्वास्थ्य बीमाभन्दा बाहिर छन् । गुणस्तरीय सेवा प्रदान गर्न सकिएको छैन । तर, नेपाल जस्तो मुलुकमा स्वास्थ्य बीमाको सेवा अपरिहार्य छ । उपचार गर्दागर्दै नागरिकहरु गरिबीको रेखामुनि

परेका छन् । २० प्रतिशतभन्दा बढी नागरिक अझै गरिबीको रेखामुनि छन् । उनीहरुले पैसा तिरेर उपचार गर्न सक्दैनन् । पैसा तिर्न परेको अवस्थामा झन् गरिबी बढ्ने जोखिम छ। तसर्थ, राज्यले पनि स्वास्थ्य बीमालाई सकरात्मक रुपमा हेर्नुपर्छ । अहिले खर्च बढ्यो भन्दैमा यसलाई निरुत्साहन गर्नु हुँदैन । यसलाई सफल बनाउन लाग्नुपर्छ । त्यसका लागि भएका समस्यालाई समाधान गर्दै अघि बढ्नुपर्छ। बिगतमा देखिएका समस्या समाधान गर्न सकिने खालकै छन् ।

त्यसका लागि बोर्डलाई पनि बलियो बनाउन आवश्यक छ । बोर्डको संस्थागत संरचना अझै पर्याप्त मात्रामा विकास भएको छैन । बोर्डका स्थायी जनशक्ति पनि छैनन् । आफ्नै भवन नभएर भाडामा बस्नु परेको छ । तसर्थ, बोर्डको पनि संस्थागत क्षमता विकास गर्न सरकारले सहयोग गर्नुपर्छ ।



**अबको यात्रा ?**

अहिलेसम्मको उपलब्धिलाई नराम्रो भन्न सकिन्न । तर, बिगतमा देखिएका समस्यालाई समाधान गरेर अघि बढ्नुपर्छ । त्यसका लागि राष्ट्रपतिदेखि सामान्य सर्वसाधारणलाई स्वास्थ्य बीमामा आबद्ध गराउनुपर्छ । केही समयका लागि स्वास्थ्य बीमालाई अनिवार्य नै गर्नुपर्छ ।

त्यो गर्न सकियो भने प्रिमियम संकलन पनि उच्च हुन्छ । तर, बीमा आबद्ध सबै जना उपचार सेवा लिन भने जाँदैनन् । त्यसले गर्दा आर्थिक व्यवस्थापनमा सहज हुनेछ। सक्नेले धेरै र नसक्नेले थोरै प्रिमियम तिर्ने मोडलमा जान आवश्यक छ । अर्थात्, 'प्रोगेसिभ प्रिमियम'को अवधारणमा अघि बढ्न आवश्यक छ । यो सेवालाई व्यवस्थित बनाउन बीमाशुल्कको दर पनि बढाउन आवश्यक छ। त्यसो गर्दा वित्तिय व्यवस्थापनमा थप सहज हुनेछ ।

स्वास्थ्य बीमाको पहुँच बढाउन प्रचार प्रसार पनि बढाउनुपर्ने देखिन्छ । साथै, नागरिकमा यसको महत्वबारे व्यापक जानकारी दिनुपर्छ । त्यसका लागि बोर्डले स्थानीय तहसँग व्यापाक रुपमा छलफल तथा समन्वय गर्नुपर्ने देखिन्छ । त्यसमा बोर्ड सकरात्मक छ। नागरिक समाजसँग पनि बोर्डले आवश्यक समन्वय गर्नेछ । यस्तै, सेवाको गुणस्तर पनि बढाउँदै जानेमा बोर्ड तयार छ।

यसैगरी अब स्वास्थ्य सेवासम्बन्धी छरिएका कार्यक्रमलाई एकीकृत गरेर स्वास्थ्य बीमामा आबद्ध गर्नुपर्छ । अहिले स्वास्थ्य मन्त्रालयले नै आमा सुरक्षा, अति विपन्न र दिर्घरोगीलाई उपचार सेवा दिने लगायतका कार्यक्रम सञ्चालन गरेको छ । यसैगरी सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोषमा पनि यस्ता सुविधा छन् । यसैगरी नेपाल प्रहरी, सैनिक लगायतका सरकारी निकायले पनि आफ्नो कर्मचारीलाई स्वास्थ्य उपचारको सुविधा दिइरहेका छन् । यता स्वास्थ्य बीमा संकटमा पर्ने तर उता विभिन्न सरकारी निकायबाट स्वास्थ्य उपचारको सेवा दिइराखेको अवस्था छ। यस्तो प्रवृत्तिले राज्यले आर्थिक दायित्व दिर्घकालिन रुपमा धान्न सक्दैन । तसर्थ, ति सबैलाई स्वास्थ्य बीमामा आबद्ध गर्नुपर्छ । प्रदेश र स्थानीय तहबाट अघि बढाइएको स्वास्थ्य सेवालाई पनि यसमा आबद्ध गर्नुपर्छ । त्यो हुँदा प्रिमियम संकलन पनि उच्च हुन्छ । यसको सेवा पनि गुणस्तरीय र व्यवस्थित हुँदै जान्छ ।

यसैगरी स्वास्थ्य बीमाका लागि वित्तिय व्यवस्थापन गर्न अन्य वैकल्पिक स्रोतमा ध्यान दिनुपर्छ । स्वास्थ्यमा प्रतिकुल असर गर्ने वस्तु तथा सेवामा सामान्य दरमा भएपनि करको दर बढाउनुपर्छ । पेट्रोलियम पदार्थ, चुरोट, मदिरा लगायत वस्तुमा सामान्य दरमा थप कर लगाउन सकिन्छ। यसमा सरकारले सहजीकरण गर्नुपर्छ।

यसैगरी 'हेल्थ इन्स्योरेन्स लट्री'को अवधारणामा पनि अघि बढ्न सकिन्छ । विश्वमा यो अवधारणा व्यापाक प्रचलनमा छ। यस अन्तर्गत चिठ्ठा विक्री गर्ने र केही सीमित खरिदकर्तालाई लक्की ड्र मार्फत पुरस्कार दिने हो । त्यसबाट बाँकी रहेको पैसा स्वास्थ्य बीमामा परिचालन गर्न सकिन्छ । पारदर्शी रुपमा यो काम गर्न सकिन्छ। यसको फाइदा, उपभोग र महत्व बारे नागरिकलाई बुझाउन सकेमा समस्या हुँदैन। नागरिकमा पनि चिठ्ठा परे राम्रो भयो, नभएपनि नागरिकले राम्रो स्वास्थ्य सेवा पाउँछन् भन्ने चेतनाको विकास हुन आवश्यक छ ।

यसैगरी सबै स्थानीय तहमा प्रथम सेवा विन्दु विस्तार गर्न आवश्यक छ । यसैगरी अस्पतालमा हुने कमजोरीलाई पनि पूर्ण रुपमा नियन्त्रण गर्नुपर्छ । त्यसका लागि बोर्डले मापदण्ड बनाउँदैछ । अस्पतालले कतै पनि गल्ती नै गर्न नसक्ने गरि नियमनको प्रणाली विकास गर्दैछौं । यसैगरी स्वास्थ्य बीमाअन्तर्गत पाइने सबै औषधि उपचार सम्बन्धित अस्पतालमा उपलब्ध हुने व्यवस्था गर्नुपर्नेछ। त्यसमा पनि बोर्ड सकारात्मक छ। अस्पतालहरुको नियमन तथा अनुगमन गर्न बोर्डको पनि क्षमता विकास गर्न आवश्यक छ। त्यसमा पनि हामीले काम गर्दैछौं ।

यसैगरी सेवाको दायरा पनि बढाउन आवश्यक छ । एक लाख रुपैयाँले ठूला तथा जटिल प्रकृतिका औषधि उपचार गर्न सकिन्न । तसर्थ, अब प्रिमियम शुल्क बढाएर भएपनि स्वास्थ्य बीमाको सेवाको दायरा फराकिलो बनाउनुपर्नेछ । यसमा पनि बोर्डले काम गर्नेछ । स्वास्थ्य बीमा गरेपछि नागरिक ढुक्क भएर बस्न सक्ने अवस्था ल्याउनुपर्छ ।

यसैगरी बोर्डको संस्थागत क्षमता पनि सुदृढ गर्दै जानुपर्नेछ। बोर्डमा स्थायी कर्मचारी र नयाँ प्रविधिको आवश्कता छ । स्वास्थ्य बीमाको क्षेत्रमा सुशासन र रुपान्तरण आवश्यक छ। त्यसका लागि बोर्डको पनि क्षमता विकास गर्न आवश्यक छ । यसमा सरकारले पनि सहजीकरण गर्नुपर्छ। पछिल्लो समय नागरिकमा स्वास्थ्य बीमा सम्बन्धी सचेतना बढेको छ । उपचार राम्रो पाएनौं, अस्पतालले राम्रोसँग रेस्पोन्स गरेन भन्ने लगायतका गुनासा पनि सुनिन्छ । बीमा गर्नुपर्छ भन्ने नागरिकको संख्या बढ्दो छ। अस्पतालमा पनि स्वास्थ्य बीमाको बीमितको भिड लाग्न थालेको छ। स्वास्थ्य बीमामा आबद्ध नभएका अस्पताललाई बिरामी पनि पाउन गाह्रो हुने अवस्था आएको छ। समग्रमा सचेतना तिव्र रुपमा बढेको छ। तर, केही दुविधाहरु पनि छन्। त्यसलाई बोर्डले स्पष्ट पार्दै जानेछ।

तर, यसलाई विशुद्ध बीमाको सिद्धान्तअनुसार सञ्चालन गर्नु हुँदैन । अर्थात्, नाफा खोज्न हुँदैन। सामाजिक स्वास्थ्य बीमाको अवधारणामा यसलाई अघि बढाउनुपर्छ। त्यसमा राज्यले निश्चित अनुपातमा सहयोग निरन्तर गर्दै जानुपर्छ । यसैगरी बोर्डले पनि बिभिन्न माध्यमबाट वित्तिय व्यवस्थापन गर्दै जाने नै छ। यो कार्यक्रमलाई वित्तीय रुपमा पनि सन्तुलित र दिगो बनाएर अघि बढाउनुपर्छ ।

अन्त्यमा सबैलाई स्वास्थ्य बीमामा आबद्ध हुन अनुरोध गर्दुछ। सबै नागरिक यसमा आबद्ध भएपछि यो कार्यक्रम पनि दिगो हुन्छ । सबै नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गर्न बोर्ड सबै प्रकारका साझेदारी गर्न तयार छ।

*काफ्ले स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक हुन् ।*

# Presents of
## Nepal Chamber of Commerce




Nepal Chamber
of Commerce












MOU Signing Ceremony


IT INDUSTRY
MEETUP




७३औं अन्तर्राष्ट्रिय भन्सार दिवस










8th NEPAL CHAMBER EXPO 2025


EXPAND














Signing Ceremony









नेपाल चेम्बर अफ कमर्स लुम्बिनी प्रदेश
चौथो साधारणसभा तथा दोस्रो अधिवेशन








नेपाल चेम्बर अफ कमर्स


NEPAL CHAMBER OF COMMERCE


अन्तरक्रियात्मक गोष्ठी


नेपाल चेम्बर अफ कमर्स




Integrated Geohazard Assessments in Managing Risks For
Hydropowerprojects in Glacierised High Mountain Environments -
Implications For Insurance




स्वागत तथा परिचयात्मक कार्यक्रम






रञ्जना व्यापार संघ
Ranjana Business Association




Tally




Enhancing Trade
Growing Business
Strengthening Ties
Alberta-Nepal
ANCC
Alberta Nepal
Chamber of Commerce








'अर्थतन्त्र: नीति र व्यवहार'
विषयक छलफल कार्यक्रम
२०८१ माघ २० गते








The Non-Resident Nepali Association (NRNA) Australia
गैरआवासीय नेपाली संघ (एन.आर.एन.ए) अष्ट्रेलिया











उद्घाटन समारोह



नेपाल चेम्बर अफ कमर्स








न एवं अन्तर्क्रिया कार्यक्रम










पोखरा चेम्बर अफ कमर्स, कास्की


पोखरा चेम्बर अफ कमर्स, कास्की








प्रथम साधारण सभा - २०८१




कोटेश्वर व्यवसायी संघ
HOTEL A-One Venue














नेपाल चेम्बर अफ कमर्स लुम्बिनी प्रदेश












# Nepal Chamber of Commerce

## Excutive Committee

**2024-2027**



### Mr. Kamlesh Kumar Agrawal
(President)

New Plaza, Putalisadak,Kathmandu 29
Office no: +977-1-4010504
Email: agrawalkamlesh57@gmail.com
Representing Firm/Company

- Robin Foaming & Paper Products Pvt. Ltd
- Robin Polymers Pvt. Ltd
- Robin Commercial Centre
- Nepal Life Insurance Company Limited
- City Hotels Ltd ,Kathmandu (Franchise with) Hyatt Place
- Champadevi Eco Friendly Co. Pvt Ltd

**Line of Business**
Stationary, Electricals, Furnishing, Hotel Insurance & Tourism



### Mr. Deepak Kumar Malhotra
(Senior Vice President )

Dhumbarahi Marg, Kathmandu, Nepal
Email: deepak.malhotra@ims-np.com
Office no: +977-1-4438123
Fax no: +977-1-1-4440347
Email: info@atlnepal.com
**Representing Firm/Company**

- Samsung Mobile
- IMS Private Limited
- Chairman: Integrated Mobility Solutions P. Ltd. (IMS)
- Chairman: Cellcom Private Limited
- Chairman: IMS Smart P. Ltd.
- Chairman: IMS Care P. Ltd.
- Chairman: IMS Motors Pvt. Ltd.
- Chairman: Silver Valley Developers Pvt. Ltd
- Promoter: Kathmandu World School
- Chairman: Hotel Shahenshah Pvt. Ltd.
- Director: People's Plaza
- Executive Director: Space Time Network Pvt. Ltd.
- Executive Chairman: IMS Consultancy P. Ltd.
- Founder Promoter: Civil Bank
- Founder Promoter: Grande International Hospital
- Founder Promoter: Nepal Infrastructure Bank
- Chairman: IMS Cement Private Ltd.
- Director: Le Tamor Resort and Spa
- Chairman: Times Energy
- Director: Midim Khola Hydroelectricity

**Line of Business :**
Electronics, Bank &Automobile



### Mr. Rajendra Malla
(IPP President)

Address: Tokha 8, Basundhara, Kathmandu
P.O.Box no: 13448, Kathmandu, Nepal
Office no: +977-1-4357003
Fax no: +977-1-4358591
Email: rmalla1962@gmail.com
Representing Firm/Company

- Asiatic International Trading Pvt. Ltd.
- Prabhu Insurance Co. Ltd.
- Manag Air Pvt.Ltd
- Bhaktapur Tiles & Brick Industry Pvt.Ltd
- Kantipur Engineering College Pvt.Ltd
- Tirula Resort Pvt.Ltd.
- Mailung Khola Hydro Power Ltd.

Line of Business
Industry, Trading, Insurance, Education, Airlines



### Ms. Urmila Shrestha
(Vice President)

Tel: 4271208, 4270315
Fax: 4271704
Email: urmila.stcnepal@gmail.com
**Representing Firm/Company**

- Salt Trading Cooperation Ltd.
- Himalaya Khadhya and packaging udhyog limited



### Mr.Deepak Shrestha
(Vice President)

Gongabu, Ring Road,
Kathmandu-26, Nepal.
Phone: 977-1-4963548,
4954117, 4952226
Web: www.nepatop.com.np
Email :deepaksrsta@nepatop.com.np
**Representing Company**

- Nepatop organisation

**Line of Business :**
Construction material manufactures and trade



## Mr. Santosh Kumar Pandey
(Vice President)

Address: Chamati Balaju-16, KTM
Office no: +977-01 5905090, 014962320
Fax no: +977-1-4021024
Email : pandey.santosh171@gmail.com
**Representing Firm/Company**
- Megha Trading Concern
- Sales Hub Nepal Pvt.Ltd
- Adarsha General Store

**Line of Business**
Liquors & Beverages & petroleum products



## Mr. Surendra Kumar Shrestha
(Vice President)

Address: Thamel
Office no: +977-1- 4700907, 4701136
Fax no: +977-1- 4701681
Email: surendrashrestha1961@gmail.com
**Representing Firm/Company**
- Sweater and Pashmina House
- Federation of Nepalese Chamber of Commerce & Industry

**Line of Business :**
Woolen knitwear and Pashmina



## Mr. Nilkantha Chaulagain
(Vice President)

Address: New Road
Office no: +977-1-4265388
Fax no: +977-1-14265388
Email: nkchaulagain@gmail.com
Representing Company
- Suva Prativa Enterprises

**Line of Business**
Import and Export, Trading



## Mr. Arjun Prasad Sharma
(Honorary VP)

Address: New Road
Office no: +977-1-4265388
Fax no: +977-1-14265388
Email: nkchaulagain@gmail.com
Representing Company
- Suva Prativa Enterprises

**Line of Business**
Import and Export, Trading



## Mr. Kishor Kumar Agrawal
(Executive Member)

Address: Hotel Orchid Building, Teku Road, Tripurswor, P.O.Box no: 845, Kathmandu, Nepal
Office no: +977-1-4242373, 4482260, Mobile : 9851022581
Email: agrawalkk@hotmail.com
**Representing Company**
- Space Age Concern
- Jeenmata Investment Pvt.Ltd
- Space Age Office Automation Center
- Ma Parvati Kripa (P) Ltd.
- Shree Ram Polymers (P) Ltd

**Line of Business**
Office Equipment, Computer Parts, Telecommunication Equipments, Consumer Electronics, Bathroom & Sanitary wirers, Construction Materials, Manufacturing & Trading



## Mr. Rajendra Aryal
(Executive Member)

Address: Balwatar P.O.Box: 1505, Kathmandu, Nepal
Office no: +977-1-4000536, Fax no: +977-1-4000536
Email: trikon@trikon@advertising.com
Website: www.trikonadvertising.com
**Representing Firm/Company**
- Trikon Advertising Pvt. Ltd.
- NIC Asia Bank Ltd
- City Centre Building Management Company Pvt. Ltd
- International Chamber of Commerce Nepal



## Mr. Devendra Bhakta Shrestha
(Executive Member)

Khadhya Kirana Bazar, Kuleshwor
Office no: +977-1-4279493, Fax no: +977-1-1-4280948
Email: devendrabs@gmail.com
Representing Company
- Bhakta Khadhyanna Bhandar
- Bhakta Brothers Distributers House
- Devendra Trade Centre
- Shiva Ganesh Industry Pvt.Ltd

**Line of Business**
Food grains, Consumer items, Galla, Kirana, Electric traju and etc.



## Mr. Parshuram Dahal
(Executive Member)

Address: R.B. Complex, P.O.Box: 1585, Kathmandu,Nepal
Office no: +977-1- 4266274, Fax no: +977-1- 4232138
Email: dahalparshuram@gmail.com
Representing Firm/Company
- Revive Trading
- Success Pvt. Ltd.
- Eastern Star Saving & Credit Cooperative

**Line of Business**
Import, Readymade Garments,
Electronic items, cooperative



## Mr. Raja Ratna Tuladhar
(Executive Member)

Address: Khichhapokhari
Office no: +977-1-4220157
Fax no: 977-1-4223343
Email: situcent@mos.com.np
Representing Firm/Company
- Dolfing Business
- Situ Co-operative
- Central Departmental Store

Line of Business
Import & Retail Traders



## Mr. Rastra Bhusan Chakubaji
(Executive Member)

Address: Lazimpat, Kathmandu,
Office no: +977-1-4376403,
Fax no: +977-1-4376403
E-mail: chakubaji@gmail.com
Representing Firm/Company
- Chakubaji Trading Concern

Line of Business
Trading House, Export/Import and General Order Supplier



## Mr. Raju Shrestha
(Executive Member)

Address: Bhagwati Bahal, Thamel
P.O.Box no: 1401. Kathmandu, Nepal
Office no: +977-1-4410595
Fax no: +977-1-4412679
Email: speedway@mos.com.np
Websites: www.speedwaycargo.com
**Representing Firm/Company**
- Speedway Cargo
- Aseatic Traders & Exporter

**Line of Business**
Worldwide Air & Sea Freight Forwarding, Export & Cargo Consolidation, Import Handling



## Mr. Krishna Man Shrestha
(Executive Member)

Address: Basundhara
P.O.Box no: 9821, Kathmandu, Nepal
Office no: +977-1-4362554, 365002
Fax no: 4365002
Email: shresthakrishnaman@gmail.com
Representing Firm/Company
- New Milleinum Store
- KM Agro Farm
- Laxmi Aakikrit Krishi Byabasai (P) Ltd
- Bina Multi-Purpose Pvt .Ltd

Line of Business
Grocery, Agriculture products a



## Mr. Kailash Chandra Goyal
(Executive Member)

Address: 8th floor, Sunrise Business Park, Charkhal. Kathmandu, Nepal. Association: M/S Goyal Group P.O.Box no: 8258, Kathmandu, Nepal
Office no: +977-1-4444434, 4444454, Fax no: +977-1-4444448
Email: info@goyalgroup.co, Website: www.goyalgroupnepal.com
**Representing Firm/Company**
- Gauri Ganesh impex Manokamana Agro
- Rukmani chemical industries Pvt ltd
- Manokamana investment business company Pvt ltd
- Manokamana construction equipments Pvt Ltd
- Kansai nerolac paints Pvt ltd
- Reliable wood house Pvt ltd
- Manokamana stone works Pvt Ltd

**Line of Business**
Importer of silk, pashmina, wool, automobiles, heavy equipment's, FMCG products, timber and chemicals. Banking & finance, Manufacturer of paints. Real estate & construction.



## Mr. Bhim Lal Paudyal
(Executive Member)

Address: Guccha tole, New Road
Office no: +977-1-4267391. 4166002
Fax no: +977-1-4379258, Email: roshani.paudyal@gmail.com
Representing Firm/Company
- Saugat Impex
- Royal FootWear Industry Pvt.Ltd
- Upper Hewakhola Hydropower Pvt.Ltd
- Sopan Multiple Company Pvt.Ltd
- Acme Engineering Collage

Line of Business
Import Readymade Garments, Shoes, Hydropower, Education etc.



## Mr. Deepak Kaji Tuladhar
(Executive Member)

Address: Lazimpat, Uttardhoka, Office no: +977-1-4379377
Mobile : 9851021234, Email: tuladhardk@gmail.com
**Representing Company**
- Constant Business Group (P) Ltd. • Harati Overseas

**Line of Business :** Trading & Automobile



## Mr. Surendra Kumar Sarda
(Executive Member)

Address: Kamalpokhari, Office no: +977-1-4620345, 4228382
Fax no: +977-1-4225351
Email : surendrasarda.statusgroup@gmail.com
Representing Firm/Company
- Fashion Furnishing
- Status Trading (P) Ltd.
- Best Manufactures

Line of Business
Flooring, Furnishing, Adhesive



## Mr. Subhash Chandra Sanghai
(Executive Member)

Address: Triveni Complex, Putalisadak
Office no: +977-1-4224074, 248732
Email: sc.sanghai@trivenimail.com
**Representing Firm/Company**
- Nepal Tea Development Corp.Ltd
- Triveni Byapar Company Pvt. Ltd.
- Gopalrai Purushottamlal Trading Pvt.Ltd.

**Line of Business**
Tea Industry, Hydro Power, Automobiles Trading, Cements Industry, Sugar Industry



## Mr. Ram Shrestha
(Executive Member)

Address : Tokha ,Kathmandu
Office no ;+97714389640
Fax no : +977 14389640
Email : shr.ram@hotmail.com
Representing of Company
- A.M.S Business Pvt.Ltd
- TTA Trading Pvt.Ltd

Line of Business
Beverage & Liquors



## Er. Pankaj Jalan
(Executive Member)

Address : Maitidevi
Office no : +977-1-4411805
Fax : no : +977-1-14389639
Email : pankaj@lbef.education
Representing Firm/Company
- Lord Buddha education International
- College Professional Association of Nepal
- College for Professional Studies Herbs and Spice food Pvt Ltd

Line of Business : Education



## Mr. Tanka Prasad Pokharel
(Executive Member)

Address:-Butwal-12 Rupandehi,Lumbini
Office number:-071533158/071532312
Mail-pokhareltp@gmail.com
**Representing Firm/Company**
- Gorakhkali Motor parts
- GST Group Pvt Ltd
- Lumbini medical college
- Vision Lumbini Urja company Ltd
- Jupitor auto distributors Pvt Ltd

**Line of business:-**
Automobiles ,hydropower, medical



## Mr. Sumit Kumar Agrawal
(Executive Member)

Address: Basantpur
Tel: +977-1-5341504
Email: info@msgroup.com.np
**Representing Firm/Company**
- Bhagwati Steel Ind. Pvt. Ltd.
- Oriental Construction & Development Pvt. Ltd.
- Bhagwati Carbide Industries Pvt. Ltd.
- Bhagwati Soap Industries Pvt. Ltd.
- Godawari Heights Pvt. Ltd.
- Sunrise Queries Pvt. Ltd.
- Sunrise Heights Developers Pvt. Ltd.
- Sunrise Developers Pvt. Ltd.
- Nepal Hospitality & Hotel Ltd.
- Everest Hospitality & Hotel Ltd.



## Mr. Ashok Kumar Agrawal
(Executive Member)

Address: Thapathali
Office no: +977-1-5111104, Fax no: +977-1-5111107
Email: ak@vishalgroup.com
**Representin of Company**
- Vishalgroup Pvt.Ltd
- Global Trading House Ltd
- NIC Asia Bank Ltd.
- Nepal Infrastructure Bank Ltd.
- Life Insurance Corporation (Nepal) Ltd.
- Prudential Capital Management Co. Pvt. Ltd.
- Kamala Rolling Mills Pvt. Ltd.
- Mainawati Steel Industies Pvt. Ltd.



## Mr. Dipesh Ratna Tuladhar
(Executive Member)

Address: 10/557 Bhotahity, Kathmandu
P.O.Box no: 212, Office no: +977-1- 4249879, 4249941
Fax no: +977-1-4228304, Mob: 9851050750
Email: dipeshtuladhar@gmail.com
**Representing of Company**
- Nepal Wool House

Line of Business
Knitwear's- Retail, wholesale,manufacture



## Mr. Tika Ram Sharma
(Executive Member)

Address : Putilsadak
Office no ; +977-1-14416594
Fax no : +97714430681
Email : time.tika@gmail.com
**Representing Firm/Company**
- Time Office Automation Pvt .Ltd
- Time Suppliers

Line of Business : Importer



## Mr. Mrigendra Mehar Shrestha
(Executive Member)

Tel: 4269483, Fax: 4269483
E-mail: mitc@mail.com.np
**Representing Firm/Company**
- MITC Pvt.Ltd
- Shankharapur Pharmaceuticals Pvt.Ltd
- Minko Pharma Link Pvt.Ltd
- M& M Trade
- Nepacare pharmaceuticals Pvt. ltd

Line of business :
Medicine (Importer),
Medicine Industries,
Pharmaceuticals Business



## Mr. Manohar Das Mool
(Executive Member)

Kuleshwor Marg, Kathmandu
Tel: 977-1-4279619, 4280619
Mobile: 9851021818
E-mail: manohar.mool@gmail.com
**Representing Company**
Lumbini General Insurance Company Ltd.
Kagaj Kothi



## Mr. Sanjai Kumar Agrawal
(Executive Member)

Address : Shree Krishna Kunja .159 Lal Durbar, Kathmandu-1
Tel: 5200918
Fax: 5202966
E-mail: fashion@mos.com.np
**Representing Firm/Company**
- Heritage Fashion
- United Clothing Company

Line of business : Clothing



## Mr Bhai Chandra Shrestha
(Executive Member)

Gorkha Nagarpalika-6,
Gorkha
Email: gorkhacc075@gmail.com
Representing Company
- Bhaichandra Hardware Suppliers
- Hotel Brindaban, Gorkha
- Gorkha Dairy Pvt. Ltd



## Mr. Surendra Bhai Shakya
(Executive Member)

E-mail: Email : sb_shakya@hotmail.com



## Mr Bijaya Sah
(Executive Member)

Janakpurdham-4, Mahabir Chowk
Mobile : 9844024063
Email : sahbijay14@gmail.com
**Representing Company**
Pankaj Bastralaya Janakpur



## Mr.Narendra Ballav Panth
(Executive Member)

Khichhapokhari-22, Kathmandu, Nepal
Contact No.9851014179
Email : panthanarendra@gmail.com
**Representing of Company :**
- Chairman- Dev Gupra Pvt. Ltd.
- Thulo Khola Hydropower Ltd.– (22.5 MW)
- Taksar Pikhuwa Khola Hydropower Ltd.– (8 MW)
- Dev Urja Construction Pvt. Ltd.
- Dev Multipurpose Investment Company Pvt. Ltd.
- Dev Leasing Company Pvt. Ltd.
- Naranju Investment Pvt. Ltd.
- Dev Interior Pvt. Ltd.
- Taksar Casket Power Pvt. Ltd.– (9.5 MW)
- United Mewa Khola Hydropower Ltd.– (50 MW)



## Mr.Om Krishna Bimali
(Executive Member)

Address : Birtamod, jhapa
Office no :023531519
Email : bimaliom19@gmail.com
Representing of Company :
- Nepal Everest cardamom production and processing pvt ltd
- Line of Business Trading and manufacturing



## Mr. Mahadev Pokharel
(Executive Member)

Address: Shivaraj Municipality Kapilvastu
Office no: +977-76-540120
Mobile:9857055120/9847030985
Email: mpokhrel036@gmail.com
**Representing Firm/Company**
- Om Electronics Chanarauta
- Lumbini Green Resort Pvt.Ltd.
- Om Hardware&Colour World
- Lumbini Multiple and Research Center.
- Om Technical and Educational Center
- Om Electricals Butwal



**Mr.Roshan Bhoyadyo**
(Executive Member)

Address : Bhaktapur-4
Office :-977-01-6614282
Mobile : 9851064509
Email : roshanbhayadyo@gmail.com
Representing of Company
Estate Guru pvt.Ltd
Line of Business
Land and Housing



**Ms.Nand Kumari Lamsal**
(Executive Member)

Email : lamsalnirmala76@gmail.com



**Mr.Sushil Panday**
(Executive Member)

Mahedranagar: K.G.S ,Province no. 7
Office no : 099-521400
Email : sassy.ravenous@gmail.com
Representing Firm/Company
- GARS Trading Concern
- K.G.S Trade link Pvt.Ltd
- KGS Trading Concern-Province no. 7



**Mr.Tuphan Khadka**
(Executive Member)

Address : Triveni-03, Rukum West, Nepal
Office No. : +977- 088680518
Email :tuphankhadka46@gmail.com
Representing Firm/Company
Company : Tilak Bastra Bhandar & Supplies



**Mr.Kiran Kumar Dangol**
(Executive Member)

Address: Babarmahal
Contact no: 015333001
Email: nepal.handpass@gmail.com kirankdangol@yahoo.com
Representing Firm/Company
- Lotus Paper Crafts
- Deepsikha Handicrafts

Line of Business: Handicrafts



**Mr. Suresh Man Shrestha**
(Executive Member)

Email : sureshbrt.nepal@gmail.com



**Mr. Siddhi lal Shrestha** (Executive Member)

Address : Hetauda-11
office : 057-521017
Mobile : 9851021240
Email : siddhi523717@yahoo.com
Representing Firm/Company
OM Sadha Shiva Oil Traders Pvt.Ltd
Line of business : Petroleum Product



**Mr.Kisan Sunar**
(Executive Member)

Address : Pokhara-9
office : 061538860, Mob: 9856034250
Email : sunarkishan@gmail.com
Representing Firm/Company
Tejarath travel & tours Pvt ltd,
Niigata International Pvt.Ltd, Sungabha news
Line of business : Tours, travels & Education Consultancy



**Mr.Chintamani(Laxman) Neupane**
(Executive Member)

Email : laxman@siddharthabiz.com



**Ms. Lima Adhikari**
(Executive Member)

Email : limaadhikari@gmail.com
Representing Firm/Company
- Dish Media Network
- Panas Energy Pvt.Ltd
- Bindhyabasani Hydropower
- Multi Energy Development Pvt. Ltd
- Kamana Sewa Bikas Bank Ltd.
- Shapeup Sliming Center
- Amritah Wellness

Line of business
Bank, Hydro and Wellness Spa



**Mr.Rupak Rajbanshi**
(Executive Member)

